# जाओ र चेलाहरू बनाओ

## Go And Make Disciples

## बृहत चेलापन
### भाग ३

डोटाद्वारा निर्मित

समूहको अगुवाहरूका निम्ति

निर्देशिका पुस्तक ३

तेस्रो संस्करण

# परिचय

**के तपाईं येशू ख्रीष्टको चेलाझैं वृद्धि हुन चाहनुहुन्छ? के तपाईं अरू विश्वासीहरूलाई वृद्धि हुन सहायता गर्न चाहनुहुन्छ?**

त्यसो हो भने चेलाहरू निर्माण गर्ने समूहको अगुवाहरूका लागि तयार पारिएका चार वटा निर्देशिका पुस्तकहरू अध्ययन गर्नुहोस् र त्यहाँ भएका कुराहरू अभ्यास गर्नुहोस्! अब उप्रान्त यसलाई निर्देशिका पुस्तक १ - ४ भनिनेछ।

येशूले चेलाहरू बनाउनुभयो। उहाँले मानिसहरूलाई यसो भन्नुभयो, "आएर हेर" र "मेरो पछि लाग" (यूहन्ना १:३९,४३)। उहाँ कसरी जिउनुहुन्छ र केको लागि उहाँले आफ्नो जीवन दिनुभयो भनी हेर्नको लागि सबैतिरबाट मानिसहरू आइरहेका छन्। उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने कुरा जानेको कारणले गर्दा संसारको हरेक देशका मानिसहरूले उहाँलाई पछ्याउँछन्। उहाँले तिनीहरूको जीवन पूर्णरूपमा परिवर्तन गरिदिनुभयो। र उहाँले हाम्रो जीवन पनि पूर्णरूपमा परिवर्तन गरिदिनुभयो!

चेला बनाउन र सुसज्जित पार्नको निम्ति येशूले प्रार्थनासाथ बाह्र जना मानिसहरूलाई छान्नुभयो। उहाँको जीवनलाई पछ्याउन र उहाँको सेवकाइलाई अनुसरण गर्नको निम्ति वृद्धि हुँदै गरेका चेलाहरूले उहाँसँग समय बिताओस्, उहाँको वचनहरू ध्यान दिएर सुनोस् र उहाँको जीवनलाई राम्रोसँग अवलोकन गरोस् भनी उहाँ चाहनुहुन्थ्यो (मर्कूस ३:१३-१५)।

लगभग दुई वर्षपछि येशूले आफ्ना चेलाहरूलाई यस्तो काम दिनुभयो, "जाओ र सबै देशका मानिसहरूलाई चेला बनाओ" (मत्ती २८:१८-२०)। अनि तिनीहरू यरूशलेमदेखि पृथ्वीको अन्तिम छेउसम्म गएर मानिसहरूलाई चेला बनाए (प्रेरित १:८)। ती नयाँ चेलाहरूले आफ्नो पालोमा अझ धेरै चेलाहरू बनाए र सुसमाचार नपुगेका ठाउँहरूमा गएर प्रचार गरे। आफूले सिकेका कुराहरू तिनीहरूले अरू मानिसहरूलाई पनि सिकाए (२ तिमोथी २:२)। तसर्थ, अहिले प्रभु येशू ख्रीष्टका चेलाहरूले संसारको हरेक देशमा गई नयाँ चेलाहरू बनाइरहेका छन्।

येशू ख्रीष्टले विशेष इसाईहरूलाई सेवाको कामको लागि परमेश्वरका जनहरूलाई सुसज्जित पार्न यस्तो काम दिनुभयो ताकि ख्रीष्टको शरीर निर्माण हुन सकोस् (एफिसी ४:११-१६)।

यी चार निर्देशिका पुस्तकहरूको उद्देश्य आफूले वास्ता गरेको इसाईहरूलाई सुसज्जित पार्ने इसाई समूहको अगुवालाई सहायता गर्नु हो, ताकि तिनीहरू येशू ख्रीष्टको चेलाहरू हुन सकून्। यहाँ 'चेला' भनेको परिपक्व इसाई हो।

**यो पाठ्यक्रमद्वारा चेलाहरूको तालिम व्यवहारिक बानाउन समूहको अगुवालाई दिइएका केही निर्देशनहरू:**

१. चार वटा निर्देशिकाहरू प्रत्येकमा बाह्र पाठहरू छन्, र ती सबैलाई तीन महिनामा पूरा गर्न सकिन्छ।
२. यहाँ दिइएका महत्वपूर्ण बाइबल खण्डहरूले विद्यार्थीहरूलाई ख्रीष्ट र बाइबल जान्नको निम्ति सहायता गर्छन्।
३. समूहको अगुवाले यहाँ दिइएका प्रश्नहरू प्रयोग गर्नुपर्छ र समूहमा छलफल सुरु गर्नुभन्दा पहिले विद्यार्थीहरूलाई बाइबलको खण्डहरू पढ्न लगाउनुपर्छ।
४. प्रत्येक प्रश्नको उत्तरको सारंश पत्ता लगाउन गर्न 'टिप्पणीहरू' राखिएका छन्। यसले समूहको अगुवालाई बाटो देखाउने काम गर्छ।
५. यो तालिम दिने पाठ्यक्रमले यस्ता व्यवाहारिक तरिकाहरू सिकाउँछ, जसद्वारा एउटा व्यक्तिलाई अथवा सानो समूहमा भएका केही व्यक्तिहरूलाई चेलापनको अभ्यास गराउन सकिन्छ।
६. प्रत्येक पाठमा गृहकार्यको लागि केही अभ्यास राखिएका छन्, र ती सामग्रीहरू तालिमको अन्तमा विद्यार्थीहरूलाई बाँडिदिनुपर्छ।

७. यो तालिमको पाठ्यक्रम अरूहरूलाई सिकाउन सजिलो छ। प्रत्येक पाठ्यक्रमको १२ पाठहरू पूरा गरिसकेका विद्यार्थीहरूले अर्को नयाँ सानो समूह बनाएर मानिसहरूलाई यही तालिम सिकाउनुपर्नेछ। त्यसरी नयाँ समूहहरूमा सिकाउने अगुवाहरूका निम्ति यो निर्देशिकाको एक प्रति उपलब्ध गराउनु पर्नेछ।

तपाईंको क्षेत्रमा भएका चेलाहरूको सङ्ख्यालाई प्रभुले छिट्टै नै वृद्धि गरिदिनुभएको होस् र थुप्रै मानसिहरू विश्वासप्रति आज्ञाकारी हुन सकून् भन्ने हाम्रो प्रार्थना छ (प्रेरित ६:७)।

प्रभुलाई महिमा होस्! "किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्।
उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन" (रोमी ११:३६)।

**DOTA** (Discipleship Training On The Air. The name goes back to the period that this course was mainly broadcasted by radio.)

1994 (First Edition)

2009 (Third Revised Edition)

### प्रतिलिपि सर्वाधिकार (कपीराइट)

यी चार वटा निर्देशिका पुस्तकहरूको प्रतिलिपि अधिकार लेखकमा सुरक्षित छ। तालिम दिने उद्देश्यले यसलाई स्वतन्त्रसाथ प्रयोग गर्न सकिन्छ तर लेखकबाट लिखित अनुमति नपाएसम्म यसलाई बिक्री गर्न, परिवर्तन गर्न वा अरू भाषाहरूमा अनुवाद गर्न पाइनेछैन।

### सिफारिस

व्यापकरूपमा प्रयोग गरी धेरै मानिसहरूले आशिष् पाउन सकोस् भन्ने हेतुले यो सामग्री तयार पारिएको हो। यी चार निर्देशिका पुस्तकहरूको उद्देश्य इसाईहरूलाई तालिम दिएर सुसज्जित पार्नु भएकोले, समूहको अगुवाहरूले मात्र यस तालिम पाठ्यपुस्तकको सामाग्रीहरूको प्रतिलिपि बनाउन सिफारिस गरिएको छ। कुनै विद्यार्थीले निर्देशिकाको बाह्रै वटा पाठहरू पूरा गरिसकेपछि मात्र यस पाठ्यसामग्रीको प्रतिलिपि उसलाई दिनुपर्छ र त्यसपछि उसले अर्को नयाँ व्यक्ति वा कुनै सानो समूहमा यसलाई सिकाउनु पर्नेछ।

# विषय सूची

## समूहको अगुवाहरूका निम्ति निर्देशिका ३

परिचय र प्रतिलिपि अधिकार

## तालिम कार्यक्रम - १

यो तालिम हरेक हप्ता ३ महिनासम्म सञ्चालन गर्नुपर्छ। प्रत्येक हप्ता हुने उक्त तालिमको अवधि १.५ देखि २ घण्टासम्म हुनेछ। तालिमको लागि ३ देखि १० जनासम्मको सानो समूह बनाउनुहोस्। प्रत्येक कार्यक्रम प्रार्थनाबाट सुरु हुन्छ र अन्तमा गृहकार्य दिएपछि प्रतिक्रियात्मक प्रार्थनाद्वारा यो तालिम सकिन्छ।

| | | |
|---|---|---|
| **पाठ - २५** | आराधना (परमेश्वर असीमित हुनुहुन्छ) | ७ |
| | परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति १:१-४:२६) | |
| | शिक्षा (प्रश्न गर्ने तरिका) | |
| **पाठ - २६** | परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति ६:१-९:२८) | १५ |
| | पद कण्ठ (पापको स्वभाव - रोमी ३:२३) | |
| | बाइबल अध्ययन (मण्डलीको साँस्कृतिक कर्तव्य : उत्पत्ति १:२४-२:२५) | |
| **पाठ - २७** | आराधना (परमेश्वरलाई जान्न सकिन्छ) | २७ |
| | परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति १२:१-१५:२१) | |
| | शिक्षा (सुसमाचारको अवधारणा - भाग २) | |
| **पाठ - २८** | परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति १६:१-१९:२९ | ३७ |
| | पद कण्ठ (पापको दण्ड : उपदेशक १२:१४) | |
| | बाइबल अध्ययन (मण्डलीको सुसमाचारीय कार्य : प्रेरित ५:१२-४२) | |
| **पाठ - २९** | आराधना (परमेश्वर रक्षक हुनुहुन्छ) | ४५ |
| | परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाड्नु (उत्पत्ति २०:१-२३:२०) | |
| | शिक्षा (बाइबलको सही व्याख्या गर्नु) | |
| **पाठ - ३०** | पापको प्रायश्चित | ५७ |
| **पाठ - ३१** | परमेश्वर छुटकारा दिने हुनुहुन्छ। | ६६ |

**पाठ - ३२** मुक्ति सित्तैको उपहार हो ७४

**पाठ - ३३** परमेश्वर कुमाले हुनुहुन्छ ८५

**पाठ - ३४** विश्वासद्वारा मुक्ति ९३

**पाठ - ३५** परमेश्वरको उपस्थितिको चाहना गर्नु १०६

**पाठ - ३६** सुसमाचारबारेको पदहरूको पुनरावलोकन ११६

परिशिष्ट १२

परिशिष्ट १३

परिशिष्ट १४

परिशिष्ट १५

# तालिम कार्यक्रम - ३

यस उद्देश्यपूर्ण कार्यक्रमलाई हप्ताको एकपटक दिनभरि अथवा लगातार छ दिनसम्म सञ्चालन गर्न सकिन्छ। सम्पूर्ण समूहलाई स-साना समूहहरूमा विभाजन गर्नुहोस् र ती प्रत्येक समूहमा एक जना तालिमप्राप्त अगुवा राख्नुहोस्। ती साना समूहहरूमा तीनदेखि दश जना व्यक्तिहरूलाई समावेश गर्नुहोस।

**कार्यक्रमको ढाँचा**

| | |
|---|---|
| ०९:०० - ०९:३० | आराधना (समूहगतरूपमा) |
| ०९:३० - ११:०० | शिक्षा (समूहमा) |
| | विश्राम |
| ११:३० - १३:०० | बाइबल अध्ययन (समूहमा) |
| | विश्राम |
| १६:०० - १७:०० | शिक्षा अथवा बाइबल अध्ययन गर्ने र प्रश्नहरूको उत्तरहरू पूरा गर्ने अथवा छुट्टै समूहगत शिक्षाको लागि अतिरिक्त समय |
| | विश्राम |
| १७:३० - १७:४५ | मनन र पद कण्ठ (दुई-दुई जना बसेर) |
| १७:४५ - १८:३० | बाइबल वाचन (एक्लै बसेर) |
| १८:३० - १९:०० | परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर) |
| १९:०० - १९:४५ | आफूले बुझेको कुरा एक-अर्कामा बाँडेर प्रार्थना गर्ने (बढीमा १० व्यक्तिहरू भएको समूहमा) |

# पाठ २५

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | आराधना (२० मिनेट) | [परमेश्वरको विशेषता]<br>परमेश्वर असीमित हुनुहुन्छ |
|---|---|---|

**परिभाषा :**

**सिकाउनुहोस् -** 'आराधना' भनेको के हो ? 'आराधना'को परिभाषा यस्तो छ- आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, भक्ति, विनम्रता र समर्पणताको मनोवृत्ति हो। विभिन्न प्रकारका प्रार्थनाहरू र हरेक दिन हामीले जिउने तरिकाद्वारा परमेश्वरप्रति हाम्रो आराधना प्रकट हुन्छ।
परमेश्वरको आराधना गर्न हामीले उहाँ को हुनुहुन्छ भनी जान्नु आवश्यक छ। आराधना गर्ने हरेक समयमा हामीले परमेश्वरको एउटा विशेषता सिक्छौं।

**मनन गर्नुहोस् -** 'परमेश्वर असीमित हुनुहुन्छ' भन्नेबारेको शिक्षा पढ्नुहोस् अथवा सिकाउनुहोस्।

**१. परमेश्वरको अस्तित्व समयको सीमाहरूभन्दा माथि छ। तैपनि परमेश्वरले आफूलाई समयमा प्रकट गर्नुहुन्छ।**
भजनसङ्ग्रह ९०:४ पढ्नुहोस्। सम्पूर्ण ब्रह्माण्ड सृष्टि गर्न आवश्यक परेको समय ईश्वरीय स्वभावअनुसारको थियो, जसलाई मानवीय समयको ढाँचामा अभिव्यक्त गर्न सकिँदैन किनभने हामी मानिसले जान्न सक्ने समयलाई परमेश्वरले सृष्टिको चौथो दिनमा बनाउनुभयो, र त्यसबेला उहाँले दिन २४ घण्टा अनि वर्ष करिब ३६५ दिन हुने गरी बनाउनुभयो (उत्पत्ति १:१४)। 'आदिमा' परमेश्वरले सबै तारा र नक्षत्रहरू सहितको ब्रह्माण्ड र पृथ्वी सृष्टि गर्नुभयो (उत्पत्ति १:१)। त्यो उहाँले "सृष्टिको ईश्वरीय छ दिनहरू" र "२४ घण्टाको दिन" सृष्टि गर्नुभन्दा अघिको घटना हो। "सृष्टिको ईश्वरीय दिन"को लम्बाइलाई मानवीय समयको ढाँचाअनुसार शब्दहरूमा अभिव्यक्त गर्न सकिँदैन (उत्पत्ति १:५)। जे भए तापनि सृष्टि गरिएको साधारण दिनलाई २४ घण्टामा र साधारण वर्षलाई करिब ३६५ दिनमा सीमित पारिएको छ। आफैले गर्नुभएको सृष्टिको सीमामा परमेश्वर बाँधिनु हुन्न; र त्यसैगरी उहाँ आफैले सृष्टि गर्नुभएको समयको सीमामा पनि बाँधिनु हुन्न। तसर्थ, उहाँ भूत, वर्तमान र भविष्यको मानवीय समयको ढाँचामा बाँधिनु हुन्न। उहाँ मानव इतिहासको सीमामा पनि बाँधिनु हुन्न। परमेश्वरले समयको गतिलाई बढाउन सक्नुहुन्छ अनि उहाँले त्यसलाई घटाउन पनि सक्नुहुन्छ। उहाँ विगतको समयभन्दा पछाडि जान सक्नुहुन्छ अनि भविष्यको समयभन्दा अगाडि दौडन पनि सक्नुहुन्छ।

मानव इतिहासमा परमेश्वर मानवीय समयको ढाँचाभन्दा माथि खडा हुनुहुन्छ। उहाँले मानव इतिहासको घटनाहरू जान्नुहुन्छ र त्यसलाई उहाँले आफ्नो पूर्ण सार्वभौम शक्तिद्वारा नियन्त्रण गर्नुहुन्छ। तर परमेश्वर सृष्टि गरिएको मानवीय समयको ढाँचाको सीमाहरूभन्दा माथि खडा हुनुहुने भए तापनि उहाँले आफूलाई यस संसारमा मानवीय समयको ढाँचामा प्रकट गर्नुभयो! आफ्नो ईश्वरीय स्वभाव त्यागेर मानवीय स्वभाव धारण गरेर परमेश्वर मानवीय समयको ढाँचा र मानव इतिहासमा प्रवेश गर्नुभयो। आफूलाई सिद्धरूपमा मानिससामु प्रकट गर्ने परमेश्वरको लागि त्यही एउटा उपाय थियो (गलाती ४:४; १ यूहन्ना १:१)।

**२. परमेश्वरको विचारहरू अथाह छन्। तैपनि मानिसहरूले परमेश्वरले बोल्नुहुने कुराहरू बुझ्न सक्छन्।**
यशैया ५५:८-९ र व्यवस्था २९:२९ पढ्नुहोस्। परमेश्वरसँग थुप्रै विचारहरू र योजनाहरू छन्, जुन उहाँले मानिसलाई प्रकट गर्नुभएको छैन। उहाँले कसरी बह्माण्डको सृष्टि गर्नुभयो भन्नेबारे परमेश्वरको विचार, दुष्ट र खराब कुराको सुरुवातसम्बन्धी उहाँको विचार, उहाँले किन मानिसलाई पतन हुन दिनुभयो भन्ने उहाँको विचार, र त्यस्तै गरी पुरानो करारका मानिसहरूका मुक्ति र न्यायसम्बन्धी उहाँका विचारहरू परमेश्वरले मानिसलाई प्रकट गर्नुभएको छैन। त्यसैगरी आफ्नै पक्षका परमेश्वरका केही विचारहरू; जस्तैः उहाँको ईश्वरीय स्वभाव र मानव इतिहासको निम्ति उहाँको मुक्तिको योजनाजस्ता कुराहरू पनि परमेश्वरले मानिसलाई प्रकट गर्नुभएको छैन। हाम्रो जीवनको निम्ति उहाँको योजना र हाम्रो जीवनमा उहाँले कसरी काम गर्नुहुन्छ भन्ने तरिकाहरू मानिसलाई प्रकट गर्नुभएको छैन। यस्ता सबै विचारहरू 'परमेश्वरको रहस्यहरू हुन् अथवा ती

गुप्तमा राखिएका कुराहरू' हुन्। त्यसको मतलब यस्ता कुराहरू परमेश्वरको अनन्तको निर्णयअन्तर्गत पर्दछन्, जसलाई मानिसले कहिल्यै बुझ्न सक्दैन अथवा त्यसको बारेमा तर्क-वितर्क पनि गर्न सक्दैन। त्यस्ता लुकाइएका कुराहरू अथवा रहस्यहरू केवल परमेश्वरका हुन्।

उदाहरणको लागि भन्ने हो भने हाम्रा आमाबुबालाई किन उहाँले हामीलाई जन्माउन दिनुभयो, हामी कहिले जन्मेर जिउनु पर्ने भन्ने कुरा, हामी कहाँ जन्मेर कहाँ बसोबास गर्ने भन्ने कुराहरू अनि हामीसँग भएका शारीरिक, भावनात्मक र बौद्धिक क्षमताहरू किन प्राप्त गर्‍यौँ भन्ने रहस्यहरू परमेश्वरले कहिल्यै हामीलाई प्रकट गर्नुभएन। जे भए तापनि प्रकट नगरिएका यस्ता कुराहरू र हाम्रो जीवनको सिद्ध योजनाहरू पूर्णरूपमा उहाँको अनन्त, सार्वभौम र सिद्ध योजनाभित्र नै पर्दछन्!

तर त्यसको बाबजुद यस्ता थुप्रै कुराहरू छन्, जुन परमेश्वरले मानिसलाई प्रकट गर्नुभएको छ! परमेश्वरले आफ्नो स्वभाव, चरित्र, मानिसको पतनपछिको स्वभाव र मानव इतिहासको लागि उहाँको मुक्तिको योजनाजस्ता कुराहरूको थुप्रै पक्षहरू प्रकट गर्नुभएको छ। यस्ता सबै पक्षहरू 'प्रकट गरिएका कुराहरू'मा पर्दछन्। प्रकट गरिएका यस्ता कुराहरू हामी र हाम्रा सन्तानहरूका लागि हुन्। हामीले ती कुराहरू जान्न सक्छौँ र हामीले त्यसलाई जान्न आवश्यक पनि छ!

**३. परमेश्वरको शक्ति सीमाबिहिन छ।**

यर्मिया ३२:१७,२७ पढ्नुहोस्। सारा ब्रह्माण्डलाई परमेश्वरले आफ्नो सार्वभौम महान् शक्तिद्वारा बनाउनुभएको छ! परमेश्वरको लागि कुनै काम कठिन छैन! मानवीय समस्याहरू, मानवीय अयोग्यताहरू अनि मानिसको शारीरिक, बौद्धिक र भावनात्मक असक्षमताहरू र मानिसको बाधाविघ्न, समस्या अथवा दुर्भाग्यहरूले कहिले पनि परमेश्वरको योजनाहरूलाई विफल तुल्याउन सक्दैन! त्यस्ता कुराहरूले परमेश्वरको अभिप्रायहरूलाई कहिले पनि सीमित पार्न अथवा नाघ्न सक्दैन! ती कुराहरू हाम्रो लागि समस्या हुन सक्छ तर परमेश्वरको लागि कहिले पनि समस्या हुन सक्दैन! परमेश्वरको लागि कुनै थोक असम्भव छैन (लूका १:३७)! परमेश्वर सारा ब्रह्माण्डमा सर्वशक्तिमान् हुनुहुन्छ। उहाँलाई जे इच्छा लाग्छ, त्यही गर्नुहुन्छ र उहाँले आफ्ना विचारहरू र योजनालाई १००% पूरा गर्नुहुन्छ (यशैया १४:२४,२७)! त्यसकारण उहाँको सन्तानहरूलाई जेजस्तो भए तापनि ती सबै उहाँको ईश्वरीय अनुमतिद्वारा भएका हुन् भनी हामी विश्वास गर्न सक्छौँ!

**४. परमेश्वरको ज्ञान सीमाबिहिन छ।**

भजन १३९:१-४ पढ्नुहोस्। परमेश्वरले हरेक थोक देख्नुहुन्छ अनि उहाँले हरेक थोक जान्नुहुन्छ! उहाँले दृश्य र अदृश्य कुराहरू देख्नुहुन्छ। उहाँले बाहिरी र भित्री कुराहरू देख्नुहुन्छ। उहाँले शारीरिक, मानसिक, भावनात्मक र आत्मिक वास्तविकताहरूलाई देख्नुहुन्छ। परमेश्वरको दृष्टिबाट सृष्टिको कुनै थोक लुकिएको छैन। "परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा लुकेको हुँदैन। उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ" (हिब्रू ४:१३)। हामीले कल्पना गर्ने, सोच्ने, महसुस गर्ने, बोल्ने र गर्ने हरेक कुरा परमेश्वरले जान्नुहुन्छ। परमेश्वरले हाम्रा सबै अभिप्रायहरू र मनोवृत्तिहरू जान्नुहुन्छ। त्यसकारण हामीले आफू पूर्ण पारदर्शी भई डर-भयबिना जिउनुपर्छ।

**५. परमेश्वरको उपस्थित सीमाबिहिन छ।**

भजन १३९:७-१२ पढ्नुहोस्। परमेश्वर आत्मा हुनुहुन्छ। उहाँ भौतिक शरीर अथवा पृथ्वीको एक स्थानमा सीमित हुनुहुन्न। उहाँ ब्रह्माण्ड र ब्रह्मण्डमाथि हरेक ठाउँमा हुनुहुन्छ। कोही परमेश्वरबाट लुक्न सक्दैन। कुनै व्यक्ति परमेश्वरको उपस्थिति नभएको ठाउँमा जान सक्दैन।

**निष्कर्ष**

यद्यपि कुनै मानिसले परमेश्वरको स्वभाव र व्यक्तित्व, उहाँको सिद्ध विशेषताहरू र उपस्थिति अनि उहाँको योजना र अभिप्रायहरू बुझ्न नसके तापनि हामीले परमेश्वर, उहाँको विचारहरू, वचनहरू र कामहरूलाई बाइबलमा हामीलाई प्रकट गरिएदिनुभएको मात्रा र परिमाणमा अनि येशू ख्रीष्टमा जान्न सक्छौँ।

**आराधना गर्नुहोस्।**

**समहको अगुवा -** परमेश्वर असिमित हुनुहुन्छ भन्ने उहाँको विशेषताको नम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जना भएको सानो समूहमा रहेर आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय] उत्पत्ति १:१-४:२६ |
|---|---|

तोकिएको बाइबल खण्ड (उत्तपत्ति १:१-४:२६) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट) [चेलापन] प्रश्नहरू (गर्ने) तरिका |
|---|---|

**परिचय**
तपाईंले हरेक दिन येशूसँग सङ्गति गर्दा (शान्त समय बिताउँदा) आफ्नो लागि परमेश्वरले बनाउनुभएको अचम्मका आशिष्हरू अनुभव गर्नुहुनेछ। दिनहुँ परमेश्वरसँग व्यक्तिगत समय बिताउनु भनेको हरेक दिनको लागि अति महत्वपूर्ण आत्मिक अनुशासन पालन गर्नु हो। निर्देशिका १, पाठ १ मा हामीले परमेश्वरसँग व्यक्तिगत समय बिताउन मनपर्ने सत्यता पत्ता लगउने तरिका सिकेका छौँ। यो पाठमा परमेश्वरसँग व्यक्तिगत समय बिताउनको लागि अर्को तरिका सिक्नेछौँ; जुन प्रश्नहरू सोध्ने तरिका हो। परमेश्वरसँग व्यक्तिगत समय बिताउनको लागि उत्तम तरिका छान्नुहोस्।

## क. दिनहुँ येशू ख्रीष्टसँग (परमेश्वरसँग) सङ्गति गर्ने (शान्त समय बिताउने) अभिप्रेरणा

### १. येशू ख्रीष्टसँगको सङ्गतिको सुरुवात

यूहन्ना ६:२७-२९; ८:२४ पढ्नुहोस्।

**सिकाउनुहोस् -** येशू ख्रीष्टसँगको सङ्गति उहाँमा गरेको विश्वासद्वारा सुरु हुन्छ। विश्वासबिना कोही पनि बचाइने छैन। विश्वासबिना कसैले पनि येशू ख्रीष्टसँग सङ्गति गर्न सक्दैन। त्यसकारण, येशू ख्रीष्टलाई आफ्नो हृदयमा ग्रहण गरेपछि र उहाँलाई आफ्नो जीवनको प्रभु र मुक्तिदाता भनी स्वीकार गरेपछि मात्र उहाँसँग दिनहुँ सङ्गति गर्न सकिन्छ।

### २. येशू ख्रीष्टसँग सङ्गति गर्नुको कारणहरू

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** येशू ख्रीष्टसँग सङ्गति गर्नु इसाईको लागि किन अपरिहार्य छ?
ख्रीष्टसँग दिनहुँ व्यक्तिगत समय बिताउनु इसाईको लागि किन अपरिहार्य छ?

**ख्रीष्टसँग सङ्गति गर्नु अपरिहार्य छ, किनभने त्यसद्वारा हामीले परमेश्वरको अनुग्रह र सत्यता अनुभव गर्दछौँ।**
यूहन्ना १:१६-१७ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले अनुग्रह र सत्यता ल्याउँछ। इसाईहरूले परमेश्वरलाई प्रसन्न तुल्याउन सयौँ व्यवस्थाहरू र नियमहरू (यसो गर्नु अनि यसो नगर्नु भन्ने आज्ञाहरू) पालन गर्नैपर्छ भन्ने कुरा साँचो होइन। त्यसो हुन गयो भने इसाई धर्म बोझपूर्ण र असम्भव हुनजान्छ। येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानद्वारा अनुग्रह उपलब्ध हुँदछ। अनुग्रहले पापहरू क्षमा गर्दछ र परमेश्वरप्रति आज्ञाकारी हुन सामर्थ्य दिन्छ। त्यसैगरी अनुग्रहद्वारा परमेश्वर, मानिस, पाप, मुक्ति र कसरी जिउने भन्नेबारेको सत्यता उपलब्ध हुँदछ। त्यसकारण, येशू ख्रीष्टसँग दिनहुँ सङ्गति गर्नाले एकपछि अर्को अनुग्रहको आशिष् प्राप्त गर्ने अनुभव मिल्दछ, जुन समुद्र किनारमा लगातार आइरहने छालहरूजस्तै हुन्। यसर्थ, हरेक दिन तपाईंले परमेश्वरको अनुग्रह पक्कै गुमाउन चाहनुहुन्न। के तपाईं त्यसलाई गुमाउन चाहनुहुन्छ त?

**ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने त्यसद्वारा हामीले आफूलाई जान्दछौँ।**
यूहन्ना २:२५ पढ्नुहोस्। हामीले आफूलाई जान्दछौँ भनी विचार गर्न सक्छौँ तर यो पूर्ण साँचो होइन। येशूले मात्र हामीलाई पूर्णरूपमा जान्नुहुन्छ। येशू ख्रीष्टसँगको सङ्गतिले वास्तवमा हामी को हौँ भनी जान्ने कुरातिर हामीलाई डोऱ्याउँछ। येशू ख्रीष्टले हाम्रो बारेमा हरेक कुरा र साथै हाम्रो कमजोरीहरू र स्वभावलाई पनि जान्नुहुने हुनाले उहाँसँग सङ्गति गर्नाले हाम्रो व्यक्तित्व र चरित्र विकास गर्न उहाँले हामीलाई सहायता गर्नुहुन्छ।

**ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने त्यसद्वारा हामीले स्वीकार अनुभव गर्दछौँ।**
यूहन्ना ६:३७ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले स्वीकार ल्याउँछ। हरेक मानिससँग तीन वटा भावनात्मक खाँचोहरू हुन्छन्: स्वीकार, सुरक्षा र महत्व। हरेक मानिसको पहिलो भावनात्मक खाँचो भनेको उसले अरूले स्वीकार गरेको छ भनी जान्नु र स्वीकारको महसुस गर्नु हो। हामीसँग जेजस्ता कमजोरीहरू र अनौठा स्वभावहरू भए तापनि त्यस्तै अवस्थामा मानिसहरूले हामीलाई स्वीकार गरोस् भनी हामी चाहन्छौँ। येशू ख्रीष्टसँगको दैनिक सङ्गतिले हामीलाई अरूले रुचाएका छन्, स्वीकार गरेका छन् र प्रेम गरेका छन् भन्ने अनुभवतिर लैजान्छ!

**ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने त्यसद्वारा हामीले परमेश्वरको मार्गदर्शन प्राप्त गर्दछौँ।**
यूहन्ना ८:१२ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले हाम्रो जीवनमा स्पष्ट मार्गदर्शन ल्याउँछ। हामी ख्रीष्टको ज्योतिमा हिँड्छौँ भने परमेश्वरको साँचो विशेषताहरूलाई देख्न सक्छौँ र हामी कसरी हिँडेको उहाँ चाहनुहुन्छ अनि उहाँले हामीले कस्तो निर्णयहरू गरेको चाहनुहुन्छ भन्ने कुरा थाहा पाउँछौँ। हामी येशू ख्रीष्टको ज्योतिमा हिँड्छौँ भने परमेश्वरको इच्छा पत्ता लगाउन गाह्रो हुनेछैन। त्यसकारण, येशू ख्रीष्टसँगको दैनिक सङ्गतिले दिनहुँ परमेश्वरको इच्छाअनुसार मार्गदर्शन ल्याउँछ। त्यसपछि हामी कस्तो भएको र हामीले के गरेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा हामीले जान्नेछौँ।

**ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने यसद्वारा हामीले साँचो स्वतन्त्रता अनुभव गर्दछौँ।**
यूहन्ना ८:३१-३२ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले स्वतन्त्रता ल्याउँछ। येशू ख्रीष्टसँगको सङ्गतिले मानिसमा पूर्ण स्वतन्त्रता ल्याउँछ। यसले अज्ञानताबाट र झूटा शिक्षाहरूबाट पनि स्वतन्त्र गराउँछ। त्यसैगरी यसले दुष्ट विचारहरू, खराब मनोवृत्तिहरू, खराब बानी-व्यहोराहरू र खराब सम्बन्धहरूबाट पनि स्वत्रन्त्र गराउँछ। त्यसकारण, येशू ख्रीष्टसँगको दैनिक सङ्गतिले हामीलाई बाँध्ने कुराहरूबाट स्वतन्त्र गराउँछ!

**ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने यसद्वारा हामी सुरक्षाको अनुभव गर्दछौँ।**
यूहन्ना १०:२७-२८ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले सुरक्षा ल्याउँछ। हरेक मानिसको दोस्रो भावनात्मक खाँचो भनेको सुरक्षा हो। कुनै परिस्थिथि र व्यक्तिले हामीलाई परमेश्वरको हातबाट खोसेर लैजान सक्दैन। त्यसकारण, येशू ख्रीष्टसँगको दैनिक सङ्गतिले निरन्तर सुरक्षा दिँदछ र त्यो दिन कुनै कुरा हुन्छ भने त्यो परमेश्वरको सार्वभौम अनुमतिबाट हुन्छ र कसैले हामीलाई परमेश्वर अथवा उहाँको प्रेमबाट अलग गर्न सक्नेछैन (रोमी ८:३७-३९ हेर्नुहोस्)!

**ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने त्यसद्वारा हामीले परमेश्वरको प्रेम र उपस्थिति अनुभव गर्दछौँ।**
यूहन्ना १४:२१,२३ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले हामीमा परमेश्वरको प्रेम र उपस्थितिको अनुभव ल्याउँछ। येशू ख्रीष्टसँगको दैनिक सङ्गतिले हामीमा दैनिकरूपमा उहाँको धैर्यता, दया र भरोसाको अनुभव ल्याउँछ। उहाँले हामीलाई उत्साहित पार्नुहुन्छ र हाम्रो जीवन अनि हाम्रो जीवनको परिस्थितिहरूमा उहाँको अनुभव गराउँछ।

**ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने त्यसद्वारा हामीले आफ्नो महत्वलाई महसुस गर्दछौँ।**
यूहन्ना १५:५ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले प्रशस्त फल ल्याउँछ। हरेक मानिसको तेस्रो भावनात्मक खाँचो भनेको महत्व हो। हामी खाँचो परेअनुसारको अर्थपूर्ण जीवन जिउन चाहन्छौँ र जीवनमा केही योगदान गर्न चाहन्छौँ। यदि हामीमा येशू ख्रीष्टसँगको सङ्गति छैन भने हामी अनन्तको लागि महत्व दिने कुनै काम गर्न सक्दैनौँ। यदि येशू ख्रीष्टसँग हाम्रो सङ्गति छ भने सधैँ रहिरहने प्रशस्त फल फलाउँछौ। येशू ख्रीष्टसँगको हाम्रो दैनिक सङ्गतिले हाम्रो जीवनमा निरन्तर महत्व ल्याइरहन्छ। यसरी मानिसहरूमाथि र हरेक दिनको क्रियाकलापहरूमा प्रभाव पार्न येशूले हामीलाई प्रयोग गर्नुहुन्छ भन्ने हामी अनुभव गर्दछौँ।

ख्रीष्टसँगको सङ्गति अपरिहार्य छ, किनभने यसद्वारा हामीले साँचो मित्रता अनुभव गर्दछौँ।
यूहन्ना १५:१४-१५ पढ्नुहोस्। येशू ख्रीष्टसँगको सङ्गतिले हामीमा उहाँको मित्रता ल्याउँछ। हाम्रो मित्र हुनुभएकोले ख्रीष्टले हाम्रो साथ पाउन र हाम्रो लागि सबै किसिमका बलिदानहरू गर्न पहल गर्नुहुन्छ। उहाँले सधैँ हामीलाई असल बनाउन माथि तान्नुहुन्छ। उहाँले हामीलाई कहिले पनि गलत कुराहरूतिर तल धकेल्नुहुन्न। उहाँले आफ्ना आत्मीय विचारहरू हामीसँग बाँड्नुहुन्छ। येशू ख्रीष्टसँगको दैनिक सङ्गतिले लगातार हामीलाई उहाँसँगको मित्रतातिर लैजान्छ।

सारंश : येशू ख्रीष्टसँग शान्त समय बिताउँदै उहाँसँग दैनिक सङ्गति गर्नाले इसाईहरूलाई दैनिकरूपमा परमेश्वरले योजना गर्नुभएको अचम्मका आशिषृहरूको अनुभवमा लैजान्छ (एफिसी १:३)।

## ख. तरिका : कसरी येशू ख्रीष्टसँग (परमेश्वरसँग) दिनहुँ शान्त समय बिताउँदै सङ्गति गर्ने?

सिकाउनुहोस् : परमेश्वरसँग सङ्गति गर्न विशेष समय छुट्ट्याउनुलाई प्राय: उहाँसँग 'शान्त समय' बिताउनु पनि भनिन्छ। परमेश्वरसँग सङ्गति गर्ने तरिकाको निम्ति 'मनपर्ने सत्यता' पत्ता लगाउने तरिका तपाईंले पहिले नै सिकिसक्नुभएको छ (निर्देशिका १, परिशिष्ठ १ हेर्नुहोस्)। परमेश्वरसँग सङ्गति गर्ने समयको लागि आज तपाईंले 'प्रश्नहरू' गर्ने तरिका सिक्नुहुनेछ। यो तरिकामा पनि ५ वटा चरणहरू छन्।

### १. परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

तपाईंका विचारहरूलाई परमेश्वरतिर केन्द्रित गराउन सहायता प्राप्त गर्न छोटो प्रार्थना गर्नुहोस्। उदाहरणको लागि तपाईंले यसरी प्रार्थना गर्न सक्नुहुन्छ: "प्रभु, तपाईं को हुनुहुन्छ भन्ने कुरा मलाई प्रकट गरिदिनुहोस्। मलाई तपाईंको इच्छाअनुसार काम गर्न सिकाउनुहोस्। म हिँड्नुपर्ने बाटो मलाई देखाइदिनुहोस्" (भजन १४३:८,१०)। अथवा यसरी प्रार्थना गर्नुहोस्, "प्रभु, आज मलाई तपाईंको आवाज सुन्न दिनुहोस्" (हिब्रू ३:१५)। अथवा "प्रभु, मेरा आँखाहरू खोलिदिनुहोस् ताकि म तपाईंको व्यवस्थामा भएका अचम्मका कुराहरू देख्न सकूँ" (भजन ११९:१८)।

### २. आफ्नो बाइबल पढ्नुहोस्।

आफ्नो बाइबल लिनुहोस् र त्यसको कुनै खण्ड अथवा पूरा अध्याय पढ्नुहोस्। निर्देशिका १ परिशिष्ठ २ मा भएको बाइबल पढ्ने योजनाले तपाईंलाई सम्पूर्ण बाइबल व्यवस्थित ढङ्गमा पढ्न मद्दत गर्दछ। निर्दिका १ परिशिष्ठ मा उल्लेखित बाइबलमा चिन्ह लगाउने तरिकाले तपाईंलाई बाइबल पढ्न सहायता गर्दछ। इसाईहरूको सानो समूह हरेक दिन भेटेर समूहगतरूपमा परमेश्वरसँग समय बिताउन सक्छन्। यस तरिकाले हरेकलाई येशूसँग दिनहुँ सङ्गति गर्न सहायता गर्नेछ। केही मुलुकहरूमा विश्वासीहरू हरेक दिन बिहानै सानो समूहमा भेला भएर एकसाथ शान्त समय बिताउँछन् र समूहमा नै बाइबल पढ्ने र प्रार्थना गर्ने गर्छन्।

### ३. प्रश्नहरू छान्नुहोस्।

तपाईंले अझै सिक्न चाहनुभएको विषयहरूबाट एउटा अथवा केही प्रश्नहरू छान्नुहोस्।
तलका प्रश्नहरूका एक अथवा केही प्रयोगहरू बनाउनुहोस्।

**प्रश्न १ - परमेश्वर**

म बाइबलमा परमेश्वर अथवा ख्रीष्ट अथवा पवित्र आत्माको बारेमा के सिक्दछु? उहाँ केजस्तो हुनुहुन्छ? उहाँले के भन्नुहुन्छ? उहाँले के गर्नुहुन्छ? उहाँले अहिले मलाई के भन्दैहुनुहुन्छ? उहाँले अहिले मेरो जीवनमा के गर्दैहुनुहुन्छ?
उदाहरणको लागि पावलले प्रेरित २२:८,१० मा सोधेका दुई प्रश्नहरूलाई हेर्न सकिन्छ। "प्रभु, तपाईं को हुनुहुन्छ?", "प्रभु, मैले के गर्नु पर्छ?"

**प्रश्न २ - मानिसहरू**

म बाइबलमा मानिसहरूको बारेमा के सिक्दछु? मानिसहरू कस्ता छन्? तिनीहरूले के भन्दछन्? तिनीहरूले के गर्दछन्? तिनीहरूका अभिप्रायहरू, मनोवृत्तिहरू, चाहनाहरू, उपलब्धीहरू र गल्तीहरू के-के हुन्?

**प्रश्न ३ - म, आफै**

मैले बाइबलमा आफ्नोबारेमा के सिक्दछु? म कहाँबाट आएको हुँ? म को हुँ? किन म यहाँ छु? म कहाँ जाँदैछु? मैले के सोच्दछु र के विश्वास गर्दछु? म के गर्दछु र के कुरालाई म वेवास्ता गर्दछु? म के हुन सक्छु?

**प्रश्न ४ - परिवर्तन**

मैले के जानेको अथवा विश्वास गरेको परमेश्वर चाहनुहुन्छ? म के भएको र मैले के गरेको परमेश्वर चाहनुहुन्छ? परमेश्वर अथवा परमेश्वरको वचनले मबाट कस्तो प्रतिक्रिया माग्नुहुन्छ?

तपाईंले आफ्नो निम्ति आफै प्रश्नहरू सोचेर बनाउन सक्नुहुन्छ; जस्तै:

**प्रश्न ५ - मूल्याङ्कन**

येशू ख्रीष्टसँगको सम्बन्धमामा म कहाँ खडा भएको छु? उहाँसँगको सम्बन्धमा म कहाँ उभिन चाहन्छु?

**प्रश्न ६ - बुझाइ (समझ)**
म के कुरा बुझ्दिनँ, त्यसको बारेमा आफ्नो समूहमा सोध्न चाहन्छु?

**प्रश्न ७ - भावनाहरू**
आफूले पढेका कुराहरूको बारेमा म के महसुस गर्दछु? त्यसले मलाई भयभित बनाउँछ कि आशा दिन्छ? त्यसले मलाई अप्ठ्यारो महसुस गराउँछ कि उत्साह दिन्छ?

**प्रश्न ८ - सेवकाइ**
येशूले कसरी मानिसहरूसँग सम्बन्ध राख्नुहुन्छ? येशूले कसरी मानिसहरूको सेवा गर्नुहुन्छ? येशूले कसरी मानिसहरूलाई सिकाउनु हुन्छ अनि तालिम दिनुहुन्छ? कसरी येशूले मानिसहरूका प्रश्नहरूको उत्तर दिनुहुन्छ? चुनौतिहरू अथवा कठिनाइहरूप्रति येशूले कसरी प्रतिक्रिया जनाउनुहुन्छ?

**प्रश्न ९ - सम्बन्धहरू**
मलै अरू इसाईहरू र अरू विश्वासीहरूसँग कसरी सम्बन्ध राख्नुपर्छ? झूटा अगमवक्ताहरूसँग मैले कसरी सम्बन्ध राख्नुपर्छ? दुष्ट मानिसहरूसँग मैले कसरी सम्बन्ध राख्नुपर्छ? गरिब, अत्याचारमा परेका र असमर्थ तथा अपाङ्गहरूप्रति मैले कसरी सम्बन्ध राख्नुपर्छ?

**प्रश्न १० - चरित्र**
कस्तो चरित्र र सद्‌गुण मैले आफूमा विकास गर्नुपर्छ?

## ४. आफूले पत्ता लगाएको कुराहरूलाई मनन गर्नुहोस्।

आफूले पत्ता लगाएका कुराहरूमा मनन गर्नुहोस्, किनभने तपाईं त्यसको सत्यता बुझ्न चाहनुहुन्छ, त्यसबाट नयाँ शक्ति पाउन चाहनुहुन्छ र त्यसपछि त्यसलाई व्यवहारमा उतार्न चाहनुहुन्छ।
इसाई मनन अरू धर्महरूको मनन र ध्यानभन्दा फरक छ। इसाई मननमा चार वटा पक्षहरू हुन्छन्: विचार गर्नु, प्रार्थना गर्नु, लागू गर्नु र लेख्नु।

### विचार गर्नुहोस्।

तपाईं मनन गर्नुहुन्छ किनभने तपाईं बुझ्न चाहनुहुन्छ। त्यसैले महत्वपूर्ण शब्दहरूको अर्थहरूका बारेमा तपाईं विचार गर्नुहुन्छ।

### प्रार्थना गर्नुहोस्।

परमेश्वरले तपाईंलाई के भन्दैहुनुहुन्छ भन्ने कुरा तपाईं जान्न चाहनुहुन्छ। त्यसैले तपाईं आफ्नो हृदयमा शान्तरूपमा प्रार्थना गर्नुहुन्छ र तपाईंलाई परमेश्वरले के भन्न खोज्दैहुनुहुन्छ भनी सोध्नुहुन्छ। सत्य कुरा आफूलाई बताइदिनुहोस् भनी उहाँलाई अनुरोध गर्नुहोस् ताकि उक्त सत्यताले तपाईंको जीवनमा कसरी काम गर्छ भनी उहाँले तपाईंलाई देखाइदिनुहुनेछ। उक्त सत्यताहरूको बारेमा प्रार्थनासाथ परमेश्वरसँग छलफल गर्नुहोस्। परमेश्वरले तपाईंको हृदयमा बोल्नुभएको आवाज सुन्ने अपेक्षा गर्नुहोस्।

### सम्बन्ध राख्नुहोस्।

सत्यलाई तपाईं व्यवहारमा उतार्न चाहनुहुन्छ। त्यसैले आफ्नो व्यक्तिगत जीवन र आफू बाँचिरहेको संसारमा तपाईंले उक्त सत्यसँग सम्बन्ध राख्नुहुन्छ। आफैलाई यस्ता प्रश्नहरू सोध्नुहोस् - "यो सत्यताको ज्योतिमा मेरो खाँचो के हो?", "कुन सत्यतालाई मलाई नवीकरण गर्दछु र त्यसले मलाई बलियो बनाउँछ?", "मैले के गरेको परमेश्वर चाहनुहुन्छ?" यसलाई छोटकरीमा भन्ने हो भने, "परमेश्वरलाई मबाट कस्तो प्रतिक्रियाको खाँचो छ?"

### लेख्नुहोस्।

उक्त सत्यतालाई सम्झना राखी तपाईं त्यससँग सम्बन्ध राख्नुहुन्छ। त्यसैले अति महत्वपूर्ण विचारहरूलाई तपाईंले आफ्नो नोटबुकमा लेख्नुहुन्छ।

## ५. आफ्ना उत्तरहरूको बारेमा प्रार्थना गर्नुहोस्।

तपाईंले मनन गर्नुहुँदा अति महत्वपूर्ण विचारहरूका बारेमा प्रार्थना गर्नुहोस्। 'प्रार्थना' भनेको परमेश्वरले तपाईंलाई के भन्नुहुन्छ, त्यसको प्रतिक्रिया जनाउनु हो भन्ने कुरा याद राख्नुहोस्।

## ग. येशू ख्रीष्टसँग (परमेश्वरसँग) दिनहुँ सङ्गति गर्ने समयको लागि केही व्यवहारिक सुझावहरू

**१. दैनिक आचरण**

सिकाउनुहोस् - दिनहुँ परमेश्वरसँग सङ्गति गर्ने समय मिलाउनुहोस्।
आफू एक्लै अथवा अरू व्यक्तिहरूको साथमा परमेश्वरसँग सङ्गति गर्ने समय मिलाउनुहोस्।
आफूलाई मनपर्ने सत्यता पत्ता लगाउने तरिका अथवा प्रश्नहरू सोध्ने तरिकाको प्रयोग गर्नुहोस्।
'बाइबल पढ्ने योजना' र 'बाइबलमा चिन्ह लगाउने' तरिकाको पनि प्रयोग गर्नुहोस्।

**२. नोटबुक (कापी)**

सिकाउनुहोस् - सधैँ आफूसँग नोटबुक राख्नुहोस्। त्यसमा यी कुराहरू लेख्ने बानी बसाल्नुहोस्: मिति; परमेश्वरसँग सङ्गति गर्ने समयमा पढेको बाइबल खण्ड; तपाईंले विचार गर्नुभएको प्रश्नहरू र मननको बेलामा तपाईंले पत्ता लगाउनुभएको महत्वपूर्ण विचारहरू आदि। यसरी आफ्ना विचारहरूलाई लेख्ने गर्नाले परमेश्वरको सत्यताहरू स्पष्ट पार्न, याद गर्न र अरूलाई सञ्चार गर्न त्यसले सहायता मिल्नेछ। परमेश्वरसँग सङ्गति गर्दा आफूले पत्ता लगाएका कुराहरू अरू मानिसहरूलाई बाँड्नको निम्ति तपाईंको नोटबुकले सहायता गर्नेछ। त्यसको साथै परमेश्वरले विगतमा तपाईंलाई के भन्नुभएको थियो भनी सम्झना गर्न पनि त्यसले सहायता गर्नेछ। जब केही समयपछि तपाईंले ती टिप्पणीहरू पढ्नुहुन्छ, तब परमेश्वरले कसरी तपाईंलाई डोऱ्याउनुभएको रहेछ भनी त्यसले देखाइदिनेछ।

**३. अरूको साथमा**

सिकाउनुहोस् - समूहमा रहेर परमेश्वरसँग सङ्गति गर्न समय मिलाउनुहोस्।
प्रश्नहरू सोध्ने तरिका प्रयोग गर्नुहोस् र कुन प्रश्नको बारेमा छलफल गर्ने भनी निधो गर्नुहोस्। आफूले पत्ता लगाएका कुराहरू र व्यवहारिक प्रयोगहरू सबैको सामु बाँड्नुहोस्।
सबैसँग समूहमा प्रार्थना गर्नुहोस्।

**४. आफूले सिकेका कुराहरू बाँड्नुहोस्।**

सिकाउनुहोस् - परमेश्वरसँग आफ्नो व्यक्तिगत समयको बारेमा हरेक हप्ता बाँड्नुहोस्।
यदि तपाईंको समूह हप्ताको एकपटक भेट्ने गर्छ भने, सिकेका कुराहरू बाँड्ने समयको निम्ति त्यसमा एउटा निश्चित भाग बनाउनुहोस्। त्यतिबेला प्रत्येक व्यक्तिले गत हप्ता परमेश्वरसँग सङ्गति गर्दा के सिकेको छ भनी समूहका सबै मानिसहरूका माझमा बाँड्दछ।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट) [प्रतिक्रियाहरू]<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई-तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, त्यसबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |

(**समूहको अगुवा -** तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्धता जनाउनुहोस्। यी कुराहरू आफ्नो समूहमा अभ्यास गर्नुहोस्: बाइबलबाट एउटा खण्ड छान्नुहोस्; जस्तै: भजन ३४ अथवा मत्ती ८ अध्याय। 'प्रश्नहरू सोध्ने' तरिकालाई प्रयोग गर्दै समूहमा रहेर परमेश्वरसँग सङ्गति गर्ने समय मिलाउनुहोस्। अर्को व्यक्ति अथवा समूहमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा 'प्रश्नहरू सोध्ने' शिक्षाको बारेमा प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा सँगै अध्ययन गर्नुहोस्।
२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय बाइबल पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (उत्पत्ति ६:१-९:२८)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। उत्पत्ति १:२४-२:२५; विषय: "मण्डलीको साँस्कृतिक काम।" बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने विषयमा तपाईंको नोटबुकलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।

# पाठ २६

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय]<br>उत्पत्ति ६:१-९:२८ |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (उत्पत्ति ६:१-९:२८) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ** (२० मिनेट) [सुसमाचार]<br>**पापको स्वभाव : रोमी ३:२३** |
|---|---|

कण्ठ गर्नुपर्ने पदहरूको तेस्रो श्रेणी भनेको 'सुसमाचार' हो। कण्ठ गर्नुपर्ने पाँच पदहरूको शीर्षक यी हुन्: पापको स्वभाव, पापको दण्ड, पापको प्रायश्चित, मुक्ति सित्तैको उपहार हो र विश्वासद्वारा मुक्ति।

## क. मनन

रोमी ३:२१-२३ पढ्नुहोस्। "तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।"

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| पापको स्वभाव<br>रोमी ३:२३ |
|---|
| किनकि सबैले पाप गरेका छन्, र<br>परमेश्वरको महिमासम्म<br>पुग्नबाट चुकेका छन्।<br>रोमी ३:२३ |

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

### १. बाइबलमा पापको अर्थ

'पाप' शब्दको अर्थ लक्ष्य अथवा निसाना गुमाउनु हो। बाइबलमा यसले परमेश्वरसँगको सम्बन्धलाई बुझाउँछ। पाप भनेको तपाईंको जीवनमा परमेश्वरको लक्ष्य गुमाउनु हो। मानिसहरूका लागि परमेश्वरको लक्ष्य भनेको सही सम्बन्ध कायम राख्नु र जीवनमा सही कुराहरू गर्नु हो। तर, मानिसहरूले परमेश्वरसँग, अरू मानिसहरूसँग र स्वयम् आफैसँग सही सम्बन्ध नराखेकोले गर्दा बाइबलमा तिनीहरूलाई पापी भनिएको छ। तिनीहरूले परमेश्वरको नजरमा जे सही छ, सो नगरेकोले तिनीहरूलाई पापी भनिएको छ। मानिसको जीवनको लागि परमेश्वरले तोकिदिनुभएको मापदण्डमा पुग्न चुकेका हुनाले तिनीहरू पापी भनिएको हो।

जुन जिउने कुरालाई संसारमा मानिसहरू सही ठानेका छन्, त्यो परमेश्वरको लक्ष्यले विपरीत नापिएको छ। जुन कुरालाई संसारका मानिसहरूले असल कामहरू भन्दछन्, परमेश्वरको मापदण्डअनुसार ती विपरीत किसिमले नापिएका छन्। परमेश्वरको लक्ष्य र मापदण्डलाई येशू ख्रीष्टमा र बाइबलमा प्रकट गरिएको छ। परमेश्वरको मापदण्ड सिद्ध छ (याकूब २:१०)! ठिकसँग कसैले जिउँदैन! कसैको असल कामहरू पूर्णरूपमा ठिक छैन! रोमी ३:२३ ले भन्दछ, "सबैले पाप गरेका छन्

र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।" त्यसैले, अरूको सामु उदाहरणीय जीवन जिउनेहरू र धेरै असल काम गर्ने मानिसहरू पनि परमेश्वरको नजरमा पापी हुन्। संसारका सबै मानिसहरू परमेश्वरको लक्ष्यलाई गुमाएका छन् र तिनीहरू परमेश्वरको सिद्ध मापदण्डमा पुग्नबाट चुकेका छन्।

'पाप' भन्ने शब्दको अर्थ परमेश्वरको नजरमा गलत ठहरिएका कामहरू गर्नु मात्र होइन, तर आफूलाई बाइबलमा प्रकट गर्नुहुने परमेश्वरको नजरमा जे सही छ, सो नगर्नु पनि पाप हो। पाप भनेको परमेश्वरसँग गलत सम्बन्ध राख्नु मात्र होइन, तर बाइबलको परमेश्वरसँग सम्बन्ध नराख्नु पनि पाप हो।

## २. पापको जरा र पापको फल

ती मानिसहरू जसले म झूटो बोल्दिनँ, चोरी गर्दिनँ, हत्या गर्दिनँ अथवा कुनै अपराध गर्दिनँ भन्दछन्, तिनीहरू पापी नै हुन् किनभने तिनीहरूले पापको फललाई मात्र हेर्दछन् तर पापको जरालाई हेर्दैनन्।

पापको जरा भनेको आफैमा भर पर्नु अथवा परमेश्वरबाट अलग (स्वतन्त्र) हुनु हो। यसले परमेश्वरसँग सम्बन्ध तोडिएको छ भनी बताउँछ। यद्यपि केही मानिसहरूले कुनै अपराध नगरे पनि, चोर्ने र झूट बोल्ने नगरे तापनि जीवित परमेश्वरसँग तिनीहरूको कुनै सम्बन्ध हुँदैन। तिनीहरूले असल जीवन जिए तापनि तिनीहरू पापी नै हुन् किनभने तिनीहरूले बाइबलमा प्रकट हुनुहुने परमेश्वरबाट अलग भई आफू खुसी स्वतन्त्र जीवन जिएका हुन्छन्। तिनीहरूले निकै धार्मिक जीवन जिए तापनि तिनीहरू पापी नै हुन् किनभने तिनीहरूले आफ्नै धार्मिक विचारहरूअनुसार जीवन जिएका हुन्छन्।

पापको जरा भनेको तपाईंको जीवनको लागि परमेश्वरले तोकिदिनुभएको लक्ष्य गुमाउनु हो अनि बाइबलमा प्रकट हुनुहुने परमेश्वरबाट अलग भएर आफ्नै नैतिक अथवा धार्मिक लक्ष्यहरू तथा मापदण्डहरू निर्धारण गर्नु हो। पापको जरा भनेको परमेश्वरले तोकिदिनुभएको परिधिभन्दा बाहिर गएर जिउनु हो अथवा पूर्णरूपमा परमेश्वरको परिधि र सीमा बिना नै जिउनु हो। पापको जरा भनेको बाइबलमा प्रकट हुनुहुने परमेश्वरबाट अलग भएर आफ्नै साँसारिक दृष्टिकोण र सँस्कृति निर्माण गरी त्यसमा विश्वास गर्नु हो।

पापको जराबाट पापको फल निस्किआउँछ। पापको फलले पापको जरालाई छर्लङ्ग, दृश्य र अकाट्य बनाउँछ। पापको फल भनेको सबै किसिमका गलत कामहरू हुन् र त्यसको साथै  सही कामलाई वेवास्ता गर्नु पनि हो। यसको अर्थ परमेश्वरले मनाही गर्नुभएका कामहरू गर्नु र उहाँले आज्ञा गर्नुभएका कामहरूचाहिँ नगर्नु हो। परमेश्वरले मनाही गर्नुभएका कुराहरू मर्कूस ७:२०-२३, रोमी १:२८-३२, गलाती ५:१९-२१, तीतस ३:३ र प्रकाश २१:८ मा पाइन्छन्। त्यसकारण, पापले केवल गलत काम गर्ने अवधारणालाई व्याख्या गर्दैन, तर यसले बाइबलमा प्रकट हुनुहुने जीवित परमेश्वरसँगको तोडिएको सम्बन्धलाई व्याख्या गर्दछ। इसाईहरूले सुसमाचार प्रचार गर्दा, पापको जरा र फलको अर्थ मानिसहरूलाई बुझ्न सहायता गर्नु पर्दछ।

## ३. परमेश्वरको महिमा

परमेश्वरको महिमा भनेको परमेश्वरको ईश्वरीय स्वभाव र उहाँको उपस्थितिको अभिव्यक्ति हो। परमेश्वरले पहिलो पुरुष र महिलालाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो (उत्पत्ति १:२७), त्यसको मतलब तिनीहरूसँग जीवन, पवित्रता र प्रेमजस्ता परमेश्वरको ईश्वरीय गुणहरू थिए। पापमा पतन भएपछि तिनीहरूले परमेश्वरको उक्त स्वरूपलाई गुमाए र तिनीहरूमा पहिलेको जस्तो ईश्वरीय गुणहरू बाँकी रहेन। त्यसको सट्टामा तिनीहरू आत्मिकी र शारीरिकरूपमा मर्नुपर्ने भयो (उत्पत्ति ३:१९), तिनीहरू अपवित्र र अधार्मिक भए (उत्पत्ति ६:५), तिनीहरू प्रेमरहित भए (उत्पत्ति ४:८-९) र तिनीहरू परमेश्वरबाट लुके (उत्पत्ति ३:८-१०)।

रोमी ३:२३ को अर्थ यही हो। सबै मानिसहरूले आफ्नो जीवनमा भएको परमेश्वरको ईश्वरीय उद्देश्यलाई गुमाएका छन्। त्यसको परिणामस्वरूप तिनीहरूले परमेश्वरको स्वरूपलाई गुमाएका छन्। तिनीहरूमा ईश्वरीय गुणहरू र परमेश्वरको उपस्थितिको चेतनाको कमी छ। मानिसहरूलाई परमेश्वरको नजिक ल्याउने, धर्मी ठहऱ्याउने र उहाँबाट स्वीकार गराउने मापदण्डको सिद्धता १००% भन्दा कम हुनुहुँदैन। पापमा पतन भएपछि परमेश्वरको नजिक जान र उहाँबाट स्वीकारिन कुनै मानिस योग्य छैन। त्यसको नतिजास्वरूप, सबै मानिसहरूले परमेश्वरको मञ्जुरीलाई गुमाएका छन् र परमेश्वरबाट प्रशंसा पाउन अयोग्य भएका छन् बरु त्यसको सट्टामा तिनीहरू उहाँको सामु दोषी ठहरिएका छन्।

**सारंश -** सबै मानिसहरूले सुरुको निर्दोषपना र सिद्ध अवस्थालाई गुमाएका छन्। तिनीहरूले परमेश्वरको महिमित विशेषताहरूलाई गुमाएका छन् र त्यसको परिणामस्वरूप तिनीहरूले उहाँको मञ्जुरीलाई पनि गुमाएका छन।

## ख. पद कण्ठ र पुनरावलोकन

१. कण्ठ गर्नुपर्ने बाइबल पदलाई खाली कार्ड अथवा आफ्नो सानो नोटबुकको एउटा पृष्ठमा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठिक तरिकाले कण्ठ गर्नुहोस्- पापको स्वभाव : रोमी ३:२३
३. पुनरावलोकन गर्नुहोस् - दुई-दुई जनाको समुहमा बस्नुहोस् र भर्खरै कण्ठ गरेको पद एक-आपसमा जाँच्नुहोस्।

| ४ | **बाइबल अध्ययन** (७० मिनेट) **[मण्डली]**<br>**मण्डलीको साँस्कृतिक कर्तव्य : उत्पत्ति १:२४-२:२५** |
|---|---|

उत्पत्ति १:२४-२:२५ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर उत्पत्ति १:२४-२:२५ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस्** - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस्** - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस्** - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**उत्पत्ति १:२७**
**खोज १ - परमेश्वरको स्वरूपमा पुरुष र महिलाको सृष्टि**
परमेश्वरले पुरुष र महिला दुबैलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। पुरुष र महिला दुबैको विशेष गुण भनेको तिनीहरूले परमेश्वरको व्यक्तित्वलाई यसरी प्रकट गर्नुपर्थ्यो: "म जनावरहरू, चराहरू र घस्रने जीव-जन्तुहरूभन्दा निकै फरक छु, किनभने तिनीसँग परमेश्वरको स्वरूप छैन। म परमेश्वरको स्वरूपमा बनिएकोले मलाई उहाँसँग भएको जस्तै गुणहरू दिइएको छ। यसले म कति सुन्दर ढाँचामा सृष्टि भएको रहेछु भनी बुझेर आफैलाई सम्मान गर्दछु र आत्म-सम्मान गर्दछु।

---

**उत्पत्ति १:२८**
परमेश्वरले पुरुष र महिलालाई प्रत्यक्ष सम्बोधन गर्नुभएको यो पहिलो घटना हो। सृष्टि र जनावरहरूमाथि परमेश्वरले आशिष् बोल्नुभयो तर उक्त पुरुष र महिलालाई प्रत्यक्ष उहाँले आशिष् घोषणा गर्नुभयो। यो परमेश्वरले मानिसहरूलाई दिनुभएको पहिलो प्रकाश हो! यहाँ परमेश्वरले मानिसले गर्नुपर्ने काम र जीवनको उद्देश्य दिनुहुन्छ। मानिसहरू र जनावरहरूका बीचमा ठूलो भिन्नता छ भन्ने कुरा यसले स्पष्टसँग देखाउँछ।

परमेश्वरले मलाई विशेष कामको निम्ति सृष्टि गर्नुभयो। परमेश्वरसँग व्यक्तिगत सम्बन्ध राख्न, अरू मानिसहरूसँग व्यक्तिगत सम्बन्ध राख्न र परमेश्वरको प्राकृतिक सृष्टिसँग जिम्मेवारपूर्ण सम्बन्ध कायम राख्नको निम्ति म सृष्टि भएको छु। परमेश्वरको सन्दर्भमा, मैले उहाँको स्वरूपलाई योग्य ढङ्गमा लिनैपर्छ। अरू मानिसहरूको सन्दर्भमा, मैले पुरुष र महिलाको भिन्नतालाई आदर गर्नैपर्छ। प्राकृतिक संसारको सन्दर्भमा, मैले यसलाई वशमा राखी त्यसमाथि उचित किसिमले शासन गर्नैपर्छ।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
उत्पत्ति १:२४-२:२५ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**प्रश्न १ - उत्पत्ति १ अध्याय र उत्पत्ति २ अध्यायबीचको सम्बन्ध के हो?**

**टिप्पणी -** केही मानिसहरूले अनुमान र आरोप लगाएझैँ, उत्पत्ति २ अध्याय सृष्टिको कथाको दोस्रो संस्करण होइन। यसलाई अर्को स्रोत अथवा अर्को मुलुकबाट साभार गरिएको होइन। सारा ब्रह्माण्डको सृष्टि भएपछि (उत्पत्ति १:१-२:३) मात्र त्यसको इतिहास सुरु भएको तथ्यलाई उत्पत्ति २:४क ले स्पष्टसँग बताउँछ।

**उत्पत्ति १ अध्याय**
उत्पत्ति १ अध्याय आधुनिक संसारले पाएको चेतनाअनुसारको इतिहास होइन, किनभने सृष्टिको चौथो दिनमा आइपुगे पछि मात्र समयको सृष्टि भएको थियो (उत्पत्ति १:१४)। उत्पत्ति १ अध्याय ब्रह्माण्ड र विशेष गरी पृथ्वीको सृष्टिको सम्बन्धमा परमेश्‍वरको प्रकाश हो। किनभने मानिसको सृष्टि परमेश्‍वरको सृष्टिको अन्तिम काम हो (उत्पत्ति १:२६-२७), र परमेश्‍वरले पहिले गर्नुभएको सृष्टिको काममा मानिसको उपस्थिति थिएन। पछि परमेश्‍वरले हरेक थोक कसले सृष्टि गरिएको हो भन्ने तथ्य प्रकट गर्नुभयो (उत्पत्ति १:१)। त्यसैगरी हरेक थोक कसको निम्ति सृष्टि गरिएको थियो (उत्पत्ति १:१४,२६,२९), र कुन उद्देश्यको निम्ति परमेश्‍वरले हरेक थोक सृष्टि गर्नुभयो (उत्पत्ति १:२८; यशैया ४३:७; कसल्सी १:१६) भन्ने कुराहरू उहाँले मानिसलाई पछि मात्र प्रकट गर्नुभयो।

**उत्पत्ति २ र ३ अध्यायहरू**
उत्पत्ति २ अध्यायले विशेष गरी मानिसको सृष्टिलाई विस्तृतरूपमा व्याख्या गर्दछ (उत्पत्ति २:४ख-७)। त्यसैगरी उक्त अध्यायले अदनको बगैँचा (उत्पत्ति २:८-१७) र स्त्रीको सृष्टिको वर्णन गर्दछ (उत्पत्ति २:१८-२५)। उत्पत्ति ३ अध्यायले चाहिँ लोग्नेमानिस र स्वास्नीमानिस पापमा पतन भएको घटना र त्यसको परिणामस्वरूप तिनीहरू अदनको बगैँचाबाट निस्कनुपरेको इतिहासलाई बताउँछ।

---

**उत्पत्ति २:४ख-१७**
**प्रश्न २ - बोट-बिरूवा र मानिसको सृष्टिको कालक्रमिक श्रेणी कस्तो थियो?**

**टिप्पणी -** उत्पत्ति १ अध्यायले प्रकट गर्दछ, कि परमेश्‍वरले पहिले बोट-बिरूवा र रूखहरू सृष्टि गर्नुभयो, त्यसपछि जीव-जन्तुहरू सृष्टि गर्नुभयो र अन्तमा लोग्नमानिस र स्वास्नीमानिस सृष्टि गर्नुभयो। उत्पत्ति २ अध्यायमा उल्लेखित सृष्टिको वर्णन त्योभन्दा अलि फरक छ: पहिले मानिसको सृष्टि गरियो, त्यसपछि बोट-बिरूवा र जनावरहरू सृष्टि गरिए अनि अन्तमा स्वास्नीमानिसको सृष्टि गरियो। जे भए तापनि यसको मतलब उत्पत्ति १ र २ अध्याय विरोधासपूर्ण खण्डहरू होइनन् बरु एक-आपसको परिपूरक हुन् भनी बुझ्नुपर्छ।

**उत्पत्ति २:४ख-७**
**मानिसको सृष्टि**
उत्पत्ति २:४ख-७ ले मानव इतिहासको बारेमा यसरी बताउँछ: जमिनको माटोमा काम गरेर बोट-बिरूवा र अन्नहरू उब्जाउन मानिसको सृष्टि गरिएको थियो। उक्त सम्पूर्ण खण्डले यसो भन्दछ, "परमेश्‍वरले पृथ्वी र स्वर्गहरू बनाउनुभएको समयमा उहाँले मानिसको पनि रचना गर्नुभयो।" यो खण्डको निम्ति प्रयोग भएको मूल हिब्रू भाषाको वाक्य जटिल किसिमको छ; त्यहाँ सुरुको उपवाक्य, मुख्य कर्ता नभएको उपवाक्य र अन्तिम उपवाक्य उल्लेखित छ।

**त्यसको शाब्दिक अनुवाद यस्तो हुन्छः**

**सुरुको उपवाक्य (उत्पत्ति २:४ख-५) -** "जुन बेला परमप्रभु परमेश्‍वरले पृथ्वी र स्वर्गहरू बनाउनुभयो, त्यतिबेलासम्म पृथ्वीमाथि मैदानमा कुनै बोटबिरूवा थिएन, र मैदानमा सागपात उम्रेको थिएन, किनकि परमप्रभु परमेश्‍वरले पृथ्वीमाथि पानि बर्साउनुभए थिएन, अनि जमिन खनजोत गर्नलाई कुनै मानिस थिएन।"

**मुख्य कर्ता नभएको उपवाक्य (उत्पत्ति २:६) -** "तर पृथ्वीबाट कुइरो उठ्यो र जमिनको सारा सतहलाई सिँचिदियो।"

**अन्तिम उपवाक्य (उत्पत्ति २:७) -** "अनि परमप्रभु परमेश्‍वरले मानिसलाई जमिनको माटोबाट रच्नुभयो, अनि उसको नाकको प्वालहरूमा जीवनको सास फुकिदिनुभयो, र मानिस जिउँदो प्राणी भयो।"

**त्यसको व्याख्या यस्तो हुन्छः**

**सुरुको उपवाक्य (उत्पत्ति २:४ख-५)** ले उत्पत्ति १:६-१० पछिको प्रारम्भिक अवस्थालाई व्याख्या गर्दछ। त्यतिबेला त्यहाँ घाँसहरू, रूखहरू, जङ्गली बोट-बिरुवाहरू अथवा खेती गरिएका बोट-बिरुवाहरू थिएनन्, किनभने परमेश्‍वरले अझै पानी बर्साउनुभएको थिएन र उक्त भूमिमा खेती गर्न परमेश्‍वरले अझै मानिसलाई सृष्टि गर्नुभएको थिएन।

**मुख्य कर्ता नभएको उपवाक्य (उत्पत्ति २:६)** ले परमेश्‍वरले उत्पत्ति १:११-१३ मा बोट-बिरुवा सृष्टि गर्नुभएपछि के भयो भन्ने कुरालाई व्याख्या गर्दछ। परमेश्‍वरले बोट-बिरुवा र रूखहरू सृष्टि गर्नुभएपछि तिनीहरू वृद्धि हुने अवस्थाको लागि पृथ्वीबाट कुइरो माथि उठाउनुभयो। जमिनको माटोलाई पानीले भिजाउन र बादल बनाएर पानी बर्साउन उहाँले पृथ्वीबाट कुइरो उठाउनुभयो। यस विषयमा अय्यूब ३६:२७ ले 'परमेश्‍वरले समुद्रबाट पानीको थोपा खिँच्नुहुन्छ, र आफूले बनाउनुभएको मेघबाट झरी बर्साउनुहन्छ' भनी बताउँछ।

**अन्तिम उपवाक्य (उत्पत्ति २:७)** ले परमेश्‍वरले मानिसलाई उत्पत्ति १:२६-२७ मा कसरी सृष्टि गर्नुभयो भनी बताउँछ। जमिनको माटोबाट (तत्वहरूबाट) परमेश्‍वरले आदम अर्थात् मानिसलाई बनाउनुभयो र उसको नाकको प्वालहरूमा जीवनको सास फुकिदिनुभयो। त्यसपछि आदम जीवित प्राणी भयो। मानिसको स्वभाव अद्वितीय थियो: उसको शरीरमा सृष्टि गरिएका भौतिक संसारको तत्वहरू थिए तर उसको आत्मा अथवा प्राणचाहिँ प्रत्यक्ष परमेश्‍वरबाट आएको थियो, जसले गर्दा मानिससँग परमेश्‍वरको स्वरूप हुन पुग्यो।

**उत्पत्ति २:८-१७**

**अदनको बगैँचाको स्थापना**

उत्पत्ति २:८-१७ ले मानव इतिहासलाई निरन्तरता दिन्छ। त्यहाँ अदनको बगैँचाको स्थापनाबारे चर्चा गरिएको छ। परमेश्‍वरले अदन भन्ने ठाउँमा बगैँचा लगाउनुभयो, जुन स्थान यो प्रकाश पाउने व्यक्तिको दृष्टिकोणमा त्यतिबेला ऊ रहेको ठाउँभन्दा पूर्वपट्टि पर्दथ्यो। उक्त बगैँचा स्थापना भएको समयमा त्यहाँबाट चार वटा नदीहरू निस्किएका थिए। लामो समयकाल बित्दैजाँदा विभिन्न किसिमका प्राकृतिक महाविपत्तिहरूद्वारा (जलप्रलयद्वारा) उक्त स्थानको भौगोलिक अवस्था परिवर्तन भएको हुनसक्छ।

उत्पत्ति २:९ ले परमेश्‍वरले सुरुमा पृथ्वीमा सृष्टि गर्नुभएको रूखहरूलाई बुझाउँदैन (उत्पत्ति १:९-११), तर पछि अदनको बगैँचामा उमार्नुभएको रूखहरूलाई बुझाउँछ। उक्त बगैँचाको बीचमा दुई वटा विशेष रूखहरू थिए। त्यहाँ भएको जीवनको रूखले अरू सबै रूखहरूको फलले झैँ शारीरिक जीवन मात्र दिँदैनथ्यो, तर त्यसले विशेषगरी अनन्त जीवन दिन्थ्यो (उत्पत्ति ३:२२)। असल र खराबको ज्ञान दिने रूखले चाहिँ के कुरा असल छ र के खराब छ भनी छुट्ट्याउने पूर्ण ज्ञान दिन्थ्यो (यशैया ७:१५-१६)। असल र खराब छुट्ट्याउने ज्ञान आदमलाई उक्त रूखको फल नखाईकन नै दिइएको थियो। उसले त्यो रूखको फल खाएर उक्त ज्ञान पाएको होइन। त्यो रूखको फल खान हुँदन भन्ने ज्ञान पनि उसलाई दिइएको थियो। उक्त रूखको फल खान परमेश्‍वरले मनाही गर्नुभएको बेलामा नै आदमसँग असल र खराबको ज्ञान थियो- त्यो रूखको फलबाट टाढै रहनु उसको निम्ति असल थियो तर त्यसको फल खानुचाहिँ खराबी थियो, जसबाट उसको मृत्यु हुन्थ्यो! त्यसैगरी दुष्टको शक्तिको विरुद्धमा खडा भई बगैँचाको हेरचाह गर्नु (उत्पत्ति २:१५) आदमको लागि असल थियो तर त्यसलाई वेवास्ता गर्नुचाहिँ उसको लागि खराबी थियो!

परमेश्‍वरले आदमलाई उक्त बगैँचामा खनजोत गर्ने र त्यसको रेखदेख गर्ने काम दिनुभएको थियो (उत्पत्ति २:१५-१७)। परमेश्‍वरको सिद्ध सृष्टिमा (उत्पत्ति १:३१) आदमलाई अर्थपूर्ण काम दिएर पृथ्वीमा विशेष सँस्कृति विकास गर्न जिम्मेवारी प्रदान गरिएको थियो (उत्पत्ति १:२८)! त्यसैगरी आदमलाई दुष्ट कुराहरूको विरुद्धमा (उत्पत्ति ३:१) उक्त बगैचालाई सुरक्षा दिने काम पनि सुम्पिएको थियो।

**निष्कर्ष -** उत्पत्ति १ र २ अध्यायले बोट-बिरुवाहरू र रूखहरूको सृष्टि पुरुष र महिलाको सृष्टिभन्दा पहिले भएको थियो भनी सिकाउँछ।

**उत्पत्ति २:१८-२५**

**प्रश्न ३ - जनावरहरू र मानिसको सृष्टिको कालक्रमअनुसारको श्रेणी के हो?**

**टिप्पणी -** उत्पत्ति २:१८-२५ ले निरन्तर मानव इतिहासलाई जोड्दछ: पुरुष र महिलाको सृष्टि हुनुभन्दा पहिले नै चराहरू र जनावरहरूको सृष्टि भइसकेको थियो भनी उत्पत्ति १:२०-२७ ले स्पष्टसँग सिकाउँछ। उत्पत्ति १:२६-२७ पुरुष र महिलाको सृष्टिको वर्णनको सारंश हो र यहाँ पुरुष र महिलाको सृष्टिको बीचमा कति लामो समय लाग्यो भनी उल्लेख गरिएको छैन। उत्पत्ति २ अध्यायले हामीलाई यो कुरा स्पष्टसँग सिकाउँछ, कि पुरुषको सृष्टि भएको निकै समयपश्चात् महिलाको सृष्टि भएको हुनुपर्छ!

**उत्पत्ति २:१९**

**मानिसलाई जनावरहरूभन्दा पछि सृष्टि गरियो।**

मानिसको लागि सुहाउँदो सहयोगी भेट्टाउन सुरुमा परमेश्वर असफल हुनुभयो भनी उत्पत्ति २:१९ ले सिकाउँदैन। परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएपछि जनावरहरू र चराहरूलाई सृष्टि गर्नुभयो भनी केही मानिसहरूले उत्पत्ति २:१९ लाई अर्थ लगाउने गर्छन्। तिनीहरूले अर्थ लगाउँछन्, कि जनावरहरू र चराहरूको सृष्टि गर्नु मानिसको लागि सुहाउँदो सहयोगी सृष्टि गर्न परमेश्वरको असफल प्रयास हो। मानिस ती जनावरहरू र चराहरूसँगै हिँड्डुल गर्थे, तर परमेश्वरले उसको निम्ति सुहाउँदो सहयोगी भेट्टाउन सक्नुभएन भनी तिनीहरू भन्दछन्। यो व्याख्यालाई स्वीकार गर्न सकिँदैन, किनभने उत्पत्ति २:७ मा मानिसको सृष्टि गर्नुहुने परमेश्वरले उत्पत्ति २:२१-२२ मा स्त्रीको सृष्टि सजिलै गर्न सक्नुभयो!

**उत्पत्ति २:१८-२०**

**मानिसले जनावरहरूलाई नाउँ दिन्छ।**

परमेश्वरले आदमलाई सुहाउँदो सहयोगीसँग सङ्गति गर्ने चाहना जगाइदिनुभयो भनी उत्पत्ति २:१८-२० ले सिकाउँछ। जसरी उत्पत्ति २:१९-२२ मा स्त्रीको सृष्टि हुनुभन्दा पहिले परमेश्वरले उत्पत्ति २:१८ मा परिचयात्मक भनाइ प्रस्तुत गर्नुभयो, त्यसरी नै उत्पत्ति १:२७ मा आदम र हव्वाको सृष्टि गर्नुभन्दा पहिले परमेश्वरले उत्पत्ति १:२६ मा परिचयात्मक भनाइ प्रस्तुत गर्नुभयो। उत्पत्ति २:१९ मा उल्लेखित क्रियापदलाई पूर्ण भुतकालमा अनुवाद गरिएको छ: परमेश्वरले बनाउनुभएको थियो। उत्पत्ति २:१९ को सही अनुवाद यस्तो हुन्छ: "परमप्रभु परमेश्वरले मैदानको सबै पशुहरू र आकाशका सबै पन्छीहरूलाई भुइँबाट रच्नुभयो अनि आदमले तिनीहरूको के-के नाउँ राख्दारहेछन्, सो हेर्न तिनीहरूलाई तिनीकहाँ (जसलाई पहिले नै सृष्टि गरिएको थियो) ल्याउनुभयो; अनि आदमले हरेक जीवित प्राणीलाई जे-जे नाउँ दिए, त्यसको नाउँ त्यही रह्यो।" तसर्थ परमेश्वरले चराहरूलाई बनाउनुभएपछि (उत्पत्ति १:२०-२३) र जनावरहरूलाई बनाउनुभएपछि (उत्पत्ति १:२४-२५), उहाँले मानिसलाई सृष्टि गर्नुभयो (उत्पत्ति १:२६-२७) अनि ती चराहरू र जनावरहरूलाई नाउँ दिनको निम्ति परमेश्वरले तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो (उत्पत्ति २:१९-२०)।

तिनीहरूलाई नाउँ प्रदान गरेपछि आदमले ती हरेक किसिमका चरा र जनावरको स्वभाव र चरित्र बुझेका थिए। ती जनावारहरूसँग हिँड्डुल गर्दा आदम यस कुरामा अति सचेत भए, अनि सृष्टि गरिकाएका अरू सबै प्राणीहरूभन्दा आफू फरक किसिमको छु भनी पत्ता लगाए। 'तर आदमको निम्ति मेल खाने कुनै सहयोगी पाइएन' भनी उत्पत्ति २:२० मा उल्लेखित अभिव्यक्तिलाई हिब्रूमा यसरी भनिन्छ, "आदमले आफूसँग मेल खाने कुनै सहयोगी भेट्टाएन।" आदमसँग मेल खाने सहयोगी भेट्टाउन नसक्ने परमेश्वर होइन तर मानिस हो! परमेश्वरले मानिसको हृदयमा सङ्गति गर्ने चाहना जगाइदिनुभयो, र त्यसलाई केवल स्त्रीले मात्र पूरा गर्न सक्थिन्। मानिसको चाहनाहरूलाई चराहरू र जनावरहरूले सन्तुष्ट पार्न सक्दैनथ्यो। आफ्नै बराबरीको अर्को प्राणीले मात्र उक्त चाहनालाई पूरा गर्न सक्थ्यो। त्यसैले उत्पत्ति २:२१-२२ मा परमेश्वरले स्त्रीलाई मानिसको करङबाट सृष्टि गर्नुभयो, जसले उत्पत्ति २:२३-२४ मा दुवै एक हुने रहस्यलाई प्रकट गर्दछ। स्त्री पुरुषको पूर्ण समानतामा सृष्टि गरिएको थियो, किनभने तिनलाई आदमको सहयोगी हुनको निम्ति उसको करङबाट निकालिएको थियो। तिनलाई मानिसको खुट्टाबाट निकालिएन ताकि तिनी पुरुषको दास नबनोस् र तिनलाई पुरुषको टाउकोबाट पनि निकालिएन ताकि तिनले पुरुषमाथि शासन गरोस्!

**निष्कर्ष -** उत्पत्ति १ र २ अध्यायले जनावरहरू मानिसको सृष्टि हुनुभन्दा पहिले नै बनाइएको थियो भनी सिकाउँछ।

**उत्पत्ति १:२६-२९; २:७**

**प्रश्न ४ - कुन कुराले मानिस जातिलाई अरू सृष्टिभन्दा फरक बनाउँछ?**

**टिप्पणी -** मानिसहरू अरू सृष्टिभन्दा फरक ढङ्गले बनिएका छन्।

**मानवीय शरीर**

उत्पत्ति २:७ भन्दछ, कि परमेश्वरले मानिसलाई भूमिको तत्वहरूबाट बनाउनुभयो र उसलाई जीवनको सास फुकिदिनुभयो अनि मानिस जीवित प्राणी भयो। जनावरहरूलाई बनाउनुहुँदा परमेश्वरले उहाँको सृजनात्मक आज्ञा प्रयोग गर्नुभयो भने मानिसलाई चाहिँ उहाँले आफ्नै हातहरू र जीवनको सास प्रयोग गर्नुभयो। तसर्थ यसले मानिसको शरीर अति विशेष छ र यसको अति विशेष उद्देश्य छ भन्ने कुरा देखाउँछ।

**मानवीय आत्मा**

उत्पत्ति १:२६-२७ ले बताउँछ, कि परमेश्वरले पुरुष र स्त्रीलाई आफ्नै स्वरूप अथवा प्रतिरूपमा बनाउनुभयो। त्यसको अर्थ परमेश्वरले आफूसँग भएको सबै ईश्वरीय स्वभाव मानिसलाई दिनुभयो भन्ने होइन। तिनीहरूलाई यस्तो आत्मिक स्वभाव दिइएको थियो, जुन परमेश्वरको ईश्वरीय स्वभावसँग मेल खान्छ। मानिसहरूसँग परमेश्वरको गुणहरूको साँचो विशेषताहरू हुन्छन्। अर्को शब्दमा भन्ने हो भने तिनीहरू तिनीहरू परमेश्वरको व्यक्तित्वको प्रतिरूपहरू हुन्। यस सम्बन्धमा हेर्ने हो भने मानिसहरू सम्पूर्ण सृष्टिमा अद्वितीय प्राणीहरू हुन्। पुरुष र स्त्रीबाहेक सृष्टिको अरू कुनै थोकसँग परमेश्वरको स्वरूप छैन!

**परमेश्वरसँगको मानवीय सम्बन्ध**

परमेश्वर प्रत्यक्षरूपमा मानिस र स्त्रीसँग बोल्नुभयो भनी उत्पत्ति १:२८-२९ ले बताउँछ। त्यो परमेश्वर मानिससँग बोल्नुभएको सबैभन्दा पहिलो घटना हो! यो मानिसहरूका लागि परमेश्वरको प्रथम प्रकाश हो! यसको अर्थ यो हो, कि मानिसहरूसँग परमेश्वरलाई जान्ने र उहाँसँग सञ्चार गर्ने क्षमता छ। त्यसको साथै अर्को कुरा के हो भने परमेश्वरले लोग्नेमानिस र स्वास्नीमानिसलाई पृथ्वीलाई वशमा राख्ने र सबै जीवित प्राणीहरूमाथि शासन गर्ने काम दिनुभयो साथै उनीहरूले सबै बोट-बिरुवा र रूखहरूलाई उचित किसिमले उपयोग गर्नु पर्ने भयो। यसर्थ, परमेश्वरले यो कुरा प्रकट गर्नुहुन्छ, कि उहाँले पृथ्वी मानिसहरूका लागि सृष्टि गर्नुभयो र तिनीहरूलाई उहाँको सृष्टिको रेखदेख गर्ने भण्डारे तुल्याउनुभयो (उत्पत्ति २:१५ सँग तुलना गर्नुहोस्)।

**सारंश -** मानिसहरूसँग शारीरिक र आत्मिक अस्तित्व छ, जसको मतलब तिनीहरूसँग शरीर र आत्मा छ। मानिसहरूसँग मात्र तर्क र विचार गर्नसक्ने क्षमता छ, के सही के गलत भनी छुट्ट्याउने विवेक छ, तर्क-वितर्क नगरीकन जान्ने अन्तर्ज्ञान छ, र त्यसको साथै नयाँ कुराहरू रच्ने र बनाउने क्षमता अनि परमेश्वरलाई जान्ने र उहाँसँग सङ्गति गर्ने क्षमता पनि छ।

---

**उत्पत्ति २:२४**

**प्रश्न ५ - विवाह मानवीय संस्था हो कि ईश्वरीय संस्था हो?**

**टिप्पणी -** विवाह परमेश्वरको साँस्कृतिक संस्था हो।

**विवाह परमेश्वरको अवधारणा र उहाँद्वारा स्थापित संस्था हो।**

उत्पत्ति १ र २ अध्यायमा परमेश्वरले मानिसमा जीवन साथीको (सहयोगीको) खाँचो जगाइदिनुभयो र उहाँले मानिसको निम्ति स्त्री सृष्टि गर्ने पहल गर्नुभयो। त्यसको साथै विवाहलाई संस्थागत बनाउन पनि परमेश्वरले पहल गर्नुभयो। मानिस र स्त्री पापमा पतन हुनुभन्दा पहिले नै परमेश्वरले निम्नलिखित इश्वरीय योग्यताहरूद्वारा वैवाहिक सम्बन्धलाई विशेष सम्बन्धको रूपमा स्थापित गर्नुभयो।

- विवाहपछि पुरुष र महिलाले आफ्ना आमाबुबालाई छोड्नैपर्छ।
- वैवाहिक सम्बन्ध भनेको एउटा मानिस र एउटा स्त्रीबीचको यस्तो सम्बन्ध हो, जहाँ मानिस आफ्नी पत्नी (एक जना) सँग टाँसिरहन जरुरी हुन्छ र तिनीहरू कहिल्यै अलग हुनुहुँदैन (मत्ती १९:५-६; एफिसी ५:३१-३३)।
- यौन सम्बन्ध तीन किसिमले सीमित तुल्याइएको छ: एउटा मानिस र एउटा स्त्रीको बीचमा हुनुपर्छ, विवाह भएपछि मात्र हुनुपर्छ र उनीहरूको वैवाहिक सम्बन्धभित्र मात्र यौन सम्बन्ध हुनुपर्छ (हिब्रू १३:४)।

यो वैवाहिक संस्थालाई परमेश्वरले मानिस पापमा पतन भएपछि पनि कायम राख्नुभयो। वैवाहिक सम्बन्धलाई सारा संसारमा निरन्तर कायम राख्नुपर्छ भनी प्रभु येशू ख्रीष्टले मत्ती १९ अध्यायमा दिनुभएको शिक्षालाई पावलले एफिसी ५ अध्यायमा दोहोऱ्याएका छन्।

---

**उत्तपत्ति १:२८**

**प्रश्न ६ - के पृथ्वीमा मानिसहरू कुनै नियन्त्रण र वाधाबिना वृद्धि हुँदै जानु पर्छ?**

**टिप्पणी -** पृथ्वीमा मानिसहरूको सङ्ख्या वृद्धि हुने प्रक्रिया यस्तो छ।

**पतन हुनुभन्दा पहिले**

मानिस वृद्धि हुँदै जानू भन्ने आज्ञा उत्पत्ति १:२६-२७ मा 'परमेश्वरले मानिस र स्त्रीलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभएपछि' र तिनीहरू पापमा पतन हुनुभन्दा पहिले अर्थात् उत्पत्ति ३ अध्यायभन्दा अघि दिनुभएको थियो। त्यसकारण उत्पत्ति १:२८ लाई सोही सन्दर्भअनुसार व्याख्या गरिनुपर्छ। पापमा पतन हुनुभन्दा अघिको परमेश्वरको स्वरूप धारण गरेका मानिसहरूद्वारा यो पृथ्वी भराउँदै लैजाने परमेश्वरको सुरुको अभिप्राय थियो! परमेश्वरले पृथ्वीलाई यसरी रच्नुभयो, ताकि उहाँलाई जान्ने, उहाँलाई प्रेम गर्ने, उहाँसँगै हिँड्ने र उहाँलाई महिमा दिने मानिसहरूले यो पृथ्वी भरिऊन्! वास्तवमा भन्ने हो भने साँचो धार्मिकता र पवित्रता पहिरेर परमेश्वरजस्तै भएका मानिसहरूद्वारा पृथ्वीलाई भराउने परमेश्वरको अभिप्राय थियो (एफिसी ४:२४)।

**पतन भइसकेपछि**

तैपनि, पापमा पतन भइसकेपछि उत्पत्ति ५:१-३ आदमले आफ्नै स्वरूपमा छोरा जन्माए भनी लेखिएको छ। पतनपछि पृथ्वी पतन हुनुभन्दा पहिलेझैँ परमेश्वरका स्वरूप नभएका मानिसहरूले भरिन थाल्यो। तैपनि, परमेश्वरको सुरुको अभिप्राय परिवर्तन भएन। परमेश्वर अझै आफ्ना स्वरूप भएका मानिसहरूले यो पृथ्वी भर्न चाहनुहुन्छ (उत्पत्ति ९:१)। येशू ख्रीष्टले क्रूसमा गर्नुभएको कार्यद्वारा मानिसहरू नयाँ सृष्टि हुन्छन् (२ कोरिन्थी ५:१७; एफिसी ४:२०-२४)। त्यसकारण, इसाईहरूले पृथ्वीको जनसङ्ख्या वृद्धि, जन्मदर नियन्त्रण अथवा कति जना सन्तान जन्माउने भन्ने प्रश्नहरूमा ध्यान दिँदा, तिनीहरूले यो कुरामा पनि ध्यान दिनैपर्छ, कि परमेश्वरको अभिप्राय भनेको जुनसुकै किसिमका मानिसहरूले पृथ्वी भर्नु होइन, तर उहाँको स्वरूपका मानिसहरूद्वारा पृथ्वी भर्नु हो। साधारणरूपमा भन्ने हो भने, सन्तान पुनर्उत्पादन गर्न परमेश्वरले मानिस र स्त्रीलाई छनौट, क्षमता र जिम्मेवारी दिनुहुन्छ। तर यो कुरा हामीले याद गर्नु पर्दछ, कि बाइबलमा उल्लेख गरिएअनुसार साँचो धार्मिकता र पवित्रता धारण गरेका परमेश्वरको स्वरूपका मानिसहरूद्वारा यो पृथ्वीलाई भराउँदै लैजानु सबै पुरुष र महिलाहरूको जिम्मेवारी हो।

---

**उत्पत्ति १:२८**

**प्रश्न ७ - पृथ्वीलाई वशमा राख्ने काम मानिसहरूले कसरी पूरा गर्दछन्?**

**टिप्पणी -** परमेश्वरको निम्ति पृथ्वीलाई व्यवस्थित पार्ने काम यस्तो छ।

**(१) 'वशमा ल्याउनु' भन्ने शब्दको शाब्दिक अर्थ विजयी हुनु, अधिन गर्नु, तालिम दिनु, सन्तुलन मिलाउनु र दबाउनु हुन्छ।**
त्यसकारण, लोग्नेमानिस र स्वास्नीमानिसको काम र लक्ष्य भनेको सँस्कृतिविहिन परमेश्वरको सृष्टिमा सुसँस्कृति ल्याउनु हो। तिनीहरू मिलेर बस्न अयोग्य ठाउँहरूलाई तिनीहरूले बस्नयोग्य तुल्याउनु पर्छ, खेतीपातीको निम्ति अयोग्य जमिनलाई खेती गर्न योग्य बनाउनु पर्छ र जङ्गली जनावारहरूलाई तालिम दिएर घरपालुवा बनाउनुपर्छ। तिनीहरूले परमेश्वरको सृष्टिको प्राकृतिक नियमहरू पत्ता लगाउनुपर्छ, जसको मतलब भौतिक र रासायनिक नियमहरूलाई मानिसहरूको भलाइको निम्ति प्रयोग गर्नु हो। जे भए तापनि विज्ञान, खेतीपाती र उद्योगको अभ्यास सीमाहरूविहिनको छैन!

**(२) 'वशमा ल्याउनु' भन्ने शब्दको अर्थ संरक्षण गर्नु हो।**
त्यसकारण, मानिस र स्वास्नीमानिसको काम र लक्ष्य परमेश्वरको सृष्टिलाई दुरुपयोग, शोषण र नास हुनबाट संरक्षण गर्नु हो। पृथ्वीमा भएका स्रोतहरूको प्रयोग गर्न परमेश्वरले सीमाहरू तोकिदिनुभएको छ। पृथ्वीको स्रोतहरूलाई मानसिहरूले आफ्नो स्वार्थपूर्तिको लागि अथवा पृथ्वीमा बसोबास गर्ने अरू मानिसहरूको विनासको लागि दुरुपयोग गर्नु हुँदैन। मानिसहरूले वातावरण, हावा, पानी अथवा भूमिमा प्रदुषण हुने गरी परमेश्वरको सृष्टिलाई दुरुपयोग गर्नुहुँदैन किनभने त्यसबाट प्राकृतिक सन्तुलन स्थायीरूपमा बिग्रेर बोट-बिरुवा, जनावर र मानिसहरूको विनास हुनेछ। मानिसहरूले पृथ्वीको स्रोतहरूलाई व्यवस्थित पार्न नसकेर त्यसलाई खेर फाल्नुहुँदैन किनभने यसले भोकमरी र गरिबीलाई निम्त्याउँछ। प्रकाश

११:१८ मा परमेश्वरले पृथ्वीलाई नास पार्ने मुलुकहरू, सरकारहरू र सैनिक शक्तिहरूलाई चेताउनी दिनुहुन्छ कि तिनीहरूले गलत काम गरे भने परमेश्वरले तिनीहरूलाई नास पार्नुहुनेछ!

**(३) यहाँ उल्लेखित वशमा ल्याउने कार्यले संसारका सबै मानिसहरूलाई बाइबलीय अथवा इसाई सँस्कृतिमा ल्याउने कुरालाई समेट्छ।**

जुनसुकै राष्ट्रको सँस्कृतिमा भएको विश्व-दृष्टिकोण, सत्यताहरू, आस्थाहरू, अन्धविश्वासहरू र मूल्य-मान्यताहरू त्यहाँका मानिसहरूमा भएका दृढ विश्वासहरू, अनुभवहरू, आचरणहरू, आपसी सम्बन्धहरू, परम्पराहरू र रितिरिवाजहरूद्वरा प्रकट हुने गर्दछ।

पापमा पतन भएपछि संसारका सबै राष्ट्रहरूका सँस्कृतिहरू बिस्तारै जीवित परमेश्वर र उहाँको सँस्कृतिबाट टाढिँदै गयो। वर्षौंसम्म मानिसहरू परमेश्वरबिना नै जिए र तिनीहरूले आफ्ना सँस्कृतिरहरूद्वारा घरी-घरी पापपूर्ण क्रियाकलापहरूमा समावेश भए। परमेश्वरको उद्देश्य मानिसहरूलाई मात्र परिवर्तन गर्नु होइन, तर तिनीहरूका सँस्कृतिहरूलाई पनि परिवर्तन गर्नु हो! परमेश्वर विशेष सँस्कृति भएका आफ्ना विशेष जनहरू सृष्टि गर्न चाहनुहुन्छ, जसलाई यस संसारमा 'राज्यको सँस्कृति' अथवा 'परमेश्वरको राज्यको सँस्कृति' भनिन्छ! बाइबलमा परमेश्वरको प्रकाशको मुख्य उद्देश्य भनेको मानवीय आचरण भएकोले गर्दा बाइबलका शिक्षाहरू प्रत्यक्षरूपमा सँस्कृति परिवर्तन गर्नुपर्ने कुराप्रति लक्षित छ!

---

**उत्पत्ति १:२८**

**प्रश्न ८ - मानिसहरूले पृथ्वीमा शासन गर्ने काम कसरी पूरा गर्दछन्?**

**टिप्पणी -**

**(१) 'शासन गर्नु' भन्ने शब्दको शाब्दिक अर्थ अधिन गर्नु अथवा नियन्त्रण गर्नु हो।**

त्यसकारण, लोग्नेमानिस र स्वास्नीमानिसको काम र लक्ष्य भनेको परमेश्वरले आकाशमा, जमिनमा र समुद्रमा सृष्टि गर्नुभएको जीव-जन्तुहरूलाई नियन्त्रण गर्नु हो। उदाहरणको लागि हामी हितोपदेश १२:१० मा यसरी पढ्छौं, "धर्मी मानिसले आफ्नो पशुको वास्ता गर्छ, तर दुष्टको सबैभन्दा दयालु काम पनि निर्दयी हुन्छ।" त्यसकारण इसाई पशु-पन्छीहरूप्रति निर्दयी हुनुहुँदैन बरु आफूसँग भएका त्यस्ता थोकहरूको राम्रोसँग वास्ता गर्नुपर्दछ। त्यसैगरी इसाईहरूले परमेश्वरको सम्पूर्ण सृष्टिको राम्रोसँग रेखदेख र वास्ता गर्नुपर्दछ।

**(२) मानिसको काम-कर्तव्य भनेको यस्ता जनावरहरू, चराहरू र माछाहरू मानिसहरूको फाइदाको निम्ति प्रयोग गर्नु हो।**

मानिसहरूले तिनीहरूमाथि बुद्धि र विवेकपूर्ण निर्णयसाथ शासन गर्नुपर्छ, ताकि त्यसबाट मानिसहरूको भलाइ हुन सकोस्। पापमा पतन हुनुभन्दा पहिले परमेश्वरले मानिसहरूलाई खानको निम्ति बिउ भएको हरेक बोट-बिरुवा र बिउ भएको फलको हरेक रूख दिनुभएको थियो। तर पापमा पतन भएपछि अनि पापपूर्ण संसारको जलप्रलयद्वारा विनास भएपछि परमेश्वरले मानिसहरूलाई खानाको निम्ति हरेक किसिमको जनावार, माछा र चरा दिनुभयो। उत्पत्ति ९:३ मा हामी यसरी पढ्छौं, "जीवित-जीवात सबै तिमीहरूका निम्ति आहारा हुनेछन्। मैले हरिया वनस्पति तिमीहरूलाई दिएझैं सबै थोक म तिमीहरूलाई दिन्छु।"

**(३) शासन गर्ने काम जनावरहरू, माछाहरू र चराहरूमा सीमित छ।**

यहाँ शासन गर्ने कुराले कुनै मानिसले अरू मानिसहरूमाथि शासन गर्ने भनेको होइन। यसको अर्थ केही मानिसहरूले मनोमानी ढङ्गमा अरू मानिसहरूलाई शासन गर्ने, अत्याचार गर्ने, दास बनाउने अथवा मार्ने काम गर्नु भेनेको होइन। एउटा राष्ट्रले अर्को राष्ट्रमाथि शासन गर्ने कुनै हक छैन। त्यसैगरी कुनै राष्ट्रले आफ्नै देशका मानिसहरू अथवा विदेशहरूलाई अत्याचार गर्ने, दास बनाउने अथवा सतावट दिने कुनै हक छैन!

प्रत्येक राष्ट्रले जिउनेपर्ने समय र स्थान परमेश्वरले तोक्नुभएको छ (प्रेरित १७:२६-२७)। तर पृथ्वी र यसमा भएका सबै स्रोतहरू बाइबलको परमेश्वरको हो (भजन २४:१) र पृथ्वीको कुनै विशेष भाग आफ्नो सम्पत्ति हो भन्ने हक कुनै राष्ट्रको छैन। वास्तवमा मानिसहरू परमेश्वरका सम्पत्तिहरूको रेखदेख गर्ने भण्डारेहरू मात्र हुन्!

**(४) के इसाईहरू शासन गर्ने अधिकारहरूमा समावेश हुन सक्छन्?**

पुरानो करारमा यहूदाका राजा दाऊदलाई छोडेर अरू मानिसहरू जस्तैः मोशा, योसेफ, दानिएल र नहेम्याहजस्ता मानिसहरू मिश्रदेश, बेबिलोन र पर्सिया (फारस) को सरकारको उच्च स्थानमा थिए। अनि तिनीहरूको हरेक मानिसमाथि राम्रो प्रभाव थियो। नयाँ करारमा हेर्ने हो भने निकोदेमस यहूदीहरूको शासन गर्ने आधिकारिक संस्थाका सदस्य थिए। लूका ७ अध्याय र प्रेरित १० अध्यायमा रोमी सेनाका अधिकारीहरू इसाई भएका घटनाहरू उल्लेखित छन्। प्रेरित ८ अध्यायमा

इथियोपियाको महत्वपूर्ण अधिकारी इसाई भए। प्रेरित १३ अध्यायमा साइप्रसका बडाहाकिम इसाई भए। त्यसैगरी प्रेरित १७ अध्यायमा हेर्ने हो भने एथेन्सको परिषद्को सदस्य इसाई भएको देख्दछौं।

समाजको हरेक तह र तप्काका मानिसहरूलाई बचाउन येशू ख्रीष्ट आउनुभएको छ। यसले अधिकार भएका मानिसहरूलाई पनि समेट्छ। राष्ट्रमा अधिकार भएका मानिसहरू इसाई भएपछि तिनीहरूले आफ्नो पद र ओहोदाबाट राम्रो प्रभाव पार्न सक्छन्। १ तिमोथी २:१-४ मा इसाईहरूलाई सबै किसिमका मानिसहरूका लागि प्रार्थना गर्न आग्रह गरिएको छ; विशेष गरी राजाहरू र अधिकार गर्ने उच्च पदमा भएकाहरूका लागि प्रार्थना गर्नू भनिएको छ, किनभने तिनीहरू सत्यको ज्ञानमा आऊन् र बाचून् भनी परमेश्वर चाहनुहुन्छ। तसर्थ, देशमा शासन गर्ने अधिकारीहरूका लागि इसाईहरूले प्रार्थना गर्न आवश्यक छ! प्रेरितहरूले शासन गर्ने अधिकारीहरूसामु गवाही दिनेछन् भनी येशूले भन्नुभयो (मत्ती १०:१७-२०; प्रेरित २३:११; १ पत्रुस २:१५ सँग तुलना गर्नुहोस्)।

**(५) शासन गर्ने कुराले पृथ्वीभन्दा बाहिरको ब्रह्माण्डलाई समेट्नु हुँदैन।**

पृथ्वीमा थुप्रै मानिसहरू गरिबी र भोकमरीमा जिइरहेका हुनाले मानिसहरूले बहुमूल्य धन-सम्पत्ति र स्रोत-साधनहरूलाई बाहिरी अन्तरिक्षका कुराहरू पत्ता लगाउन खर्च गर्नु हुँदैन!

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र उत्पत्ति १:२४-२:२५ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

**(१) उत्पत्ति १:२४-२:२५ बाट निकालिएका सम्भावित प्रयोगहरू**

१:२७ परमेश्वरले तपाईंलाई यस संसारमा उहाँको आफ्नै स्वरूपमा सृष्टि गर्नुभएको छ भन्ने कुरामा सचेत हुनुहोस्।

१:२८ परमेश्वरका स्वरूप भएका मानिसहरूद्वारा यो पृथ्वीलाई भराउने काममा सक्रियरूपमा सहभागी हुनुहोस्। आफ्ना छोरा-छोरी अरूका छोरा-छोरीहरूलाई येशू ख्रीष्ट को हुनुहुन्छ भनी चिन्न र येशू ख्रीष्टको स्वरूपमा परिवर्तन हुँदै जान तालिम दिनुहोस्।

१:२८ एउटा विद्यार्थीजस्तै भएर परमेश्वरको सृष्टिको प्राकृतिक नियमहरू पत्ता लगाउनुहोस्; जसको मतलब जिम्मेवारीपूर्ण तवरले विज्ञानलाई अभ्यास गर्नु हो, र भौतिक र रसायनिक नियमहरूलाई मानिसहरूको भलाइको निम्ति प्रयोग गर्नु हो।

१:२८ परमेश्वरको सृष्टि दुरुपयोग हुन, शोषण हुन र नास हुनबाट बचाउन त्यसलाई संरक्षण गर्नुहोस्।

१:२८ संसारका सबै मानिसहरूका माझमा बाइबलीय अथवा इसाई सँस्कृति ल्याउने कोसिस गर्नुहोस्।

१:२८ मानिसहरूको भलाइ हुने गरी पृथ्वीमा भएका चराहरू, जनावरहरू र माछाहरूको प्रयोग गर्नको निम्ति बुद्धि र विवेकसाथ निर्णयहरू गर्नुहोस्।

१:२८ यदि कुनै इसाई मुलुकमा अधिकार भएको उच्च स्थानमा छ भने उसलाई सकेसम्म समाजमा राम्रो प्रभाव पार्न दिनुहोस्।

**(२) उत्पत्ति १:२४-२:२५ बाट निकालिएका व्यक्तिगत प्रयोगका केही उदाहरणहरू**

इसाईहरूका निम्ति परमेश्वरले दिनुभएको साँस्कृतिक काम-कर्तव्यको बारेमा मैले राम्रोसँग बुझेको छु। इसाई जिम्मेवारीको महत्वपूर्ण पक्ष भनेको परमेश्वरको सृष्टिको संरक्षण गर्नु हो। त्यसकारण, हामी इसाईहरूले निम्नलिखित कुराहरूमा गम्भीररूपमा ध्यान दिन आवश्यक छ:

- प्राकृतिक विनासलाई रोक्नु र वातावरणीय सन्तुलन बिग्रन नदिनु; जस्तै: पृथ्वीको वरिपरि भएको ओजोन तहलाई नास हुनबाट रोक्नु, पानी बर्साउने वन-जङ्गलको विनास रोक्नु, जनावरहरू चर्ने चउरको संरक्षण गर्नु र खानाको क्रमलाई निरन्तरता दिने जीव-जन्तुहरूको विनासलाई रोक्नु आदि।

© 2009 DOTA 

- पृथ्वीको प्रदुषणलाई रोक्नु; जस्तैः विषालु पदार्थ र उद्योगहरूबाट निस्केका फोहर वस्तुहरूलाई नदीहरू र तालहरूमा फाल्दा हुने पानीको प्रदुषणलाई रोक्नु, अनियन्त्रित औद्योगीकरण र पुराना यातायातका साधनहरूबाट हुने हावाको प्रदुषणलाई रोक्नु, र त्यसैगरी ध्वनि प्रदुषणलाई रोक्नु आदि।
- कृषि विज्ञानमा भइरहेका हानिकारण क्रियाकलापहरूलाई रोक्नु; जस्तैः मानिसले खाने जीव-जन्तुहरूमा वृद्धि गराउने हर्मोनको प्रयोगलाई रोक्नु, खाने कुरालाई सड्न नदिने रसायनहरू र हानिकारक रङ्गहरूको प्रयोगलाई रोक्नु र बोट-बिरुवाहरूमा वंशानुगतरूपमा स्वरूप परिवर्तन गर्ने वैज्ञानिक गतिविधिहरूलाई रोक्नु आदि।
- औद्योगिक विज्ञानमा भइरहेका हानिकारक क्रियाकलापहरूलाई रोक्नु; जस्तैः आणविक र परमाणु हातहतियारको उत्पादनलाई रोक्नु अनि जैविक र रसायनिक पदार्थहरूको उत्पादनलाई रोक्नु आदि।
- औषधि विज्ञानमा भइरहेका हानिकारक क्रियाकलापहरूलाई रोक्नु; जस्तैः छोरा-छोरी चाहिँदैन भनेर गर्भपतन गर्नु, स्वेच्छा र दयापूर्ण हत्या र मानिसजातिमा प्रयोग हुने वंशानुगत परिवर्तनको वैज्ञानिक गतिविधिहरू आदि।

म यो कुरामा विश्वस्त भएको छु, कि परमेश्वरले मण्डलीलाई सुम्पनुभएको साँस्कृतिक कार्य प्राकृतिक कुराहरूमा सीमित छैन। आवश्यक्ताअनुसार यसले बौद्धिक, भावनात्मक, सामाजिक र आत्मिक कुराहरूलाई समेट्दछ।

- नकारात्मकरूपमा भन्ने हो भने इसाईहरूले झूट, अश्लील गतिविधि, हिंसाजस्ता कुराहरूको विरोधमा लड्नु पर्दछ, जुन अहिले पत्र-पत्रिकाहरू, टेलिभिजन, इन्टरने र देखावटी व्यापारहरूद्वारा फैलिरहेको छ। गर्भपतनलाई वैधानिक बनाउने र समलिङ्गी क्रियाकलापहरू तिनीहरूले विरोध गर्नुपर्छ। त्यसैगरी जातीय भेदभाव र भ्रष्टचारको पनि इसाईहरूले विरोध गर्नुपर्छ। जुवा-तास र विभिन्न किसिमका छलपूर्ण चिट्ठाहरूको विरोधमा पनि इसाईहरू उठ्नुपर्छ किनभने यस्ता कुराहरूले धेरै मानिसहरूलाई दासत्वमा राखेको छ। त्यसैगरी तिनीहरूले विभिन्न किसिमका लागू औषधिहरूको उत्पादन र प्रयोगलाई विरोध गर्नुपर्छ।
- सकारात्मकरूपमा भन्ने हो भने इसाईहरूले आफ्नो इसाई विश्वासलाई फैलाउँदै मानिसहरूको भक्तिहीनता र अविश्वासमाथि शासन गर्नुपर्दछ। तिनीहरू इसाईहरूका माझमा विद्यमान अपरिपक्वता र फलविहिन अवस्थालाई चेला निर्माणको प्रक्रियाद्वारा शासन गर्ने काममा सहभागी हुनुपर्दछ। अस्पताल, वृद्धाश्रम, अनाथालय, शिक्षा दिने विद्यालयजस्ता असल संस्थाहरू निर्माण गर्ने काममा इसाईहरू सहभागी हुनुपर्दछ र त्यसैगरी परमेश्वर विरोधी झुकाउलाई हटाउँदै साँचो इसाई प्रभावलाई फैलाउने स्वस्थ पुनर्सृजनात्मक क्रियाकलापहरूमा सक्रिय हुनुपर्दछ। तिनीहरूले समस्यामा परेकाहरूलाई परामर्श दिएर तिनीहरूको तोडिएको जीवनलाई निको पार्नुपर्दछ। यसरी मण्डलीको साँस्कृतिक क्रियाकलापहरूले मानिसको सम्पूर्ण पक्षहरूमाथि ध्यान दिन्छ, सृष्टिको सबै भागहरूमा ध्यान दिन्छ र मानवीय सँस्कृतिको हरेक पक्षलाई ध्यान दिन्छ!

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

उत्पत्ति १:२४-२:२५ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| ५ | **प्रार्थना** (८ मिनेट) **अन्तरबिन्ती प्रार्थना**<br>**अरूहरूको लागि प्रार्थना गर्नुहोस्** |
|---|---|

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा उत्पत्ति १:२४-२:२५ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** उत्पत्ति १२:१- १५:२१ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**३. पद कण्ठ गर्नुहोस् -** 'पापको स्वभाव' - रोमी २:२३। आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ २७

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट) | **[परमेश्वरको विशेषता]**<br>**परमेश्वरलाई जान्न सकिन्छ** |
|---|---|---|

परमेश्वर मानिसको हातले बनाएको मूर्ति हुनुहुन्न अथवा उहाँ कुनै दर्शनशास्त्री वा अगमवक्ताको विचारद्वारा रचिएको देवता हुनुहुन्न। बाइबलको परमेश्वर प्रकाशको परमेश्वर हुनुहुन्छ। बाइबलको परमेश्वरलाई जान्न सकिन्छ!

### १. प्रकाशको परमेश्वर

यशैया ४६:१-१३ पढ्नुहोस्। परमेश्वरले पत्थर धातुहरूबाट बनिएका मूर्तिहरूलाई, दर्शनशास्त्रीहरू र अगमवक्ताहरूले रचेका देवताहरूलाई र तिनीहरूलाई पुज्नेहरूलाई तिनीहरूका देवताहरू जीवित छन् भनी प्रमाणित गरेर देखाउन चेताउनी दिनुहुन्छ। ती मूर्तिहरू र देवताहरूले कहिल्यै केही कुराहरू घोषणा गरेको र पछि गएर साँच्चै पूरा भएका छन् भनी देखाउन उहाँले तिनीहरूलाई चुनौति दिनुहुन्छ! मूर्तिहरू, अरू धर्मका देवताहरू र तिनीहरूलाई पुज्नेहरूसँग बताउनको लागि केही छैन! तिनीहरूका मूर्तिहरू अथवा देवताहरूले केही कुरा घोषणा गरेका अनि पछि त्यो साँचो भएको छ भनी देखाउन तिनीहरूसँग कुनै प्रमाण छैन!

साँचो अनि एक मात्र जीवित परमेश्वरले आफूलाई तल लेखिएझैं आफूलाई स्पष्टसँग प्रकट गर्नुहुन्छ ताकि मानिसहरूले उहाँलाई जान्न सकून्।

**बाइबलका परमेश्वरलाई कसैले सृष्टि गरेको होइन।**

सुनारहरूले सुन र चाँदीबाट मूर्तिहरू बनाउँछन् (यशैया ४६:६)। तर परमेश्वरले नै ती सुनारहरूलाई सृष्टि गर्नुभएको हो! दर्शनशास्त्रीहरूका 'देवताहरू' र 'धर्महरू' मानिसहरूका रचना हुन्। तर ती मानिसहरूलाई परमेश्वरले नै सृष्टि गर्नुभयो।

**बाइबलको परमेश्वरलाई कसैसँग तुलना गर्न सकिँदैन।**

मूर्तिहरूलाई तराजूमा राखेर जोख्न सकिन्छ (यशैया ४६:६)। दर्शनशास्त्र र आधुनिक धर्मलाई मानिसको प्राणमा सीमित पारिन्छ अथवा गणितीय इकाइमा झारिन्छ। तर बाइबलमा प्रकट हुनुहुने परमेश्वर अतुलनीय हुनुहुन्छ (यशैया ४६:५)।

**बाइबलको परमेश्वरले मात्र आफूलाई मानव इतिहासमा प्रकट गर्नुभएको छ।**

मूर्तिहरूले कहिल्यै कुनै कुरा प्रकट गरेका छैनन् किनभने वास्तवमा तिनीहरूको अस्तित्व छैन। तिनीहरू मरेका छन्। अरू धर्महरूका देवताहरू बाइबलको परमेश्वर पृथ्वीमा येशू ख्रीष्टद्वारा प्रकट हुनुभएझैं गरी कहिले पनि प्रकट भएका छैनन्। त्यसैले ती धर्महरूका अनुयायीहरूले आफ्ना देवताहरूसँग सम्पर्क गर्न माथि उक्लिनु पर्छ। बौद्ध धर्मालम्बीहरू आठ वटा मार्गहरूद्वारा माथि उक्लन्छन्, हिन्दू धर्मालम्बीहरू योगको ज्ञान, भक्ति, असल कामहरू अथवा तन्त्र-मन्त्रद्वारा आफ्ना देवाताहरूलाई भेट्न माथि उक्लन्छन्। त्यसैगरी यहूदी र अरू धर्मका मानिसहरू धार्मिक व्यवस्था, रीति-रिवाजहरू, परम्पराहरू र धार्मिक कामहरूद्वारा माथि उक्लन कोसिस गर्छन्। तर बाइबलको परमेश्वर मानव इतिहासको सुरुवातदेखि नै स्वयम् पृथ्वीका मानिसहरूसामु प्रकट हुनुभयो किनभने उहाँ साँच्चै अस्तित्वमा हुनुहुन्छ र साँच्चै जिउनुहुन्छ (यशैया ४६:९)! बाइबलको परमेश्वर येशू ख्रीष्टमा मानव स्वभाव धारण गर्नुभएर आफ्नो सृष्टि र मानव इतिहासमा प्रवेश गर्नुभएको छ अनि हामीसँग बस्न र हामीलाई बचाउन पृथ्वीमा ओर्लिआउनुभएको छ (यशैया ९:६-७; यूहन्ना १:१,१४)।

**बाइबलको परमेश्वरले मात्र भविष्यमा हुनआउने कुराहरू घोषणा गर्नुभएको छ।**

मूर्तिहरूले भविष्यमा हुन आउने कुनै कुरा कहिल्यै घोषणा गरेका छैनन्! त्यसैगरी संसारको दर्शनशास्त्रहरूका अरू धर्महरूका देवताहरूले पनि पछि इतिहासमा साँच्चै हुनआउने कुनै घटना घोषणा गरेका छैनन्। तर सृष्टिको सुरुदेखि नै परमेश्वरले पृथ्वीमा भविष्यमा के हुनेछ भन्ने कुराहरू घोषणा गर्नुभएको छ (यशैया ४६:१०)! मुक्तिदाता आएर शैतानलाई नास पार्नुहुनेछ भन्ने घटना येशू ख्रीष्ट आउनुभन्दा हजारौं वर्ष पहिले नै परमेश्वरले सुरुका मानिसहरूलाई (आदम र हव्वालाई)

घोषणा गर्नुभयो (उत्पत्ति ३:१५)! इस्राएलीहरू मिश्रदेशमा निर्वासित हुनुपर्नेछ भन्ने कुरा वास्तविकतामा आउनुभन्दा २०० वर्षभन्दा पहिले नै अब्राहामलाई घोषणा गरिएको थियो (उत्पत्ति १५:१३-१४)। तिनीहरू बेबिलोनको निर्बासन जानुपर्नेछ भन्ने कुरा मोशाले करिब ९४० वर्षपहिले नै घोषणा गरे (व्यवस्था २८:४५-६३)। येशू ख्रीष्ट पृथ्वीमा मानव शरीरमा आउनुहुनेछ भन्ने बारेको ६० भन्दा बढी अगमवाणीहरू उहाँ यहाँ आएर ती कुराहरूलाई पूरा गर्नुभन्दा २००० देखि ५०० वर्ष पहिले नै भविष्यवाणी भइसकेका थिए!

**बाइबलको परमेश्वरले मात्र आफ्ना मानिसहरूलाई बोक्नुहुन्छ।**
मूर्तिहरूलाई पुज्नेहरूले आफ्ना काँधमा बोकेर नलेगेसम्म ती मूर्तिहरू आफै एक ठाउँबाट अर्को ठाउँमा सर्न पनि सक्दैनन् (यशैया ४६:७)। तर परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरूका जन्मदेखि नै बोक्नुहुन्छ (यशैया ४६:३-४ख; व्यवस्था १:३१)!

**बाइबलका परमेश्वरले मात्र प्रार्थनाहरू सुन्नुहुन्छ।**
मूर्तिपुजकहरूले गरेको पुकाराको उत्तर ती मूर्तिहरूले कहिले पनि दिँदैन (यशैया ४६:७ख)! अरू धर्मका देवताहरूले मानिसहरूको प्रार्थना सुन्न सक्दैनन्। तिनीहरूले आफ्ना देवताहरूलाई बोलाउँन्, तर ती देवताहरूले कहिले पनि तिनीहरूसँग बोल्दैनन्! त्यसको विपरीत, बाइबलको परमेश्वरले सधैँ आफ्ना जनहरूको प्रार्थना सुन्नुहुन्छ (यशैया ६५:२४) र तिनीहरूसँग व्यक्तिगतरूपमा बोल्नुहुन्छ!

**बाइबलको परमेश्वरले मात्र बचाउनुहुन्छ।**
मूर्तिहरूले कसैलाई छुटकारा दिन सक्दैनन् (यशैया ४६:७ग)। तिनीहरूलाई बोक्ने पशुहरूबाट पनि तिनीहरूले छुटकारा पाउन सक्दैनन् (यशैया ४६:१-२)। तर बाइबलको परमेश्वरले आफ्ना जनहरूलाई बन्धनबाट छुटकारा दिनुहुन्छ (यशैया ४६:४ग), र तिनीहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुन्छ (यशैया ४३:२५)!

इतिहासभरि हेर्ने हो भने केही मानिसहरूले सुन, चाँदी र काठबाट विभिन्न मूर्तिहरू बनाएका छन्। अरू मानिसहरूले चाहिँ आफ्ना दिमागमा देवताहरूलाई रचेका छन्। तिनीहरूले मानिसको बुझाइ र समझअनुसार देवता कस्तो हुनुपर्छ भनी सोचेका छन्; जस्तै: यहूदीहरूले आफ्ना देवताको स्वभावलाई गणितीय इकाइद्वारा व्याख्या गर्न सकिन्छ भनी विचार गरेका छन्। यहूदी व्यवस्थाहरू पालना गरे मात्र तिनीहरूका देवताले मानिसहरूलाई बचाउनु हुन्छ (धर्मी ठहऱ्याउनुहुन्छ) भनी तिनीहरूले विश्वास गर्दछन्। फरिसीहरूले तिनीहरूका व्यवस्थामा अरू ६१३ वटा मानव-निर्मित व्यवस्थाहरू थपेका छन्, जसमध्ये २४८ वटा आज्ञाहरू हुन् भने ३६५ वटा चाहिँ निषेधाज्ञाहरू छन्। इस्राएल राष्ट्रका मानिसहरू मात्र परमेश्वरका जनहरू हुन् भनी यहूदीहरूले बुझेका छन् र सोही कुराको घोषणा गर्छन्। यसरी यहूदीहरूका ईश्वर एउटा विशेष जाति, विशेष राष्ट्र र विशेष धर्मका देवता भएको छ!

तर ईश्वरको बारेमा तिनीहरूको दृष्टिकोण बाइबलमा प्रकट हुनुहुने जीवित परमेश्वरको जस्तो छैन! ईश्वरको बारेमा तिनीहरूको दृष्टिकोण मानिसले बनाएको धर्मको विचारधारा मात्र हो! तिनीहरूको बारेमा बाइबलको परमेश्वर यसो भन्नुहुन्छ, "यी मानिसहरू मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन्, तर तिनीहरूको हृदय भने मदेखि टाढा छ। मप्रतिको तिनीहरूको आराधना केवल मानिसहरूले सिकाएका विधिहरू हुन्" (यशैया २९:१३; मर्कूस ७:६-७)। बाइबलको परमेश्वर अतुलनीय हनुहुन्छ भनी यशैयाले तिनीहरूलाई घोषणा गर्छन् (यैशया ४६:५)। "अघि-अघिका पुराना कुराहरूलाई सम्झ। म परमेश्वर हुँ, र अरू कोही छैनँ। म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन। आदिदेखि अन्तसम्मको, र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु। म भन्छु: मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु। पूर्वबाट म शिकारी पन्क्षी बोलाउँछु, र टाढा देशबाट मेरो अभिप्राय पूरा गर्न म एक जना मानिसलाई बोलाउँछु। मैले जे भनेको छु, त्यो म गर्नेछु। मैले जे योजना बनाएको छु, म त्यो गर्ने नै छु (यशैया ४६:९-११)!

## २. प्रकाशको मध्यस्थकर्ता
मत्ती ११:२५-२७ पढ्नुहोस्। बाइबलको परमेश्वरको साँचो ज्ञान प्रभु येशू ख्रीष्टद्वारा मात्र आउँछ। अनि जसलाई येशू ख्रीष्टले यो ज्ञान प्रकट गर्न चाहनुहुन्छ, उहाँले तिनीहरूलाई सो दिनुहुन्छ। परमेश्वर र मानिसहरूबीचको मध्यस्थकर्ता येशू ख्रीष्ट हुनुहुन्छ (१ पत्रुस १:१०-१२)। जजसले येशू ख्रीष्टलाई जान्दछन्, तिनीहरूले पिता परमेश्वरलाई पनि जान्दछन् (यूहन्ना ८:१९)।

**आराधना गर्नुहोस्।**
**समहको अगुवा -** परमेश्वर असिमित हुनुहुन्छ भन्ने उहाँको विशेषताको नम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जना भएको सानो समूहमा रहेर आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय]<br>उत्पत्ति १२:१-१५:२१ |
|---|---|

तोकिएको बाइबल खण्ड (उत्तपत्ति १२:१-१५:२१) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट) [सुसमाचार]<br>सुसमाचारको अवधारणा - भाग २ |
|---|---|

**परिचय**
मानिसहरूलाई सुसमाचार सुनाउने बेलामा हामीले प्रयोग गर्ने शब्दहरूका अर्थलाई राम्रोसँग व्याख्या गर्न सक्नुपर्छ। यी शब्दहरूका अवधारणाहरू बुझ्न मानिसहरूलाई सहायता गर्नुहोस्; जस्तै: 'पाप', 'मृत्यु' र 'न्याय' (निर्देशिका १, पाठ २ हेर्नुहोस्)। त्यसैगरी 'किन येशू ख्रीष्ट मात्र परमेश्वर पिताकहाँ पुग्ने बाटो हुनुहुन्छ' र 'येशू ख्रीष्टमा विश्वास गर्नु भनेको के हो' - यस्ता कुराहरूको अर्थ पनि खोलिदिनु पर्छ, जसको बारेमा यस पाठमा चर्चा गरिनेछ।

## क. येशू ख्रीष्ट संसारको एक मात्र मुक्तिदाता हुनुभएकोले, उहाँको महत्व

सुसमाचारको सन्देशले यसो भन्दछ, "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२)।

**सिकाउनुहोस्।**
किन येशू ख्रीष्ट संसारको एकमात्र मुक्तिदाता हुनुहुन्छ? किन अरू मुक्तिदाता भनाउँदाहरूले मानिसहरूलाई बचाउँदैनन्? येशू ख्रीष्ट के कुराले मुक्तिदाता हुन योग्य ठहरिनुभयो भन्ने कुरामा ध्यान दिनुहोस्।

### १. येशू ख्रीष्टले अद्वितीय दाबीहरू गर्नुभयो।
यूहन्ना ५:१६-३० पढ्नुहोस्। येशू ख्रीष्ट परमेश्वर पिताको बराबरी हुनुहुन्छ (यूहन्ना ५:१८; १०:३०)। उहाँसँग परमेश्वर पिताको ईश्वरीय जीवन छ (यूहन्ना ५:२६)। उहाँले परमेश्वर पिताले गर्नुहुने काम गर्नुहुन्छ (यूहन्ना ५:१९)। उहाँले आत्मिकरूपमा मरेकाहरूलाई उठाउनुहुन्छ र अनन्त जीवन दिनुहुन्छ (यूहन्ना ५:२१,२४-२५)। त्यसको साथै उहाँले शारीरिकरूपमा मरेकाहरूलाई पनि उठाउनुहुन्छ र अन्तिम न्यायको दिनमा न्याय गर्नुहुन्छ (यूहन्ना ५:२१-२२,२८-२९)।

यूहन्ना १०:३६-३८ पढ्नुहोस्। येशू ख्रीष्ट 'म परमेश्वर हुँ' भनी दाबी गर्ने मानिस मात्र हुनुहुन्न (यूहन्ना १०:३३), तर उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ; जसको मतलब परमेश्वरले मानव स्वभाव धारण गर्नुभएर स्वयम् आफूलाई प्रकट गर्न र मानिसजातिलाई बचाउन सृष्टि र मानव इतिहासमा प्रवेश गर्नुभयो (यूहन्ना १०:३६)। परमेश्वर पिता परमेश्वर पुत्रमा हुनुहुन्छ; त्यसैगरी परमेश्वर पुत्र परमेश्वर पितामा हुनुहुन्छ (यूहन्ना १०:३८)। अनि जे परमेश्वर पिताले गर्नुहुन्छ; सो परमेश्वर पुत्रले गर्नुहुन्छ (यूहन्ना १०:३७)।

यूहन्ना १४:६-१० पढ्नुहोस्। परमेश्वर पुत्र परमेश्वर पिताकहाँ पुग्ने एकमात्र बाटो हुनुहुन्छ (१४:६)। परमेश्वर पुत्रले परमेश्वर पितालाई प्रकट गर्नुहुन्छ (१४:७,९)। येशूले 'म पितामा छु र पिता ममा हुनुहुन्छ' भन्नुहुँदा (१४:१०), उहाँले आत्मिक एकताको मात्र कुरा गर्नुभएको होइन तर उहाँहरूको तत्वशास्त्रीय अस्तित्वको एकता छ भनी भन्नुभएको हो - परमेश्वर पुत्र र परमेश्वर पितासँग समान ईश्वरीय स्वभाव छ! त्यसैकारणले गर्दा येशू ख्रीष्टले यसो भन्नुहुन्छ: जब तिमीहरूले येशूलाई देख्छौ, तब परमेश्वरलाई देख्छौ, र जब तिमीहरूले येशूलाई जान्दछौ, तब परमेश्वरलाई जान्दछौ।

मत्ती १०:४० र लूका १०:१६ पढ्नुहोस्। यहाँ येशू ख्रीष्टले भन्नुहुन्छ, कि जसले येशूलाई ग्रहण गर्छ, त्यसले परमेश्वरलाई ग्रहण गर्छ अनि जसले येशूलाई इन्कार गर्छ, त्यसले परमेश्वरलाई इन्कार गर्छ!

येशू ख्रीष्टका यी दाबीहरू वैध र जायज छन् किनभने ती अगमवाणीहरू पूरा भइसकेका छन्।

यशैया ७:१४; ५३:५ पढ्नुहोस्। येशू ख्रीष्ट यस पृथ्वीमा आउनुभन्दा करिब ७०० वर्ष पहिले उक्त मुक्तिदातालाई 'परमेश्वर हामीसँग' भनिनेछ र 'हामीलाई बचाउन उहाँ हाम्रा पापहरूका लागि छेडियो' भनी परमेश्वरले अगमवाणी गर्नुभयो। मुक्तिदाताको आगमनसम्बन्धी पुरानो करारमा उल्लेखित ६० वटा भविष्यवाणीहरू येशू ख्रीष्टमा पूरा भए। ती भविष्यवाणीहरूमध्ये ३० वटा येशूको जीवनको एकै दिनमा पूरा भए! ती घटनाहरूलाई संयोग हुन् भन्न असम्भव छ! मुक्तिदाता आउनुहुनेछ भनी स्वयम् परमेश्वरले नै भविष्यवाणी गर्नुभयो। र येशू ख्रीष्टले ती सबै भविष्यवाणीहरूलाई पूरा गर्नुभयो। त्यसकारण, उहाँका दाबीहरू सत्य छन् (निर्देशिका ३, परिशिष्ठ ४ मा उल्लेखित येशू ख्रीष्टको बारेमा भएका अगमवाणीहरू हेर्नुहोस्)।

## २. प्रेरितहरूले येशू ख्रीष्टको बारेमा अद्वितीय घोषणाहरू गरे।

प्रेरित ४:१२ पढ्नुहोस्। मानिसहरूलाई बचाउनको निम्ति परमेश्वरले एकमात्र नाउँ दिनुभएको छ भनी प्रेरितहरूले घोषणा गरे। र त्यो नाउँ 'येशू ख्रीष्ट' हो! येशू ख्रीष्ट मुक्तिको बाटो देखाउने अगमवक्ता मात्र हुनुहुन्न, तर उहाँ त मुक्तिको निम्ति एकमात्र बाटो हुनुहुन्छ!

## ३. येशू र प्रेरितहरूले गरेका घोषणाहरू किन पूर्णरूपमा जायज छन्?

ती घोषणाहरू जायज छन् किनभने येशू ख्रीष्ट मात्र परमेश्वर र मानिसबीच मध्यस्थकर्ता हुनुहुन्छ।

यूहन्ना १:१-४,११-१२; १ तिमोथी २:५ पढ्नुहोस्। ब्रह्माण्डको सृष्टिभन्दा पहिले नै परमेश्वरले स्वयम् आफूले सृष्टि गर्नुभएको समय र स्थानमा प्रवेश गर्ने र येशू ख्रीष्टमा मानिस हुने निर्णय गरिसक्नुभएको थियो (१ पत्रुस १:२०)। अनि ब्रह्माण्डको सृष्टिभन्दा पहिले नै येशू ख्रीष्टद्वारा हामीलाई पवित्र र दोषरहित मानिसहरू बनाउन परमेश्वरले हामीलाई पहिल्यै चुनिसक्नुभएको थियो (एफिसी १:४)। स्वयम् परमेश्वर मानव इतिहासमा प्रवेश गर्नुभयो र मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउन पृथ्वीको मानवजातिको भाग्य निर्धारण गर्नुभयो। त्यही कारणले येशूले भन्नुभयो, "ममा रहेर पिताले काम गर्नुहुन्छ (यूहन्ना १४:१०)।

येशू ख्रीष्ट परमेश्वर र मानिसबीच एकमात्र मध्यस्थकर्ता हुनुहुन्छ। 'मध्यस्थकर्ता' भन्ने शब्दको अर्थ परमेश्वर र मानिसबीच खडा हुने व्यक्ति हो। त्यही व्यक्तिद्वारा अदृश्य परमेश्वरले दृश्य संसारमा काम गर्नुहुन्छ। येशू ख्रीष्ट सृष्टिको मध्यस्थकर्ता हुनुहुन्छ, किनभने परमेश्वरले हरेक थोक केवल येशू ख्रीष्टद्वारा सृष्टि गर्नुभयो (यूहन्ना १:३)। उहाँ परमेश्वरको प्रकाशको मध्यस्थकर्ता हुनुहुन्छ, किनभने येशू ख्रीष्टद्वारा मात्र उहाँले आफूलाई पूर्णरूपमा मानिसकहाँ प्रकट गर्नुभयो (यूहन्ना १:४)। त्यसैगरी उहाँ मुक्तिको पनि मध्यस्थकर्ता हुनुहुन्छ, किनभने येशू ख्रीष्टद्वारा मात्र परमेश्वरले आत्मिक सन्तानहरूलाई स्वीकार गर्नुहुन्छ (यूहन्ना १:१२)। मध्यस्थकर्ता हुनुभएकोले गर्दा, येशू ख्रीष्टले मानिससँग परमेश्वरको प्रतिनिधित्व गर्नुहुन्छ (मत्ती १:२३; कलस्सी १:१५) अनि परमेश्वरसँग मानिसको प्रतिनिधित्व गर्नुहुन्छ (१ यूहन्ना २:१-२)।
ती घोषणाहरू जायज छन् किनभने येशू ख्रीष्ट मात्र संसारको मुक्तिदाता हुन योग्य हुनुहुन्छ।
येशू ख्रीष्ट मात्र परमेश्वर र मानिसबीच मध्यस्थकर्ता हुनुहुन्छ र उहाँ मात्र संसारको मुक्तिदाता हुनुहुन्छ, किनभने उहाँ निम्नलिखित तीन किसिमले अद्वितीय हुनुहुन्छ:

(१) येशू ख्रीष्टले परमेश्वरलाई पूर्णरूपमा प्रकट गर्नुहुन्छ।
उहाँ मानिसको लागि परमेश्वरको सिद्ध प्रकटीकरण हुनुहुन्छ।
हिब्रू १:३; यूहन्ना १:१,१४,१८; फिलिप्पी २:६-८; कलस्सी १:१५; २:९ पढ्नुहोस्।
यो संसारको सम्पूर्ण इतिहासमा कुनै अर्को व्यक्ति अथवा धार्मिक अगुवाले आफू अदृश्य परमेश्वरको दृश्य प्रकटीकरण हुँ भनी घोषणा गरेको छैन! इतिहासमा कुनै अर्को व्यक्ति मानिसको स्वरूप धारण गर्ने ईश्वर छैन; जसको मतलब कुनै अर्को ईश्वर इतिहासमा मानिसको स्वभाव धारण गरेर मानिसहरूसँग बसेको छैन। येशू ख्रीष्ट परमेश्वरको महिमाको चमक हुनुहुन्छ, जसको अर्थ पवित्रता र प्रेमजस्ता परमेश्वरको ईश्वरीय विशेषताहरूको दृश्य प्रकटीकरण हो। येशू ख्रीष्टले परमेश्वरको दुरुस्तै प्रतिनिधित्व गर्नुहुन्छ, जसको अर्थ उहाँ परमेश्वरको वास्तविकता अथवा महत्वपूर्ण स्वभावको दुरुस्त प्रकटीकरण हुनुहुन्छ। तसर्थ, येशू ख्रीष्ट अदृश्य परमेश्वरको दृश्य चित्र हुनुहुन्छ।

(२) येशू ख्रीष्ट मात्र सदासर्वदा पापरहित र सिद्ध हुनुहुन्छ।
उहाँ मानिसको पापहरूको प्रायश्चितको निम्ति सिद्ध बलिदान हुनुहुन्छ।
हिब्रू ४:१५; ७:२६-२८ पढ्नुहोस्।
मानिसको पापहरूको प्रायश्चितको निम्ति सिद्ध बलिदान हुने व्यक्ति यी चार वटा क्षेत्रहरूमा योग्य हुनैपर्छ:
- ऊ मानिसजाति हुनै पर्छ (यूहन्ना १:१,१४)। पशु बलि योग्य हुन सक्दैन (हिब्रू ९:१३-१४; १०:१-४)।
- ऊ पापरहित प्राणी हुनैपर्छ (हिब्रू ४:१५; ७:२६-२८)। पापी बलिदानको योग्य हुन सक्दैन।
- ऊ बलिदान हुन इच्छुक हुनैपर्छ (यूहन्ना १०:१७-१८)। अनइच्छुक व्यक्ति योग्य हुन सक्दैन।
- उसलाई परमेश्वरले चुनेको हुनैपर्छ (१ पत्रुस १:१९-२०)। आफै नियुक्त भएको अगमवक्ता अथवा मुक्तिदाता योग्य हुँदैन। यो संसारको सम्पूर्ण इतिहासमा कुनै अर्को व्यक्ति अथवा धार्मिक अगुवाले आफू पापरहित छु, मर्नको निम्ति इच्छुक छु, र मलाई परमेश्वरले चुन्नुभएको छ भनी दाबी गरेको छैन। त्यसकारण, पापीहरूका निम्ति मर्न कोही पनि योग्य ठहरिँदैन। हरेक व्यक्ति पापी छ, मर्नको निम्ति इच्छुक छैन र परमेश्वरद्वारा चुनिएको छैन। येशू ख्रीष्ट मात्र पापरहित, पापीको निम्ति मर्न इच्छुक र परमेश्वरले चुन्नुभएको व्यक्ति हुनुहुन्छ। तसर्थ, यशू मात्र सिद्ध बलिदानको निम्ति योग्य व्यक्ति हुनुहुन्छ, जसले हाम्रा पापहरूकको दण्ड तिरिदिनुभयो।

(३) येशू ख्रीष्ट मात्र मृत्युबाट पुनरुत्थान हुनुभई अनन्तसम्म जिउनुहुन्छ।
विश्वासीहरूको निम्ति प्रार्थना गरिदिने र वास्ता गरिदिने सिद्ध प्रधान पूजाहारी उहाँ नै हुनुहुन्छ।
हिब्रू ७:२३-२५ पढ्नुहोस्।
यो संसारको सम्पूर्ण इतिहासमा अर्को कुनै व्यक्ति अथवा धार्मिक अगुवाले आफू मृत्युबाट बौरी उठेको छु भनी दाबी गरेको छैन! ती धार्मिक अगुवाहरू र अगमवक्ताहरू अझै तिनीहरूका चिहानमा छन्। तिनीहरू मरेका छन् र तिनीहरूले कसैलाई बचाउन र वास्ता गर्न सक्दैनन्।
जेजस्तो भए तापनि परमेश्वरले येशू ख्रीष्टलाई मरेकाहरूबाट बौराउनुभएर उहाँ संसारको मुक्तिदाता हुनुहुन्छ भनी देखाउनुहुन्छ। उहाँको पुनरुत्थानपछि सयौँ मानिसहरूले त्यसको गवाही दिए र चालीस दिनसम्म उहाँ आफूले छान्नुभएको चेलाहरूसँग रहेर तिनीहरूलाई शिक्षा दिनुभयो। उहाँ स्वर्गमा उचालिनुभयो र परमेश्वर पिताको दाहिने हातपट्टि विराजमान हुनुहुन्छ। त्यहीँबाट उहाँले अनुग्रहको सुसमाचार प्रचारद्वारा पृथ्वीको लाखौँ-करोडौँ मानिसहरूको हृदयमा वास गर्नुभई आफ्नो राज्य स्थापित गर्नुहुन्छ।
तैपनि, उहाँ फर्की नआउञ्जेलसम्म मात्र मानिसहरूलाई बचाउन अनुग्रह उपलब्ध गराउनुभएको छ (हितोपदेश २७:१; २ कोरिन्थी ६:२)। येशू ख्रीष्ट पृथ्वीमा दोस्रोपटक आउनुहुँदा मानिसहरूलाई पापबाट बचाउन होइन, तर तिनीहरूको न्याय गर्न आउनुहुनेछ। त्यसपछि पश्चाताप गर्न र विश्वास गर्न कुनै मौका हुनेछैन। त्यसकारण, जब तपाईंले सुसमाचार सुन्नुहुन्छ, पश्चाताप गरेर तुरुन्तै येशूमा विश्वास गर्नुहोस्!

## ख. बाइबलमा उल्लेखित विश्वासको अर्थ

सुसमाचारको सन्देशले यसो भन्दछ, "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)।

### १. विश्वास के हो?

**इसाई विश्वास वास्तविक तथ्यहरूमा आधारित छ!**

इसाई विश्वास भनेको अँध्यारोमा हामफाल्नु होइन। तर्क अन्त भएपछि मात्र विश्वासको सुरु हुँदैन। इसाई विश्वास इतिहासको कुनै विन्दुमा एउटा सँस्कृतिको कुनै एक अगमवक्ताको प्रकाशमा आधारित छैन, तर यो त संसारको तीन फरक सँस्कृतिहरूमा दुई हजार वर्षभन्दा लामो समयलाई समेटेर ४० भन्दा बढी अगमवक्ताहरूले प्रकट गरेको सत्यता हो! बाइबलको विश्वास वास्तविक तथ्यहरूमा आधारित छ! विश्वास भनेको पूर्णरूपमा निश्चित हुनु अथवा ती तथ्यहरू साँचो हुन् भनी पक्का गर्नु हो। विश्वास भनेको ती सत्यताहरूको बारेमा व्यक्तिगत तवरमा विश्वस्त हुनु र ती सत्यताहरू प्रकट गर्नुहुने परमेश्वरसँग व्यक्तिगत सम्बन्ध स्थापित गर्नु हो।

**इसाई विश्वाससँग अरू ऐतिहासिक अथवा धार्मिक घटनाहरूभन्दा बढी गवाहीहरू छ!**

बाइबल परमेश्वरले बोल्नुभएका तथ्यहरू र मानव इतिहासमा उहाँले गर्नुभएका कामहरूले भरिपूर्ण छ। बाइबलमा उल्लेखित घटनाहरू आँखाले देख्ने र कानले सुन्ने गवाहीहरू थुप्रै छन्। त्यसको साथै बाइबलको मूल पाण्डुलिपिहरू पनि अझै अस्तित्वमा छन्। सबैभन्दा बढी भाषाहरूमा अनुवाद भएको पुस्तक पनि बाइबल नै हो। अरू ऐतिहासिक पुस्तकहरूभन्दा बाइबलसँग पुरातात्विक प्रमाणहरू र वैज्ञानिक सत्यताहरू बढी छ र यसलाई इतिहासको पुस्तकको रूपमा स्वीकारिएको छ! यसबारे केही उदाहरणहरू यस्ता छन्:

- मृत सागरको कुमरान भन्ने स्थानमा भेट्टाइएको सबैभन्दा पुरानो यशैयाको पुस्तकको पूर्ण हिब्रू पाण्डुलिपि इ.पू. १२५ को थियो (त्यो पाण्डुलिपि पुस्तक लेखिएको मितिको ५६० वर्ष पछिको हो)।
- मर्कूसको सुसमाचारको ग्रीक अंश (मर्कूस ६:५२-५३) इ.सं. ५० को हो भनी पत्ता लगाइएको छ (लेखिएको मितिभन्दा ४ वर्ष पछि)।
- यूहन्नाको सुसमाचारको ग्रीक अंश (यूहन्ना १८:३१-३४,३७-३८) इ.सं. १३० को हो भनी पत्ता लागेको छ (त्यो लेखिएको ३३ वर्ष पछि)।
- ग्रीक भाषाको नयाँ करारको प्राय: अंश The Chester Beatty Papyri इ.सं. २००-२५० को हो भनी पत्ता लागेको छ (नयाँ करार पूर्ण भएको १५० वर्ष पछि)।
- The Codex Vaticanus, जसमा ग्रीकमा नयाँ करारको प्राय: पूर्ण भाग इ.सं. ३२५-३५० को हो भनी पत्ता लागेको छ (नयाँ करार पूर्ण भएको २५० वर्ष पछि)।
- The Codex Sinaiticus, जसमा ग्रीकमा नयाँ करारको प्राय: पूर्ण भाग र पुरानो करारको आधा भाग इ.सं. ३५० तिरको हो भनी पत्ता लागेको छ (नयाँ करार पूरा भएको २५० वर्षपछिको पाण्डुलिपि)।
- The Codex Alexandrius, जसमा ग्रीक सम्पूर्ण बाइबल समेटिएको छ, सो इ.सं. ४०० तिरको हो भनी पत्ता लागेको छ (नयाँ करार पूरा भएको ३०० वर्षपछिको पाण्डुलिपि)।
- ग्रीक नयाँ करारको अरू पाँच हजार पाण्डुलिपिहरू दशौँ र पन्ध्रौँ शताब्दीबीचको हुन् भनी पत्ता लागेको छ।
- ल्याटिन, सिरियन, इजिप्सियन, गोथिक, आर्मेनियन, इथिपिएन, गर्गियन र अरबिक भाषामा अनुवाद गरिएको नयाँ करारका हजारौँ पाण्डुलिपिहरू दोस्रो र चौथो शताब्दीबीचको हुन् भनी पत्ता लागेको छ (तिनीहरू नयाँ करार पूरा भएको करिब ३०० वर्ष पछिका हुन्)।

महत्वपूर्ण ऐतिहासिक प्रमाण यो हो, कि बाइबलको कुनै पाण्डुलिप कहिल्यै परिवर्तन गरिएको छैन! बाइबलमा त्रुटि छ र यसमा मिथ्या कुराहरू छन् भनी कुनै धर्मका मानिसले दोष लगाउँछ भने त्यो निराधार र पूर्णरूपमा झूटो हो!

यस्ता प्रमाणहरूलाई कसैले वेवास्ता गर्छ भने त्यो व्यक्ति बुद्धिमान् हुनै सक्दैन। इसाई सन्देश नै सम्पूर्ण मानव इतिहासमा सबैभन्दा महत्वपूर्ण सन्देश हो! त्यसकारणले गर्दा मानिसहरूले इसाई सन्देशलाई ध्यान दिनु पर्दछ।

## २. येशू ख्रीष्टमा गरिने विश्वासलाई कसले सम्भव तुल्याउँछ?

मानिसको विश्वासको सम्बन्धमा परमेश्वरको भाग के हो? बाइबलमा विश्वासलाई मानिसजातिप्रति परमेश्वरको प्रकाश र अनुग्रहलाई अलग गर्नै सकिँदैन। परमेश्वरप्रति मानिसको भरोस र आज्ञाकारितासहितको प्रतिक्रियाप्रति परमेश्वरले नै पहल गर्नुहुन्छ। परमेश्वरको प्रकाश र अनुग्रहबिना विश्वास असम्भव छ। मानिसको आज्ञाकारिताबिना विश्वास अपूर्ण हुन्छ। यसमा आफ्नो प्रकाश र अनुग्रहद्वारा परमेश्वर सधैँ प्रथम हुनुहुन्छ। मानिसचाहिँ आफ्नो विश्वास (भरोसा) र आज्ञाकारिता (असल कामहरू) द्वारा प्रतिक्रिया जनाउन सधैँ दोस्रो हुन्छ।

**परमेश्वरको प्रकाश - ताकि के कुरामा विश्वास गर्ने भनी तपाईंले जान्नुहुन्छ।**

रोमी १०:१४-१७; हिब्रू ११:६-८ पढ्नुहोस्। तपाईंलाई सुसमाचार प्रचार गर्नको निम्ति कुनै व्यक्तिलाई पठाउने काममा परमेश्वरले सधैँ पहल गर्नुहुन्छ (रोमी १०:१४-१७)। नोआ र अब्राहामले आफ्नो विश्वास र आज्ञाकारिताद्वारा (कामद्वारा) परमेश्वरप्रति प्रतिक्रिया जनाउनुभन्दा पहिले स्वयम् परमेश्वरले आफूलाई र आफ्नो इच्छालाई तिनीहरूसामु प्रकट गर्नुभयो (हिब्रू ११:६-८)।

**परमेश्वरको अनुग्रह - ताकि तपाईं विश्वास गर्न सक्षम हुनुहुन्छ।**

यूहन्ना ६:४४,३७; फिलिप्पी १:२९; यूहन्ना १६:८; प्रेरित १३:४८ पढ्नुहोस्। मानिसहरूलाई ख्रीष्टतिर तानेर (यूहन्ना ६:४४) र पवित्र आत्माद्वारा तिनीहरूका समक्ष र हृदयमा काम गर्नुभएर परमेश्वरले सधैँ पहल गर्नुहुन्छ: पापको स्वीकार गराएर र दोषी ठहऱ्याएर, मुक्ति दिएर अनि न्याय गरेर (यूहन्ना १६:८-१०)। त्यही कारणले गर्दा, जजसले विश्वास गर्छन्, तिनीहरूले विश्वासको अभ्यास गर्नु भनेको परमेश्वरको अनुग्रहको उपहार हो भनी बुझ्दछन् र स्वीकार गर्दछन् (एफिसी २:८-९; फिलिप्पी १:२९; प्रेरित १३:४८; १६:१४; १८:२७)।

**विश्वासप्रति मानिसको प्रतिक्रिया - मानिसको पहल होइन।**

एफिसी २:८१०; याकूब २:२२ पढ्नुहोस्। परमेश्वरको प्रकाशमा विश्वास गरेर अनि उहाँको अनुग्रही उपहारलाई प्राप्त गरेर नै परमेश्वरको पहलप्रति मानिसले प्रतिक्रिया जनाउँछ। विश्वास भनेको यस्तो खाली हात हो, जसले परमेश्वरको मुक्तिको उपहारलाई ग्रहण गर्दछ। विश्वासलाई रूखको बोटले प्रतिनिधित्व गर्छ भने परमेश्वरको अनुग्रहलाई त्यसको जराले र असल कामहरूलाई त्यसको फलले प्रतिनिधित्व गर्दछ (एफिसी २:८-१०)।

मानिसको प्रतिक्रियाको सम्बन्धमा येशू ख्रीष्टले भन्नुहुन्छ, "साँघुरो ढोकाबाट पस्ने प्रयत्न गर, किनभने त्यहाँबाट प्रवेश गर्न खोज्ने धेरै मानिसहरू सक्षम हुनेछैनन्" (लूका १३:२४; मत्ती ७:१३-१४)। येशूले यसो पनि भन्नुभयो, "बप्तिस्मा दिने यूहन्नाको समयदेखि अहिलेसम्म स्वर्गको राज्य जोडले अगि बढ्रिहेको छ, अनि शक्तिशाली मानिसहरू बलजफतीसँग यसलाई पक्रन्छन्" (मत्ती ११:१२)। विश्वासप्रति प्रतिक्रिया जनाउन मानिसलाई साहस, प्रयत्न र येशू ख्रीष्टले प्रदान गर्नुहुने कुराहरू पक्रन आवश्यक छ।

## ३. व्यवहारिकरूपमा तपाईं कसरी येशू ख्रीष्टमा विश्वास गर्नुहुन्छ?

यूहन्ना १:१२; प्रकाश ३:२०; रोमी १०:९,१०,१३,१७ पढ्नुहोस्।

विश्वास भनेको परमेश्वरको पहलप्रति मानवीय प्रतिक्रिया हो भन्ने तीन तत्वहरू:

**ज्ञान**

मानिसले आफ्नो कानद्वारा येशू ख्रीष्टको सुसमाचार सुन्नु पर्दछ। सुसमाचारको सत्यतालाई नसुनीकन विश्वास गर्न असम्भव छ। त्यसो भयो भने के कुरामा विश्वास गर्ने भनी उसले जान्न सक्दैन।

**भरोसा (विश्वास)**

कुनै व्यक्तिले आफ्नो हृदयद्वारा उक्त सन्देश अरू मानिसहरूको लागि मात्र होइन तर आफ्नो निम्ति पनि साँचो हो भनी विश्वास गर्नु पर्दछ। उसले व्यक्तिगतरूपमा उक्त सत्यतालाई आफ्नो दिमाग र हृदयमा मञ्जुरी नगरेसम्म, सुसमाचारको सन्देश केवल ज्ञानमा सीमित रहन्छ, र त्यसले उसलाई असर अथवा परिवर्तन गर्दैन।

**स्वीकार**

मानिसले आफ्नो मुखद्वारा प्रार्थना गरेर आफूलाई बचाउनको निम्ति प्रभु येशू ख्रीष्टलाई पुकारा गर्नुपर्दछ। आफ्नो प्रार्थनामा उसले येशू ख्रीष्टलाई 'प्रभु' भनी स्वीकार गर्नुपर्दछ (आफ्नो मात्र प्रभु होइन, तर सारा ब्रह्माण्डको प्रभु भनी स्वीकार गर्नुपर्दछ)। उसले आफ्नो हृदय र जीवनमा येशू ख्रीष्टलाई (उहाँको आत्मालाई) ग्रहण गर्नुपर्दछ। सुसमाचारप्रति व्यक्तिगत प्रतिक्रिया नजनाएसम्म अर्थात् आफ्नो हृदय र जीवनमा मुक्तिको उपहार प्राप्त नगरेसम्म ऊ बचाइन सक्दैन (रोमी ५:१७ सँग तुलना गर्नुहोस्)।

## ४. यदि येशू ख्रीष्टमा विश्वास गर्न गाह्रो भयो भने तपाईंले के गर्नुपर्दछ?

तपाईंलाई विश्वास गर्न गाह्रो भयो भने तपाईंले येशूलाई पछ्याउन सुरु गर्नुपर्दछ।

यूहन्ना १:३७-३९,४३-५०; मत्ती ९:९ पढ्नुहोस्।

**आज्ञाकारिताले विश्वासतिर डोऱ्याउँछ।**

येशूले मानिसहरूलाई चेलापनको निम्ति बोलाउनुहुँदा, तिनीहरूलाई भन्नुभयो, "आएर हेर!"; "मेरो पछि लाग!" यूहन्ना र अन्द्रियास येशूको बोलावटप्रति आज्ञाकारी भए र तिनीहरू येशूसँगै गएर उहाँ बस्नुहुने ठाउँमा उहाँसँग दिन बिताए। त्यसपछि, तिनीहरूले उहाँलाई पछ्याउन कहिल्यै छोडेनन्! फिलिप पनि येशूको बोलावटमा आज्ञाकारी भए र ऊ तीन जना चेलाहरूसँगै (यूहन्ना, आन्द्रियास र पत्रुससँग) सानो समूहमा रहन थाले। आफ्नो पालो आएपछि फिलिपले नथानेललाई 'आएर हेर!' भनी निमन्त्रणा दिए। नथानेलले उक्त बोलावटलाई (निमन्त्रणालाई) स्वीकार गरेर येशूकहाँ आए। तिनले विश्वास गरेर यसो भने, "गुरु, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ; तपाईं इस्राएलको राजा हुनुहुन्छ!" त्यसैगरी मत्ती येशूको बोलावटप्रति आज्ञाकारी भए अनि आफूले गर्ने दिनहुँको काम छोडेर येशूको पछि लागे।

नथानेलको सन्दर्भमा भन्ने हो भने, हामीले प्राय: अरूहरूमा अपेक्षा गरेझैँ चेलापनको बोलावटले तुरुन्तै उसमा विश्वास उत्पन्न भएन। अरू चेलाहरूले सुने, विश्वास गरे अनि त्यसपछि आज्ञाकारी भए तर नथानेलले चाहिँ पहिले सुने, आजाकारी भए र त्यसपछि मात्र विश्वास गरे। सुनेपछि उसले पहिले आज्ञापालन गरे र अन्तमा विश्वास गरे! येशूको बोलाटप्रति नथानेलको आज्ञाकारिताले साँचो विश्वास र चेलापनजस्ता कुराहरू नतिजा ल्यायो। नथानेल आलोचनात्मक स्वभावका मानिस थिए र आफूले सुनेका हरेक कुरा सजिलै विश्वास गर्दैनथे। त्यही कारणले गर्दा फिलिपले तिनलाई सुसमचारको तथ्यहरू बताएर विश्वस्त तुल्याउन तर्क-वितर्क गर्ने कोसिस गरेनन्, तर तिनले साधारणरूपमा भने, "आएर हेर!" उक्त 'आएर हेर' भन्ने आज्ञालाई पालन गरेपछि मात्र नथानेलले विश्वास गरे र चेला भएर येशूको पछि लागे। नथानेलले येशू ख्रीष्टको बोलाटप्रति आज्ञाकारी भएपछि मात्र तिनी साँचो विश्वास गर्ने अवस्थामा आए। नथानेल अञ्जीरको रूखमुनिबाट उठेर येशू ख्रीष्टलाई भेट्न गएपछि मात्र उहाँमाथि विश्वास गर्ने अवस्थामा पुगे र त्यसपछि येशू ख्रीष्ट तिनको लागि वास्तविक बन्नुभयो! तसर्थ विश्वास र चेलापनतिर डोऱ्याउने एकमात्र बाटो भनेको येशू ख्रीष्टको बोलावटप्रति आज्ञाकारी हुनु हो: "आएर हेर!" अथवा "मेरो पछि लाग!"

**आज्ञाकारिता अपरिहार्य छ।**

चेला हुनको निम्ति येशूले दिनुभएको बोलावटलाई मानिसले पालना गर्नैपर्छ। होइन भने इसाई मत चेलापनबिहिन हुन्छ। अनि चेलापनबिहिनको इसाई विश्वास ख्रीष्ट बिनाको इसाई मत हुनेछ! त्यस किसिमको इसाई मतमा परमेश्वरमाथि विश्वास त गरिन्छ तर त्यहाँ येशू ख्रीष्टलाई पछ्याउने गरिँदैन! यस किसिमको विश्वासमा केवल अमूर्त अवधारणा र मिथ्या रहन्छ, जहाँ परमेश्वर पिताको स्थान त रहन्छ, तर येशू ख्रीष्ट परमेश्वरको जीवित पुत्र हुनुहुन्छ भन्ने तथ्यलाई अलग गरिन्छ। अनि यस्तो धर्ममा परमेश्वरमाथि विश्वास राखे पनि येशू ख्रीष्टलाई चाहिँ पछ्याउने गरिँदैन। परमेश्वर एकमात्र हुनुहुन्छ भनेर विश्वास गर्नु मात्र मानिसको लागि प्रयाप्त हुँदैन! भूतहरूले पनि परमेश्वर एक हुनुहुन्छ भनी विश्वास गर्दछन् र डरले काप्दछन् (याकूब २:१९)! येशू ख्रीष्टलाई नपछ्याईकन परमेश्वरमाथि विश्वास गरिन्छ भने त्यो विश्वास मृत हुन्छ (याकूब २:१७)। मानिसहरूले येशू ख्रीष्टसँग राख्ने एकमात्र साँचो सम्बन्ध भनेको चेलापन र उहाँलाई पछ्याउनको निम्ति उहाँले दिनुभएको आज्ञालाई पालना गर्नु हो। त्यसैगरी कामहरूद्वारा नै अब्राहामको विश्वास पूर्ण भएको थियो (याकूब २:२२)।

तसर्थ, कुनै व्यक्तिलाई सुसमाचारको तथ्यहरूमाथि विश्वास गर्न कठिन भयो भने, उसले येशूले भन्नुभएको 'आएर हेर!' अथवा 'मेरो पछि लाग!' भन्ने आज्ञाहरूलाई पालना गर्नुपर्दछ। जब त्यस्तो व्यक्ति उठेर येशूको पछि लाग्दछ, तब ऊ साँचो विश्वास गर्ने अवस्थामा पुग्दछ।

## ५. चेलापनको लागि येशू ख्रीष्टको बोलावट किन धेरै महत्वपूर्ण छ?

### (१) चेलापनको लागि येशूको बोलावट आवश्यक छ।

लूका ९:५७-५८ पढ्नुहोस्। चेलापनको लागि येशू ख्रीष्टको बोलावट आवश्यक छ, किनभने कसैले चेलापनको मूल्य साँचोरूपमा हिसाब गर्न सक्दैन। उक्त पहिलो आकांक्षी चेलाले चेलापनको लागि येशूको बोलावटलाई पर्खेर बसेन; येशू ख्रीष्ट जता-जता जानुभयो, उसले उहाँलाई पछ्याउन थाल्यो। चेलापनको मूल्य चुकाउनको निम्ति कहिलेकाहिँ शिर लुकाउने ठाउँ पनि नहुनसक्छ भनी येशूले जवाफ दिनुभयो। चेलापन भनेको क्रूसतिर जाने बाटो हो, किनभने येशू क्रूसको बाटोमा हिँड्दैहुनुहुन्थ्यो। आफू चेला हुन कसैले पनि यस्तो जीवन रोज्न सक्दैन। यस्तो गन्तव्यको लागि कसैले पनि आफूलाई बोलाउन अथवा लैजान सक्दैन। उक्त आकांक्षी चेलाले येशूलाई जवाफ दिन सकेन, किनभने येशू ख्रीष्टलाई पछ्याउने उसको स्वेच्छा र येशू ख्रीष्टले उहाँलाई पछ्याउन दिनुभएको बोलावटको बीचमा ठूलो खाडल थियो।

### (२) चेलापनको लागि येशूले दिनुहुने बोलावट पूर्ण (सिद्ध) छ।

लूका ९:५९-६० पढ्नुहोस्। चेलापनको लागि येशू ख्रीष्टको बोलावट पूर्ण छ, किनभने येशू र चेलापनको बीचको कुनै कुरा खडा हुनुहुँदैन। येशू ख्रीष्ट र बोलाइएको व्यक्तिको बीचमा कुनै धार्मिक व्यवस्था, कुनै सामाजिक रीति-रिवाज अथवा अरू कुनै कुरा आउन दिनुहुँदैन। दोस्रो आकांक्षी चेलाले येशूबाट चेलापनको बोलावट प्राप्त गऱ्यो, तर ऊ अझै यहूदी धार्मिक शिक्षाको व्यवस्थाले बाँधिएको थियो: पहिले गएर आफ्नो पितालाई गाड्नु। येशूले के गरेको चाहनुहुन्थ्यो भन्ने कुरा उसलाई राम्रोसँग थाहा थियो, तर पनि पहिले ऊ व्यवस्था पालन गर्न चाहन्थ्यो। त्यहाँ चेलापनको लागि येशूको बोलावटप्रति आज्ञाकारी हुने कुरा र उक्त आकांक्षी चेलाको बीचमा तत्कालीन धार्मिक व्यवस्थाले वाधा दिन पर्खालको काम गरेको थियो। चेलापनको लागि येशूको बोलावट बलियो बोलावट हुनैपर्छ, र त्यो वाधा दिने पर्खालभन्दा पनि बलियो हुनुपर्छ। येशू ख्रीष्ट र बोलाइएको व्यक्तिको बीचमा कुनै कुरा आउन दिनुहुँदैन। येशू ख्रीष्ट र बोलाइएको व्यक्तिको बीचमा आउने जुनसुकै कुरालाई तोड्नु पर्दछ, र येशू ख्रीष्टको खातिर त्यसलाई अलग राखिनु पर्दछ। पुराना धार्मिक व्यवस्थाहरू र पुराना सामाजिक रीरि-रिवाजहरूलाई

येशू ख्रीष्ट र उहाँलाई पछ्याएर चेला हुने व्यक्तिको बीचको सम्बन्धलाई वाधा दिने हकबाट बञ्चित तुल्याउनुपर्छ! येशू ख्रीष्टलाई पछ्याउनको खातिर ती पुराना धार्मिक व्यवस्थाहरू र पुराना सामाजिक रीति-रिवाजहरूलाई तोड्नु पर्दछ! परमेश्वरले आफ्नो अन्तिम वचन येशू ख्रीष्टमा र येशू ख्रीष्टद्वारा बोल्नुहुन्छ (हिब्रू १:१-२)! चेलापनको लागि येशूले दिनुभएको बोलावटलाई जसरी भए पनि पालना गर्नैपर्छ! हामी येशू ख्रीष्टका अनुयायीहरू भएकोले गर्दा, हामी उहाँको सार्वभौम बोलावटलाई बेवास्ता गर्न सक्दैनौँ (हामी सुइरोमा लात हान्न सक्दैनौँ, प्रेरित २६:१४-१८)। येशू ख्रीष्टको बोलावट पाउनु भनेको अनुग्रह पाउनु हो, जसलाई हामी रोक्नै सक्दैनौँ! यो अनुग्रहले यूहन्ना, अन्द्रियास, पत्रुस, फिलिप र नथानेलको जीवनमा विजय प्राप्त गर्‍यो। त्यसपछि यो अनुग्रह पावल र संसारभरिका लाखौँ करोडौँ मानिसहरूका जीवनमाथि विजयी भइसकेको छ।

**(३) चेलापनको लागि येशू ख्रीष्टको बोलावट शर्तरहित छ।**

लूका ९:६१-६२ पढ्नुहोस्। चेलापनको लागि येशू ख्रीष्टको बोलावट शर्तरहित छ, किनभने चेलापनको लागि उहाँको शर्तहरूलाई आदेश दिन कसैलाई अनुमति छैन। तेस्रो आकांक्षी चेलाले चेलापनको लागि येशूको बोलावटलाई प्रतिक्षा गर्न सकेन, तर चेलापन भनेको सांसारिक पेशाजस्तो सोची, त्यसलाई आफैले चुन्नसक्ने किसिमले येशूलाई जवाफ दियो। पहिलो आकांक्षी चेलाले चेलापनको मूल्य हिसाब गरेन अनि तेस्रो आकांक्षी चेलाले चाहिँ चेलापनको लागि आफ्नै किसिमको हिसाब-किताब, अवस्थाहरू र शर्तहरू निर्धारण गर्‍यो। ऊ पहिले घर जान चाहन्थ्यो र परिवारबाट बिदा माग्न चाहन्थ्यो। दोस्रो आकांक्षी चेला त्यतिबेला आफ्नै धार्मिक र साँस्कृतिक बन्धनहरूमा जकडिएको थियो भने तेस्रो आकांक्षी चेलाले चाहिँ येशू ख्रीष्ट र आफ्नो बीचमा आफ्नै किसिमको वाधा (पर्खाल) निर्माण गर्‍यो। ऊ येशू ख्रीष्टलाई पछ्याउन चाहन्थ्यो, तर त्यसको निम्ति उसले बनाएको शर्तहरू पूरा हुनुपर्थ्यो। उसको निम्ति चेलापन भनेको आफूले महसुस गरेका शर्तहरू पूरा भएपछि मात्र सम्भव हुन सक्थ्यो। यसरी, उसले चेलापनलाई मानवीय बुझाइको स्तरमा झार्‍यो: "पहिले तपाईंले यो काम गर्नुहोस्, त्यसपछि म त्यो काम गर्नेछु।" उसले रोजेको चेलापन भनेको साँचो चेलापन होइन, तर एक किसिमको मानवीय धर्म हो। साँचो चेलापनले येशू ख्रीष्ट र चेलापनको लागि उहाँबाट पाएको बोलावटको बीचमा कुनै शर्त, व्यवस्था र स्वार्थलाई आउन दिँदैन!

यसर्थ, कुनै व्यक्तिलाई सुसमाचारको तथ्यहरूमा विश्वास गर्न कठिन भयो भने उसले येशू ख्रीष्टको बोलवटप्रति आज्ञाकारी हुनुपर्छ: "आएर हेर!" अथवा " मेरो पछि लाग!" जब त्यो व्यक्ति उठेर येशू ख्रीष्टलाई पछ्याउँछ, तब ऊ विश्वास गर्ने साँचो अवस्थामा आउँदछ। येशू ख्रीष्टको बोलवटप्रति पहिलो पाइला उठाउने जोखिम लिनु नै साँचो विश्वासको अर्थ बुझ्ने एकमात्र बाटो हो! बोलावट पाएको व्यक्ति आफूले विश्वास गर्न नसक्ने अवस्थाबाट बाहिर जानुपर्छ र येशू ख्रीष्टतर्फ पहिलो पाइला चाल्नुपर्छ ताकि ऊ विश्वास गर्न सुरुको अवस्थामा पुग्न सक्नेछ!

**सारांश -** 'आएर हेर' अनि 'मेरो पछि लाग' भन्ने येशू ख्रीष्टको बोलावटले विश्वासलाई सम्भव तुल्याउने अवस्था सृजना गर्दछ। येशू ख्रीष्टतिरको आज्ञाकारी कदमले साँचो, बलियो र निरन्तर विश्वासको अवस्थालाई सुरु गर्दछ। आज्ञाकारी व्यक्तिले मात्र साँचो विश्वास गर्छ। विश्वास गर्ने व्यक्ति मात्र आज्ञाकारी हुन्छ। आज्ञाकारिताको कामद्वारा मात्र विश्वास साँचो विश्वास (याकूब २:२२) अनि विश्वास गर्ने साँचो आज्ञाकारी व्यक्ति बन्दछ (यूहन्ना ६:२८-२९)।

| ५ | **प्रार्थना** (८ मिनेट) [प्रतिक्रियाहरू]<br>परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना |
|---|---|

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>अर्को पाठको निम्ति |
|---|---|

(**समूहको अगुवा -** तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

६. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'सुसमाचारको अवधारणाहरू - भाग २' को शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्।

७. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (उत्पत्ति १६:१-१९:२९)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

८. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। प्रेरित ५:१२-४२; विषय: "सुसमाचार प्रचार गर्ने मण्डलीको काम।" बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

९. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

१०.**चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।

# पाठ २८

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय] उत्पत्ति १६:१-१९:२९ |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (उत्पत्ति १६:१-१९:२९) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ** (२० मिनेट) [सुसमाचार] पापको दण्ड : उपदेशक १२:१४ |
|---|---|

## क. मनन

उपदेशक १२:१,५-७,१३-१४ पढ्नुहोस्। "दु:खको समय र वृद्धावस्था आउन अघि नै, जब तिमीले भन्नेछौ, 'यस समयमा मेरो मन लाग्दैन', ती समयभन्दा अघि नै आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर ... तब मानिस आफ्नो अनन्तको घरमा जानेछ ... चाँदीको तार चुँड्िन अघि र सुनको कचौरा फुटाइन अघि, माटोको गाग्री पँधेरोमा टुक्रा-टुक्रा पारिन अघि र कूवामा पाङ्ग्रो भचाइन अघि, जमिनबाट आएको धूलो जमिनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर ... अब सबै कुरा सुनिएका छन्- कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो। किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।"

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| पापको दण्ड<br>उपदेशक १२:१४ |
|---|
| किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।<br>उपदेशक १२:१४ |

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

परमेश्वरले पापको दण्ड दुई तरिकाले दिनुहुन्छ:

**१. परमेश्वरले आफ्नो वर्तमान न्यायहरूद्वारा पापको दण्ड दिनुहुन्छ।**
गलाती ६:७-८ पढ्नुहोस्। "धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ। जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ।" परमेश्वरले आफ्नो सृष्टिमा व्यवस्थाहरू निर्माण गर्नुभएको छ। यदि ती व्यवस्थाहरू उलङ्घन गरियो भने त्यसले दण्ड ल्याउँछ; जस्तै: यदि तपाईंले भौतिकशास्त्रमा उल्लेखित गुरुत्वाकर्षणको नियमलाई बेवास्ता गर्नुभयो भने नराम्रोसँग लड्नुहुनेछ।

परमेश्वरले आफ्ना जनहरूमा आत्मिक र नैतिक व्यवस्थाहरू पनि निर्माण गर्नुभएको छ। निम्नलिखित परमेश्वरको व्यवस्थाहरूको उल्लङ्घनपछि त्यसको परिणामहरूलाई ध्यान दिनुहोस्। मानिसहरूले पृथ्वी र यसको प्रकृतिलाई वास्ता गर्दैनन् भने हावा, पानी र जमिन प्रदुषित हुन्छ, जसले गर्दा विभिन्न किसिमका रोगहरू निस्कन्छन्। मानिसहरू अल्छे भएर काम गर्दैनन् भने परमेश्वरले तिनीहरूलाई गरिबी र भोकमरीमा पर्न दिनुहुन्छ। मानिसहरूले एक-अर्कालाई घृणा गरेर लडाइ-झगडा गर्न थाले भने परमेश्वरले तिनीहरूलाई एक-आपसद्वारा नै नास हुन दिनुहुन्छ। उद्योग र व्यापारको क्षेत्रहरूमा मानिसहरू भ्रष्ट भए भने परमेश्वरले अन्तमा तिनीहरूका व्यापार र समाजलाई नष्ट हुन दिनुहुन्छ। मानिसहरू निरङ्कुस भएर आफ्ना नागरिकहरूलाई अत्याचार गरे भने परमेश्वरले उक्त मुलुकलाई लडाइँद्वारा नास हुन दिनुहुन्छ। यस किसिमहरूका तरिकाहरूद्वारा पापको परिणामहरूले पापीलाई पक्रने गर्दछ। मानिसहरूले पापहरू रोप्दछन्, र परमेश्वरले तिनीहरूलाई ती पापहरूको नतिजाहरू कटनी गर्न लगाउनुहुन्छ। परमेश्वरले वर्तमानका न्यायहरू आफ्नो सृष्टि र उक्त सृष्टिमा काम गर्ने व्यवस्थाहरूमा निर्माण गर्नुहुन्छ। कसलै परमेश्वरको व्यवस्थाहरू उल्लङ्घन गरेर त्यसबाट त्यसै भाग्न सक्दैन। कहिलेकाहिँ मानिसहरूलाई पक्रनको निम्ति परमेश्वरले उहाँको वर्तमान न्यायलाई अनुमति दिनुहुन्छ!

**२. परमेश्वरले भविष्यको अन्तिम न्यायद्वारा पापको दण्ड दिनुहुन्छ।**

हिब्रू ९:२७ पढनुहोस्। "जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ।" मानिसको लागि मृत्य अन्त्य होइन भनी बाइबलले स्पष्टसँग बताउँछ! मृत्युपछि मानिसको अन्तिम न्याय हुनेछ! यो संसारमा मानव इतिहासको अन्तमा येशू पृथ्वीमा फर्किआउनुहुनेछ र अहिलेसम्म यहाँ जिएका सबै मानिसहरूका न्याय गर्नुहुनेछ। उक्त दिनलाई न्यायको दिन भनिन्छ। त्यतिबेला येशू ख्रीष्टले इसाईहरूलाई गैर-इसाईहरूबाट अलग गर्नुहुनेछ।

**(१) गैर-इसाईहरूको न्याय हुनेछ।**

तिनीहरूका सबै दोष र कमजोरीहरूका लागि न्याय हुनेछ (मत्ती २५:४१-४६)। तिनीहरूले गरेका सबै दुष्ट कुराहरूको निम्ति तिनीहरूको न्याय हुनेछ (उपदेशक १२:१४)। तिनीहरूको अविश्वास र येशू ख्रीष्टलाई इन्कार गरेकोले तिनीहरूको न्याय हुनेछ (यूहन्ना ३:१८३६)। त्यसैगरी परमेश्वरप्रति तिनीहरूको अनभिज्ञता र सुसमाचारप्रतिको अनाज्ञाकारिताको निम्ति तिनीहरूको न्याय हुनेछ (२ थेसलोनिके १:८-९)। त्यतिबेला बचाइनको निम्ति तिनीहरूले दोस्रो मौका पाउनेछैनन्। तिनीहरूलाई जीवित परमेश्वरको उपस्थितिबाट बाहिर निकालिन्छ र तिनीहरूले परमेश्वरको भलाइ र दया कहिल्यै अनुभव गर्न पाउँदैनन् बरु त्यसको सट्टामा तिनीहरू उहाँको क्रोधको अनुभव गर्नेछन्। तिनीहरूले सदाको निम्ति नास हुने दण्ड पाउनेछन्। त्यसको मतलब तिनीहरूलाई नरकमा फालिनेछ भन्ने हो (मत्ती २५:४१; प्रकाश २१:८)।

**(२) इसाईहरूको पनि न्याय हुनेछ।**

इसाईहरू अहिले कसरी जिएका छन्, त्यसअनुसार तिनीहरूको न्याय हुनेछ (२ कोरिन्थी ५:१०; १ कोरिन्थी ३:१०-१५)। जे भए तापनि तिनीहरूलाई सदासर्वदा नासको निम्ति दोषी ठहराइनेछैन, किनभने ख्रीष्टमा तिनीहरूले गरेको विश्वासद्वारा तिनीहरू पहिले नै मृत्युबाट जीवनमा सरिसकेका छन् (यूहन्ना ५:२४)। तसर्थ, ख्रीष्टमा भएका मानिसहरूका लागि दण्डाज्ञा छैन (रोमी ८:१)।

## ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।

२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। पापको दण्ड : उपदेशक १२:१४

३. **पुनरवलोकन गर्नुहोस्** - दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

| | |
|---|---|
| ४ | **बाइबल अध्ययन** (७० मिनेट) [मण्डली]<br>**मण्डलीको सुसमाचारीय कार्य : प्रेरित ५:१२-४२** |

प्रेरित ५:१२-४२ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर प्रेरित ५:१२-४२ पढौं।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्। अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौं।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**खोज १ - सुसमाचारको विजयको निम्ति परमेश्वरले कसरी अति कठिन परिस्थितिलाई परिवर्तन गर्नुहुन्छ?**

यो खण्डमा भएको 'तर' भन्ने शब्दलाई ध्यान दिनुहोस्।

**(१) तर परमेश्वरले बन्द ढोका खोल्नुहुन्छ।**
प्रेरित ५:१२-२० मा हामी पढ्छौँ, कि सुसमाचारको सत्रुहरूले प्रेरितहरूलाई झ्यालखानमा राखे। यहाँ ती सत्रुहरू विजयी भएका छन् र प्रेरितहरूले त्यसपछि सुसमाचार प्रचार गर्न सकेनन् कि जस्तो देखिन्छ।
तैपनि, उक्त अति अप्ठ्यारो परिस्थितिलाई परमेश्वरले कसरी विजयमा परिवर्तन गर्नुहुन्छ भन्ने कुरा हामी १९ पदमा पढ्छौँ। "तर राती एउटा स्वर्गदूतले झ्यालखानका ढोकाहरू खोलिदियो।" ती सत्रुहरूले प्रेरितहरूलाई सुसमाचार प्रचार गर्न कामबाट रोक्न सकेनन्! कस्तो विपरीत कुरा! सुसमाचारको सत्रुहरूले प्रेरितहरूलाई झ्यालखानमा राखे, तर परमेश्वरले त्यो झ्यालखानका ढोकाहरू खोलिदिनुभयो! प्रकाश ३:७-८ पढ्नुहोस्!

**(२) तर परमेश्वरले तिनीहरूलाई फेरि शिक्षा दिन पठाउनुहुन्छ।**
प्रेरित ५:२१-२६ मा हामी पढ्छौँ, कि त्यहीबेला सुसमाचारको सत्रुहरू प्रेरितहरूको ठूलो जाँच लिन र सजायँ दिन तयार थिए। तिनीहरूले त्यहाँ सानहेड्रिनलाई पनि भेला गराए। सानहेड्रिनसँग भनेको त्यतिबेला उच्च शासन शक्ति थियो। विशेष गरी धार्मिक मुद्दाहरू तिनीहरूले हेर्थे। सानहेड्रिन यहूदीहरूको सबैभन्दा ठूलो कानुनी अधिकार भएको संस्था थियो। तिनीहरूले मानिसहरूलाई भयङ्कर दण्ड दिन सक्थे। तिनीहरूले ती प्रेरितहरूलाई जाँच गर्न अनि सजायँ दिन सक्थे। त्यतिबेलाको परिस्थितिलाई अवलोकन गर्ने हो भने ती प्रेरितहरूलाई त्यो दिन सानहेड्रिनला सिद्ध्यान लागेको जस्तो देखिन्छ। तैपनि, हामी २२ पदमा कसरी परमेश्वरले उक्त अति कठिन परिस्थितिलाई विजयमा परिवर्तन गर्नुभयो भनी पढ्छौँ। "तर झ्यालखानमा पुग्दा, ती अधिकारीहरूले प्रेरितहरूलाई भेट्टाएनन्।" झ्यालखानका ढोकाहरूमा ताला लागेको थियो र सिपाहीँहरूले झ्यालखानको अगाडि खडा भएर पहरा दिइरहेका थिए। तर अचम्मको कुरा झ्यालखानभित्रचाहिँ कोहि पनि थिएन! तिनीहरूले महासभाको चोकमा लगेर जाँच गर्नको निम्ति त्यहाँ कोही मानिस थिएन! सानहेड्रिन उक्त घटना सुनेर अलमल्ल पऱ्यो। त्यसपछि कुनै व्यक्तिले यस्तो खबर ल्यायो, कि ती प्रेरितहरू त मन्दिरको चोकमा खडा भएर मानिसहरूलाई शिक्षा दिइरहेका छन्। कस्तो विपरीत अनि अचम्मको कुरा! सुसमाचारको सत्रुहरूले प्रेरितहरूको जाँच लिने तयारी गरे, तर परमेश्वरले तिनीहरूलाई मन्दिरमा आएका मानिसहरूलाई शिक्षा दिने तुल्याइदिनुभयो!

**(३) तर परमेश्वरले तिनीहरूलाई गवाही दिन साहसी बनाउनुहुन्छ।**
प्रेरित ५:२७-३२ मा हामी पढ्छौँ, कि सुसमाचारको सत्रुहरू, इस्राएलका धार्मिक महासभाका अधिकारीहरूले प्रेरितहरूलाई येशूको नाउँमा शिक्षा नदिनू भनी भर्खरै दिएको आज्ञा उल्लङ्घन गरे भनी आरोप लगाए। त्यसको साथै प्रेरितहरूले इस्राएलका मानिसहरूको आँखामा तिनीहरूलाई दोषी बनाउन कोसिस गरे भनेर पनि आरोप लगाए।

तैपनि, २९ पदमा हामी उक्त अति कठिन परिस्थितिलाई परमेश्वरले कसरी विजयमा परिवर्तन गरिदिनुभयो भनी पढ्छौँ। प्ररितहरूले जवाफ दिए, "तर (Greek: de) हामीले मानिसको भन्दा परमेश्वरको आज्ञापालन गर्नैपर्छ!" परमेश्वरले तिनीहरूलाई हरेकलाई प्रचार गर्नू भनी आज्ञा दिनुभएको थियो र परमेश्वरको उक्त आज्ञालाई विरोध गर्ने अधिकार कसैसँग थिएन। तिनीहरूले सानहेड्रिनका सदस्यहरूलाई पनि सुसमाचार प्रचार गरे! तिनीहरूले ती अगुवाहरूलाई येशूको मृत्यु र पुनरुत्थानको बारेमा बताए र त्यसको साथै पाप क्षमाको निम्ति पश्चाताप गर्नुपर्छ भनेर पनि बताए। त्यसको साथै जजसले परमेश्वरको आज्ञा पालन गर्दछन्, तिनीहरूले आफ्ना हृदयमा परमेश्वरको आत्मा प्राप्त गर्दछन् भनेर पनि तिनीहरूले बताइदिए। कस्तो विपरित कुरा! सुसमाचारका सत्रुहरूले तिनीहरूलाई आरोप लगाएर धम्की दिए, तर परमेश्वरले ती प्रेरितहरूलाई अझ साहसका साथ सुसमाचार प्रचार गर्ने सक्ने सामर्थ्यवान मानिसहरू बनाइदिनुभयो।

**(४) तर परमेश्वरले तिनीहरूको सत्रुहरूलाई आफ्नो पक्ष लिने बनाइदिनुभयो।**

प्रेरित ५:३३३९ मा हामी पढ्छौँ, कि केही सत्रुहरू निकै रिसाएका थिए र तिनीहरूले प्रेरितहरूलाई मार्न चाहन्थे। त्यहाँको घटना हेर्दा प्रेरितहरू ढुङ्गाले हानेर मारिनेछन् कि जस्तो देखिन्छ।

तैपनि, ३४ पदमा हामी पढ्छौँ, कि परमेश्वरले उक्त अति कठिन परिस्थितिलाई विजयमा परिवर्तन गर्नुहुन्छ। "तर त्यहाँ गमलियल नाउँ भएका फरिसीले हस्तक्षेप गर्छन्। उसले सत्रुहरूलाई हतार नगर्न चेताउनी दिन्छन् किनभने त्यसो गरेमा तिनीहरूले परमेश्वरको विरुद्धमा लडाइँ गरेको ठहर्छ भनी तिनले परिस्थितिलाई शान्त पारे। कस्तो विपरीत कुरा! सत्रुहरूले प्रेरितहरूलाई मार्न चाहन्थे, तर सार्वभौम परमेश्वरले तिनीहरूमध्ये एकजनालाई तिनीहरूको योजना रोक्नको निम्ति प्रयोग गर्नुभयो (हितोपदेश १६:७ सँग तुलना गर्नुहोस्)!

**(५) तर परमेश्वरका जनहरू निरन्तर उहाँप्रति आज्ञाकारी भइरहे।**

प्रेरित ५:४०-४२ मा हामी पढ्छौँ, कि सत्रुहरूले प्रेरितहरूलाई सजायँ दिए अनि येशूको नाउँमा कहिल्यै नबोल्नू भनी आदेश दिए। यहाँ फेरि ती धार्मिक अधिकारीहरूले येशू ख्रीष्टको प्रचारलाई रोक्न खोजेको देखिन्छ।
तैपनि, ४१ पदमा हामी पढ्छौँ, कि त्यस्तो अति कठिन परिस्थितिलाई परमेश्वरले विजयमा परिवर्तन गर्नुहुन्छ। तिनीहरूले दिएका सजायँलाई प्रेरितहरूले खुसीसाथ ग्रहण गरे अनि उनीहरू मानिसको सट्टामा परमेश्वरप्रति निरन्तर आज्ञाकारी भइरहे। तिनीहरूले मन्दिरजस्तो सार्वजनिक स्थानमा मात्र सुसमाचार प्रचार गरेनन् तर मानिसहरूका घर-घरमा गएर पनि प्रचार गरे। कस्तो विपरीत कुरा! सत्रुहरूले सुसमाचारको प्रचारलाई विरोध गरे तापनि परमेश्वरका जनहरूले निरन्तर परमेश्वरप्रति आज्ञाकारी भई हरेक ठाउँमा सुमाचार प्रचार गरे!

---

**प्रेरित ५:२९**

**खोज २ - परमेश्वर नै उच्च आधिकारिक व्यक्ति हुनुहुन्छ।**

"हामीले मानिसको होइन परमेश्वरको आज्ञापालन गर्नुपर्छ!" कहिलेकाहिँ अधिकारको बारेमा प्रश्न उठ्दा म छक्क पर्छु, कि यो संसारको सबैभन्दा ठूलो अधिकार के हो? मेरो उत्तर प्रेरित ५:२९ हो: पृथ्वीको सबैभन्दा ठूलो अधिकार परमेश्वर हुनुहुन्छ। उहाँ यो संसारको अरू सबै अधिकारहरूभन्दा माथि हुनुहुन्छ! मैले यो संसारमा व्यवहार गर्दा र विशेषगरी मैले कसरी सुसमाचार प्रचार गर्छु, त्यसमा मलाई महत्वपूर्ण निर्णयहरू गर्न यो सत्यताले मलाई सहायता गर्दछ।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनुहुन्छ?
प्रेरित ५:१२-४२ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**प्रेरित ५:१६**
**प्रश्न १ - पत्रुसको छायाले रोगी बिरामीहरू निको भएको कुरालाई मैले कसरी व्याख्या गर्नुपर्छ?**

**टिप्पणी -** प्रेरित ५:१४-१६ लाई उत्तम तरिकाले यसरी अनुवाद गर्न सकिन्छ। "थुप्रै विश्वासीहरू प्रभुमा थपिए, पुरुष र महिलाको भीडहरू आए र तिनीहरूले बिरामीहरूलाई बाटोमा ल्याए ... ताकि पत्रुस त्यो बाटो भएर जाँदा उसको छाया तिनीहरूमाथि पर्न सकोस्।"

यो व्याख्याले मानिसहरूमा विद्यमान अन्धविश्वासलाई केही पनि गर्दैन, तर त्यसले येशू ख्रीष्टमाथि मानिसहरूको विश्वास र परमेश्वरले गर्नुभएको आश्चर्यकर्महरू ऐतिहासिक घटनाहरू हुन् भनी साबित गर्दछ। त्यहाँ आश्चर्यकर्मले विश्वासलाई डोऱ्याएको होइन, तर विश्वासले परमेश्वरको आश्चर्यकर्मलाई डोऱ्याएको थियो। त्यतिबेलाका विश्वासीहरू विश्वासद्वारा काम गर्दैथिए।

यस्ता घटनाहरू पहिले पनि भएका थिए। एकपटक एकजना रोगी स्त्रीले येशूको लुगा छोइन् र तिनी तुरुन्तै निको भइन् (मर्कूस ५:२७-३०)। गेनेसरेतको इलाकाभरिका मानिसहरूले रोगी-बिरामीहरूलाई बजारमा ल्याए र तिनीहरूलाई उहाँको लुगा छुन अनुमति दिनुहोस् भनी येशूसँग बिन्ती गरे। उहाँलाई छुने सबै बिरामीहरू निको भए (मर्कूस ६:५५-५६)। एकजना रोमी कप्तानले यसरी विश्वास गऱ्यो, कि येशूले उसको बिरामी नोकरलाई नछोइकन अथवा बिरामी भएको ठाउँमा नगइकन पनि निको पार्न सक्नुहुन्छ, अनि साँच्चै येशूले त्यो बिरामीलाई त्यसरी नै निको पार्नुभयो (मत्ती ८:८-१०)। यस्ता घटनाहरूले येशू ख्रीष्टमा ती मानिसहरूको बलियो विश्वास थियो भनी प्रमाण दिन्छ।

त्यसैगरी यहाँ प्रेरित पत्रुसको छायाले बिरामीहरू निको भएको घटनाले (प्रेरित ५:१६) प्रेरितहरूले अरू घटनाहरूमा शब्दहरू र हाउभाउले गरेको प्रभावले भएका उस्तै अरू आश्चर्यकर्महरूद्वारा परमेश्वरलाई प्रसन्न तुल्यायो (प्रेरित ३:६)। त्यसैगरी पावललाई छुवाएर लगिएको रुमाल र लुगाहरूले बिरामीहरूलाई निको पारेको र भूत लागेकाहरूलाई स्वतन्त्र पारेको घटनाहरूले परमेश्वरलाई प्रसन्न तुल्यायो (प्रेरित १९:११-१२)। प्रेरितहरूले गरेका आश्चर्यकर्महरू तिनीहरूको विश्वासको कारणभन्दा मानिसहरूको विश्वासको कामको प्रकटीकरण थिए। प्रेरितहरूले घोषणा गरेको सुसमाचारलाई मानिसहरूले विश्वास गरेकोले नै तिनीहरूले रोगी-बिरामीहरूलाई निको पार्न प्रेरितहरूकहाँ ल्याएका हुन्। परमेश्वरले तिनीहरूलाई विभिन्न तरिकाहरूद्वारा, जस्तै: वचनद्वारा, हाउभाउद्वारा, रुमालद्वारा, छायाद्वारा अथवा नछोईकन निको पार्नुभए तापनि ती कुराहरू येशू ख्रीष्टको लागि त्यति महत्वपूर्ण होइनन् किनभने उहाँसँग स्वर्ग र पृथ्वीमा सबै अधिकार छ।

---

**प्रेरित ५:२९**
**प्रश्न २ - सबै मानव अधिकारको सीमा के हो?**

**टिप्पणी -** "हामीले मानिसको होइन, तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ" भनी पत्रुसले भन्दछन् भने के यसको अर्थ हामी इसाईहरू सधैँ यो संसारको सरकारप्रति अनाज्ञाकारी हुने त? होइन। बाइबलअनुसार पत्ता लगाइएको सात वटा अधिकारहरूप्रति इसाईहरू समर्पित हुनुपर्ने सम्बन्धहरू छन्। इसाईहरू ती अधिकारहरूप्रति आज्ञाकारी हुनैपर्छ। पृथ्वीमा कुनै अधिकार पूर्ण छैन। परमेश्वरसँग मात्र पूर्ण अधिकार छ! परमेश्वरले आफ्नो अधिकार पृथ्वीमा विभिन्न किसिमका अगुवाहरूलाई प्रत्यायोजन गर्नुहुन्छ। परमेश्वरबाट अधिकार पाएका ती अगुवाहरू अथवा मानिसहरूले आफूले गर्ने हरेक कुरामा परमेश्वरप्रति उत्तरदायी र जिम्मेवार हुनैपर्छ। बाइबलमा बताइएका ती सात वटा अधिकारको सम्बन्धहरू यस किसिमका छन्:

**(१) परमेश्वर र मानिस**
पृथ्वीको सबै मानिसहरू र हरेक थोकभन्दा माथि परमेश्वरको पूर्ण अधिकार छ। याकूब ४:७ ले भन्दछ, "आफूलाई परमेश्वरको अधिनमा राख।" सबै मानिसहरू परमेश्वरको अधिनमा बस्नैपर्छ। त्यसैगरी सबै अगुवाहरू र अधिकार भएका अरू मानिसहरू पनि परमेश्वरको अधिनमा बस्नैपर्छ। परमेश्वरले मानिसहरूलाई आफ्नो महिमाको निम्ति बनाउनुभएको छ (यशैया ४३:७; कलस्सी १:१५-१६)। परमेश्वरलाई जान्नको निम्ति, प्रेम गर्नको निम्ति, उहाँप्रति आज्ञाकारी हुनको निम्ति र उहाँलाई सेवा गर्नको निम्ति उहाँले मानिसहरूलाई बोलाउनुहुन्छ। सबै मानिसहरूको सबैभन्दा ठूलो लक्ष्य भनेको परमेश्वरको महिमाको निम्ति जिउनु हो।

**(२) मानिस र सृष्टि**

परमेश्वरले मानिसलाई आफ्नो सृष्टिको केही सीमित अधिकार दिनुभएको छ। भजन ८:४,६ ले भन्दछ, "मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? ... आफ्नो हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ।" परमेश्वरले आफ्नो सृष्टिको रेखदेख र वास्ता गर्ने जिम्मेवारी मानिसहरूलाई दिनुभएको छ। तर पृथ्वीको सन्दर्भमा भन्ने हो भने मानिसहरूको अधिकार सीमित छ। मानिसहरूले परमेश्वरको सृष्टिलाई जे इच्छा लाग्यो त्यही गर्नु हुँदैन। उदाहरणको लागि व्यवस्था २०:१९ ले यसो भन्दछ, "जब तिमीहरू कुनै सहर लिन त्यसको विरुद्धमा लड़ाइँ गरेर त्यस सहरलाई धेरै दिनसम्म घेरिराख्छौ, तब तिमीहरूले त्यसका रूखहरू नकाट्नू।" मानिसले परमेश्वरको सृष्टिलाई प्रदुषित पार्ने र नास पार्ने काम गर्नुहुँदैन! (इजकिएल ३४:१८-१९ सँग तुलना गर्नुहोस्)।

### (३) पति र पत्नी

परमेश्वरले पति र पत्नी दुबैलाई एकले अर्कोको सेवा गर्ने सीमित अधिकार दिनुभएको छ। तर तिनीहरूले सेवा गर्ने तरिकाहरू फरक-फरक छन्: पतिले आफ्नी पत्नीलाई डोऱ्याएर सेवा गर्नुपर्छ भने पत्नीले पतिको अगुवापनको अधिनमा बसेर उसको सेवा गर्नुपर्दछ। कलल्सी ३:१८ ले भन्दछ "पत्नी हो, प्रभुको दृष्टिमा सुहाउँदो गरी आ-आफ्ना पतिहरूका अधीनमा बस।" तर पतिको अधिकार पनि सीमित छ, किनभने कलस्सी ३:१९ ले भन्दछ, "पति हो, आ-आफ्ना पत्नीहरूलाई प्रेम गर र तिनीहरूप्रति कठोर नहोओ।" पतिले वैवाहिक सम्बन्धभित्र आफ्नो अधिकार प्रेम, सेवा र भद्रतामा अभ्यास गर्नुपर्छ। यो कुरा याद राख्नुहोस, कि विवाहको व्यवस्थालाई परमेश्वरले संस्थागत गर्नुभयो र उहाँले नै पति र पत्नीबीचको सम्बन्धलाई पनि संस्थागत गर्नुभयो। आधुनिक मानिसहरू र आधुनिक धर्महरूसँग परमेश्वर संस्थागत गर्नुभएको कुराहरूलाई परिवर्तन गर्ने कुनै अधिकार छैन!

### (४) आमाबुबा र छोराछोरीहरू

परमेश्वरले आमाबुबालाई तिनीहरूका सन्तानमाथि सीमित अधिकार दिनुभएको छ। कलस्सी ३:२० ले भन्दछ, "छोरा-छोरी हो, प्रत्येक कुरामा आफ्ना आमा-बुबाको आज्ञापालन गर। किनकि यस कुराले प्रभुलाई प्रसन्न तुल्याउँछ।" तर आमाबुबाको अधिकार पनि सीमित छ, किनभने कलस्सी ३:२१ ले यसो भन्दछ, "बुबा हो, आफ्ना छोराछोरीहरूलाई रीस नउठाओ, नत्रता तिनीहरू निराश हुनेछन्।" आमाबुबाले आफ्ना छोराछोरीहरूलाई उत्साह मिल्ने किसिमले अधिकार चलाउनुपर्छ र यदि आवश्यक पऱ्यो भने तिनीहरूलाई अनुशासनमा राख्नुपर्छ (हितोपदेश १३:२४)। परमेश्वरले आमाबुबा र छोराछोरीबीचको सम्बन्धलाई संस्थागत गर्नुभएको छ। आधुनिक मानिसहरू, आधुनिक सँस्कृति, र आधुनिक शैक्षिक प्रणालीसँग परमेश्वरले संस्थागत गर्नुभएको कुरालाई परिवर्तन गर्ने अधिकार छैन!

### (५) राजनैतिक शासकहरू र नागरिकहरू

परमेश्वरले देशमा नियम-कानुन चलाउन राजनैतिक शासकहरूलाई तिनीहरूका नागरिकहरूमाथि सीमित अधिकार दिनुभएको छ। १ पत्रुस २:१३-१४ ले भन्दछ, "प्रभुको खातिर मानिसको हरेक शासनको अधीनमा बस, चाहे त्यो सर्वोच्च राजाको होस्, अथवा हाकिमहरूको होस्, जो दुष्ट काम गर्नेहरूलाई दण्ड दिन र असल काम गर्नेहरूलाई प्रशंसा गर्न उहाँद्वारा खटाइएका हुन्छन्।" इसाईहरूले जे कुरा सही छ, त्यसमा आफ्नो देशका शासकहरूप्रति आज्ञाकारी हुनुपर्छ। तर सबै शासकहरूको अधिकार सीमित छ, किनभने प्रेरित ५:२९ ले भन्दछ, "हामीले मानिसहरूको होइन, तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ।" जुनसुकै ओहोदा ती मानिसहरू खडा भए पनि यदि तिनीहरूले परमेश्वरको इच्छाविपरीत कुराहरू गर्न लगाउँछन् भने हामीले भद्र भएर तिनीहरूको विरोध गर्नुपर्दछ।

### (६) मालिक र कामदारहरू

परमेश्वरले मालिकहरूलाई तिनीहरूका कामदारहरूमाथि सीमित अधिकार दिनुभएको छ। कलस्सी ३:२२ ले भन्दछ, "कमारा हो, प्रत्येक कुरामा यस संसारका आफ्ना मालिकहरूलाई आँखाका अगाडि खुशी तुल्याउने मात्र होइन, तर साँचो हृदयले प्रभुको डर राखेर तिनीहरूका अधीनमा बस।" तर सांसारिक मालिकहरूको अधिकार सीमित छ, किनभने कलस्सी ४:१ ले भन्दछ, "मालिक हो, तिमीहरूका पनि स्वर्गमा मालिक हुनुहुन्छ भन्ने जानेर आफ्ना कमाराहरूसँग न्यायसङ्गत र उचित व्यवहार गर।" हरेक मालिकले यो कुरा महसुस गर्नुपर्दछ, कि परमेश्वर तिनीहरूका मालिक हुनुहुन्छ र एक दिन तिनीहरूले आफ्ना कामदारहरूप्रति जे गरेको छ, सोअनुसार उहाँले तिनीहरूलाई इनाम अथवा दण्ड दिनुहुनेछ। यदि सांसारिक मालिकले परमेश्वरको इच्छाविपरीत कुनै कुरा माग गर्छ भने इसाई कामदारहरूले भद्रतासाथ तिनीहरूका त्यस्ता मागहरूको विरोध गर्नुपर्दछ।

### (७) आत्मिक अगुवा र आत्मिक अनुयायीहरू

परमेश्वरले मण्डलीको अगुवाहरूलाई आफ्नो सदस्यहरूमाथि सीमित अधिकार दिनुभएको छ। १ थेसलोनिके ५:१२ ले भन्दछ, "हामी तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछौं, कि तिमीहरूका माझमा परिश्रम गर्नेहरू, जो प्रभुमा अगुवाहरू हुन् र तिमीहरूलाई चेताउनी दिन्छन्, तिनको आदर गर।" तर मण्डलीका सबै अगुवाहरूको अधिकार सीमित छ, किनभने मत्ती २०:२५-२८ र १ पत्रुस ५:१-४ ले भन्दछ, कि मण्डलीका अगुवाहरूले आफूलाई सुम्पिएका मानिसहरूमाथि प्रभुत्व जमाउनु हुँदैन। अगुवाहरूले अधिकार प्रयोग गरेर मात्र होइन, तर व्यक्तिगतरूपमा उदाहरण र नमुना भएर अनि आफूलाई सुम्पिएका मानिसहरूको सेवा गरेर तिनीहरूलाई डोऱ्याउनु पर्दछ।

**प्रेरित ५:३२**
**प्रश्न ३ - प्रेरितहरू विशेषगरी के-को गवाही थिए?**

**टिप्पणी -** विशेष गरी येशू ख्रीष्टको गवाही हुनको निम्ति उहाँले ती प्रेरितहरूलाई बोलावट दिनुभएको थियो (प्रेरित १:८)। तर तिनीहरूलाई कुनै मण्डली सम्प्रदायको, कुनै इसाई संस्थाको, कुनै आत्मिक अगुवाको अथवा कुनै किसिमको इसाई सिद्धान्तको र कुनै इसाई अनुभवको गवाही दिनको लागि बोलाइएको थिएन! इसाई इतिहासभरि हेर्ने हो भने येशू ख्रीष्टबाट अलग पारेर आफ्नै स्वार्थी लक्ष्य अथवा महत्वाकांक्षाको विषयमा गवाही दिन दुष्टले केही मानिसहरूलाई प्रयोग गर्न कोसिस गर्ने गरेको देखिन्छ। त्यस्ता झूटा गवाहीहरूबाट होसियार रहनुहोस्!

प्रेरितहरू येशूको सुरुको चेलाहरूका समूहमा पर्दथे र तिनीहरूले येशूको सार्वजनिक सेवकाइको प्रारम्भदेखि उहाँको स्वर्गारोहणसम्मै उहाँ जहाँ-जहाँ जानुहुन्थ्यो, त्यहाँ-त्यहाँ सँग-सँगै जान्थे। त्यसकारण, तिनीहरू येशू ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानको पहिलो गवाहीहरू भए (प्रेरित १:२१-२२)। तिनीहरू यहूदी र रोमी अधिकारहरूले येशूको परीक्षा गरेको गवाहीहरू थिए। यहूदी सानहेड्रिनले कसरी येशूलाई मृत्यु दण्ड दियो भन्ने बारेमा तिनीहरूले गवाही दिए। येशूलाई क्रूसमा चढाएर मार्नको निम्ति यहूदीहरूले कसरी दुष्ट रोमी अधिकारीहरूलाई प्रयोग गरेका थिए भनेर पनि तिनीहरूले गवाही दिए (प्रेरित २:२३; ५:३०)। परमेश्वरले येशूलाई कसरी मृत्युबाट बौराउनुभयो भन्ने पनि तिनीहरूले गवाही दिए (प्रेरित २:३२)। अनि परमेश्वरले येशूलाई स्वर्गारोहणद्वारा माथि उठाउनुभएर कसरी आफ्नो दाहिने हातपट्टि बसाल्नुभयो भनेर पनि तिनीहरूले गवाही दिए (प्रेरित ५:३१)। त्यसैगरी पवित्र आत्माले पनि येशूको बारेमा गवाही दिनुहुन्छ र इसाईहरूको हरेक समूहमाझ उहाँको महिमा गर्नुहुन्छ (यूहन्ना १६:१४)।

त्यसकारण, आफ्नो स्वार्थी अभिलाषा र महत्वकांक्षाहरू पूरा गर्न इसाईहरूले कहिले पनि येशूको बारेमा आफ्नो गवाही परिवर्तन गर्नुहुँदैन, तर सधैँ येशू ख्रीष्टको सत्य गवाही बन्नुपर्छ।

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र प्रेरित ५:१२-४२ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

**१. प्रेरित ५:१२-४२ बाट निकालिएका केही सम्भावित प्रयोगहरू**

५:१२ तपाईंको गाउँ-सहरमा भएका विश्वासीहरूसँग भेटघाट गर्नुहोस्।
५:१८ सुसमाचार र गवाहीको कारण तपाईं पक्राउ परेर झ्यालखानमा पर्ने कुराको अपेक्षा गर्नुहोस्।
५:१९ तपाईंको निम्ति प्रभुले झ्यालखानको ढोका खोलिदिनुहुनेछ भनी अपेक्षा गर्नुहोस्।
५:२० मानिसहरूलाई यो नयाँ जीवनको बारेमा पूरा सन्देश बताउनुहोस्।
५:२८-२९ सरकारी अधिकारीहरूले तपाईंलाई परमेश्वरको आज्ञाहरूबाट अलग हुने अथवा परमेश्वरले मनाही गर्नुभएको कामहरू गर्न लगाए भने तपाईंले शान्त भएर उत्तर दिनुहोस्, कि इसाईहरूले मानिसको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ (मत्ती १०:१७-२०)।

५:४० येशू ख्रीष्टको बारेमा मानिसहरूलाई बताएको कारणले मानिसहरूले तपाईंलाई पिट्नेछन् भनी अपेक्षा गर्नुहोस्।
५:४१ येशू ख्रीष्टको नाँउको खातिर दुःख भोग्न पाउँदा आनन्दित हुनुहोस्।
५:४२ येशू नै ख्रीष्ट (मसिह) हुनुहुन्छ भन्ने शुभखबर सिकाउन र घोषणा गर्न कहिल्यै नरोकिनुहोस्।

**२. प्रेरित ५:१२-४२ बाट निकालिएका केही व्यक्तिगत प्रयोगहरू**

म माथि उल्लेखित सात वटा अधिकारहरूको अधिनमा रहनुपर्ने कुरा याद गर्नेछु। म विशेष गरी बाइबलले निर्धारण गरेको मेरो अधिकार अभ्यास गर्न चाहन्छु। उदाहरणको लागि, म इसाई अगुवाको हैसियतले अरू मानिसहरूमाथि प्रभुत्व जमाएर होइन तर तिनीहरूको सेवा गरेर र व्यक्तिगतरूपमा उदाहरण बनेर मानिसहरूलाई डोऱ्याउन चाहन्छु।

प्रेरितहरूको साहस र परमेश्वरको सार्वभौमिकताबाट म निकै प्रभावित भएको छु। सत्रुहरूले सुमाचार प्रचारलाई हरेकपटक रोक्न खोज्दा, स्वयम् परमेश्वरले हस्तक्षेप गर्नुभयो र निरन्तर सुसमाचार प्रचार गर्न तिनीहरूलाई सहायता गर्नुभयो! यस संसारमा सुसमाचार प्रचार गर्न इसाईहरूलाई केही कुराले रोक्नेछैन, किनभने परमेश्वरनै इसाईहरूको तर्फबाट लड्नुहुनेछ। म उनीहरूको उदाहरणलाई पछ्याउन चाहन्छु।

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

प्रेरित ५:१२-४२ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौं।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| ५ | **प्रार्थना** (८ मिनेट) **अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्** |
|---|---|

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा प्रेरित ५:१२-४२ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
**२. परमेश्वरसँग व्यक्तिगत समय -** उत्पत्ति २०:१-२३-२० बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
**३. पद कण्ठ गर्नुहोस् -** 'पापको दण्ड' - उपदेशक १२:१४। आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।
**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ २९

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट) [परमेश्वरको विशेषता]<br>परमेश्वर रक्षक हुनुहुन्छ |
|---|---|

**पढ्नुहोस् -** चार जना व्यक्तिहरूलाई यी बाइबल खण्डहरू पढ्न लगाउनुहोस्। यशैया ३७:१४-२०,३३-३८; भजन ३४:७; भजन ९१:१-१६; र २ राजा ६:८-२३

### १. कसरी परमेश्वरले आफ्ना जनहरूलाई विगतको इतिहासमा सुरक्षा गर्नुभयो?

परमप्रभुले कसरी अगमवक्ता एलिसा र तिनको सेवकलाई सुरक्षा दिनुभयो भनी छोटकरीमा व्याख्या गर्नुहोस्। विशेष गरी तीन कुराहरूमा जोड दिनुहोस्:

- परमप्रभुले सत्रुले उसको सुत्ने कोठामा बोल्ने शब्दहरू जान्नुहन्छ र उहाँले ती कुराहरू आफ्नो अगमवक्तालाई बताउनुहुन्छ।
- परमप्रभु र उहाँका दूतहरूको सेनाको सङ्ख्या सत्रुसँग भएका मानिसहरूभन्दा धेरै छन्।
- परमप्रभुले आफ्ना जनहरूको आँखा खोलिदिनुहुन्छ, ताकि तिनीहरूले उहाँका घोडाहरू र अग्निमय रथहरूले तिनीहरूलाई घेरिरहेका दृश्य देख्छन्।

### २. कसरी अहिले परमप्रभुले सुरक्षा गर्नुहुन्छ?

परमप्रभुले आफूलाई कसरी विगतमा सुरक्षा दिनुभयो भन्ने बारेमा एउटा घटना मानिसहरूलाई बताउन दिनुहोस्।

आराधना गर्नुहोस्।
परमेश्वर रक्षक हुनुहुन्छ भन्ने विशेषताको नम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जनाको सानो समूहमा रहेर आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय]<br>उत्पत्ति २०:१-२३:२० |
|---|---|

तोकिएको बाइबल खण्ड (उत्तपत्ति २०:१-२३:२०) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट) [सुसमाचार]<br>बाइबलको सही व्याख्या गर्नु |
|---|---|

**सिकाउनुहोस् -** बाइबल सही किसिमले व्याख्या गर्नु हरेक इसाईको जिम्मेवारी हो। सत्यतालाई बङ्ग्याउनु हुँदैन (२ कोरिन्थी ४:२), तर सत्यको वचनलाई सही मार्गमा डोऱ्याउनु पर्छ (२ तिमोथी २:१५)। झूटा शिक्षकहरू हुनेछन् भनी येशू र पावल दुवै जनाले देताउनी दिएका छन् (मत्ती २४:१०-११; १ तिमोथी ४:१-२)। येशू ख्रीष्टको शिक्षाहरूको सत्यताले मात्र मानिसहरूलाई स्वतन्त्र तुल्याउँछ (यूहन्ना ८:३१-३२)।

मानिसहरूलाई सुरक्षित यात्रा गर्न ट्राफिक नियमहरूको खाँचो पर्छ, स्वस्थ रहन स्वास्थ्यसम्बन्धी नियमहरूको खाँचो पर्छ, समाजमा मेलमिलापमा बस्न सरकारी नियमहरूको खाँचो पर्छ; त्यसैगरी बाइबललाई सही किसिमले बुझ्नको निम्ति

मानिसहरूलाई बाइबल व्याख्या गर्ने नियमहरू खाँचो पर्दछ। तसर्थ, अब हामी बाइबल व्याख्या गर्ने नौ वटा महत्वपूर्ण नियमहरू हेर्नेछौं।

## नियम १ - स्वभाव र भाषा

- बाइबल अलौकिक छ, किनभने यसको लेखक स्वयम् परमेश्वर हुनुहुन्छ। त्यसकारण बाइबलसँग मानवीय विचार र आचरणको पूर्ण अधिकार छ। त्यसैकारण बाइबल पूर्णरूपमा भरोसायोग्य छ। कुनै पनि बाइबल खण्डको दुई फरक अर्थहरू छैन।
- बाइबल स्वभाविक पनि छ, किनभने यसमा मानिसहरूद्वारा मानिसहरूका लागि परमेश्वरले आफ्ना वचनहरू प्रकट गर्नुभएको छ। त्यसकारण, तपाईंको भाषामा उपलब्ध बाइबल परमेश्वरको वचन हो।

### १. बाइबल चरित्रमा अलौकिक छ।

२ तिमोथी ३:१६; २ पत्रुस १:२०-२१; गन्ती २३:१९: तीतस १:२ पढ्नुहोस्।

**बाइबल आधिकारिक छ।**

बाइबलको लेखक परमेश्वर पवित्र आत्मा हुनुहुन्छ। बाइबलमा परमेश्वरका वचनहरू समेटिएका छन्। त्यसकारण, बाइबलसँग मानवीय विचार र व्यवहारमाथि मात्र पूर्ण अधिकार छैन, तर इसाई शिक्षा र आचरणमाथि पनि यसको पूर्ण अधिकार छ।

**बाइबल भरोसायोग्य छ।**

परमेश्वरको वचनले उहाँको चरित्रहरूलाई प्रतिबिम्बित गर्दछ। बाइबल अनन्त भए तापनि यसलाई समयको आयाममा प्रकट गरिएको छ। बाइबल सत्यतापूर्ण, पवित्र अनि न्यायपूर्ण छ। त्यसकारण यो पूर्णरूपमा भरोसा गर्न योग्य छ। परमेश्वर सत्यतापूर्ण हुनुभएकोले गर्दा उहाँले आफ्नो उद्देश्य स्पष्टसँग प्रकट गर्न चाहनुहुन्छ; तसर्थ, बाइबलको कुनै खण्डमा दुई फरक अर्थहरू छैन। त्यसकारण, परमेश्वरले बाइबलको प्रत्येक खण्डमा के भन्न खोज्नुभएको छ, सो तपाईंले बुझ्न कोसिस गर्नुपर्छ।

### २. बाइबल चरित्रमा स्वभाविक छ।

यूहन्ना १४:२६; यशैया ३०:८; यर्मिया ३६:१४ पढ्नुहोस्।

**सुरुका भाषाहरू**

बाइबल मानिसहरूद्वारा मानिसहरूका लागि आएको परमेश्वरको वचन हो। परमेश्वर मानिसहरूसँग बोल्नुभयो अनि मानिसहरूले परमेश्वरको वचनलाई लेखे। बाइबल परमेश्वरले आफ्ना वचनहरू प्रकट गर्नुभएको तत्कालीन समयमा मानिसहरूले बोल्ने भाषाहरूमा लेखिएको हो। पुरानो करार बाइबल सुरुमा हिब्रू भाषामा लेखिएको थियो (त्यसको सानो अंशचाहिँ अरामाइक भाषामा लेखिएको थियो) र नयाँ करार बाइबलचाहिँ ग्रीक भाषामा लेखिएको थियो। बाइबलको सबै अनुवादहरू र व्याख्याहरूको लागि सुरुका हिब्रू र ग्रीक आधिकारिक भाषाहरू हुन्।

**अनुवादहरू**

इ.पू. २५० मा पुरानो करार ग्रीक भाषामा उल्था गरिएको थियो र नयाँ करारले उक्त अनुवादलाई परमेश्वरको वचनको रूपमा व्यवहार गर्छ। त्यसैगरी तपाईंको आफ्नै भाषामा उपलब्ध बाइबलको आधिकारिक अनुवाद पनि परमेश्वरकै वचन हो, किनभने यो हिब्रू पुरानो करार र ग्रीक नयाँ करारबाट सही किसिमले अनुवाद भएको हुनुपर्छ। यदि तपाईंले बाइबललाई सुरुका भाषाहरूमा अथवा अहिलेको आधुनकि भाषाहरूमा पढ्न सक्नुहुन्छ भने त्यसले तपाईंलाई बाइबलको सही व्याख्या गर्न ठूलो सहायता पुऱ्याउँछ।

## नियम २ - एकता र स्पष्टता

- बाइबल एकमात्र यस्तो पुस्तक हो, जहाँ परमेश्वर र संसारको निम्ति उहाँका योजनाहरूको प्रकाश लेखिएको छ।
- पुरानो करार र नयाँ करारको एकता यस अर्थले छ, कि 'पुरानो करारमा नयाँ करार लुकाइएको छ, अनि नयाँ करारमा पुरानो करारलाई प्रकट गरिएको छ।' त्यसकारण, बाइबलको कुनै खण्डलाई व्याख्या गर्नको निम्ति उत्तम सहयोगी भनेको स्वयम् बाइबल नै हो।

## १. बाइबलमा एकता छ।

१ पत्रुस १:१०-१२; मत्ती ५:१७; लूका २४:४४-४५; २ कोरिन्थी १:२०; कलस्सी २:१६-१७; हिब्रू १०:१-४ पढ्नुहोस्।

### तयारी र परिपूर्णता।

पुरानो करार र नयाँ करार एक-आपसमा विरोधाभासपूर्ण छैन। तिनीहरू एक-अर्काको परिपूरक हुन्: पुरानो करारले नयाँ करारको तयारी गर्दछ अनि नयाँ करारले पुरानो करारलाई परिपूर्ण गर्दछ।

### प्रकाशको क्रमवद्ध प्रगति

जेजस्तो भए तापनि परमेश्वरको प्रकाशमा क्रमवद्ध प्रगति छ। बाइबलले पुरानो करारका व्यवस्थाहरू, नमुनाहरू, अगमवाणीहरू र प्रतिज्ञाहरूलाई आउनेवाला असल कुराहरूको छाया भन्दछ भने नयाँ करारलाई ख्रीष्टमा भेट्टाइएका वास्तविकताहरू भन्दछ। नयाँ करारले कसरी परमेश्वरले पुरानो करारका व्यवस्थाहरू, नमुनाहरू, अगमवाणीहरू र प्रतिज्ञाहरूलाई ख्रीष्टमा पूरा गर्नुहुन्छ भनी सिकाउँछ। त्यसकारण, पुरानो करारलाई सधैँ नयाँ करारको प्रकाशद्वारा व्याख्या गर्नुपर्छ! नयाँ करारका शिक्षाहरू आधिकारिक छन्!

## २. बाइबल आफैले यसको अर्थ खोल्दछ।

लूका १०:२५-२८ पढ्नुहोस्। बाइबलमा लेखिएका कुराहरूको बारेमा मानिसहरूको प्रश्नहरूको जवाफ येशू ख्रीष्टले बाइबलमा लेखिएका कुराहरूबाट नै दिनुभयो। बाइबलको कुनै खण्डमा उल्लेखित अस्पष्ट भनाइलाई (व्यवस्था २४:१) उहाँले बाइबलको अर्को खण्डको शिक्षाहरूद्वारा स्पष्टसँग व्याख्या गर्नुभयो (उत्पत्ति १:२७; २:२४; मत्ती १९:३-८)। तसर्थ, बाइबल आफैले यसको अर्थ खोल्दछ। बाइबलको कुनै खण्डको उत्तम व्याख्या स्ययम् बाइबलले गर्दछ। कुनै बाइबल खण्डकको दुई फरक अर्थहरू छैन। त्यसकारण, सधैँ परमेश्वरले बुझाउन चाहनुभएको अर्थलाई बुझ्ने कोसिस गर्नुहोस्।

---

# नियम ३ - पवित्र आत्मा र विश्वास

- बाइबलको परमेश्वर बाइबलको लेखक र विषयवस्तु हुनुहुन्छ।
- परमेश्वर पवित्र आत्माले बाइबलका वचनहरू मानिसहरूलाई बुझाउने काम गर्नुहुन्छ।
- ख्रीष्टमा गरिएको विश्वास सधैँ बाइबलका वचनहरूमा आधारित हुन्छन्। त्यसकारण, बाइबल सही किसमले बुझ्न र व्याख्या गर्नको निम्ति बाइबलका पाठकहरूलाई पवित्र आत्मा र येशू ख्रीष्टमाथिको विश्वास आवश्यक पर्दछ।

## १. पवित्र आत्मा र विश्वास भएका मानिसहरू

यूहन्ना १६:१३-१५; रोमी १०:१४-१७; १ कोरिन्थी २:७-१५ पढ्नुहोस्।

परमेश्वरले बाइबलमा प्रकट गरिदिनुभएका कुराहरू बुझ्नको निम्ति पवित्र आत्माले मानिसहरूको दिमाग र हृदयमा ज्ञानको प्रकाश दिनुहुन्छ। परमेश्वर र उहाँको इच्छाको बारेमा बाइबलको परमेश्वरको प्रकाशको ज्ञान येशू ख्रीष्टमाथि गरिएको विश्वासद्वारा आउँछ। नयाँ जन्म पाएका विश्वासीहरूले मात्र बाइबललाई सही किसिमले व्याख्या गर्न सक्छन्।

## २. पवित्र आत्मा र विश्वास नभएका मानिसहरू

२ कोरिन्थी ३:१४-१७; ४:३-४; मत्ती २१:२९; २ पत्रुस ३:१६ पढ्नुहोस्।

गैर-इसाईहरू (अरू धर्महरूका अनुयायीहरू) आत्मिकरूपमा मृत अवस्थामा छन् र तिनीहरूका आँखा ढाकिएका छन्, त्यसैले तिनीहरूले बाइबलको सही व्याख्या गर्न सक्दैनन्। पवित्र आत्मा र इसाई विश्वासबिना तिनीहरूको बाइबल अध्ययनको परिश्रम व्यर्थ हुन्छ। बाइबल, बाइबलको परमेश्वर, येशू ख्रीष्ट र इसाईहरूको बारेमा गैर-इसाईहरूले दिएका व्यक्तव्यहरूलाई तिनीहरूले अझै नयाँ जन्म पाएका छैनन् भन्ने प्रकाशद्वारा मूल्याङ्कन गरिनुपर्छ।

---

## नियम ४ - अपेक्षित श्रोता (दर्शक)

बाइबलले फरक-फरक श्रोताहरूलाई सम्बोधन गर्दछ। बाइबलको प्रत्येक खण्डले कुन श्रोतालाई सम्बोधन गर्ने अभिप्राय राखेको थियो भनी पत्ता लगाउनुहोस्। यसो गर्नाले बाइबलमा उल्लेखित प्रतिज्ञाहरू, आज्ञाहरू, चुनौति अनि धम्कीहरू र अगमवाणीहरूलाई सही व्याख्या गर्न सहायता मिल्दछ।

- कहिलेकाहिँ बाइबलको विशेष सत्यता संसारको सबै मानिसहरू अथवा सबै इसाईहरूप्रति लक्षित हुन्छन्।
- कहिलेकाहिँ बाइबलको कुनै सत्यता विशेष व्यक्ति, समूह, उमेर अथवा अवस्थाप्रति केन्द्रित अथवा सीमित हुन्छ।

### १. कहिलेकाहिँ विशेष बाइबल खण्डमा उल्लेखित सत्यता हरेक व्यक्तिप्रति निर्दिष्ट (लक्षित) हुन्छ।

लूका १४:२५-२७ पढ्नुहोस्। यस बाइबल खण्डमा उल्लेखित सत्यता संसारको सबै राष्ट्रहरूका मानिसहरूप्रति लक्षित छ। यसको अभिप्राय तपाईंमा बाइबलीय दृढ विश्वासहरू विकास गर्नु हो (लूका १४:२५-२७); पश्चाताप गरेर सुसमाचारमा विश्वास गर्नु हो (मर्कूस १:१५); येशू ख्रीष्टमा विश्वास गर्नु हो (यूहन्ना ३:१६) र आफ्नो क्रूस बोकेर येशू ख्रीष्टलाई पछ्याउनु हो (मर्कूस ८:३४-३८)। यस खण्डमा भएको सत्यता यस हेतुले सबै इसाईहरूका लागि हो, कि तपाईंले आफ्नो परिवारभन्दा येशू र सुमाचारलाई माथि राखी त्यसप्रति इमान्दार हुनु हो (मर्कूस १०:२८-३०); येशूले तपाईंलाई प्रेम गर्नुभएझैं एकले अर्कालाई प्रेम गर्नु हो (यूहन्ना १३:३४-३५); येशू ख्रीष्टप्रति आज्ञाकारी हुन र पवित्र आत्माद्वारा शुद्ध हुन परमेश्वरले तपाईंलाई चुन्नुभएको छ भनी जान्नु (१ पत्रुस १:१-२); र परमेश्वरबाट तपाईंले अति अनुग्रही उपहारको रूपमा बहुमूल्य विश्वास प्राप्त गर्नुभएको छ भनी जान्नु हो (२ पत्रुस १:१)।

### २. कहिलेकाहिँ बाइबलको विशेष खण्डको सत्यता सीमित श्रोताप्रति निर्दिष्ट (लक्षित) हुन्छ।

मर्कूस १०:१७,२१ पढ्नुहोस्। विशेष व्यक्तिप्रति निर्दिष्ट केही बाइबल खण्डहरू यसप्रकारका छन्: परमेश्वरको सेवक दाऊद (१ इतिहास १७:७,११-१४); धनी जवान मानिस (मर्कूस १०:२१); विशेष समूहमा सीमित: इस्राएल (मलाकी १:१; यशैया ६:८-१०); विशेष समय अवधिको लागि सीमित: पुरानो करारको समयमा हरेक पुरुषको शारीरिक खतना हुनुपर्थ्यो (उत्पत्ति १७:९-१४; गलाती ५:३-४; ६:१२-१५) अथवा विशेष अवस्थाको लागि सीमित: पश्चाताप गर्नु (यर्मिया १८:६-१०; इजकिएल ३३:११-२०); आत्माले भन्नुभएको कुरा सुन्नु र त्यसप्रति आज्ञाकारी हुनु (प्रकाश २:७)।

## नियम ५ - साहित्यिक शैलीहरू र जोड दिएका कुराहरू

- बाइबलमा फरक-फरक साहित्यिक शैलीहरू छन्। बाइबलको प्रत्येक खण्डमा प्रयोग गरिएका साहित्यिक ढाँचालाई पत्ता लगाउनुहोस् र त्यस किसिमको साहित्यलाई व्याख्या गर्ने नियमअनुसार प्रत्येक खण्डलाई सही किसिमले व्याख्या गर्नुहोस्। उदाहरणको लागि येशूले भन्नुभएको उखान र दृष्टान्तहरूलाई सोहीअनुसार व्याख्या गर्नुहोस्।
- बाइबलले फरक-फरक कुराहरूलाई जोड दिएको छ। बाइबलको विशेष खण्डले शिक्षा दिने कुरामा, काम गर्ने प्रेरणामा, इतिहासमा अथवा प्रतिज्ञा अनि अगमवाणीमा जोड दिएको छ भने सोहीअनुसार त्यस खण्डलाई व्याख्या गर्नुहोस्।

### १. फरक-फरक किसमका साहित्य

बाइबलमा फरक-फरक किसिमा साहित्यका ढाँचाहरू छन्; जस्तै: व्यवस्था, शिक्षाहरू, इतिहास, कविता, गीत, बुद्धि, दृष्टान्त, रूपक, प्रतिज्ञा, अगमवाणी र प्रकाश आदि। यीमध्ये प्रत्येक साहित्यको ढाँचालाई त्यसको आफ्नै नियमअनुसार व्याख्या गरिनुपर्छ। इतिहासलाई शाब्दिकरूपमा त्यहाँ उल्लेखित तथ्यहरूअनुसार व्याख्या गर्नुपर्छ, कवितालाई आलङ्कारिक अथवा लाक्षणिकरूपमा व्याख्या गर्नुपर्छ, बुद्धिका खण्डहरूलाई तुलनात्मकरूपमा व्याख्या गर्नुपर्छ र प्रकाशलाई चित्रहरू र चिन्हहरूद्वारा व्याख्या गर्नुपर्छ। बाइबलको विशेष खण्डमा भएका साहित्यिक ढाँचालाई पत्ता लगाउनुहोस् र त्यसलाई त्यसकै नियमअनुसार सही किसिमले व्याख्या गर्नुहोस्।

### २. भनाइहरूमा फरक-फरक जोड दिनु

बाइबलमा फरक-फरक किसिमले जोड दिने कुरा उल्लेखित छ। बाइबलको विशेष खण्डले शिक्षा दिने कुरा, काम गर्ने प्रेरणा, इतिहासको सञ्चार, प्रतिज्ञा अथवा अगमवाणीमध्ये कुन कुरामा जोड दिएको छ, त्यसलाई पत्ता लगाउनुहोस्।

**शिक्षा दिने कुरामा जोड दिएको अवस्था**

यूहन्ना १४:६ पढ्नुहोस्। बाइबलको कुनै खण्डले तपाईंलाई शिक्षा दिने कुरामा जोड दिएको छ भने तपाईंले त्यसलाई विश्वास गर्नैपर्छ। यूहन्ना १४:६ मा शिक्षा दिने कुरालाई जोड दिएको छ। विशेषगरी यस्तो शिक्षाहरूलाई नाउँहरूमा ध्यान दिँदै निर्माण गर्नुहोस्। उदाहरणको लागि उक्त पदमा भएका नाउँहरूलाई ध्यान दिनुहोस्: म (येशू), बाटो, सत्य, जीवन, कोही पनि, पिता आदि। यहाँबाट हरेक व्यक्तिले विश्वास गर्नैपर्ने शिक्षा यही हो, कि येशू पिताकहाँ जाने एकमात्र बाटो हुनुहुन्छ!

**काम गर्ने प्रेरणामा जोड दिएको अवस्था**

यूहन्ना १३:३४-३५ पढ्नुहोस्। कुनै बाइबल खण्डले तपाईंले गर्नुपर्ने काममा जोड दिन्छ भने तपाईंले सो काम गर्नैपर्छ। यूहन्ना १३:३४-३५ ले गर्नुपर्ने काममा प्रेरणा दिन्छ। यहाँ विशेष गरी क्रियापदलाई ध्यानमा राखी काम निर्माण गर्नुहोस्। उदाहरणको लागि यहाँ उल्लेखित कुराहरूमा ध्यान दिनुहोस् 'एकले अर्कालाई प्रेम गर', मैले प्रेम गरेझैँ', तिमीले प्रेम गर्नैपर्छ, सबै मानिसहरूले जान्नेछन्', 'तिमीहरू मेरा चेलाहरू हौ' आदि। तपाईंको साथै हरेक इसाईले पालना गर्नैपर्ने आज्ञा यही हो: जसरी येशू ख्रीष्टले हामीलाई प्रेम गर्नुभयो, त्यसरी नै हामी इसाईहरूले एक-अर्कालाई प्रेम गर्नैपर्छ!"

**इतिहाससँग सञ्चार गर्ने कुरामा जोड दिएको अवस्था**

प्रेरित १७:११ पढ्नुहोस्। कुनै बाइबल खण्डले ऐतिहासिक घटनालाई जोड दिएको छ भने उक्त ऐतिहासिक घटनालाई तपाईंले अनुसरण गर्ने कि नगर्ने भनी तपाईं आफैले निर्धारण गर्नुपर्छ।

यदि इतिहासमा कुनै नराम्रो (नकारात्मक) उदाहरण छ भने तपाईंले त्यसलाई कहिले पनि पछ्याउनु हुँदैन। उदाहरणको लागि इसाईहरूले पुरानो करारका इस्राएलीहरूको बानी-व्यहोरालाई पछ्याउनु हुँदैन, जुन १ कोरिन्थी १०:६-११ मा उल्लेख गरिएका छन्। त्यसैगरी इसाईहरूले नयाँ करारको मण्डलीका डियोत्रेफसजस्ता खराब चरित्र भएका अगुवालाई पछ्याउनु हुँदैन: उसले प्रेरित यूहन्ना र तिनको समूहलाई तिरस्कार गरेर अरू इसाईहरूलाई उसको मण्डलीमा स्वागत गरेननर अनि मण्डलीका सदस्यहरूलाई सही र असल काम गर्न रोके (३ यूहन्ना ९-११)।
इसाई अगुवाहरूले आफूलाई सुम्पिएका मानिसहरूमाथि कहिले पनि प्रभुत्व जमाएर शासन गर्नुहुँदैन (मत्ती २०:२५-२८; १ पत्रुस ५:१-४)।

तर यदि इतिहासको कुनै उदाहरण असल (सकारात्मक) छ भने तपाईंले उक्त असल उदाहरणलाई अनुसरण गर्न सक्नुहुन्छ, तर बाइबलको अर्को खण्डमा त्यस्तो शिक्षा दिएको अथवा आज्ञा गरिएको नभेट्टाएसम्म अरू इसाईहरूलाई त्यो उदाहरण अनुसरण गराउन सक्नुहुन्न। उदाहरणको लागि बजारमा बेच्न राखिएको अथवा पाहुना लाग्न गएको ठाउँमा आफ्नो अगाडि राखिएको जुनसुकै कुरा इसाईहरूले खान सक्छन्। तर यदि तिनीहरूको विवेकले त्यसमाथि प्रश्नहरू खडा गर्दछ भने तिनीहरू त्यस्ता खानेकुराहरूबाट अलग रहन सक्छन्। तर मासु खाने अथवा त्यसबाट अलग रहने अरू इसाईहरूलाई तिनीहरूले न्याय गर्नु हुँदैन। तिनीहरूले आफूले जस्तो व्यवहार गर्छन्, त्यस्तै व्यवहार अरूहरूले गरून् भनी जबरजस्ती गर्नु हुँदैन (रोमी १४:१-१५:१४; १ कोरिन्थी १०:२३-११:१)।

अर्को उदाहरण: इसाईहरूले बेरियाका विश्वासीहरूको असल उदाहरण अनुसरण गर्न सक्छन् अनि तिनीहरूले हरेक दिन बाइबल अध्ययन गरेर प्रचारक र शिक्षकहरूले बोलेका कुराहरू साँचो हो कि होइन भनी जाँच्न सक्छन् (प्रेरित १७:११)। तर तिनीहरूले सबै इसाईहरूले यसै गर्नुपर्छ भनेर हरेक दिन बाइबल अध्ययनको माग गर्नु हुँदैन।

**प्रतिज्ञा अथवा अगमवाणीमा जोड दिएको अवस्था**

यूहन्ना १४:२१; उत्पत्ति २२:१८; गलाती ३:८,१६ पढ्नुहोस्। यदि कुनै बाइबल खण्डले प्रतिज्ञा अथवा अगमवाणीको कुरा गरेको छ भने तपाईंले पहिले त्यसको श्रोता (उत्पत्ति २२:१५-१८), अवस्था (यर्मिया १८:५-१०; इजकिएल १८) र त्यसको परिपूर्णतालाई (मत्ती ८:११-१२; २१:४२-४४; गलाती ३:२६-२९; एफिसी २:११-२२; १ पत्रुस २:४-१०) ठिकसँग लागू हुने गरी छुट्ट्याउनु होस्। पुरानो करारको अगमवाणीहरूलाई विषय मिल्ने गरी नयाँ करारको शिक्षाहरूको प्रकाशमा व्याख्या गर्नुपर्दछ। उदाहरणको लागि पुरानो करारको अगमवाणीले इस्राएको चर्चा गर्दा (आमोस ९:११-१२), नयाँ करारमा त्यसलाई विशेष गरी अन्यजाति घरानाबाट आएका विश्वासीहरू हुन् भनी अर्थ लगाउनु पर्दछ (प्रेरित १५:१४-१९; रोमी १०:१२ र गलाती ३:२८ सँग तुलना गर्नुहोस्)।

# नियम ६ - परम्परा र सिद्धान्त

बाइबलमा उल्लेखित शिक्षाहरू, आज्ञाहरू र मनाहीहरूलाई कुन मण्डलीमा सिकाउनुपर्छ भनी निधो गर्नुहोस्।

- मण्डलीहरूको परम्पराहरू कहिले पनि आधिकारिक हुन सक्दैन। बाइबले के सिकाउँछ भन्ने कुरा मण्डलीले निर्धारण गर्ने होइन।
- हरेक मण्डलीको सैद्धान्तिक विश्वासको सार र तिनीहरूका स्वीकारहरूलाई सधैँ बाइबलको स्पष्ट शिक्षाहरूको प्रकाशमा सही ढङ्गले व्याख्या गरेर मूल्याङ्कन गरिनुपर्दछ।

## १. धार्मिक परम्पराहरू कहिले पनि आधिकारिक हुँदैनन्।

### धार्मिक क्रियाकलापहरू (गतिविधिहरू)

यशैया १:८-१८ पढ्नुहोस्। परमेश्वरले अगमवक्ता यशैयालाई यो कुरा प्रकट गर्नुभयो, कि भेटीहरू, धूपहरू र चाडहरू मनाएर गरिने मन्दिरको परम्परागत आराधना अर्थहीन र घृणित भएको छ, किनभने मानिसहरूले जे खराब छ, त्यो काम गर्न रोकेनन् र परमेश्वरप्रति आज्ञाकारी हुन थालेनन्।

### दर्शनहरू, सपनाहरू र भविष्यवाणीहरू

यर्मिया २३:१६,२१-२२;२५-३२;३६ पढ्नुहोस्। म परमेश्वरको अगमवक्ता हुँ भनी दावी गर्ने मानिसहरू सधैँ हुनेछन् भन्ने कुरा परमेश्वरले अगमवक्ता यर्मियालाई प्रकट गर्नुभयो। तर तिनीहरू कहिले पनि परमेश्वरबाट पठाइएका हुँदैनन! झूटा अगमवक्ताहरूले आफ्नै दिमागबाट दर्शनहरू र सपनाहरू बोल्ने गर्दछन्। तिनीहरूले गरेका भविष्यवाणीहरू केवल आफ्नै मानवीय शब्दहरू हुन्। तिनीहरूले बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वरको वचनहरूलाई बङ्ग्याउँछन्।

इसाईहरूले कुन मानिसको वचन हो र कुन परमेश्वरको वचन हो भनी छुट्ट्याउनै पर्छ। साँचो अगमवक्ता र प्रचारकहरूले विश्वासयोग्य भएर परमेश्वरका वचनहरू घोषणा गर्दछन्। अनि परमेश्वरका ती वचनहरूले मानिसहरूलाई तिनीहरूका दुष्ट मार्गहरूबाट फर्काउनेछ। येशू ख्रीष्टका शिक्षाहरू सबै अगमवाणीको साँचो आत्मा (सार र निचोड) हुन् (प्रकाश १९:१०)!

### परम्पराहरू

मर्कूस ७:१-९; लूका ११:४४-४६ पढ्नुहोस्। आफ्ना परम्पराहरूलाई मान्नको निम्ति बाइबलमा उल्लेखित परमेश्वरका आज्ञाहरूलाई फरिसी र व्यवस्थाका शिक्षकहरूले (यहूदी ईश्वरशास्त्रीहरूले) बेवास्ता गरेकोले येशूले तिनीहरूलाई दोष लगाउनुभयो। ती परम्पराहरू तिनीहरूले पुस्तौँदेखि मान्दैआएका थिए! बाइबलका शिक्षाहरू र आज्ञाहरूको ठाउँमा आफ्नै धार्मिक परम्पराहरूलाई राखेकोले गर्दा येशूले ती धार्मिक अगुवाहरूलाई आरोप लगाउनुभयो (मत्ती १५:३)। त्यस्ता धार्मिक परम्पराहरू र शिक्षाहरू 'मानिसले सिकाएका नियमहरू हुन्' भनी येशूले भन्नुभयो र त्यस्ता नियमहरू अनुसरण गरेर परमेश्वरको आराधना गर्नु व्यर्थ छ भनी उहाँले घोषणा गर्नुभयो (मर्कूस ७:६-७)। त्यस्ता धार्मिक परम्पराहरूलाई बाइबलमा उल्लेखित परमेश्वरको वचनहरूभन्दा महत्वपूर्ण ठान्ने मानिसहरूलाई येशूले अन्धो अगुवाहरू भन्नुभयो। त्यस्ता थाहै नपाई चिहानजस्ता प्रदुषित भएका व्यक्तिहरूबाट अलग बस्नुपर्छ भन्नुभयो (मत्ती १५:१३-१४; लूका ११:४४-४६)।

## २. इसाई दिद्धान्त सही किसिमले व्याख्या गरिएको बाइबलको स्पष्ट शिक्षाहरूमा आधारित हुनैपर्छ।

१ कोरिन्थी ४:६; १ तिमोथी ३:१४-१५; मत्ती ७:२४,२६; २ तिमोथी ३:१६-१७ पढ्नुहोस्।

### इसाई सिद्धान्त बाइबलमा आधारित हुनैपर्छ।

इसाई सिद्धान्त सही किसिमले व्याख्या गरिएको बाइबलको शिक्षाहरू, आज्ञाहरू र निषेधाज्ञाहरूमा आधारित हुनैपर्छ। बाइबलको शिक्षाहरू, आज्ञाहरू र निषेधाज्ञाहरूसँग कुनै मण्डली, सम्प्रदाय, मण्डलीको अगुवा अथवा शिक्षक, विज्ञान अथवा दर्शनशास्त्रको शिक्षाहरू, आज्ञाहरू र निषेधाज्ञाहरूको भन्दा उच्च स्तरको अधिकार हुन्छ। येशू र प्रेरितहरूले बाइबलमा लेखिएका त्यस्ता कुराहरूलाई घरी-घरी उद्धृत गरे (लूका १०:२५-२६; प्रेरित २:१६; प्रेरित १३:४०-४१) र तर उहाँहरूले कुनै प्रख्यात रब्बी (गुरु), मण्डलीको पिता, बाइबलको टिप्पणीकार अथवा इसाई पुस्तकको लेखकले भनेका कुराहरूलाई उद्धृत गरेनन्। हरेक मण्डली र सम्प्रदायको विश्वासको सार र स्वीकारहरू सहयोगी हुने भए तापनि ती कुराहरू इसाई विश्वाससँग मिलेको हुनुपर्छ र त्यसलाई सधैँ सही किसिमले व्याख्या गरिएको बाइबलको स्पष्ट शिक्षाहरूको प्रकाशमा मूल्याङ्कन गरिनु पर्दछ।

बाइबलमा लेखिएका कुराहरूमा केही थप्ने अथवा घटाउने काम गरेर कहिले पनि बाइबलभन्दा बाहिर नजानुहोस्! "जे लेखिएको छ, त्योभन्दा बाहिर नजानू" भनी प्रेरित पावलले धर्मशास्त्रमा नियम राखिदिनुभएको छ (१ कोरिन्थी ४:६; २ तिमोथी ३:१६-१७)। लेखिएका शिक्षाहरूलाई अनुसरण गर्नु भनी उपदेश दिन तिनले मण्डलीहरूलाई पत्र लेखेका छन् (फिलिप्पी ४:९; १ तिमोथी ३:१४-१५; २ पत्रुस ३:१-२,१६ सँग तुलना गर्नुहोस्)। त्यसैगरी बाइबलमा आफ्नै शब्दहरू, व्याख्याहरू अथवा अर्थहरू थप्ने अथवा बाइबलबाट केही शब्दहरू घटाउने हरेक व्यक्तिलाई स्वयम् येशू ख्रीष्टले गम्भीर चेताउनी दिनुभएको छ (प्रकाश २२:१८-१९)।

**येशू ख्रीष्टका शिक्षाहरूलाई व्यवहारमा अभ्यास गर्नैपर्छ।**

येशूको वचनहरू विश्वास गर्नुपर्छ अनि त्यसलाई व्यवाहरमा उतार्नुपर्छ भनी येशूले मानिसहरूलाई सिकाउनुभयो (यूहन्ना ८:२४; मत्ती ७:२४,२६)। जसले ख्रीष्टको शिक्षाहरूलाई सिकाउँदै जाँदैन अथवा जसले ख्रीष्टको शिक्षालाई ल्याउँदैन, त्यसलाई स्वागत गर्नैहुँदैन भनी प्रेरित यूहन्नाले आज्ञा दिएका छन् (२ यूहन्ना ९-११)।

## नियम ७ - जिम्मेवारी

बाइबलको उद्देश्य परमेश्वरको सत्यता प्रकट गर्नु र मानिसको जीवन परिवर्तन गर्नु हो।

- हरेक इसाईसँग बाइबल अध्ययन गर्ने, व्याख्या गर्ने र त्यसको सत्यतालाई आफ्नो जीवनमा लागु गर्ने हक र जिम्मेवारी छ। तैपनि, उसले बाइबलको सत्यतालाई सही किसिमले व्याख्या र लागू गर्नैपर्छ।
- हरेक इसाईले सत्य सिकाउन सक्छन्। झूटा शिक्षाको खण्डन गरी गलत साबित गर्नैपर्छ।

### १. सत्यलाई जान्ने, बुझ्ने र पालाना गर्ने जिम्मेवारी

मत्ती १३:२३; यूहन्ना १४:२१,२३; १ पत्रुस १:१४-१६; यूहन्ना ८:३१-३२; १७:१७; मत्ती ७:२४; फिलिप्पी ४:९)

**ज्ञान**

स्वयम् येशू ख्रीष्ट र उहाँका शिक्षाहरू सत्य हुन्। उक्त सत्य जान्न, बुझ्न र पालना गर्न उहाँले आज्ञा दिनुहुन्छ। त्यो सत्यले पक्कै तपाईंलाई स्वतन्त्र गर्नेछ र शुद्ध बनाउनेछ।

**आज्ञाकारिता**

येशू र प्रेरितहरूले प्राय: साधारण मानिसहरूलाई उहाँहरूले बोलका कुराहरू बुझ्न आग्रह गर्नुभयो। त्यसको साथै उहाँहरूका शिक्षाहरू व्यवहारमा उतार्न र अरू मानिसहरूलाई सिकाउन आग्रह गर्नुभयो (एज्रा ७:१० सँग तुलना गर्नुहोस्)।

**चरित्र**

अगमवक्ताहरू, येशू ख्रीष्ट र प्रेरितहरूले बाइबलका पाठकहरूलाई यसरी आग्रह गर्नुभयो, " पवित्र होओ, किनभने परमेश्वर पवित्र हुनुहुन्छ।" बाइबलका शिक्षाहरू जान्ने मात्र होइन, तर त्यसलाई पालना गर्नु भनेको पवित्रताको बाटोमा हिँड्नु हो।

### २. झूटा शिक्षकहरूलाई इन्कार गर्ने जिम्मेवारी

२ यूहन्ना ९-११; २ तिमोथी २:२३-२६; तीतस १:९; १ यूहन्ना २:२०-२३ पढ्नुहोस्।
इसाईहरूले झूटा शिक्षकहरूको खण्डन गर्नैपर्छ र तिनीहरूलाई आफ्नो घरमा स्वागत गर्नु हुँदैन।

## नियम ८ - इतिहास

बाइबलको ऐतिहासिक विषयवस्तुले इतिहासमा घटेका घटनाहरू र मानवीय व्यवहारको व्याख्यालाई समेट्छ: जे परमेश्वरले देख्नुभयो, मानिसको जीवनमा ठ्याक्कै त्यही भयो। बाइबलले आधिकारिकरूपमा नबताएसम्म त्यसको ऐतिहासिक विषयवस्तु कहिले पनि आधिकारिक आज्ञा हुँदैन।

- बाइबलमा लेखिएका सबै ऐतिहासिक घटनाहरू र सबै मानवीय व्यवहारको उदाहरणहरूले बाइबलको शिक्षाहरूलाई समेट्दैन किनभने त्यो प्राय: परमेश्वरले हुन दिनुभएअनुसार पाप र विकृतिले कलङ्कित भएको छ।
- बाइबलमा लेखिएका सबै ऐतिहासिक घटनाहरू र सबै मानवीय व्यवहारको उदाहरणहरूलाई बाइबलमै भएका स्पष्ट शिक्षाहरू, आज्ञाहरू र निषेधाज्ञाहरूको प्रकाशमा व्याख्या गरिनुपर्दछ।

बाइबलमा उल्लेखित इतिहासले एकातर्फ हाम्रो सिद्ध परमेश्वरले के भन्नुभयो र के गर्नुभयो भनी बताउँछ भने, अर्कोतर्फ असिद्ध मानिसहरू र असिद्ध राष्ट्रहरूले के भने र के गरे भनी बताउँछ।

## १. परमेश्वरको मुक्तिको इतिहास र परमेश्वरप्रति मानिसको प्रतिक्रियाको इतिहास

### बाइलमा भइको ऐतिहासिक वृत्तान्तको दुई वटा निश्चित उद्देश्यहरू छन्:

**इतिहासभरि नै परमेश्वर बोल्नुहुन्छ अनि काम गर्नुहुन्छ।**
परमेश्वरको उद्देश्य भनेको उहाँले आफूलाई हामीसामु प्रकट गराउनु हो, र त्यसै गरी उहाँको योजना, उहाँको इच्छा, सृष्टिको काममा उहाँको सहभागिता, इतिहासमा उहाँको शब्दहरू र शक्तिशाली कामहरू हामीमा प्रकट गर्नु पनि उहाँको उद्देश्य हो। परमेश्वरले गर्नुभएको सृष्टिको इतिहास (उत्पत्ति १:१-२:४), उद्धार (प्रस्थान १३:२१-२२; १४:१९-२२,२९-३१; २०:१-२), र उहाँको न्याय (प्रस्थान १४:२३-२८) बाइबलमा प्रकट गरिएको छ र ती कुराहरू लेखिएका छन्। यो कुरा महत्वपूर्ण छ किनभने यो यस्तो उपाय हो, जसद्वारा सृष्टि र इतिहासमा हामीले वास्तविकता र जीवित परमेश्वरको उपस्थितिलाई पक्रन सक्छौँ (साथै उहाँको पवित्रता, धार्मिकता, प्रेम र दयालाई पनि पक्रन सक्छौँ)। त्यसको साथै हामीले यसबाट मानिसजातिको निम्ति परमेश्वरको मुक्तिको योजना पनि बुझ्न सक्छौँ।

**इतिहासभरि नै परमेश्वरको वचनहरू र कामहरूप्रति मानिसको प्रतिक्रिया समेटिएको छ।**
इतिहासमा परमेश्वरको वचनहरू र कामहरूप्रति कुनै व्यक्ति, मानिसहरूको समूहहरू र राष्ट्रहरूले दिएको प्रतिक्रियाहरू हामीमा प्रकट गराउनु पनि परमेश्वरको उद्देश्य हो। त्यस्ता प्रतिक्रियाहरू कहिलेकाहिँ परमेश्वरलाई मनपर्ने किसिमका थिए (उत्पत्ति ६:९) र कहिलेकाहिँ मन नपर्ने किसिमका थिए (उत्पत्ति ६:२; व्यवस्था ७:३-४)। परमेश्वरको वचनहरू र कामहरूप्रति मानिसहरूले दिएको प्रतिक्रियाहरू र व्यवहारहरूको इतिहास पनि बाइबलमा लेखिएका छन्। यो कुरा महत्वपूर्ण छ, किनभने यही उपायद्वारा परमेश्वरको नजरमा हामी मानिसहरू के हौँ भनी हामी बुझ्दछौँ र त्यसको साथै सबै मानिसहरूको गहिरो पतनको अवस्थाको वास्तविकतालाई पनि हामी पक्रन्छौँ (मानिसहरूको अपवित्रता, अधार्मिकता, घृणा र दयाबिहिन अवस्थालाई हामी बुझ्दछौँ) (उत्पत्ति ६:५)।

## २. बाइबलमा व्याख्या अथवा मूल्याङ्कन नगरिएका ऐतिहासिक उदाहरणहरू

**बाइबलको मानव इतिहास आधिकारिकरूपमा आदेशात्मक होइन।**
प्रायजसो समयमा बाइबलमा उल्लेखित मानव इतिहास व्याख्या अथवा मूल्याङ्कन नगरीकन वर्णन गरिएका छन्। त्यसकारण, बाइबलमा उल्लेखित मानव इतिहास अथवा ऐतिहासिक उदाहरणहरू (ऐतिहासिक सन्दर्भ) आधिकारिरूपमा आदेशात्मक छैनन्: मानिसले कसरी विश्वास गर्नुपर्छ अथवा कसरी व्यवहार गर्नुपर्छ भनी ती उदाहरणहरूले सिकाउँदैनन्। वास्तमा इतिहासमा मानिसहरूले कसरी व्यवहार गरेका थिए भनेर मात्र ती उदाहरणहरूले बताउँछन्। बाइबलमा प्रकट गरिएका परमेश्वरका योजनाचाहिँ (कसरी मानिसहरूले व्यवहार गर्नुपर्छ) विशेषरूपमा परमेश्वरको इच्छालाई सीमित नबनाएसम्म ती सधैँ आधिकारिकरूपमा आदेशात्मक हुन्छन्। तर बाइबलले विशेषरूपमा आधिकारिक आदेशात्मक नभनेसम्म परमेश्वरको इच्छाप्रति मानिसको प्रतिक्रिया (वास्तवमा कसरी मानिसले व्यवहार गऱ्यो) कहिले पनि आधिकारिक आदेशात्मक हुँदैन।

बाइबलमा मानिसको व्यवहारको बारेमा (निषेधाज्ञाहरू, आज्ञाहरू, सही किसिमले व्याख्या गरिएका शिक्षाहरू: साँस्कृतिक सन्दर्भअनुसार) परमेश्वरको इच्छाको प्रकाश सधैँ आधिकारिक र आदेशात्मक हुन्छ (बाइबलले त्यसलाई सीमित नपारेसम्म)। मानिसले कसरी व्यवहार गरेको परमेश्वर चाहनुहुन्छ, मानिसको जीवनमा र मानव इतिहासमा के घटनाहरू हुनुपर्छ भन्ने कुराहरू त्यसले प्रकट गर्दछ! तैपनि, बाइबलमा मानिसको विवरणहरू (ऐतिहासिक घटनाहरू र व्यक्तिगत उदाहरणहरू: ऐतिहासिक सन्दर्भअनुसार) कहिले पनि आधिकारिक अथवा आदेशात्मक हुँदैनन् (बाइबलले त्यसलाई आधिकारिक नबानाएसम्म)। तिनीहरूले मानिसको जीवनमा र मानव इतिहासमा वास्तवमा के भएको थियो भनी कसरी मानिसहरूले परमेश्वरको निषेधाज्ञाहरू, आज्ञाहरू र शिक्षाहरूलाई प्रकट गर्दछन्!

बाइबलमा उल्लेखित घटनाहरू अनि  व्यक्तिगत उदाहरणहरू कहिले पनि आधिकारिक र आदेशात्मक हुँदैनन्(जबसम्म त्यस्तै विषय र सन्दर्भमा त्यही खण्डमा अथवा त्यसलाई समर्थन गर्ने अन्य खण्डहरूमा उल्लेख हुँदैनन्)। उदाहरणहरू:

- एकभन्दा बढी स्त्रीसँग विवाह गर्नु; जस्तै: लेमेख (उत्पत्ति ४:९; अब्राहाम (उत्पत्ति २५:६) र दाऊद (१ इतिहास ३:१-९; १४:३) - यी घटनाहरू आदेशात्मक होइनन् (मत्ती १९:५-६)।

- तर परमेश्वरसँग हिँड्नुचाहिँ आदेशात्मक हो (उत्पत्ति ५:२१), किनभने बाइबलमा जहाँसुकै यस्तै शिक्षा पाइन्छ (भजन २७:४)।

**बाइबलको मानव इतिहास आलङ्कारिक तस्वीर हो।**
ऐतिहासिक उदाहरणहरूले बाइबलले के सिकाउँछ भनी निर्धारण गर्दैनन्, तर तिनीहरूले बाइबलको शिक्षाहरूलाई आलङ्कारिकरूमा प्रदर्शन गर्न सक्छन्। उदाहरण:

- ख्रीष्टले गुप्त स्थानमा बसेर प्रार्थना गर्नु तर अन्यजातिहरूझै नबरबराउनु भनी दिनुभएको शिक्षा (मत्ती ६:५-८) निश्चितरूपमा यो सबै इसाईहरूका लागि आधिकारिक र आदेशात्मक शिक्षा हो। तैपनि, बिहान सबेरै एकान्त ठाउँमा गएर प्रार्थना गर्ने ख्रीष्टको नमुनालाई पछ्याउनु (मर्कूस १:३५) - यस घटनालाई बाइबलको अरू कुनै ठाउँमा व्याख्या र मूल्याङ्कन नगरिएकोले यो उदाहरण आधिकारिक र आदेशात्मक होइन। इसाईहरूले ख्रीष्टको यो नमुनालाई अनुसरण गर्दै बिहानै एकान्त ठाउँमा गई प्रार्थना गर्न सक्छन् तर तिनीहरूले अरूलाई यसै गर्न जबरजस्ती गर्नुहुँदैन र यसलाई अपरिहार्य इसाई सिद्धान्त अथवा रीति-रिवाज बनाएर शिक्षा दिने गर्नुहुँदैन!
- त्यसैगरी, सारा संसारमा गएर सुसमाचार प्रचार गर्ने ख्रीष्टको आज्ञा (मर्कूस १६:१५) इसाई मण्डलीको निम्ति निश्चितरूपमा आधिकारिक र आदेशात्मक छ। तैपनि, सुसमाचार गइसकेको ठाउँमा प्रचार नगर्ने पावलको रणनीति (रोमी १५:२०) बाइबलको अरू कुनै खण्डमा व्याख्या गरिएको अथवा मूल्याङ्कन गरिएको छैन, त्यसकारण यो आधिकारिक र आदेशात्मक होइन। इसाईहरूले पावलको यो उदाहरणलाई स्वतन्त्रतासाथ अनुसरण गर्न सक्छन् तर तिनीहरूले कहिले पनि पावलको व्यक्तिगत रणनीति कहिले पनि अरू इसाईहरूमा लाद्नु हुँदैन! यो रणनीति पावलले इसाई मण्डलीले अनुसरण गर्नुपर्ने शिक्षाको रूपमा दिएका होइइनन्। त्यो त तिनको व्यक्तिगत सेवकाइको विवरण मात्र हो।

## ३. बाइबलमा व्याख्या अथवा मूल्याङ्कन गरिएका ऐतिहासिक उदाहरणहरू

बाइबलमा उल्लेखित केही मानवीय इतिहास अथवा ऐतिहासिक उदाहरणहरूलाई दोहोऱ्याएर व्याख्या अथवा मूल्याङ्कन गरिएका छन्। त्यस्तो अवस्थामा मात्र शिक्षालाई सामान्यरूपमा लागू गर्न सकिन्छ। त्यसकारण दोहोऱ्याएर व्याख्या अथवा मूल्याङ्कन गरिएका ऐतिहासिक उदाहरणहरूलाई मात्र अनुसरण गर्न सकिन्छ। उदाहरण:

**चेताउनीको रूपमा लिनुपर्ने बाइबलको इतिहास**
१ कोरिन्थी १०:६-११ ले यसो भन्दछ, "उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौँ भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन् ... यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ।" यो बाइबल खण्ड र बाइबलमा उल्लेखित केही नराम्रा ऐतिहासिक घटनाहरू गलत काम गर्ने मानिसहरूलाई चेताउनी दिनको निम्ति हो। मानिसहरूले बाइबलमा उल्लेखित विभिन्न किसिमका खराब कुराहरूबाट टाढा रहनुपर्छ र तिनीहरूले पाएका दण्ड-सजायँबाट चेताउनी लिनुपर्छ।

**उपदेशको रूपमा लिनुपर्ने बाइबलको इतिहास**
१ कोरिन्थी ११:१ ले भन्दछ, "मेरो अनुकरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुकरण गर्दछु।" यो बाइबल खण्डमा आधारित भएर इसाईहरूले धार्मिक मानिसहरूको असल उदाहरणलाई पछ्याउन सक्छन्, जुन कुराले परमेश्वरको आधारभूत क्रियाकलापहरूलाई चित्रण गर्दछन्। उदाहरण:

- पावलको उदाहरणलाई इसाईहरूले पछ्याउनैपर्छ भनी धर्मशास्त्रले आज्ञा दिएको छैन, तर तिनीहरूले पावले गरेझैँ मिसेनरी यात्रामा गई हरेक सहरमा चेलाहरू बनाउँदै आफ्नो जीविकाको लागि काम गरेर नमुनाको जीवन जिउने कुरालाई रोज्न सक्छन् किनभने यसलाई बाइबलले स्पष्टसँग सिफारिस गर्दछ।
- तर इसाईहरूले पावलको उदाहरणलाई पछ्याएर मण्डली स्थापनाको लागि यहूदी सभाघरलाई टुक्र्याउने काम गर्नुहुँदैन (प्रेरित १९:८-१०), किनभने यो एउटा ऐतिहासिक घटनालाई बाइबलको अन्य खण्डले व्याख्या अथवा मूल्याङ्कन गरेको छैन।

**बाइबलको इतिहासलाई साधारण शिक्षामा प्रयोग गर्नु**
कुनै बाइबलीय घटना अथवा व्यक्तिगत उदाहरणलाई बाइबलको अरू खण्डहरूले व्याख्या अथवा मूल्याङ्कन गरेको छ भने, त्यसलाई इसाई जीवनको साधारण शिक्षाको रूपमा लागू गर्न सकिन्छ। उदाहरणको लागि तपाईंलाई आत्मिक आशिषहरू

बाँड्ने व्यक्तिलाई आफूसँग भएको भौतिक आशिष्हरू बाँड्ने पावलको सिद्धान्त हामीले अपनाउन सक्दछौँ (रोमी १५:२६-२७; १ कोरिन्थी ९:१४; अनि गलाती ६:६ सँग तुलना गर्नुहोस्)।

## नियम ९ - सँस्कृति

बाइबलमा उल्लेखित साँस्कृतिक विषयवस्तुले मानवीय व्यवहारको बारेमा आज्ञाहरू र शिक्षाहरूलाई समेट्छ: परमेश्वरले के माग गर्नुहुन्छ, त्यो मानिसको जीवनमा हुनुपर्छ! बाइबलमा उल्लेखित साँस्कृतिक विषयवस्तु इसाई व्यवहारको निम्ति सधैँ आधिकारिक अथवा आदेशात्मक हुन्छ (बाइबलले त्यसलाई सीमित नपारेसम्म)।

- पृथ्वीको कुनै स्थान अथवा कुनै ऐतिहासिक समयको मानवीय सँस्कृतिले बाइबलीय शिक्षालाई निर्धारण गर्दैन, किनभने त्यो पापद्वारा कलङ्कित भएको छ र परमेश्वरले हुनदिनुभएझैँ त्यो विकृत भएको छ।
- बाइबलले सिकाउने परमेश्वरको राज्यको सँस्कृतिले पृथ्वीको कुनै पनि स्थान र कुनै पनि समयअवधिको मानवीय सँस्कृतिलाई निर्धारण गर्दछ।

### १. सँस्कृति र साँस्कृतिक विषयवस्तु (सन्दर्भ)

मत्ती ५:२१-२२; मत्ती ५:२७-२८; मत्ती ५:३१-३२; मत्ती ५:३८-३९; मत्ती ५:४३-४४; कलस्सी ३:१८-२१ पढ्नुहोस्।

इतिहासको कुनै समयावधिको कुनै पनि मानिसहरूको समूहको सँस्कृतिमा निम्नलिखित दुई वटा कुराहरू हुन्छन्:

- तिनीहरूको विश्व-दृष्टिकोण, तिनीहरूको सत्यताहरू र विश्वासहरू, तिनीहरूको मूल्य-मान्यता र नैतिकताहरू, तिनीहरूमा विद्यमान अन्धविश्वासहरू र तिनीहरूको समयको आत्मा।
- तिनीहरूको दृढ विश्वासहरू, तिनीहरूको अनुभवहरू अनि आचरण, तिनीहरूको रीति-रिवाज अनि परम्पराहरू र तिनीहरूको सम्बन्धहरू अनि संस्थाहरू।

बाइबलीय साँस्कृतिक विषयवस्तुमा पनि दुई वटा कुराहरू हुन्छन्:

- हरेक मानव सँस्कृतिमा भएका पापपूर्ण र विकृत पक्षहरूका विवरणलाई हटाउनै पर्छ अथवा परिवर्तन गर्नैपर्छ। यसको उदाहरणको लागि रोमी १:१८-३२ लाई लिन सकिन्छ।
- परमेश्वरको राज्यको सँस्कृतिको शिक्षालाई अपनाउनै पर्छ र त्यसलाई अनुसरण गर्नैपर्छ। यसको उदहारणको लागि मत्ती ५ देखि ७ अध्यायहरूलाई लिन सकिन्छ।

### २. पापपूर्ण मानव सँस्कृति

रोमी १:१८-३२ पढ्नुहोस्। एकातर्फ हेर्ने हो भने मानव सँस्कृतिको विभिन्न किसिमका पापपूर्ण र विकृत पक्षहरूको अभिलेख राख्न त्यसलाई वर्णन गर्न बाइबल हिचकिचाउँदैन; जस्तै: हत्या (उत्पत्ति ४:८) विश्वासीहरू र अविश्वासीहरूबीचको अन्तर-विवाह (उत्पत्ति ६:२,५), परमेश्वरबाट अलग हुनु अथवा स्वतन्त्र हुनु (उत्पत्ति ११:४), समलिङ्गी सम्बन्ध (उत्पत्ति १९:४-५), बलत्कार अथवा विवाहपूर्वको यौन सम्बन्ध (उत्पत्ति ३४:२-७,३१), व्यभिचार (प्रस्थान ३२:१-८), भौतिकवाद र लोभ (यशैया ५:८), सांसारिकपन (यशैया ५:१२), सापेक्षवाद (यशैया ५:२०), अन्याय (यशैया ५:२३), रुपैयाँ-पैसाको सम्बन्धमा बेइमानी (प्रेरित ४:३२-५:४), पापपूर्ण अभिलाषा (प्रेरित ८:१८-२३), मण्डलीमा अधिकारपूर्ण अगुवापन (३ यूहन्ना ९-१०) र मण्डलीमा झूटा शिक्षा र दुष्ट आचरणलाई सहनु (प्रकाश २:१४-१६,२०-२३) आदि। मानव सँस्कृतिका यस्ता सबै पापपूर्ण पक्षहरूलाई हटाउनै पर्छ अथवा परिवर्तन गर्नैपर्छ।

### ३. परमेश्वरको राज्यको सँस्कृति

व्यवस्था १६:१८-२०; रोमी १३:१-७; १ पत्रुस ५:१-४ पढ्नुहोस्।

**बाइबलले साँस्कृतिक व्याख्या र मूल्याङ्कन दिन्छ।**
अर्कोतर्फ हेर्ने हो भने, मानव इतिहासमा संसारको हरेक स्थान र हरेक समयको मानव सँस्कृति कसरी परिवर्तन हुनैपर्छ भनी बाइबलले स्पष्टसँग सिकाउँछ। प्राय: बाइबलको सबै शिक्षाहरू, आज्ञाहरू र निषेधाज्ञाहरूले साँस्कृतिक व्याख्या अथवा मूल्याङ्कन प्रदान गर्दछ; जसको मतलब हरेक स्थान र समयको मानव सँस्कृति परमेश्वरले कस्तो भएको चाहनुहुन्छ भनी बाइबलले सिकाउँछ। मानिसहरूले संसारलाई कसरी हेर्नुपर्दछ (१ यूहन्ना २:१५-१७), तिनीहरूले कुन सत्यताहरूलाई

विश्वास गर्नुपर्दछ (यूहन्ना ८:३१-३२; १४:६; १७:१७) र कुन रीति-रिवाज र संस्थाहरूद्वारा परमेश्वर प्रसन्न हुनुहुन्छ (मलाकी २:१४-१६; १ थेसलोनिके ४:१-८) भन्ने कुराहरू बाइबलले सिकाउँछ।

**बाइबलले परमेश्वरको राज्यको सँस्कृति सिकाउँछ।**

बाइबलमा हरेक स्थान र समयको मानव सँस्कृतिलाई निरन्तर मूल्याङ्‌कन गरिएको छ, निषेध गरिएको छ अथवा आज्ञा दिइएको छ। बाइबलमा दिइएको स्पष्ट निषेधाज्ञाहरू, आज्ञाहरू र शिक्षाहरूद्वारा परमेश्वरको उद्देश्य हो हो, कि उहाँले संसारको हरेक मानव समूहको सँस्कृतिलाई सम्बोधन गर्नु हो र उक्त सँस्कृतिलाई झन्-झन् बढी परमेश्वरको राज्यजस्तो बनाउनु हो! परमेश्वर विशेष सँस्कृति भएको परमेश्वरको विशेष जनहरू निर्माण गर्न चाहनुहुन्छ, जसलाई परमेश्वरको राज्यको सँस्कृति भनिन्छ (मत्ती ५-७ मा भएको 'डाँडाको उपदेश'मा उल्लेखित सँस्कृति)।

**मानव सँस्कृति कस्तो हुनुपर्छ भनी बाइबलले प्रकट गर्दछ।**

बाइबलको साँस्कृतिक विषयवस्तुको सन्दर्भमा त्यो विशेष समयावधिको लागि मात्र मान्य हो र त्यही कारणले अहिलेको इसाईहरूको लागि त्यो आधिकारिक अथवा आदेशात्मक शिक्षा होइन भनी विचार गर्नु गलत हो।

बाइबलका पुस्तकहरू विगतमा विशेष मानव सँस्कृतिहरूका लागि लेखिएको ऐतिहासिक पुस्तकहरू मात्र होइनन, तर ती वास्तवमा ती पुस्तकहरू त हरेक स्थान र समयमा मानव सँस्कृति कस्तो भएको परमेश्वर चाहनुहुन्छ भनी प्रकट गर्ने परमेश्वरका प्रकाश हो!

बाइबलमा लेखिएको ठाउँ र समयको मानव सँस्कृतिको पापपूर्ण र विकृत पक्षहरू यसले व्यक्त गर्दछ। यसरी मानव इतिहासमा हरेक स्थान र समयको मानव सँस्कृतिको पापपूर्ण र विकृत पक्षहरू बाइबलले व्यक्त गर्दछ!

पृथ्वीको हरेक स्थान र मानव इतिहसको हरेक सयमको मानव सँस्कृति कस्तो हुनुपर्छ भनेर पनि बाइबले सिकाउँछ! बाइबलको साँस्कृतिक विषयवस्तुलाई (शिक्षाहरूलाई, आज्ञाहरूलाई र निषेधाज्ञाहरूलाई) इसाईहरूले संसारको सबै मानव समूह र मानव इतिहासको सबै समयको लागि आधिकारिक अथवा आदेशात्मक हो भनी ठान्नुपर्दछ!

**आधिकारिक सँस्कृतिको बाइबलीय उदाहरणहरू**

विवाह र सम्बन्धविच्छेदको बारेमा येशू ख्रीष्टको शिक्षाहरू सधैँ आधिकारिक हुन् (मत्ती १९:३-९)। यौनजन्य अनैतिकताको बारेमा मोशा र पावलले दिएका शिक्षाहरू सधैँको निम्ति आधिकारिक हुन् (लेवी १८:३-६,२०,२२-२३; रोमी १:२४-२७)। पारिवारिक जिम्मेवारीको सम्बन्धमा पावलले दिएका शिक्षाहरू सधैँको लागि आधिकारिक हुन् (एफिसी ५:२२-२३; कलस्सी ३:१८-२१)। यी सबै शिक्षाहरूले संसारको हरेक ठाउँ र इतिहासको हरेक समयका मानिसहरूका वैवाहिक र पारिवारिक जीवन कस्तो हुनुपर्छ भनी परमेश्वर चाहनुहुन्छ, सो सिकाउँछ।

त्यसैगरी मानसिहरूले देशको सरकारमा (रोमी १३:१-७), अदालतहरूमा (व्यवस्था १६:१८-२०), मण्डलीमा (एफिसी ४:१-१६; १ तिमोथी ३:१-१५; १ पत्रुस ५:१-४) र मण्डली बाहिरको समाजमा (एफिसी ४:१७-५:१७) कसरी व्यवहार गरेको परमेश्वर चाहनुहुन्छ, सो पनि बाइबलको शिक्षाहरूले सिकाउँछ।

किनभने यस्ता शिक्षाहरूलाई बाइबलको अन्य कुनै शिक्षाले सीमित पार्दैन र ती शिक्षाहरू हरेक ठाउँ र हरेक समयका सबै मानिसहरूका लागि हो!

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट) [प्रतिक्रियाहरू]<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। बाइबललाई सही व्याख्या गर्ने ९ वटा नियमहरू कण्ठ गर्नुहोस् र तपाईंले बाइबल पढ्दा र अध्ययन गर्दा त्यसलाई परिश्रमसाथ लागू गर्नुहोस्। 'बाइबललाई सही व्याख्या गर्नु' भन्ने शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्।

**२. परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (प्रस्थान ४:१-७:१३)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

**३. बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। मत्ती २८:१८-२०, विषय: मण्डलीको प्रचार अभियानसम्बन्धी काम।
बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

**४. प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।

# पाठ ३०

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) **[शान्त समय]**<br>**प्रस्थान ४:१-७:१३** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (प्रस्थान ४:१-७:१३) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ** (२० मिनेट) **[सुसमाचार]**<br>**पापको प्रायश्चित : रोमी ५:८** |
|---|---|

## क. मनन

रोमी ५:६-१० पढ्नुहोस्। "किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौँ। किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौँ!"

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| पापको प्रायश्चित<br>रोमी ५:८ |
|---|
| तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।<br><br>रोमी ५:८ |

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

### १. परमेश्वरको प्रेम

परमेश्वरले हामीलाई कसरी प्रेम गर्नुभयो? परमेश्वरले हामीलाई शब्दहरूले मात्र प्रेम गर्नुहुन्न, तर उहाँले कामहरूद्वारा प्रेम गर्नुहुन्छ। रोमी ५:८ मा परमेश्वरले हामीलाई सम्भव भएसम्म सबैभन्दा ठूलो बलिदानद्वारा प्रेम गर्नुभयो भनी लेखिएको छ। परमेश्वरले येशू ख्रीष्टमा मानव स्वभाव धारण गर्नुभयो र येशू ख्रीष्टमा परमेश्वरले हाम्रो ठाउँमा आफ्नो जीवन दिनुभयो! येशू ख्रीष्टमा स्वयम् परमेश्वरले पापहरूको प्रायश्चितको बलिदान गर्नुभयो।

## २. येशू ख्रीष्टको मृत्यु

येशूले कस्तो किसिमको मृत्यु भोग्नुभयो?

**येशू आफ्नो व्यक्तिगत पापको निम्ति मर्नुभएको होइन।**
मृत्यु भनेको पापको परिणाम हो (रोमी ६:२३क) र यसले प्राणलाई शरीरबाट अलग पार्दछ (उपदेशक १२:७)। तैपनि, येशू त्यस किसिमले मर्नुपरेको होइन, किनभने उहाँसँग कुनै व्यक्तिगत पाप थिएन (हिब्रू ४:१५)।

**मृत्युमा, येशू परमेश्वरबाट त्यागिनुभएको थिएन।**
अनन्त मृत्युमा मानिस परमेश्वरद्वारा सदासर्वदाको लागि त्यागिन्छ (मत्ती २५:४६; २ थेसलोनिके १:८-९; प्रकाश २१:८)। मृत्युभन्दा पहिले येशू ख्रीष्टले हाम्रो पापहरू बोकेर दण्ड भोग्नुभएकोले गर्दा उहाँ परमेश्वरद्वारा त्यागिनुभएको थियो (मत्ती २७:४६)। तैपनि, मृत्युमा परमेश्वर पिताले येशू ख्रीष्टलाई त्याग्नुभएन अनि आफ्नो प्रेम र उहाँप्रतिको प्रसन्नता फिर्ता लिनुभएन। येशू ख्रीष्ट क्रूसमा मर्नुहुँदा निराश हुनुभएन, बरु परमेश्वर पितालाई प्रार्थना गर्नुभएर आफ्नो आत्मा परमेश्वर पिताको हातमा सुम्पनुभयो (लूका २३:४६)। अनि उहाँको शरीर चिहानभित्र हुँदा, उहाँको ईश्वरीय स्वभाव उहाँको मानवीय स्वभावमा नै रहेको थियो, किनभने येशू ख्रीष्ट आफ्नै शक्तिद्वारा बौरिउठ्नुभएको थियो (यूहन्ना १७-१८)।

**येशू ख्रीष्टको मृत्यु परमेश्वरको व्यवस्थाले मागेअनुसारको दण्ड थियो।**
बाइबलमा मृत्यु भनेको परमेश्वरको व्यवस्थाले मागेअनुसारको पापको दण्ड हो (रोमी ६:२३क)। यो कुरा महत्वपूर्ण छ- येशू ख्रीष्टले स्वभाविक मृत्यु भोग्नुभएन र उहाँ दुर्घटनाद्धारा पनि मर्नुभएन। उहाँलाई हत्या गरिएको पनि होइन, तर परमेश्वरको व्यवस्थाले माग गरेअनुसार उहाँ मानवजातिको निम्ति मर्नुभयो।

- उहाँलाई मनवीय व्यवस्थाद्वारा मृत्युदण्ड दिइएको थियो। उहाँ आफैले गर्नुभएको कुनै अपराधको लागि उहाँलाई मृत्युदण्ड दिइएको थिएन। उहाँका विरोधीहरूले उहाँमा एउटा पनि अपराध भेट्टाउन सकेनन् अनि न्यायधिस, पन्तिएस पिलातसले उहाँ निर्दोष हुनुहुन्थ्यो भनी घोषणा गरे! तैपनि, पन्तिएस पिलातसले येशू ख्रीष्टलाई मृत्यदण्ड दिए, किनभने यहूदीहरूले तिनको राजनैतिक अवस्थामा असर पार्लान् भनी तिनी डराएका थिए। निर्दोष व्यक्तिलाई दोषी बनाएकोले पन्तिएस पिलातसले आफूलाई अनि मानवीय न्यायलाई पनि दोषी ठह्र्याए।
- येशूलाई ईश्वरीय व्यवस्थाद्वारा मृत्युदण्ड दिइएको थियो। त्यति नै बेला परमेश्वर पिताले सम्पूर्ण संसारको पापको निम्ति परमेश्वर पुत्रलाई मृत्युदण्द दिनुभएको थियो। आफ्नो मृत्युद्वारा येशू ख्रीष्ट पापहरूको लागि प्रायश्चितको बलिदान हुनुभयो, जसद्वारा उहाँले सारा संसारमा येशू ख्रीष्टलाई ग्रहण गर्ने मानिसहरूको विरुद्धमा परमेश्वरको पवित्र र न्यायी क्रोध हटाउनुभयो।

**येशू क्रूसमा टाँगिएर मर्नुभयो।**
यो कुरा महत्वपूर्ण छ- येशू ख्रीष्ट घाटी काटिएर अथवा ढुङ्गा हानिएर मर्नुभएन, तर क्रूसमा टाँगिएर मर्नुभयो। क्रूसमा टाँग्ने यहूदी प्रचलन थिएन, तर त्यो त रोमीहरूको दण्ड दिने तरिका थियो। क्रूसमा टाँग्नुलाई यति नराम्रो दण्ड ठानिन्थ्यो, कि त्यो रोमी नागरिकहरूमा लागू हुँदैनथ्यो, तर त्यो नीच अपराधीहरू र दासहरूजस्ता तुच्छ मानिसको निम्ति लागू हुन्थ्यो। क्रूसमा मर्नुभएर येशूले मानवीय व्यवस्थाको मागहरूको पराकाष्ठालाई पूरा गर्नुभयो। त्यही घडी येशूले ईश्वरीय व्यवस्थाको मागहरूको पराकाष्ठालाई पनि पूरा गर्नुभयो: उहाँले श्रापित मृत्यु भोग्नुभयो, किनभने गलाती ३:१३ मा 'क्रूसमा झुण्डिने हरेक श्रापित हुन्छ' भनी लेखिएको छ। हाम्रो पाप आफूमाथि बोक्नुभएर उहाँले व्यवस्थाद्वारा हामीलाई श्रापबाट छुटकारा गराउनुभयो (गलाती ३:१०,१३)।

## ३. येशूको मृत्युको महत्व

येशू ख्रीष्टको क्रूसको मृत्युले ल्याएको परिणामहरू के-के हुन्?

**येशू पापको प्रायश्चित गर्न मर्नुभयो (१ पत्रुस २:२४; १ यूहन्ना ४:१०)।**
पापको निम्ति प्रायश्चित गर्नु भनेको पापको दण्डको निम्ति परमेश्वरको धार्मिक र पवित्र मागलाईई सन्तुष्ट पार्नु हो र पापीको विरुद्ध उहाँको धार्मिक क्रोधलाई हटाउनु हो। ख्रीष्टको मृत्यु प्रायश्चितको बलिदान थियो; र त्यो यस्तो बलिदान थियो, जसले हाम्रो पापको विरुद्धमा परमेश्वरको क्रोधलाई फर्काइदियो। ख्रीष्टको प्रायश्चितको बलिदानले आवश्यक अरू सबै बलिदानहरूलाई अन्त गरिदियो। त्यसपछि मन्दिरमा गर्नुपर्ने आराधना र पशु बलिदानहरू पूर्णरूपमा व्यर्थ भए। मन्दिरको

पर्दा माथिदेखि तलसम्म च्यातिएको घटनाले उक्त कुराको चित्रण गर्दछ (मत्ती २७:५१)। अबदेखि येशू ख्रीष्टमा विश्वास गर्ने हरेक व्यक्तिले परमेश्वरको आत्माद्वारा परमेश्वरलाई भेट्न सक्छ (एफिसी २:१८)।

**ख्रीष्ट पापीलाई धर्मी ठह्र्याउन मर्नुभयो (१ पत्रुस ३:१८क; रोमी ५:८-९)।**

पापीलाई धर्मी ठह्र्याउनु भनेको पापीलाई परमेश्वरको नजरमा दोषी नभएको घोषणा गर्नु हो। परमेश्वरले पापीलाई क्षमा गर्नुहुन्छ, अनन्त दोषबाट उसलाई मुक्त गर्नहुन्छ, उसलाई पूर्णरूपमा धर्मी घोषणा गर्नुहुन्छ र सदाको लागि उसलाई पूर्णरूपमा धार्मिक ठानी सोहीअनुरूप व्यवहार गर्नुहुन्छ! तपाईंको ठाउँमा येशू मर्नु नै तपाईंलाई परमेश्वरसँग मिलाप गराउने एकमात्र उपाय हो!

---

## ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। पापको प्रायश्चित : रोमी ५:८
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

| ४ | **बाइबल अध्ययन** (७० मिनेट) **[मण्डली]**<br>**मण्डलीको सुसमाचारीय कार्य : मत्ती २८:१८-२०** |
|---|---|

मत्ती २८:१८०२० लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर मत्ती २८:१८-२० पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौं।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**मत्ती २८:१८-१९**
**खोज १ - कामलाई साथ दिने अधिकार**

१८ पदमा येशू यस्तो दाबी गर्नुहुन्छ, कि स्वर्गमा र पृथ्वीमा सबै अधिकार उहाँलाई दिइएको छ। यसको अर्थ के हो भने ब्रह्माण्डको कुनै पनि ठाउँमा उहाँसँग भएको शक्तिभन्दा ठूलो शक्ति र अधिकार छैन। यसको अर्थ यो पनि हो, कि ब्रह्माण्डमा भएका अरू सबै अधिकारहरू र शक्तिहरूमाथि उहाँको अधिकार र शक्ति छ। दुष्टलाई बाँधिएको छ र त्यसले राष्ट्रहरूबाट मानिसहरूलाई ख्रीष्टतिर फर्कनबाट रोक्न सक्दैन। त्यही कारणले येशूले हामी इसाईहरूलाई संसारमा सबैभन्दा ठूलो काम दिन सक्नुहुन्छ, जुन काम भनेको सबै राष्ट्रहरूका मानिसहरूलाई चेला बनाउनु हो। यो काम त अति ठूलो र निकै कठिन छ भनी म विचार गर्न सक्छु। यदि म त्यो काम गर्न आफैमा भर पर्छु भने मेरो विचार सही हो। यदि म आफैमा मात्र भर परेर

चेलाहरू बनाउन बाहिर जान्छु भने त्यो काम मेरो लागि असम्भव हुनेछ। तर, यदि म येशू ख्रीष्ट र उहाँको शक्तिमा भर परेर चेलाहरू बनाउन बाहिर जान्छु भने त्यो काम मेरो निम्त सम्भव हुनेछ। मेरो लागि अचम्मको सत्यता के हो भने मलाई कुनै काम पूरा गर्ने क्षमता नदिईकन येशूले मलाई कुनै काम कहिल्यै दिनुहुन्न। येशूले मलाई कुनै काम दिनुहुन्छ भने उहाँले मलाई त्यो काम पूरा गर्नको निम्ति अनुग्रह, शक्ति र बुद्धि पनि दिनुहुन्छ। उहाँले अवश्य त्यसो गर्नुहुन्छ, किनभने सबै अधिकार उहाँलाई दिइएको छ।

---

**मत्ती २८:१९-२०**

**खोज २ - कामलाई साथ दिने प्रतिज्ञा**

१९ पदमा येशू ख्रीष्टले मलाई संसारमा सबैभन्दा ठूलो काम गर्ने आज्ञा दिनुहुन्छ। उहाँले मलाउई सबै राष्ट्रहरूमा गएर चेलाहरू बनाउने आज्ञा दिनुहुन्छ। यो इसाई मण्डलीले गर्नेपर्ने मिसनको काम हो। तर उहाँले मलाई यो मिसनको काममा एक्लै पठाउनुहुन्न। २० पदमा उहाँ मेरो मिससनको काममा मसँगै जाने प्रतिज्ञा गर्नुहुन्छ। उहाँले हरेक दिन मसँग यो युगको अन्त्यसम्म हुनेछु भनी प्रतिज्ञा गर्नुहुन्छ। मेरो लागि आश्‍चर्यजनक सत्यता यो हो, कि आफू उपस्थित नभई येशू ख्रीष्टले कहिले पनि मलाई एक्लै कुनै काम पूरा गर्न लगाउनुहुन्न। येशू ख्रीष्टले मलाई कुनै काम दिनुहुँदा, म उक्त काम पूरा गर्दा उहाँ मसँगै जान्छु भनेर पनि येशू ख्रीष्टले प्रतिज्ञा गर्नुहुन्छ। उहाँले त्यो काम अवश्य गर्नुहुन्छ, किनभने उहाँ मृत्युबाट पुनरुत्थान हुनुभएको छ र उहाँ जीवित हुनुहुन्छ!

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
मत्ती २८:१८-२० मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**मत्ती २८:१८**

**प्रश्न १ - के त्यस्तो कुनै समय थियो, जहाँ येशूसँग सबै अधिकार थिएन?**

**टिप्पणी -**

**उहाँले मानव शरीर धारण गर्नुअघि**

येशू ख्रीष्टले मानव शरीर धारण गर्नुअघि उहाँसँग सबै अधिकार थियो, किनभने उहाँले बोल्नुभएको शक्तिशाली वचन द्वारा सबैथोक सृष्टि गर्नुभयो, र त्यसलाई थाम्न स्थिर राख्नुभयो (यूहन्ना १:१-३; यूहन्ना १७:१-५; कलस्सी १:१६-१७; हिब्रू १:३)।

**उहाँले मानव शरीर धारण गर्नुहुँदा**

येशूको पृथ्वीको जीवनकालमा उहाँले आफूलाई मानव शरीर धारण गर्नुभन्दा पहिले स्वर्गमा परमेश्‍वर पितासँग हुदा भएको महिमाबाट रित्याउनुभयो (यूहन्ना १७:५)। र उहाँले हाम्रोजस्तै कमजोर मानव स्वभाव लिनुभयो (फिलिप्पी २:६-८)। त्यतिबेला उहाँले आफ्नो असीमित ईश्‍वरीय शक्तिलाई आफैले नियन्त्रण गर्नुभयो। तैपनि, त्यतिबेला उहाँले प्राकृतिक शक्तिहरू, भूतहरू, रोग-बिमारहरू, मृत्यु र सत्रुहरूमाथी आफ्नो सीमित अधिकार अभ्यास गर्नुभयो (मत्ती ११:५)।

**उहाँको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणपछि**

स्वर्गारोहण भएर परमेश्‍वर पिताको दाहिने हातपट्टि विराजमान हुनुभएपछि, येशू ख्रीष्टलाई सृष्टि गरिएको ब्रह्माण्डको सबै शक्ति दिइयो। उहाँले मुक्तिको कामलाई पूरा गर्नुभएकोले येशू ख्रीष्टलाई उक्त शक्तिलाई अभ्यास गर्ने हक र अधिकार उपहार अथवा इनामको रूपमा प्रदान गरियो।

दानिएल ७:१३-१४ मा हामी यसरी पढ्छौँ, "राती मैले मेरो दर्शनमा हेरेँ र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।" (यशैया ९:७ सँग तुलना गर्नुहोस्)।

प्रकाश ५:१-१४ मा येशू ख्रीष्टले परमेश्वर पिताको हातबाट दुबैपट्टि लेखिएका चर्मपत्रको मठ्ठो लिनुहुन्छ, किनभने त्यो मुठ्ठोको मोहोरहरू खोल्ने अधिकार र शक्ति उहाँसँग मात्र छ। यसको अर्थ के हो भने उक्त मुठ्ठोमा भएका कुराहरू प्रकट गर्ने र त्यसलाई कार्यान्वयन गर्ने उहाँ मात्र हुनुहुन्छ। उक्त मुठ्ठोमा भएका कुराहरूचाहिँ येशू ख्रीष्ट अन्तिम न्यायको समयमा (प्रकाश ६:१२-१७) विजयी भएर विजय गर्न सवार हुनुहुँदा उहाँले गर्नुहुने कामको मुख्य सिद्धान्तहरू हुन् (प्रकाश ६:२)। यो अवधि भनेको उहाँको पहिलो आगमनदेखि दोस्रो आगमनसम्मको समय हो।

अनि फिलिप्पी २:९-११ मा हामी यसरी पढ्छौँ, "त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।" येशू ख्रीष्टको पहिलो आगमनपछि उहाँले हरेक राष्ट्र, हरेक जाति र हरेक भाषाका मानिसहरूलाई बचाउनुहुन्छ!

**येशू ख्रीष्टको दोस्रो आगमनमा**
मत्ती १३ र २४-२५ अध्यायहरूमा वर्णन गरिएझैँ येशूको दोस्रो आगमनमा उहाँको अधिकारको असीमित अभ्यास ब्रह्माण्डको हरेक मानिसमाथि दृश्यरूपमा आउनेछ। त्यो विशेषगरी मरेका सबै मानिसहरूको पुनरुत्थान, सबै मानिसहरूको न्याय र पृथ्वीको नवीकरणद्वारा आउनेछ। उक्त नयाँ पृथ्वीको अन्तिम अनि सिद्ध (पूर्ण) अवस्थामा येशू ख्रीष्टले परमेश्वर पितासँग सदासर्वदा राज्य गर्नुहुनेछ (२ पत्रुस १:११; प्रकाश २२:१)।

---

**मत्ती २८:१९-२०**
**प्रश्न २ - यो आज्ञामा भएका पाँच क्रियापदहरू कसरी एक-आपसमा सम्बन्धित छन्?**
**टिप्पणी -** येशू ख्रीष्टको आज्ञा यो हो, "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ।" यहाँ 'यसकारण' भन्ने शब्द महत्वपूर्ण छ। यसले १८ पदमा येशू ख्रीष्टले गर्नुभएको दाबीलाई १९ पदमा उल्लेखित उहाँको आज्ञासँग जोड्दछ। हरेक व्यक्ति र हरेक थोक माथि उहाँको सार्वभौमिकता छ भन्ने दाबीले संसारको हरेक राष्ट्रमा गर्नुपर्ने काम उहाँको आज्ञाद्वारा पूरा हुन सक्नेछ र त्यो पूरा हुनेछ भनी हामीलाई थाहा गराउनु हो! सारा संसारमा चेलाहरू बनाउन सकिन्छ र त्यो काम पूरा हुनेछ! उहाँको अधिकार र उपस्थितिबिना कुनै कुरा सम्भव हुँदैन। तर उहाँको अधिकार र उपस्थितिद्वारा उहाँले हामीलाई आज्ञा गर्नुहुने हरेक थोक सम्भव र त्यो अवश्य पूरा हुनेछ!

यस खण्डमा भएका पाँच वटा क्रियापदहरू जानु, चेला बनाउनु, बप्तिस्मा दिनु, सिकाउनु र आज्ञापालन गर्नु हुन्। यीमध्ये 'चेला बनाउनु' मुख्य क्रियापद हो। सुरुको मूल भाषामा यो क्रियापदले उक्त आज्ञाले निरन्तर काम गरिरहनुपर्छ भनी बताउँछ। येशू ख्रीष्टका चेलाहरूले हरेक ठाउँमा निरन्तर अझ धेरै ख्रीष्टका चेलाहरू बनाउनैपर्छ र त्यो काम यस युगको अन्तिम घडीसम्म भइरहनुपर्नेछ (येशूको पहिलो आगमनदेखि दोस्रो आगमनसम्म)! सुरुको मूल भाषामा जानु, बप्तिस्मा दिनु र सिकाउनु भन्ने तीन क्रियापदहरू मुख्य क्रियापदमा आधारित छन् र ती आज्ञाहरूमा पनि शक्ति छ। येशू ख्रीष्टका चेलाहरू बनाउनुले निश्चित दृष्टिकोणलाई समेट्छ, जसमा त्यो कामको निम्ति पहल गर्नु र ठूलो परिश्रम गर्ने कुराहरू पर्दछन्।

येशू ख्रीष्टको चेलाहरूले मानिसहरू आफूकहाँ आउनेछन् भनी पर्खी बस्ने होइन, तर संसारको हरेक राष्ट्रमा गई चेलाहरू बनाउने कुरामा चासो लिनुपर्दछ। येशू ख्रीष्टको चेलाहरूले तिनीहरूलाई सुसमाचार प्रचार गर्नैपर्छ, पश्चाताप गर्न लगाउनैपर्छ, सुसमाचारमा विश्वास गराउनैपर्छ, र तिनीहरूलाई पनि आफूजस्तै येशू ख्रीष्टको चेलाहरू पनि बनाउनै पर्छ। येशू ख्रीष्टका चेलाहरूले विश्वासीहरूलाई एक परमेश्वर जो पिता, पुत्र र पवित्र आत्मामा प्रकट हुनुहुन्छ, उहाँको नाउँमा पानीको बप्तिस्मा दिनैपर्छ। चेलाहरूले तिनीहरूलाई येशू ख्रीष्टको आज्ञाहरू पालन गर्न सिकाउनैपर्छ।

---

**मत्ती २८:१९**

**प्रश्न ३ - ख्रीष्टको चेला भनेको के हो?**

**टिप्पणी -** चेला हुनु भनेको परिवर्तन हुनुभन्दा अझ बढी हो। चेला भनेको येशू ख्रीष्टलाई पछ्याउने र उहाँबाट सिक्ने व्यक्ति हो। उसको दिमाग, हृदय र इच्छा येशू ख्रीष्टको निम्ति समर्पित भएको हुन्छ। स्वयम् येशूले चेलाहरूका केही विशेषताहरू व्याख्या गर्नुभयो, जुन हामीले अर्को खण्डमा अध्ययन गरिसक्यौँ (निर्देशिका २, पाठ २३ हर्नुहोस्)।

सारंशमा भन्ने हो भने चेला भनेको येशू ख्रीष्टलाई पछ्याउने व्यक्ति हो, जसले उहाँलाई पछ्याउँदै गर्दा उहाँबाट सिकिरहेको हुन्छ। उसँग विशेष विशेषता हो हुन्छ, कि जसले उसको दिमाग, हृदय र इच्छा येशूकै हो भनी देखाउँछ। त्यसकारण चेलाहरू बनाउनु भनेको सबै राष्ट्रहरूका मानिसहरूलाई येशूलाई पछ्याउने र उहाँबाट सिक्ने व्यक्तिहरू बनाउनु हो। त्यसको मतलब येशूले चेलासँग कस्तो विशेषताहरू हुनुपर्छ भनी सिकाउनु भइको कुरा मानिसहरूलाई बुझ्न र अँगाल्न सहायता गर्नु हो।

---

**मत्ती २८:१९**

**प्रश्न ४ - तिनीहरूले कुन-कुन राष्ट्रहरूमा गएर सुसमाचार प्रचार गर्नैपर्छ?**

**टिप्पणी -** बाइबलले बताउने 'राष्ट्र' र अहिले हामीले बुझ्ने 'राष्ट्र' उही  होइन। अहिले राष्ट्र भन्नाले निकै ठूलो क्षेत्र हो, जसको सीमाहरूले विभिन्न भाषाहरू र सँस्कृतिहरू भएका मानिसहरूलाई समेट्छ। अहिले हामी राष्ट्र र मुलुकमा खासै भिन्नता पाउँदैनौँ।

तर बाइबलमा 'राष्ट्र' भन्ने शब्दको अर्थले निश्चित किसिमका रीति-रिवाज मान्ने मानिसहरूको समूह, जसले तिनीहरूलाई एकतामा राख्दथ्यो, त्यसलाई बुझाउँछ। यस्तो समूहका मानिसहरू एक-आपसमा आत्मियता महसुस गर्थे र तिनीहरूको जीवनशैली उस्तै किसिमको हुन्थ्यो। प्राय: राष्ट्र भन्नाले समान भाषा र समान इतिहासलाई अँगाल्ने मानिसहरूलाई चित्रण गर्दछ। अथवा यसलाई अर्को शब्दहरूमा व्याख्या गर्ने हो भने राष्ट्रलाई उस्तै किसिमका पेशा र आर्थिक अवस्था भएका मानिसहरूको समूहले चित्रण गर्दछ; जस्तै: किसानहरू अथवा उद्योगका मजदूरहरू अथवा रेस्टुरेण्टका कामदाहरू अथवा विश्वविद्यालयका विद्यार्थीहरू आदि। अथवा त्यसलाई उस्तै भौगोलिक अवस्था र धर्म अँगाल्ने मानिसहरूका समूहले पनि चित्रण गर्दछ।

अहिले, हरेक मुलुकमा त्यस्तै थप्रै राष्ट्रहरू अथवा फरक-फरक मानिसहरूका समूहहरू बसोबास गर्ने गर्दछन्। अनि येशू ख्रीष्टले आफ्ना चेलाहरू ती सबै राष्ट्रहरू अर्थात् मानिसहरूका समूहरूमा गएर तिनीहरूलाई येशू ख्रीष्टको चेला बनाउनैपर्छ भनी भन्नुहुन्छ। तिनीहरू फरक-फरक मुलुकहरूमा जाने मात्र होइन, तर हरेक मुलुकमा भएका फरक-फरक जाति र फरक-फरक मानिसहरूका समूहमा गई तिनीहरूलाई चेला बनाउनु पर्छ।

---

**मत्ती २८:१९**

**प्रश्न ५ - किन इसाईहरूलाई बप्तिस्मा दिइन्छ?**

**टिप्पणी -** पवित्र आत्माले बप्तिस्मा दिनु येशू ख्रीष्टको जिम्मेवारी हो (मत्ती ३:११-१२) अनि पानीको बप्तिस्मा दिनुचाहिँ येशू ख्रीष्टको चेलाहरूको जिम्मेवारी हो (मत्ती २८:१९)। 'तिनीहरूलाई बप्तिस्मा देऊ' भन्ने आज्ञा हो। सुसमाचारको सन्देश सुनेर त्यसलाई विश्वास गर्ने मानिसहरूले आत्माको बप्तिस्मा लिएका हुन्छन् (जसको अर्थ नयाँ जन्म पाउनु अथवा आत्मालाई ग्रहण गर्नु हो)। अब तिनीहरूले पानीको बप्तिस्मा लिनुपर्छ। उक्त बप्तिस्माको तयारीको निति तिनीहरूले पश्चाताप गरी वचनलाई ग्रहण गर्नुपर्छ (प्रेरित २:३८-४१)।

बाइबलमा पानीको बप्तिस्मा भनेको आत्माको बप्तिस्माको आन्तरिक वास्तविकतालाई प्रकट गर्ने बाह्य समारोह हो (प्रेरित १०:४७-४८)। यो विश्वासीलाई परमेश्वर पिताले आफ्नो परिवारमा स्वीकार गर्नुभएको हो भनी आफ्नो मण्डलीलाई येशू ख्रीष्टद्वारा दिनुभएको चिन्ह र मोहोर हो; जसको अर्थ परमेश्वर पुत्रले उसलाई छुटकारा दिनुभएको अनि परमेश्वरको आत्मा उसमा बास गर्नुभई उसलाई सिद्ध पार्नुहुन्छ भन्ने हो।

पानीको बप्तिस्मा भनेको पवित्र आत्माले विश्वासीमा गर्नुहुने आन्तरिक कार्यको बाहिरी चिन्ह हो। उक्त आन्तरिक कार्य भनेको पवित्र आत्माको बप्तिस्मा हो (मर्कूस १:८; १ कोरिन्थी १२:१३) अथवा यसलाई पवित्र आत्माद्वारा नयाँ जन्म पाउनु भनिन्छ (तीतस ३:५)।

पानी बप्तिस्मा भनेको पवित्र आत्माको आन्तरिक निश्चयताको बाहिरी मोहोर हो (रोमी ८:१५-१६; २ कोरिन्थी १:२१-२२; एफिसी १:१३-१४)। त्यसको अर्थ विश्वासीको सबै पापहरू क्षमा भएका छन् (प्रेरित २:३८; २२:१६), परमेश्वरको

नजरमा ऊ १००% धर्मी ठहरिएको छ (रोमी ६:३,७), अब ऊ परमेश्वरको करारको मानिसहरूमा पर्दछ (गलाती ३:२६-२९) र परमेश्वरले उसमा जे सुरु गर्नुभएको छ, त्यसलाई उहाँले सिद्धरूपमा पूरा गर्नुहुनेछ (यूहन्ना १७:१२; फिलिप्पी १:६)।

अन्तमा, पानीको बप्तिस्मा लिनु भनेको पापपूर्ण संसारबाट अलग भएको छु भनी विश्वासीले गर्ने समर्पणता र घोषणा हो (रोमी ६:३,६,१३,१९ सँग तुलना गर्नुहोस्), ऊ बाइबलको त्रिएक परमेश्वरसँग महत्वपूर्ण सम्बन्धमा आएको छ र येशू ख्रीष्टको चेला भएको छ भनी प्रर्दशन गर्नु हो (मत्ती २८:१९)।

---

**मत्ती २८:२०**

**प्रश्न ६ - किन नयाँ इसाईहरूलाई आज्ञापालन गर्न सिकाइन्छ?**

**टिप्पणी -** येशूको चेलाहरूले राष्ट्रहरूका मानिसहरूलाई येशू ख्रीष्टले आज्ञा गर्नुभएको सबै कुराहरू पालन गर्न सिकाउनैपर्छ। सम्पूर्ण बाइबलको विषयवस्तुमा येशू ख्रीष्टको शिक्षाहरूले साँचो अर्थ पाउने हुनाले चेलाहरूले मानिसहरूलाई सम्पूर्ण बाइबलको सत्यता सिकाउनैपर्छ। प्रेरित २०:२७ मा पावल भन्दछन्, "परमेश्वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिनँ।"

अर्को कुरा के हो भने आफ्ना चेलाहरूलाई येशूले मानिसहरूलाई सत्यता सिकाउनु मात्र भन्नुभएन, तर उक्त सत्यता पालन गर्न सिकाउनु पनि भन्नुभयो! येशू ख्रीष्टको साँचो अनुयायीहरू उहाँको शिक्षाहरू पालना गर्ने कुराबाट चिनिन्छन्। तिनीहरूले सिकेका सत्यलाई जीवनमा अभ्यास गर्नैपर्छ। तिनीहरूको दिमाग, हृदय र इच्छा सत्यसँग मिल्दो र सुहाउँदो हुनैपर्छ, ताकि तनीहरू उक्त सत्यमा रहन सकून्। मत्ती ७:२१,२४ र फिलिप्पी ४:९ अनुसार ज्ञान र आज्ञाकारिता छुट्ट्याउनै नहुने तत्वहरू हुन्।

---

**मत्ती २८:१९**

**प्रश्न ७ - के येशू हरेक इसाई उहाँको चेला भएको चाहनुहुन्छ?**

**टिप्पणी -** हो। येशू ख्रीष्टमा विश्वास गर्ने तर उहाँलाई नपछ्याउने अथवा उहाँको आज्ञापालन नगर्नाले उहाँलाई प्रसन्न तुल्याउँदैन। हरेक इसाईले उहाँमा विश्वास गरेको, उहाँलाई पछ्याउएको, उहाँबाट सिकेको र चेलामा हुनुपर्ने विशेषताहरू विकास गरेको उहाँले अपेक्षा गर्नुहुन्छ। यसलाई छोटकरीमा भन्ने हो भने हरेक इसाईले उहाँमा विश्वास गरेर उहाँप्रति आज्ञाकारी भएको येशू चाहनुहुन्छ!

---

**मत्ती २८:१९**

**प्रश्न ८ - के संसारका सबै इसाईहरू उहाँका चेलाहरू हुन्छन् त?**

**टिप्पणी -** हुँदैनन्। येशूको यो संसारको जीवनमा हेर्ने हो भने चेला भनाउँदा थुप्रै मानिसहरूले उहाँलाई पछ्याउन छोडे, किनभने उहाँका शिक्षाहरू पालन गर्न निकै गाह्रो छ भनी तिनीहरूले विचार गरे (यूहन्ना ६:६६)। आफ्नो मुखले येशू नै 'प्रभु' हुनुहुन्छ भनी स्वीकार गर्ने हरेक व्यक्ति परमेश्वरको राज्यमा प्रवेश गर्नेछैन, किनभने हरेक व्यक्तिसँग येशूको व्यक्तिगत सम्बन्ध हुँदैन (उहाँले त्यसलाई चिन्नुहुन्न) र उक्त व्यक्तिले परमेश्वर पिताले भन्नुभएअनुसारको काम गर्दैन (मत्ती ७:२१)। त्यसैगरी विवाहभोजको दृष्टान्तमा हेर्ने हो भने, विवाहको घरमा प्रवेश गर्ने हरेक व्यक्ति त्यहाँ रहनको निम्ति योग्य हुनेछैन। येशू ख्रीष्टलाई धारण नगरेका मानिसहरूलाई अन्तिम न्यायको दिनमा बाहिर फालिनेछ (मत्ती २२:११-१४; रोमी १३:१४)!

---

**मत्ती २८:१९**

**प्रश्न ९ - के सबै इसाईहरू चेला बनाउने काममा सहभागी हुनुपर्छ?**

**टिप्पणी -** हो। मत्ती २८ मा येशूले यो आज्ञा उहाँका एघार चेलाहरूलाई दिनुहुन्छ। तिनीहरू गएर सबै राष्ट्रहरूमा चेलाहरू बनाउनुपर्छ। मानिसहरूलाई येशू ख्रीष्टका आज्ञाहरू पालन गर्न सिकाएर तिनीहरूले चेला बनाउँछन्। ती नयाँ चेलाहरूले पालना गर्नुपर्ने एउटा आज्ञाचाहिँ यही हो: 'जाओ, र सबै राष्ट्रहरूका मानिसहरूलाई चेला बनाओ।' त्यसकारण, चेलाहरू बनाउनुपर्ने यो आज्ञा संसारका सबै इसाईहरूलाई दिइएको आज्ञा हो! हरेक इसाई पहिले आफू येशू ख्रीष्टको चेला बन्नुपर्छ, र त्यसपछि अरू इसाईहरूलाई येशू ख्रीष्टको चेला बन्न सहायता गर्नुपर्छ! यो आज्ञा कुनै पनि स्थानीय मण्डलीको सीमाहरूभन्दा बाहिरको कुरा हो। हरेक स्थानीय मण्डलीले अरू ठाउँहरूमा चेला बनाउनैपर्छ र हरेक इसाई अरू मानिसहरूलाई चेला बनाउने काम सहायता गर्न सङ्लग्न हुनैपर्छ।

---

**मत्ती २८:२०**

**प्रश्न १० - चेलाहरू बनाउने मानिसहरूलाई येशू ख्रीष्टले के प्रतिज्ञा गर्नुहुन्छ?**

**टिप्पणी -** येशू ख्रीष्टले यसरी प्रतिज्ञा गर्नुहुन्छ, "पक्कै म युगको अन्तसम्म सधैँ तिमीसँग छु।" यहाँ 'पक्कै' भन्ने शब्दलाई 'याद गर' भनेर अनुवाद गर्दा राम्रो हुन्छ। येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई उहाँको प्रतिज्ञा हरेक दिन याद गर्न आग्रह गर्नुहुन्छ। यहाँ उल्लेखित 'सधैँ' भन्ने शब्दको अर्थ सुरुको भाषामा 'सबै दिनहरूमा' हुन्छ। यसको अर्थ येशू दिन-दिनै आफ्ना चेलाहरूसँग हुनुहुन्छ भनी उहाँले प्रतिज्ञा गर्नुहुन्छ। यसले उक्त दिन र आउने दिनमा पनि हो भन्ने कुरामा जोड दिन्छ। हरेक दिनसँग यसको आफ्नै जाँचहरू र कठिनाइहरू हुनेछ तर त्यसको साथै उक्त दिन येशू ख्रीष्ट पनि आफ्ना चेलाहरूसँग हुनुहुनेछ! यो कुरा उहाँको दोस्रो आगमनसम्मै भइरहन्छ, र त्यसबेला उहाँले यो युगलाई अन्त गर्नुहुनेछ र नयाँ स्वर्ग र नयाँ पृथ्वीको उद्‌घाटन गर्नु हुनेछ। येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई यसरी प्रतिज्ञा गर्नुहुन्छ, कि तिनीहरूले उहाँको आज्ञापालन गरेर सबै राष्ट्रहरूमा चेला बनाउन जाँदा, स्वयम् उहाँ तिनीहरूको सेवकाइमा हरेक दिन तिनीहरूसँग हुनुहुनेछ। उहाँ आफ्नो सबै प्रेम, बुद्धि र शक्तिको साथमा तिनीहरूसँग हुनुहुनेछ। येशू ख्रीष्टको प्रेमद्वारा तिनीहरूले घृणाले नष्ट भएका मानिसहरूलाई प्रेम गर्न सक्छन्। येशू ख्रीष्टको बुद्धिद्वारा चेलाहरूले यो जटिल संसारको माझमा बुद्धिमानीपूर्वक सही र व्यवहारिक निर्णयहरू गर्न सक्छन्। येशू ख्रीष्टको शक्तिद्वारा चेलाहरूले यस संसारको दुष्टता र भूतहरूको शक्तिमाथि विजय प्राप्त गर्न सक्छन्।

---

**मत्ती २८:१८-२०**

**प्रश्न ११ - यसर्थ, मण्डलीको मिसनको काम भनेको के हो?**

**टिप्पणी -** मण्डलीको निम्ति मिसनको काम मत्ती २८:१८-२० मा दिइएको छ। हरेक मण्डली फरक-फरक भाषाहरू, रीरि-रिवाजहरू, कामहरू अथवा सामाजिक अवस्थाका मानिसहरूको समूहमा जानुपर्छ र तिनीहरूलाई येशू ख्रीष्टको चेलाहरू बनाउनुपर्छ। यो मिसनको काम सम्भव छ, किनभने स्वयम् येशू ख्रीष्ट आफ्नो सारा अधिकारसाथ हामीसँग उपस्थित हुनुहुन्छ!

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र मत्ती २८:१८-२० बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्।
(हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

## १. मत्ती २८:१८-२० बाट निकालिएका केही सम्भावित प्रयोगहरू

२८:१८ अरू मानसिहरू र कठिन परिस्थितिहरूसँग नडराउनुहोस्, किनभने पृथ्वीमा सबै अधिकार येशूलाई दिइएको छ।

२८:१८ येशू ख्रीष्टले तपाईंको निम्ति तोकिदिनुभएको काम तपाईंले पूरा गर्न सक्नुहुन्छ भनी विश्वास गर्नुहोस्, किनभने सबै अधिकार उहाँसँग छ।

२८:१९ कहिले पनि सुसमाचार सुन्न नपाएका मानिसहरू भएको ठाउँमा गई चेलाहरू बनाउने काममा चासो लिएर त्यसको निम्ति पहल गर्नुहोस्।

२८:१९ नयाँ इसाईहरुलाई बाइबलको महत्वपूर्ण सत्यताहरू सिकाउनुहोस् र तिनीहरूलाई येशू ख्रीष्टको आज्ञाहरू पालन गर्न पनि सिकउनुहोस्।

२८:२० येशू ख्रीष्ट हरेक दिन उहाँको बुद्धि र शक्तिको साथ तपाईंसँग हुनुहुन्छ भनी याद गर्नुहोस्।

## २. मत्ती २८:१८-२० बाट निकालिएका केही व्यवहारिक प्रयगहरू

मेरो गाउँ-सहरमा कहिले पनि सुसमाचार नसुनेका मानिसहरूकहाँ जाने कुरामा म चासो लिन चाहन्छु। म तिनीहरूलाई सुसमाचार प्रचार गर्न र सिकाउन चाहन्छु। म तिनीहरूलाई येशू ख्रीष्टको चेलाहरू बनाउन चाहन्छु।

म इसाईहरूलाई येशू ख्रीष्टको शिक्षाहरू पालन गर्न सिकाउन सुरु गर्न चाहन्छु। हरेक हप्ता हाम्रो मण्डलीको केही जवान (नयाँ) इसाईहरूलाई कहिले पनि सुसमाचार सुन्न नपाएका मानिसहरूकहाँ सुसमाचार प्रचार गर्न र सिकाउन लैजान चाहन्छौं। हामीसँग हुँदा तिनीहरूले येशू ख्रीष्टले आज्ञापालन गर्न सिकाउनुभएका कुराहरू सिक्नेछन्।

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

मत्ती २८:१८-२० मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौं।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट) **अन्तरबिन्ती प्रार्थना**<br>**अरूहरूको लागि प्रार्थना गर्नुहोस्** |

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| | |
|---|---|
| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा मत्ती २८:१८-२० बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
**२. परमेश्वरसँग व्यक्तिगत समय -** प्रस्थान ७:१४-१०:२९ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
**३. पद कण्ठ गर्नुहोस् -** 'पापको प्रायश्चित' - रोमी ५:८। आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।
**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ ३१

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट) [परमेश्वरको विशेषता]<br>परमेश्वर छुटकारा दिने हुनुहुन्छ |
|---|---|

२ इतिहास २०:१-२३ पढ्नुहोस्।

### १. परमप्रभुले कसरी आफ्ना जनहरूलाई विगतमा छुटकरा दिनुभयो?

ठूलो सत्रुबाट परमप्रभुले कसरी आफ्ना जनहरूलाई छुटकारा दिनुभयो भनी छोटकरीमा व्याख्या गर्नुहोस्।
व्याख्या गर्दा निम्नलिखित ती कुराहरूमा जोड दिनुहोस्;

- आक्रमण हुँदा, परमप्रभुको सहायता खोजी गर्न एकै ठाउँमा भेला हुनुहोस् (४ पद)।
- आक्रमण गर्नेहरूसँग सामना गर्न तपाईंहरूसँग शक्ति छैन भनी परमप्रभु अनि एक-आपसमा स्वीकार गर्नुहोस्(१२ पद)।
- आक्रमण गर्नेहरूको विरुद्धमा नलड्नुहोस् अनि भयभित र निराश पनि नहुनुहोस्। परमप्रभुले नै तपाईंको पक्षमा लड्नुहुनेछ भनी विश्वास गर्नुहोस्। त्यसपछि परमप्रभुले दिनुहुने छुटकारा तपाईंले देख्नुहुनेछ (१५-१७,२० पद)।

### २. परमप्रभुले अहिले कसरी छुटकारा दिनुहुन्छ?

विगतमा भएका आक्रमणहरूबाट परमप्रभुले कसरी छुटकारा दिनुभएको छ भनी समूहका मानिसहरूलाई छोटकरीमा बताउन लगाउनुहोस्।

**समूहको अगुवा -** परमेश्वरको छुटकारा दिने विशेषताको निम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जना भएको सानो समूहमा रहेर आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय]<br>प्रस्थान ७:१४-१०:२९ |
|---|---|

तोकिएको बाइबल खण्ड (प्रस्थान ७:१४-१०:२९) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट) [प्रार्थना]<br>प्रार्थना गर्नको निम्ति बाइबल प्रयोग गर्नु |
|---|---|

**सिकाउनुहोस् -** बाइबलमा भएका वचनहरू पढ्नु अथवा सुन्नु भनेको परमेश्वरले तपाईंलाई के भन्दैहुनुहुन्छ भनी सुन्ने एउटा तरिका हो। अनि प्रार्थना गर्नु भनेको परमेश्वरलाई तपाईंले भन्नुभएका कुराहरू सुनाउने तरिका हो। तपाईंले प्रार्थना गर्नुहुँदा आफ्नो बाइबल प्रयोग गर्नुहोस्। तपाईंले परमेश्वरलाई गर्नुहुने प्रार्थना त्यसमा उल्लेखित छ।

## क. उत्प्रेरणा : तपाईंले प्रार्थना गर्दा किन बाइबल प्रयोग गर्ने?

### १. बाइबलमा उल्लेखित मानिसहरूको अनुभवहरू तपाईंको अनुभवहरूसँग मिल्दाजुल्दा छन्।

प्रेरित ४:१८-३१ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** ती इसाईहरूले प्रार्थना गर्दा प्रयोग भएका बाइबल पदहरूले तपाईंको वर्तमान अवस्थासँग कसरी सम्बन्ध राख्दछ?

**टिप्पणी -** प्रेरितहरूले भर्खरै यहूदी अधिकारीहरूले कसरी येशू ख्रीष्टलाई परमेश्वरले दिनुभएको मिसनको काम रोक्न व्यर्थैमा षडयन्त्र गरेको घटना अनुभव गरेका थिए (लूका २२:४७-७१)। रोमी सरकार येशू ख्रीष्टको (परमेश्वरको अभिषिक्त जनको) विरुद्धमा क्रोधित भएर उहाँलाई क्रूसमा टाँगेको घटना पनि तिनीहरूले अनुभव गरेका थिए (लूका २३:१-५६)। येशू ख्रीष्टको विरुद्धमा लाग्नको लागि यहूदी राजा हेरोद र रोमी बडाहाकिम पन्तियस पिलातस मित्रतामा आएका पनि तिनीहरूले देखेका थिए (लूका २३:१२)। प्रेरितहरूले एक जना लङ्गडोलाई निको पारेपछि थुप्रै यहूदीहरू येशू ख्रीष्टमा विश्वास गरेका थिए (प्रेरित ३:१-२६)। तर यहूदी अधिकारीहरूले प्रेरितहरूलाई पक्रेर झ्यालखानमा हाली बदनाम गरी येशू ख्रीष्टको बारेमा प्रचार गर्न र सिकाउन मनाही गरेका थिए (प्रेरित ४:१-२२)। यहूदी अधिकारीहरूले दिएका ती सबै डर-धम्कीहरूको उद्देश्य इसाईहरूलाई तर्साएर चूप गराउनु थियो। तैपनि, डर-धम्कीहरूका बाबजुद ती इसाईहरूलाई अझ बढी प्रार्थना गर्न र साहसाथ प्रचार गर्नमा बोलावट भयो! तसर्थ, सुसचामाचारलाई अझ साहससाथ घषणा गर्न सकौँ भनेर इसाईहरूले परमेश्वरलाई प्रार्थनामा अनुरोध गरे! त्यतिबेला तिनीहरूले प्रार्थना गर्दा बाइबलमा लेखिएका केही वचनहरूलाई प्रयोग गरे (भजन २:१-२)।

### २. बाइबलमा उल्लेखित परमेश्वरको इच्छा जान्नाले के कुराको लागि प्रार्थना गर्ने भनी आत्मविश्वास दिन्छ।

१ यूहन्ना ५:१४ पढ्नुहोस्।
**सिकाउनुहोस् -** सुरुका इसाईहरूका उदाहरण पछ्याउनुहोस् र तपाईंले प्रार्थना गर्दा बाइबलको वचनहरू प्रयोग गर्नुहोस्।
आफ्नो प्रार्थनामा तपाईंले बाइबल प्रयोग गर्नुभयो भने त्यसको दुई वटा ठूला फाइदाहरू हुनेछन्।

- तपाईंले के कुराको लागि प्रार्थना गर्ने भनी जान्नुहुनेछ। विशेषगरी तपाई भर्खरको नयाँ इसाई हुनुहुन्छ भने कहिलेकाहिँ के कुराको लागि प्रार्थन गर्ने भनी तपाईंलाई थाहा हुँदैन। तर अब तपाईंले आफ्नो बाइबल खोल्न सक्नुहुनछ र परमेश्वरसँग प्रार्थना गर्नको लागि थुप्रै खण्डहरू भेट्टाउन सक्नुहुन्छ। बाइबलले जे कुराहरूको बारेमा प्रार्थना गरेको छ, सो कुराहरूको बारेमा तपाईंले पनि प्रार्थना गर्नुपर्दछ।
- तपाईंले आत्मविश्वाससाथ परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्नुहुनेछ। तपाईंले आफ्नो प्रार्थनामा बाइबलमा उल्लेखित शिक्षाहरू र प्रतिज्ञाहरूलाई प्रयोग गर्नुहुन्छ भने तपाईंले परमेश्वरलाई प्रसन्न तुल्याउने गरी प्रार्थना गर्नुहुनेछ। परमेश्वरले आफ्नो इच्छा बाइबलमा प्रकट गर्नुभएको छ र तपाईंले परमेश्वरसँग प्रार्थना गर्दा बाइबको वचनहरू प्रयोग गर्नुहुन्छ भने तपाईंले आफ्नै इच्छाअनुसार होइन तर परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्नुहुनेछ। यसो गर्नुभयो भने तपाईंको प्रार्थना परमेश्वरले सुन्नुहुन्छ भन्ने ठूलो आत्मविश्वास तपाईंले पाउनुहुनेछ!

---

## ख. तरिका : तपाईंको प्रार्थनामा बाइबलको वचनहरू कसरी प्रयोग गर्ने?

**सिकाउनुहोस् -** तपाईंको प्रार्थनामा बाइबललाई व्यवहारिकरूपमा प्रयोग गर्ने चार वटा तरिकाहरू छन्।

### १. तपाईंले परमेश्वरसँग व्यक्तिगत समय बिताउँदाखेरिको प्रार्थनामा बाइबल प्रयोग गर्नुहोस्।

तपाईंले कुनै बाइबल खण्ड पढ्न सक्नुहुन्छ, त्यसबाट आफूलाई मनपर्ने सत्यता छान्न सक्नुहुन्छ र उक्त सत्यतामा मनन गर्न सक्नुहुन्छ। अन्तमा परमेश्वरसँग प्रार्थना गर्न यस सत्यतालाई प्रयोग गर्नुहोस्। उक्त सत्यताको बारेमा तपाईंका विचारहरूलाई परमेश्वरप्रति प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्। यो सत्यता तपाईंको लागि, तपाईंको परिवारको कुनै व्यक्तिको लागि, तपाईंको नजिकको कुनै व्यक्तिको लगि र तपाईंबाट टाढा रहने कुनै व्यक्तिको जीवनमा लागू होस् भनी प्रार्थना गर्नुहोस्। तपाईंले साथीसँग बसेर प्रार्थना गर्नुहुँदा, तपाईंको साथीको जीवनमा पनि यो सत्यता लागू होस् भनेर प्रार्थना गर्नुहोस्।

### २. तपाईंको बाइबल अध्ययनको प्रार्थनामा बाइबल प्रयोग गर्नुहोस्।

तपाईंले बाइबलको कुनै खण्ड अध्ययन गर्न सक्नुहुन्छ। अन्तमा, त्यो दिन परमेश्वरलाई प्रतिक्रिया जनाउन उहाँले उक्त बाइबल खण्डबाट तपाईंलाई सिकाउनुभएको महत्वपूर्ण सत्यताहरूमा प्रार्थना गर्नुहोस्। विशेषगरी उक्त बाइबल खण्डमा भएका सत्यताहरूमध्ये एउटा सत्यतालाई तपाईंले कसरी जीवनमा लागू गरेको परमेश्वर चाहनुहुन्छ भनी प्रार्थना गर्नुहोस्।

### ३. तपाईंको व्यक्तिगत प्रार्थनाको समयमा बाइबल प्रयोग गर्नुहोस्।

तपाईं एक्लै बसेर प्रार्थना गर्नुहुँदा, कुनै बाइबल खण्ड पढ्न सक्नुहुन्छ, अनि त्यहाँ उल्लेखित सत्यताहरूलाई बुझ्ने कोसिस गर्नुहोस्। अन्तमा, परमेश्वरलाई प्रतिक्रिया जनाउन प्रत्येक बाइबल पदमा भएका सत्यताहरूमा प्रार्थना गर्नुहोस्। बाइबलको लेखको विचारहरू, भावनाहरू र अनुरोधहरूलाई प्रयोग गर्दै आफ्नो विचारहरू, भावनाहरू र अनुरोधहरू परमेश्वरलाई अभिव्यक्त गर्नुहोस्।

### ४. तपाईंको समूहगत प्रार्थनाको समयमा बाइबल प्रयोग गर्नुहोस्।

इसाईहरूको समूहमा एकसाथ प्रार्थना गर्दा, तपाईंहरूले कुनै बाइबल खण्ड पढ्न सक्नुहुन्छ। उक्त खण्डमा भएका सत्यताहरू बुझ्न कोसिस गर्नुहोस् र अन्तमा परमेश्वरप्रति प्रतिक्रिया जनाउन प्रत्येक पदमा भएका सत्यताहरूमा प्रार्थना गर्नुहोस्। दुई-दुई जनाको सानो समूहमा विभाजन हुनुहोस्। दुई जना भएको हरेक समूहले उक्त बाइबल खण्डको प्रत्येक पदमा भएको सत्यताहरूको निम्ति परमेश्वरलाई प्रतिक्रिया जनाउन प्रार्थना गर्नुहोस्। उदाहरण: पहिलो व्यक्तिले १ पदमा भएको सत्यताहरूको निम्ति छोटकरीमा प्रार्थना गरेपछि दोस्रो व्यक्तिले २ पदमा भएको सत्यताहरूको निम्ति छोटकरीमा प्रार्थना गर्नुहोस्। यो तरिका असल छ, किनभने सबै नयाँ इसाईहरूले के प्रार्थना गर्ने भनी जान्दछन् र समूहको हरेक व्यक्तिले थुप्रैपटक प्रार्थना गर्ने मौका पाउँदछ। त्यसको साथै ठूलो समूहमा प्रार्थना गर्नुभन्दा एक जनासँग बसेर प्रार्थना गर्नु सजिलो हुन्छ।

## ग. तपाईंको प्रार्थनाहरूमा बाइबलमा उल्लेखित प्रार्थनाहरू प्रयोग गर्ने उदाहरणहरू

भजनसङ्ग्रहको पुस्तक थुप्रै प्रार्थनाहरू भएको पुस्तक हो। ती प्रार्थनाहरूलाई मुख्यगरी तीन समूहहरूमा विभानज गर्न सकिन्छ। पहिलो- आफ्नो व्यक्तिगत खाँचोहरू पूरा गर्ने सम्बन्धमा परमेश्वरसँग प्रार्थना; दोस्रो- परमेश्वरसँग आफ्नो सम्बन्ध पुनर्स्थापना अथवा गहिरो बनाउने सम्बन्धमा परमेश्वरसँग प्रार्थाना; तेस्रो- अरू मानिसहरूको खाँचो पूरा गर्ने सम्बन्धमा परमेश्वरसँग प्रार्थना।

### १. आफ्नो व्यक्तिगत खाँचोहरू पूरा गर्ने सम्बन्धमा परमेश्वरसँग प्रार्थना

बाइबलका लेखकहरू तपाईं र मजस्तै सामान्य मानिसहरू थिए। कहिलेकाहिँ तिनीहरूले आफूलाई परमेश्वरबाट निकै टाढा छु भनी महसुस गर्थे अनि कहिलेकाहिँ परमेश्वरको नजिकै छु भनी महसुस गर्थे। कहिलेकाहिँ तिनीहरूले आफ्ना पापहरूको लागि शोक गर्थे अनि कहिलेकाहिँ अरू मानिसहरूको दुष्टतामुनि रहेर दु:ख-कष्ट भोग्थे। कहिलेकाहिँ परमेश्वरले तिनीहरूलाईई अगुवाइ गरून् भनी प्रार्थना गर्थे अनि कहिलेकाहिँ परमेश्वरले तिनीहरूको जीवन रूपान्तरण गरिदेऊन् भनी प्रार्थना गर्थे। केही त्यस्ता प्रार्थनाहरूलाई हेरौं, ताकि ती प्रार्थनाहरूलाई तपाईंले आफ्नो निम्ति प्रयोग गर्न सक्नुभएको होस्। तपाईंले बाइबलमा भएका यी प्रार्थनाहरूलाई प्रार्थना गर्नुहुँदा, आफ्नो विचारहरू र भावनाहरूलाई अभिव्यक्त गर्नको लागि लेखकहरूको विचारहरू र भावनाहरूलाई प्रयोग गर्नुहोस्। तपाईंले परमेश्वरश्वरसँग अनुरोधहरू गर्दा, लेखकहरूको अनुरोधहरूलाई प्रयोग गर्नुहोस्।

निम्नलिखित ६ वटा प्रार्थनाहरूलाई सेतोपाटी अथवा कालोपटीमा बाइबल पदहरू मात्र लेखेर संक्षिप्त बनउनुहोस्। प्रत्येक प्रार्थनालाई छोटकरीमा व्याख्या गर्नुहोस्। ठूलो समूहलाई दुई-तीन जनाको सानो समूहमा विभाजन गर्नुहोस्। परिवर्तनकारी प्रार्थना गर्नको निम्ति भजनसङ्ग्रह १५ लाई प्रयोग गर्नुहोस्।

**(१) त्यागिएको अवस्थाको प्रार्थना - भजनसङ्ग्रह ७७:७-९, (भजनसङ्ग्रह १३:१-३)।**
**प्रश्न -** कसरी इसाईहरूले आफू त्यागिएको महसुस गर्न सक्छन्?
**सिकाउनुहोस् -** तपाईंले आफूलाई परमेश्वरबाट त्यागिएको महसुस गर्नुहुँदा, यो त्यागिएको अवस्थाको प्रार्थना गर्नुहोस्। आफू त्यागिएको र तिरस्कृत भएको वेदनापूर्ण भावन अभिव्यक्त गर्न बाइबलको यो प्रार्थना प्रयोग गर्नुहोस्। आफ्नो सही समयमा परमेश्वर फेरि तपाईंको नजिक आउनुहुनेछ।

**(२) दु:ख-कष्टको प्रार्थना - भजनसङ्ग्रह ३१:२-४,९-२०**

**प्रश्न -** कसरी इसाईहरूले दु:ख-कष्ट अनुभव गर्न सक्छन्?

**सिकाउनुहोस् -** तपाईंले आफूलाई सतावट दिने सत्रुहरू अथवा दु:ख-कष्टपूर्ण कठिन परिस्थितिहरूको सामन गर्नुपर्दा, दु:ख-कष्टको प्रार्थना गर्नुहोस्। आफूमा भएको डर-भयको विचारहरू र पीडाकको भावनाहरू अभिव्यक्त गर्न बाइबलको यो प्रार्थना प्रयोग गर्नुहोस्। तपाईंको यो परिस्थिति पनि परमेश्वरको हातमा छ भन्ने कुरा याद गर्नुहोस्। पछि गएर तपाईंले पनि भजन लेखकले झैँ यसो भन्नुहुनेछ, "तपाईंको भलाइ कति महान् छ, जो तपाईंको भय मान्नेहरूका निम्ति तपाईंले राख्नुभएको छ, तपाईंमा शरण पर्नेहरूलाई तपाईंले मानिसहरूका सामुन्ने दिनुभएको छ। तपाईंका उपस्थितिको सुरक्षित ठाउँमा तिनीहरूलाई मानिसका षड्यन्त्रबाट तपाईंले लुकाउनुहुन्छ। तपाईंले तिनीहरूलाई दोष लगाउने जिब्राहरूबाट आफ्नो वासस्थानमा सुरक्षित राख्नुहुन्छ" (भजन ३१:१९-२०)।

**(३) जाँचको प्रार्थना - भजनसङ्ग्रह १३९:१-७,२३-२४**

**प्रश्न -** जाँचको प्रार्थना गर्न किन महत्वपूर्ण छ?

**सिकाउनुहोस् -** तपाईंले आफ्नो जीवन ठिक नभएको जान्नुहुँदा अथवा महसुस गर्नुहुँदा, जाँचको प्रार्थना गर्नुहोस्। आफूमा लुकिएका अभिप्रायहरू खोजी गर्न र गहिरा भावनाहरूको जाँच गर्नको निम्ति बाइबलको यो प्रार्थनाको प्रयोगद्वारा परमेश्वरलाई अनुरोध गर्नुहोस्। आफूमा भएको डरहरू, चोटहरू र आक्रमक व्यवहारलाई खुल्ला गरिदिनुहोस् भनी परमेश्वरलाई अनुरोध गर्नुहोस्। तपाईंको दिमाग र हृदयमा के लुकिएको छ भनेर परमेश्वरले पहिले नै जान्नुहुन्छ, तर ती लुकिएका कुराहरू देखाइदिनुहोस् भनी तपाईंले अनुरोध गरेको परमेश्वर चाहनुहुन्छ। येशूले भन्नुभयो, "तिमीले सत्य जान्नेछौ र सत्यले तिमीलाई स्वतन्त्र गराउनेछ" (यूहन्ना ८:३२)। तपाईंको स्वभावको अति अँध्यारो भागको बारेको सत्यताबाट पनि तपाईं स्वतन्त्र हुन सक्नु हुन्छ!

**(४) आत्मसमर्पणको प्रार्थना - भजनसङ्ग्रह २५:४-५,७-१५**

**प्रश्न -** इसाईहरूले कुन-कुन क्षेत्रहरूमा घरी-घरी आत्मसमर्पण गर्नुपर्छ?

**सिकाउनुहोस् -** आफ्नो विद्रोही मार्गमा जाँदा-जाँद थकित हुनुभएपछि आत्मसमर्पणको प्रार्थना गर्नुहोस्। आफ्नै विद्रोही मार्गको हिँडाइलाई परिवर्तन गरी परमेश्वरले तपाईंको लागि छान्नुभएको बाटोमा हिँड्ने चाहानालाई अभिव्यक्त गर्न बाइबलको यो प्रार्थनालाई प्रयोग गर्नुहोस्। आफ्नो मार्गलाई परमेश्वरको मार्गप्रति आत्मसमर्पण गर्नुहोस्। त्यसपछि भजन लेखकले १२ र १४ पदमा अनुभव गरेझैँ, तपईंले पनि यसरी अनुभव गर्नुहुनेछ, "तपाईं हिँड्नुपर्ने बाटो परमप्रभुले तपईंलाई सिकाउनुहुनेछ" र "उहाँको भय राख्नेहरूलाई उहाँले बताउनुहुन्छ"। त्यसपछि तपाईंले १५ पदको जस्तै गरी स्वीकारको प्रार्थना गर्नुहुनेछ, "मेरा आँखा सधैँ परमप्रभुतिर नै छन्, किनकि उहाँले मात्र मेरा खुट्टाहरू पासोबाट छुटाइदिनुहुनेछ।" परमेश्वरको मार्तप्रति आत्मसमर्पण गर्नाले तपाईंलाई उहाँको प्रेम र विश्वासयोग्यताको अनुभवतिर डोऱ्याउनेछ!

**(५) परिवर्तनको प्रार्थना - भजनसङ्ग्रह १५:१-५**

**प्रश्न -** इसाईहरूले कस्तो किसिमको परिवर्तनहरू (रूपान्तरणहरू) को लागि प्रार्थना गर्न सक्छन्?

**सिकाउनुहोस् -** तपाईं परिवर्तन भई दोषरहित हुन चाहनुहुन्छ भने परिवर्तनको प्रार्थना गर्नुहोस्। परमेश्वरको उपस्थितिमा दोषरहित जीवन जिउने तपाईंको चाहनालाई अभिव्यक्त गर्न बाइबलको यो प्रार्थना गर्नुहोस्। भजनको लेखकसँगै सत्य बोल्ने, अनि भ्रष्टतालाई घृणा गरी जे सही छ, त्यही गर्ने तपाईंको विश्वासलाई प्रकट गर्नुहोस्। तपाईंको जीवनमा तपाईंले परिवर्तन गर्न चाहनुभएको अरू क्षेत्रहरू पनि हुन सक्छन्। ती कुराहरूका निम्ति परमेश्वरसँग प्रार्थना गर्नुहोस्। परमेश्वरलाई अनुरोध गर्नुहोस् अनि उहाँले तपाईंलाई परिवर्तन गर्नुहुनेछ! परमेश्वरको उपस्थितिमा खडा रहने स्वर्गदूतले भने, "परमेश्वरमा कुनै कुरा असम्भव छैन!" (लूका १:३७)।

**(६) अगुवाइको प्रार्थना - भजनसङ्ग्रह १४३:८-१०**

**प्रश्न -** इसाईहरूलाई कुन-कुन क्षेत्रमा अगुवाइ आवश्यक पर्छ?

**सिकाउनुहोस् -** तपाईंको जीवनको लागि सही दिशा अथवा अप्ठ्यारो समयहरूमा के गर्ने भन्ने अगुवाइको आवश्यक पर्दा तपाईंले अगुवाइको प्रार्थना गर्नुहोस्। तपाईंको निम्ति परमेश्वर के चाहनुहुन्छ भनी जान्ने तपाईंको चाहना अभिव्यक्त गर्न बाइबलको यो प्रार्थना गर्नुहोस्। त्यसपछि परमेश्वरले भजन ३२:८ भन्नुभएको कुरा तपाईंले अनुभव गर्नुहुनेछ, "म तँलाई शिक्षा दिनेछु, तँ कुन मार्गमा हिँड्नुपर्ने सो तँलाई सिकाउनेछु। म तँलाई परामर्श दिनेछु र तँमाथि नजर राख्नेछु।"

## २. परमेश्वरसँग आफ्नो सम्बन्ध पुनर्स्थापना अथवा गहिरो बनाउने सम्बन्धमा परमेश्वरसँग प्रार्थाना

बाइबलका लेखकहरू पनि यस्ता मानसिहरू हुन्, जो परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा बढ्दैजान्दन् अनि कहिलेकाहिँ उहाँसँगको सम्बन्धमा तिनीहरूले सङ्घर्ष गर्दछन्। कहिलेकाहिँ तिनीहरूले आफ्नो जीवनमा भएको पापको निम्ति दोषी

भएको अथवा लज्जित भएको महसुस गर्दछन् र परमेश्वरसामु ती पापहरू स्वीकार गर्न खाँचो छ भनी ठान्दछन्। कहिलेकाहिँ तिनीहरूले परमेश्वरको वास्तविकता अथवा उहाँको उपस्थित अथवा उहाँसँगको निकटता अनुभव गर्दैनन्। त्यसपछि तिनीहरूले उत्कटरूपमा परमेश्वरको मुहार खोजी गर्न आवश्यक हुन्छ। कहिलेकाहिँ तिनीहरूले परमेश्वरले गर्नुभएको कामको निम्ति उहाँलाई धन्यवाद दिन चाहन्छन्, उहाँ को हुनुहुन्छ भनी चिनेर प्रशंसा गर्न चाहन्छन् अथवा आफूलाई परमेश्वरको सामु समर्पण गर्न चाहन्छन्। तपाईंले परमेश्वरसँग आफ्नो सम्बन्ध विकार गर्नको निम्ति प्रयोग गर्न बाइबलमा भएका केही त्यस्ता प्रार्थनाहरूलाई ध्यान दिनुहोस्।

सम्बन्धित बाइबल खण्ड र शीर्षकहरूलाई सेतोपाटी अथवा कालोपाटीमा लेखेर निम्नलिखित ५ वटा प्रार्थनाहरूलाई संक्षिप्तरूपमा व्याख्या गर्नुहोस्। प्रत्येक प्रार्थनालाई छोटकरीमा वर्णन गर्नुहोस्। दुई-तीन जनाको सानो समूहमा विभाजित हुनुहोस्। प्रशंसाको प्रार्थना गर्न भजन १०३:२-५,८-१४ प्रयोग गर्नुहोस्। परमेश्वरप्रति प्रतिक्रिया जनाउन पालैपालो एक-दुई पदबाट प्रार्थना गर्नुहोस्।

**(१) स्वीकारको प्रार्थना - भजन ५१:१-१२**

**प्रश्न -** किन इसाईहरूका निम्ति पापहरूको स्वीकार गर्नु महत्वपूर्ण छ?

**सिकाउनुहोस् -** जब तपाईंले परमेश्वरको विरुद्धमा, अरू मानिसहरूको विरुद्धमा अथवा आफ्नै विरुद्धमा पाप गरेको थाहा पाउनुहुन्छ अथवा तपाईंको पापहरूले आफूलाई विचलित पारेको थाहा पाउनुहुन्छ, तब स्वीकारको प्रार्थना गर्नुहोस्। आफ्नो दोष र लाज प्रकट गर्न, क्षमादान माग्ना र आफूलाई धुन र नवीकरणको निम्ति बिन्ती गर्न बाइबलको यो प्रार्थना प्रयोग गर्नुहोस्। पापले जस्तो अरू कुनै कुराले तपाईंलाई दोषी अथवा लज्जित महसुस गराउन सक्दैन। पापले जस्तो अरू कुनै कुराले तपाईंलाई परमेश्वरले त्याग्नुभएको आशारहित अवस्था महसुस गराउन सक्दैन। पापले जस्तो अरू कुनै कुराले तपाईंलाई नास पार्न सक्दैन। त्यसकारण, ढिला नगरीकन यो स्वीकारको प्रार्थना गर्नुहोस्। त्यसपछि भजन ५१:१७ मा उल्लेखित सत्यता तपाईंले अनुभव गर्नुहुनेछ, "तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।"

**(२) परमेश्वरको उपस्थितिलाई अभ्यास गर्ने प्रार्थना - भजन १६:१-११**

**प्रश्न -** कसरी इसाईहरू आफ्नो जीवनमा परमेश्वरको उपस्थितिबारे बढी सचेत हुन सक्छन्?

**सिकाउनुहोस् -** तपाईंले परमेश्वरको वास्तविकतालाई अनुभव नगरेको बेलामा अथवा उहाँको उपस्थिति महसुस नगरेको बेलामा अथवा उहाँसँको निकटता महसुस नगरेको बेलामा परमेश्वरको उपस्थिति अभ्यास गर्ने प्रार्थना गर्नुहोस्। बाइबलमा भएको यो प्रार्थना प्रयोग गर्नुहोस:

- आफूमा कुनै असल थोक नभएकोले परमेश्वरबाट टाढा हुनुपरेको सत्यतामाथि मनन गर्नुहोस्।
- आफूले गर्ने हरेकथोकमा प्रभुलाई आफ्न सामुन्ने राख्न अभ्यास गर्नुहोस्।
- सोच-विचार गरेर परमेश्वरको उपस्थितिमा प्रवेश गर्नुहोस्।

हामी मानिसजाति सांसारिक र अनात्मिक प्राणी भएकोले हामीले परमेश्वरको उपस्थिको लागि घरी-घरी अभ्यास गर्न खाँचो छ। भजन १६:२ कण्ठ गर्नुहोस् र तपाईंले परमेश्वरबाट सम्पर्क टुटको महसुस गर्ने हरेक समयमा यो प्रार्थना गर्नुहोस्। त्यसपछि तपाईंले पनि ११ पदको सत्यतालाई अनुभव गर्नुहुनेछ। परमेश्वरले तपाईंलाई जीवनतिर जाने बाटो देखाइदिनुहुनेछ र उहाँको उपस्थितिको आनन्दले तपाईंलाई भरिदिनुहुनेछ!

**(३) प्रशंसाको प्रार्थना - भजन १०३:१-१५**

**प्रश्न -** के कुराहरूको लागि इसाईहरूले परमेश्वरको प्रशंसा गर्नुपर्छ?

**सिकाउनुहोस् -** परमेश्वरले तपाईंको लागि गर्नुभएका कामहरू स्मरण गर्दा र उहाँको सबै विशेषताहरूको बारेमा विचार गर्दा प्रशंसाको प्रार्थना गर्नुहोस्। परमेश्वरको चरित्र र उहाँले तपाईंको निम्ति गर्नुभएको अचम्मका कामहरूका निम्ति बाइबलको यो प्रार्थनालाई प्रयोग गर्नुहोस्। प्रार्थना अथवा गीत-भजनद्वारा परमेश्वरप्रतिको तपाईंको भक्ति र उपासनालाई प्रकट गर्नुहोस्। परमेश्वर को हुनुहुन्छ भनी अरू मानिसहरूलाई बताउनुहोस् र उहाँको भय राख्नेहरूलाई हुने फाइदाहरूको गणनावाद गर्नुहोस्। तपाईंले जति धेरै बाइबल पढ्नुहुन्छ, त्यति नै धेरै उहाँलाई जान्नुहुनेछ। जति धेरै तपाईंले उहाँलाई जान्नुहुन्छ, त्यति नै धरै उहाँको प्रशंसा गर्नुहुनेछ!

**(४) धन्यवाद दिने प्रार्थना - भजन १०७:४-८**

**प्रश्न -** इसाईहरूले के कुराहरूको निम्ति परमेश्वरलाई धन्यवाद दिनुपर्छ?

**सिकाउनुहोस् -** तपाईंप्रति परमेश्वरको सबै कृपाहरू र दयाहरूको निम्ति तपाईंले परमेश्वरलाई 'धन्यवाद' भन्न चाहनुहुँदा यो धन्यवाद दिने प्रार्थना गर्नुहोस्। परमेश्वरलाई धन्यवाद दिने सहायताको निम्ति बाइबलको यो प्रार्थना प्रयोग गर्नुहोस्। विशेषगरी परमेश्वरलाई धन्यवाद दिनको निम्ति तपाईंले सबै कुराहरू थप्न सक्नुहुन्छ।

**(५) समर्पणताको प्रार्थना - भजन १०१:१-४**

**प्रश्न -** इसाईहरूले परमेश्वरलाई के-के कुराहरू समर्पण गर्न सक्छन्?

**सिकाउनुहोस् -** तपाईंले आफूलाई परमेश्वरप्रति समर्पित हुन चाहनुहुँदा समर्पणताको प्रार्थना गर्नुहोस्। दोषरहित जीवनप्रतिको आफ्नो समर्पणता अभिव्यक्त गर्नको निम्ति बाइबलको यो प्रार्थना प्रयोग गर्नुहोस्। तपाईं परमेश्वरसँग प्रार्थना गरेर यसो भन्न सक्नुहुन्छ, "म कुनै दुष्ट कुराप्रति नजर लगाउने छैन" र "म खराब कुराप्रति कुनै सम्बन्ध राख्नेछैन।"

## ३. अरू मानिसहरूको खाँचो पूरा गर्ने सम्बन्धमा परमेश्वरसँग प्रार्थना।

बाइबलको लेखकहरूले कहिलेकाहिँ अरू मानिसहरूका आशिष्को निम्ति प्रार्थना गरे अनि कहिलेकाहिँ तिनीहरूका सत्रुहरूको न्यायको निम्ति पुकारा गरे। नयाँ करारमा पनि सुन्दर प्रार्थनाहरू छन्, जुन तपाईंले अरूहरूको निम्ति अन्तर्बिन्ती गर्दा प्रयोग गर्न सक्नुहुन्छ। तपाईंले अरू मानिसहरूका निम्ति प्रार्थना गर्दा प्रयोग गर्न सक्नुहुने केही प्रार्थनाहरूलाई ध्यान दिएर हेरौं।

शीर्षकहरू र बाइबल पदहरूलाई मात्र सेतोपाटी अथवा कालोपाटीमा लेखेर निम्नलिखित ३ वटा प्रार्थनाहरूको संक्षिप्त व्याख्या गर्नुहोस्। प्रत्येक प्रार्थनालाई छोटकरीमा वर्णन गर्नुहोस्। समूहलाई दुई-तीन जनाको सानो समूहमा विभाजन गर्नुहोस्। आशिष्को प्रार्थना गर्नको निम्ति भजन २०:१-५ लाई प्रयोग गर्नुहोस्। परमेश्वरप्रति प्रतिक्रिया जनाउन पालैपालो एक-दुई पदहरू प्रयोग गर्दै प्रार्थना गर्नुहोस्।

**(१) आशिष्को प्रार्थना - भजन २०:१-७**

**प्रश्न -** इसाईहरूले अरूहरूको निम्ति कस्तो किसिमको आशिष्को प्रार्थना गर्न सक्छन्?

**सिकाउनुहोस् -** तपाईंले कुनै व्यक्तिलाई आशिष् दिन चाहनुहुन्छ भने यो आशिष्को प्रार्थना प्रयोग गर्न सक्नुहुन्छ। अरू मानिसहरूलाई आशिष् दिनको निम्ति बाइबलको प्रार्थना प्रयोग गर्नुहोस्। ती आशिष्हरू परमेश्वरमा भर पर्ने कुरामा जरा गाडिएका हुन्छन्। भजन २०:७ मा हामी पढ्छौं, "कोही रथहरूमा र कोही घोडाहरूमाथि भरोसा गर्छन्, तर हामी त परमप्रभु, हाम्रा परमेश्वरकै नाउँमा भरोसा गर्छौं।" यसको आशय के हो भने, परमेश्वरमा विश्वास गर्नेहरूले नै यी आशिष्हरू प्राप्त गर्दछन्। तिनीहरूको प्रार्थनाको उत्तर आउनेछ र तिनीहरूको योजनाहरू सफल हुनेछन् भनी तिनीहरूले परमेश्वरमा अपेक्षा गर्नुपर्दछ।

**(२) न्यायको निम्ति पुकारा गर्ने प्रार्थना - भजन ५५:९, ९४:१-२,५-११; लूका ६:२७-२८**

**प्रश्न -** के इसाईहरूले अरू मानिसहरूको न्यायको निम्त पुकारा गर्न सक्छन्?

**सिकाउनुहोस्-**

- तपाईंले जब कमजोर र अत्याचारमा परेकाहरूलाई घोर अन्याय परेको देख्नुहुन्छ, तब ती दुष्ट मानिसहरूको अन्यायप्रति रोष प्रकट गर्न, अनि जानाजानी अनैतिक काम गर्ने मानिसहरू र अधिकारमा भएका अत्याचारी मानिसहरूप्रतिको क्रोध प्रकट गर्न बाइबलको प्रार्थना प्रयोग गर्न सक्नुहुन्छ।
- तपाईंले खराब मानिसहरू हिंसा र झैझगडामा लागेको र त्यस्तै योजनाहरू बनाएको देख्नुहुँदा, यसरी प्रार्थना गर्न सक्नुहुन्छ, "प्रभु, यी दुष्टहरूलाई अलमल्ल पारिदिनुहोस्।"
- तपाईंले झूटा मानिसहरूले आफ्नो स्वार्थको निम्ति रेडियो, टिलिभिजन, खबर-पत्रिकाहरूलाई दुरुपयोग गरेको देख्नुहुँदा, यसरी प्रार्थना गर्न सक्नुहुन्छ, "प्रभु, तिनीहरूको बोलीलाई शर्ममा पारिदिनुहोस्।"
- तपाईंले घमण्डी र स्वार्थी शासकहरूले गरिब र असहाय मानिसहरूलाई मारेको खबर सुन्नुहुँदा, औषधि व्यवसायीहरूले निर्दोष बाल-बालिकाहरूमाथि विषालु तत्व फैलाएको सुन्नुहुन्छ, गुण्डाहरूले इमान्दार व्यापारीहरूलाई बन्दुक तेर्साएको सुन्नुहुँदा, लडाकुहरूले एकदेखि अर्को मुलुकमा लडाइँ गरेको सुन्नुहुँदा, ती दुष्ट मानिसहरूको विरुद्धमा बाइबलको प्रार्थना गर्न सक्नुहुन्छ।

परमेश्वर सार्वभौम हुनुहुन्छ र उहाँले नैतिकतासाथ संसारको शासन गर्नुहुन्छ भनी इसाईहरूले विश्वास गर्दछन्। परमेश्वरको सामु सही र गलत कुराले ठूलो अर्थ राख्ने भएकोले गर्दा, अनुग्रहको पछाडि उहाँको न्यायले नैतिक संसारमा काम गर्नैपर्छ।

तर, पुरानो करारका परमेश्वरको जनहरूले भन्दा नयाँ करारका परमेश्वरको जनहरूले धेरै मात्रामा ज्योति पाएका छन्। नयाँ करारको ज्योतिको प्रकाशमा, इसाईहरूले आफ्ना सत्रुहरूमाथि श्राप बोल्दैनन् र बदला पनि लिँदैनन्। इसाईहरूले खराब मानिसहरूका लागि प्रार्थना गर्नुपर्दछ ताकि परमेश्वरको अनुग्रह पाउनको लागि तिनीहरू आफ्ना दुष्ट चालबाट परमेश्वरतिर फर्कन सकून्।

तैपनि, यदि तिनीहरूले पश्चाताप गर्न नमानीकन खराब कामहरू गरिरहन्छन् भने, परमेश्वरले त्यसमा हस्तक्षेप गरून् र आफ्नो न्यायद्वारा तिनीहरूका दुष्ट कामलाई रोकिदिनुभएको होस् भनी इसाईहरूले प्रार्थना गर्न सक्छन्। तर न्याय गर्ने काम केवल परमेश्वरको हो भन्ने कुरा कहिले पनि नबिर्सनुहोस् (रोमी १२:१७-२१)। इसाईहरूले कहिले पनि आतङ्कवादीहरूजस्तो व्यवहार देखाउनु हुँदैन! अनि यो कुरा पनि नबिर्सनुहोस् कि कृपा नदेखाउनेहरू माथि कृपा बिना नै न्याय देखाइनेछ। कृपाले न्यायमाथि विजय पाउँछ (याकूब २:१३)!

**(३) अन्तर्बिन्तीको प्रार्थना - कलस्सी १:९-१२**

**प्रश्न -** इसाईहरूले अरू इसाईहरूका निम्ति विशेषगरी कस्तो किसिमको अनुरोध गरिदिन सक्छन्?

**सिकाउनुहोस् -** तपाईंले अरू इसाईहरूको निम्ति प्रार्थना गर्दा, परमेश्वरलाई तिनीहरूको तर्फबाट विशेष अनुरोधहरू चढाउनको लागि बाइबलको यो प्रार्थना प्रयोग गर्न सक्नुहुन्छ। परमेश्वरले तिनीहरूलाई आफ्नो इच्छाको बुद्धिले भरदेऊन्, सबै आत्मिक बुद्धि र समझले भरिदेऊन् भनी प्रार्थना गर्नुहोस्। अथवा तिनीहरू परमेश्वरको निम्ति योग्य जीवन जिउन सकून् भनी प्रार्थना गर्नुहोस्। अथवा हरेक मार्गमा तिनीहरूले प्रभुलाई प्रसन्न तुल्याउन सकून् भनी प्रार्थना गर्नुहोस्। अथवा तिनीहरूले गर्ने हरेक काममा फल फलाउन सकून् भनी प्रार्थना गर्नुहोस्। अथवा तिनीहरूले परमेश्वरलाई अझ असल किसिमले जान्नको निम्ति बढ्दैजाऊन् भनी प्रार्थना गर्नुहोस्। अथवा परमेश्वरले तिनीहरूलाई उहाँको शक्तिद्वारा बलियो पारिदिनुभएको होस् भनी प्रार्थना गर्नुहोस्। अथवा तिनीहरूले सहनशक्ति अथवा धैर्यता पाऊन् भनी प्रार्थना गर्नुहोस्। अथवा हरेक परिस्थितिमा तिनीहरूले आनन्दित भएर परमेश्वरलाई धन्यवाद दिन सकून् भनी प्रार्थना गर्नुहोस्।

**सारंश -** तपाईंले परमेश्वरसँग प्रार्थना गर्नुहुँदा बाइबलको प्रार्थनाहरू प्रयोग गर्नुहोस्। आफ्नो विचारहरू र भावनाहरू प्रकट गर्नको निम्ति भजनसङ्ग्रहको प्रार्थनाहरू साथै नयाँ करारमा येशूको प्रार्थनाहरू र प्रेरितहरूको प्रार्थनाहरूलाई प्रयोग गर्नुहोस्। परमेश्वरप्रति आफ्नो व्यक्तिगत अनुरोधहरू चढाउनको निम्ति बाइबल लेखकहरूको अनुरोधहरूलाई प्रयो गर्नुहोस्।

---

## घ. आफ्नो प्रार्थनामा बाइबलको शिक्षाहरू प्रयोग गर्ने उदाहरणहरू

बाइबलको प्रार्थनाहरूभन्दा पछाडि तपाईंले आफ्नो प्रार्थनामा बाइबलको शिक्षाहरू, प्रतिज्ञाहरू र बुद्धिलाई पनि प्रयोग गर्न सक्नुहुन्छ। त्यसको निम्ति तपाईंले बाइबललाई सही व्याख्या गर्नैपर्छ। बाइबल सिकाउनुभन्दा अघि मात्र होइन तपाईंले बाइबलका शब्दहरूलाई आफ्नो प्रार्थनाहरूमा प्रयोग गर्नुभन्दा पहिले पनि त्यसलाई सही किसिमले व्याख्या गर्नुपर्दछ।

### १. परमेश्वरको चरित्र र उहाँको कामहरूबारेको शिक्षाहरू तपाईंको प्रार्थनाहरूमा प्रयोग गर्नुहोस्

**(१) परमेश्वरको वास्ताको बारेमा प्रार्थना - भजन २३:१-६**

**सिकाउनुहोस् -** गोठालोले आफ्नो भेडाको जसरी वास्ता गर्छ, त्यसरी नै परमेश्वरले तपाईंको वास्ता गर्नुहुन्छ भनी यो भजनले बताउँछ। परमेश्वरसँग प्रार्थना गर्दा यो भजनलाई प्रयोग गर्नुहोस्। तपाईंको वास्ता गरिदिनुहोस् भनी परमेश्वरलाई अनुरोध गर्नुहोस् ताकि तपाईंको वास्तविक खाँचोहरू कमी नहोस्। तपाईंको खानेकुरा र बस्ने ठाउँ वास्ता गरिदिनुहोस् भनी उहाँलाई भन्नुहोस्। तपाईंले ठूलो कठिनाइहरू सामना गर्नुपर्दा, सही बाटोमा डोर्‍याउनुहोस् र सहायता गर्नुहोस् भनी उहाँलाई अनुरोध गर्नुहोस्। तपाईंको सत्रुहरूको सामु तपाईंलाई परमेश्वरले निर्दोष र उच्च पार्नुहोस् भनी उहाँसँग अनुरोध गर्नुहोस्। यी सबै कुराभन्दा माथि जीवनको सबै दिनहरूमा परमेश्वरकै उपस्थितिमा जिउनेछु भनी समर्पण गर्नुहोस्।

**(२) परमश्वरको छुटकाराबारेमा प्रार्थना - भजन ३४:१-२२**

**सिकाउनुहोस् -** यो भजनले परमेश्वरको छुटकारालाई बताउँछ। परमेश्वरसँग प्रार्थना गर्दा यो भजन प्रयोग गर्नुहोस्। तपाईंको सबै डरहरू, शर्म र कठिनाइहरूबाट छुटकारा दिनुहोस् भनी परमेश्वरलाई अनुरोध गर्नुहोस्। तपाईंको हृदय तोडिएको अवस्थामा उहाँलाई नजिक आउन अनुरोध गर्नुहोस् र आत्मामा तपाईं पेलिनुहुँदा तपाईंलाई बचाउनुहोस् भनी परमेश्वरलाई अनुरोध गर्नुहोस्।

## २. इसाई जीवनको बारेको शिक्षाहरूलाई तपाईंको प्रार्थनामा प्रयोग गर्नुहोस्।

**(१) सम्बन्धहरूको बारेमा प्रार्थना - रोमी १२:९-२१**
**सिकाउनुहोस् -** यो शिक्षाले इसाईहरूले एक-अर्कासँग कसरी सम्बन्ध राख्ने भनेर बताउँछ। तपाईंको प्रार्थनामा यस शिक्षलाई प्रयोग गर्नुहोस्।

**(२) मण्डलीको सदस्यहरूको खाँचोहरूलाई वास्ता गर्ने बारेमा प्रार्थना - १ थेसलोनिके २:१-१२**
सिकाउनुहोस् - मण्डलीको सदस्यहरूलाई मण्डलीको अगुवाहरूले कसरी वास्ता गर्ने भन्ने बारेमा यो शिक्षाले बताउँछ। तपाईंले आफ्नो प्रार्थनामा यो शिक्षालाई प्रयोग गर्नुहोस्। बलियोरूपमा विरोध हुँदा पनि सुसमाचार प्रचार गर्ने साहस दिनुहोस् भनी परमेश्वरसँग माग्नुहोस्। आफूलाई मानिसहरूको प्रशंसा नहेर्ने व्यक्ति बनाउनुहोस् भनी उहाँसँग अनुरोध गर्नुहोस्। तपाईंले मण्डलीका सदस्यहरूसँग व्यवहार गर्दा आमाको जस्तो भद्रता र बुबाको जस्तो उत्साह दिन सकूँ भनी परमेश्वरसँग माग्नुहोस्।

**(३) मण्डलीका सदस्यहरूलाई परिवर्तन हुनको निम्ति सल्लाह दिने बारेमा प्रार्थना - तीतस २:१-१०**
**सिकाउनुहोस् -** मण्डलीका अगुवाहरूले मण्डलीका सदस्यहरूलाई कसरी सल्लाह सुझाव र आग्रह गर्नुपर्छ भन्ने बारेमा यो शिक्षाले बताउँछ। तपाईंले आफ्नो प्रार्थनामा यो शिक्षालाई प्रयोग गर्नुहोस्। बाइबलको सही सिद्धान्तअनुसार मात्र सिकाउन सकूँ भनी परमेश्वरसँग सहायता माग्नुहोस्। पाका इसाईहरूले जवान इसाईहरूको माझमा उदाहरण भई कसरी भक्तिपूर्ण जीवन जिउने भनी सिकाउन सकूँ भनी परमेश्वरसँग माग्नुहोस्।

**सारंश -** तपाईंले आफ्नो प्रार्थनामा बाइबलका शिक्षाहरूलाई प्रयोग गर्नुहोस्। समूहगत प्रार्थना सभमा, पहिले कुनै बाइबल खण्ड पढ्नुहोस्। उक्ति खण्डको बारेमा सोध्नुपर्ने कुनै प्रश्न छ कि भनी समूलाई सोध्नुहोस्। उक्त खण्डबाट प्रार्थना गर्नुभन्दा पहिले त्यसलाई बुझ्ने कोसिस गर्नुहोस्। त्यसपछि उक्त समूहलाई दुई-दुई जनाको सानो समूहहरूमा विभाजन गर्नुहोस्। उक्त प्रत्येक समूहलाई त्यो बाइबल खण्डको प्रत्येक पदबाट पालैपालो प्रार्थना गर्न लगाउनुहोस्। एकपटक प्रार्थना गर्द एउटा बाइबल पद प्रयोग गर्न लगाउनुहोस्।

---

| ५ | **प्रार्थना** (८ मिनेट) **[प्रतिक्रियाहरू]**<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |
|---|---|

रोमी १२:९-२१ पढ्नुहोस्। त्यसपछि त्यो खण्डलाई व्याख्या गर्नुहोस्। अन्तमा दुई-दुई जनाको समूहमा विभाजित हुनुहोस् र प्रत्येकले एउटा-एउटा पदबाट पालैपालो प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'प्रार्थनामा बाइबलको प्रयोग' भन्ने शिक्षालाई समूहको अर्को व्यक्तिलाई अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा सँगै अध्ययन गर्नुहोस्।
२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (प्रस्थान ११:१-१४:३१)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। एफिसी ४:१-१६ - मण्डलीको लक्ष्यहरू। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।

# पाठ ३२

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय] प्रस्थान ११:१-१४:३१ |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (प्रस्थान ११:१-१४:३१) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ** (२० मिनेट) [सुसमाचार] मुक्ति सित्तैको उपहार हो : एफिसी २:८-९ |
|---|---|

## क. मनन

एफिसी २:४-१० पढ्नुहोस्। "तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो- अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ- र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो- कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

| मुक्ति सित्तैको उपहार हो<br>एफिसी २:८९ |
|---|
| किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ- र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो- कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।<br>एफिसी २:८-९ |


यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

### १. परमेश्वरको प्रेम, कृपा र अनुग्रह

प्रेम, कृपा र अनुग्रहको बीचमा के भिन्नता छ? परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८)। परमेश्वर कृपालु हुनुहुन्छ (लूका ६:३६)। र परमेश्वर अनुग्रही हुनुहुन्छ (व्यवस्था ३४:६)। परमेश्वर समझदेखि बाहिर (बुझ्न नसकिने) हुनुएकोले गर्दा, पापीहरूको निम्ति उहाँको प्रेम सधैँ मानवीय समझदेखि बाहिर र अद्वितीय छ (प्रस्थान ७:७-८ सँग तुलना गर्नुहोस्)। परमेश्वरको कृपा र अनुग्रह उहाँको प्रेमअन्तर्गतका पक्षहरू हुन्। परमेश्वरको कृपाले हामीप्रति दया देखाउँछ भने उहाँको अनुग्रहले चाहिँ क्षमा दिने काम गर्छ। परमेश्वरको कृपा भनेको दयाको खाँचोमा दु:खित हुने हामीप्रतिको प्रेम हो। परमेश्वरको अनुग्रह भनेको चाहिँ दोषी र अयोग्य मानिसहरूको लागि क्षमादान र मुक्तिको खाँचोमा परमेश्वरको प्रेम हो।

## २. मुक्ति अनुग्रहद्वारा हो कामहरूद्वारा होइन।

अनुग्रहद्वारा बचाइनु भनेको योग्य नभए तापनि पापबाट बचाइनु हो। यो पापको दोषबाट बचाइनु हो, जसको मतलब पूर्णरूपमा क्षमा पाउनु हो। यो पापको दण्डबाट क्षमा पाउनु हो, जसको मतलब कहिले अन्त नहुने जीवन दिइनु हो। यो पापपूर्ण स्वभावको शक्तिबाट बचाइनु हो, जसको मतलब अहिलेदेखि सदासर्वदा नयाँ जीवन जिउन सक्षम हुनु हो। अनुग्रहद्वारा बचाइनु भनेको आफ्नै गुण र योग्यताबाट बचाइनुको ठ्याक्कै विपरीत कुरा हो।



The belief that children are born innocent at birth and everyone saves himself by climbing the religious ladder (keeping the law)

The belief that everyone is born in sin and lost (Psalm 51:5; Job 14:4) and needs a Saviour.

कामहरूद्वारा बचाइनु भनको आफ्नै गुण र योग्यताद्वारा बचाइनु हो, जसको मतलब कुनै व्यक्तिले आफैमा निहित भलाइ र कडा परिश्रमद्वारा निर्माण भएको गुण र योग्यताद्वारा बचाइनु हो। यदि आफ्नै भलाइ, आफ्नै धार्मिक क्रियाकलाप अथवा आफ्नै असल कामहरूद्वारा बचाइन सम्भव भएको भए, मानिसहरूलाई परमेश्‍वर अथवा उहाँको मुक्तिको कामको आवश्यक्ता पर्दैनथ्यो। त्यसो हुने भएको भए, मानिसले परमेश्‍वरको उपस्थितिमा यसरी घमण्ड गरेर भन्न सक्थ्यो, 'मैले आफैलाई बचाएँ!"

तैपनि, बाइबलले स्पष्टसँग यो कुरा बताउँछ, कि हामी परमेश्‍वरको अनुग्रहद्वारा बाँचेका हौँ तर हाम्रो आफ्नै कामहरूद्वारा होइन! परमेश्‍वर मुक्तिको रचनाकार हुनुहुन्छ र साथै उहाँ मुक्तिको उपहार दिने व्यक्ति पनि हुनुहुन्छ। उहाँले येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानद्वारा मुक्तिको काम गर्नुहुन्छ र जजसले येशू ख्रीष्टमाथि विश्‍वास गर्छन्, उहाँले तिनीहरूलाई मुक्ति सित्तैको उपहारस्वरूप दिनुहुन्छ। अनुग्रहबाट मुक्ति पाउनु भनेको सुरुदेखि अन्त्यसम्मै परमेश्‍वरको उपहारस्वरूप मुक्ति पाउनु हो, जसको लागि हामी योग्य छैनौँ र हामीले त्यसलाई कमाउन र किन्न पनि सक्दैनौ।

## ३. विश्‍वासद्वारा मुक्ति

येशू ख्रीष्टको प्रायश्‍चितको काममा हामी अनुग्रहबाट विश्‍वासद्वारा बचाइएका हौँ भनी सबै इसाईहरूले विश्‍वास गर्दछन्। तैपनि, उक्त विश्‍वासलाई कसरी हेर्ने भन्ने कुरामा इसाईहरूको फरक-फरक विचार छ। विश्‍वास परमेश्‍वरको उपहार होइन, यो त केवल मानिको जिम्मेवारी हो भनी केही इसाईहरू भन्दछन्। अरू इसाईहरूचाहिँ विश्‍वास परमेश्‍वरको उपहार हो र यसमा मानिसको जिम्मेवारी पनि छ भन्दछन्।

**विश्‍वास गर्नु मानिसको जिम्मेवारी हो भन्ने अवधारणा:**
यो अवधारणामा विश्‍वास गर्ने इसाईहरूले भन्दछन्- 'यो तिमीहरूबाट होइन, यो त परमेश्‍वरको उपहार हो' भन्ने शब्दहरूले 'विश्‍वासलाई' बुझाउँदैन तर 'अनुग्रहबाट मुक्ति' भन्ने कुरालाई मात्र बुझाउँछ। तसर्थ, उनीहरूले भन्दछन्, कि 'मुक्ति' परमेश्‍वरको अनुग्रही उपहार हो र 'विश्‍वास' परमेश्‍वरको अनुग्रही उपहार होइन, तर यो त मानिसहरूको जिम्मेवारी हो। तैपनि, यस अवधारणालाई "मुक्ति परमेश्‍वरको अनुग्रहबाट हो" अनि त्यसपछि "यो मुक्ति मानिसहरूबाट होइन, तर परमेश्‍वरको उपहार हो" भन्नु त्यति उपयुक्त हुँदैन किनभने यहाँ अनावश्यकरूपमा दोहोऱ्याइन्छ। सुरुको ग्रीक भाषामा हेर्ने हो भने 'यो' भन्ने शब्दले टाढाको 'मुक्ति' भन्ने शब्दलाई भन्दा बरु लगत्तै अगाडि आउने 'विश्‍वास' भन्ने शब्दलाई बुझाउँछ।

**विश्‍वास पहिले परमेश्‍वरको उपहार हो र त्यसपछि मानिसको जिम्मेवारी हो भन्ने अवधारणा:**
मुक्तिको सन्दर्भमा यस्ता इसाईहरूले भन्दछन्, कि "अनुग्रह परमेश्‍वरको काम हो, मानिसको काम होइन" अनि "विश्‍वास परमेश्‍वरको उपहार हो, केवल मानिसले उत्पन्न गर्ने कुरा होइन"। तिनीहरू भन्दछन्, कि यद्यपि विश्‍वास गर्ने जिम्मेवारी र विश्‍वास गर्ने कामचाहिँ मानिसकै जिम्मेवारी भए तापनि (मर्कूस १:१५; रोमी १:१:१६ सँग तुलना गर्नुहोस्), एफिसी २:४-१० मा विश्‍वासको सुरुवात र त्यसको निरन्तरता दुबै कुरा पूर्णरूपमा परमेश्‍वरमा निर्भर हुने कुरालाई जोड दिएको छ (फिलिप्पी १:६ सँग तुलना गर्नुहोस्)। प्रेरित पावलले एफिसी २:७ मा 'परमेश्‍वरको अनुग्रहको असीम सम्पत्ति'को बारेमा कुरा

गर्दछन्। यो अनुग्रहको प्रमाण यही हो, कि एफिससका विश्वासीहरू अनुग्रहबाट विश्वासद्वारा बचाइएका थिए। तर त्यसपछि, एफिससका विश्वासीहरूले आफ्नो विश्वासको लागि आफैले श्रय लिने कुरा विचार गर्लान् भनी पावलले तुरुन्तै यो कुरा थप्छन्, कि तिनीहरूको यो विश्वास अथवा विश्वासको अभ्यास तिनीहरू आफैले उत्पन्न गरेका होइनन्, तर त्यो त परमेश्वरको उपहार हो!

विश्वास गर्ने जिम्मेवारी र विश्वास गर्न काम हाम्रो हो, तर परमेश्वरले हामीजस्तो अयोग्यलाई उक्त विश्वास उपहारस्वरूप दिनुभएपछि मात्र त्यो सम्भव हुन्छ। विश्वास दिइएको छ। प्रेरित १३:४८; १६:१४; १८:२७; फिलिप्पी १:२९; २:१२-१३ र २ पत्रुस १:१ पढ्नुहोस्। कुनै मानिसले सुसमाचार सुन्न पाएपछि मात्र उसको निम्ति विश्वास सम्भव हुन्छ! उकहाँ सुसमाचार प्रचार गर्न पठाउनुहुने परमेश्वर नै हुनुहुन्छ। रोमी १०:१४-१७; २ थेसलोनिके २:१३-१४; २ तिमोथी १:९-१० पढ्नुहोस्!

### ४. विश्वास र कामहरूबीचको सम्बन्ध


हामी आफ्ना कामहरूद्वारा (व्यवस्थापालन गरेर) बचाइएका होइनौँ।

नैतिकवान जीवन जिएर, सद्गुणहरूले भरिपूर्ण जीवन जिएर अनि सबै आज्ञाहरू पालन गरेर पृथ्वीमा कुनै व्यक्ति धर्मी ठहरिनेछैन (रोमी ३:२०)! धार्मिक क्रियाकलापहरू असल कामहरू गरेर हामी बचाइएका होइनौँ (एफिसी २:९), किनभने त्यसले हामीलाई बचाउने अनुग्रही परमेश्वरको महिमा र क्रूसमा येशूख्रीष्टद्वारा उहाँले गर्नुभएको कामलाई लुट्दछ। हामीले आफ्नो तरफको कुनै परिश्रमबाट हामी बचाइएका होइनौँ, तर केवल परमेश्वरको अनन्त निर्णयद्वारा बचाइएका हौँ, जुन कुनै व्यक्तीलाई हाम्रो लागि सुसमाचार प्रचार गर्न पठाइएको र पवित्र आत्मालाई हामीमा काम गर्न दिएकोले नै हो ( २ थेसलोनिके २:१३-१४)। हामीले घमण्ड गर्ने हरेक कुरालाई हटाइएको छ।

**असल कामहरू गर्नको लागि हामीहरू बचाइएका हौँ (एफिसी २:१०)।**

हाम्रो शारीरिक सृष्टि र आत्मिक पुनर्जन्मको उद्देश्य असल कामहरू गर्नु हो। संसार सृष्टिभन्दा पहिले पृथ्वीमा हाम्रो अस्तितको अति महत्वपूर्ण उद्देश्य र अर्थपूर्ण जीवन हुनुपर्छ भनी परमेश्वरले हाम्रो लागि योजना बनाउनुभयो (एफिसी १:४)। हाम्रो सम्पूरण जीवन परमेश्वरले हामी हिँड्नको निम्ति तयार पार्नुभएअनुसार असल कामहरूले भरिएको हुनुपर्दछ। यसर्थ, हामीले गर्नुपर्ने सबै असल कामहरू हाम्रो आफ्नै उत्पादन होइनन्, तर परमेश्वरले पहिल्यै तयार पार्नुभएको उत्पादन हुन्।

सबै असल कामहरू परमेश्वरबाट, परमेश्वरद्वारा र परमेश्वरको लागि हुन्। असल कामहरूको रचनाचार, असल कामहरूको सामर्थ्यदाता र असल कामहरूको लक्ष्य परमेश्वर नै हुनुहुन्छ। वर्तमानको हाम्रो जीवन, यसको सुरुवात र भविष्य केवल परमेश्वरमा निर्भर हुन्छ। उहाँलाई नै सबै महिमा जानुपर्छ (रोमी ११:३६)!




मुक्तिलाई राम्रोसँग सप्रेर फल फलाउने रूखद्वारा चित्रण गर्न सकिन्छ। मुक्तिको जरा भनेको परमेश्वरको अनुग्रह हो, जसद्वारा उहाले हामीलाई पवित्र आत्मा र विश्वास दिनुहुन्छ।

मुक्तिको फलचाहि असल कामहरू हुन्, जुन हामी हिँड्को निम्ति परमेश्वरले तयार पार्नुभयो। ख्रीष्टले यो कुरा माग गर्नुहुन्छ, कि जजसले उहाँमाथि विश्वास गर्छन्, तिनीहरूले प्रशस्त फल फलाउनु पर्छ र सो फल रहिरहनु पर्छ (यूहन्ना १५:५,१६)! हाम्रो इसाई आचरण र क्रियाकलापहरूले हाम्रो इसाई विश्वाससँगै काम गर्छ र उक्त विश्वासलाई पूरा गर्दछ (याकूब २:२२)।

---

## ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। मुक्ति सित्तैको उपहार हो - एफिसी २:८-९
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

| ४ | **बाइबल अध्ययन** (७० मिनेट) **[मण्डली]**<br>**मण्डलीको लक्ष्यहरू : एफिसी ४:१-१६** |
|---|---|

एफिसी ४:१-१६लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्। परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर एफिसी ४:१-१६पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्। अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**एफिसी ४:१-११**
**खोज १ - मण्डली र हरेक झुण्डको वृद्धि त्यसको एकता र विविधतामा निर्भर भएको हुन्छ।**
मण्डलीको वृद्धि उक्त मण्डलीको एकतामा निर्भर हुन्छ। मण्डलीको उक्त एकता त्यो मण्डलीमा जिइरहेका हरेक इसाईको व्यक्तिगत जीवनको ढाँचामा निर्भर हुन्छ। सबै इसाईहरूले आफ्नो बोलावटअनुसारको जीवन जिउँछन्, जसको मतलब तिनीहरू नम्रता, भद्रता, धैर्यता र प्रेमपूर्ण जीवन जिउँछन् भने मण्डली सजिलै एकतामा आउँछ र वृद्धि हुन थाल्छ (एफिसी ४:१-६)।

मण्डलीको वृद्धि उक्त मण्डलीको विविधतामा निर्भर हुन्छ। उक्त विविधता मण्डलीमा भएका विश्वासीहरूको आत्मिक वरदानहरूद्वारा गर्ने काममा निर्भर हुन्छ। सबै इसाईहरूले आफ्ना विशेष वरदानहरूले एक-अर्कालाई सेवा गर्न थालेपछि मण्डली सजिलै एकतामा आउनेछ र वृद्धि हुन थाल्नेछ। हेरक इसाईले आफ्नो खाँचो महसुस गर्नेछ र अरू इसाईहरूलाई पनि खाँचो परेको महसुस गराउनेछ (एफिसी ४:७-११)।

---

**एफिसी ४:१२-१६**
**खोज २ - मण्डली र हरेक झुण्डको वृद्धि मण्डलीको सम्बन्धहरू, परिपक्वता र सेवकाइहरूमा निर्भर हुन्छ।**
सत्यता र प्रेमको सम्बन्धहरूले मण्डलीलाई वृद्धि गराउनेछ (एफिसी ४:१५)। व्यक्तिगतरूपमा दृढ विश्वास भएका इसाईहरूले मण्डली वृद्धि गराउनेछ (एफिसी ४:१३-१४)। अनि त्यसैगरी विभिन्न किसिमका इसाई सेवकाइहरू र सेवाहरूले मण्डली वृद्धि गराउनेछ (एफिसी ४:१२,१६)। मण्डलीमा जति धेरै इसाई सेवकाइहरू र सेवाहरू हुन्छन्, त्यति नै धेरै विभिन्न प्रकारका इसाईहरूले मण्डलीमा सक्रिय भई काम गर्नेछन्। समानतामा आधारित एकताले मण्डली वृद्धिलाई दबाउँछ बने सेवकाइहरू र सेवाहरूको विविधतामा आधारित एकतले मण्डली वृद्धिलाई बढवा दिन्छ।

---

**चरण: ३ - प्रश्न व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
एफिसी ४:१-१६ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।

**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**(१) मण्डलीको लक्ष्य भनेको इसाई जीवनलाई दृश्यरूपमा जिउनु हो।**

**एफिसी ४:१-२**
**प्रश्न १ - परमेश्वरले मण्डलीमा इसाईहरूलाई कस्तो किसिमको जीवनको निम्ति बोलावट दिनुभएको छ?**

**टिप्पणी -** एफिसी ४:१ ले भन्दछ, "जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर।" परमेश्वरको बोलावटको योग्य जीवनलाई यी सातवटा सद्गुणहरूले चित्रण गर्छ: नम्रता, भद्रता, धैर्य, एकले अर्कोलाई सहनु, प्रेम, एकता र शान्ति। उदाहरण:

**भद्रता के हो?**
भद्र र नम्र इसाईसँग अरूलाई पीडा दिनेभन्दा दु:ख-कष्ट सहने आन्तरिक शक्ति हुन्छ। नम्र इसाई भनेको हरेक हावाको झोक्कामा झुक्ने अथवा निहुरिने कमजोर र लुलो व्यक्ति अवश्य होइन। उसले रीस र उत्तेजनालाई अधिनमा राख्छ। उसले अरू मानिसहरूले बोलका अथवा गरेका कामहरूलाई व्यक्तिगत आक्रमण ठानेर नकारात्मकरूपमा लिएर तुरुन्तै उत्तेजित अथवा रिसाउने गर्दैन र त्यस्ता कुराहरूलाई छिट्टै स्वीकार पनि गर्दैन। आफ्नो हक-अधिकारको निम्ति जोर दिने काममा धिमा हुन्छ। वास्तवमा उसले यसरी महसुस गर्दछ, कि उसको स्वभावद्वारा उसँग कुनै हक-अधिकार छैन, र उसको सबै हक-अधिकारहरू अनुग्रहद्वारा उसलाई दिइएका हुन्।

**शान्ति (मेलमिलाप) के हो?**
इसाईको परमेश्वरसँग र अरू मानिसहरूसँग मेलमिलाप रहेको हुन्छ। परमेश्वरसँग मेलमिलाप हुनु भनेको दोषबाट स्वतन्त्र हुनु हो। यो विगतका पापहरू क्षमा भएका छन् भन्ने दृढ विश्वास हो। शान्ति भनेको डर-भयबाट स्ततन्त्र हुनु हो। यो वर्तमान् कठिनाइहरू भलाइको विरुद्धमा गरिएका निर्ययहरू हुन् भन्ने दृढ विश्वास हो। शान्ति भनेको त्यागिएको छु भन्ने भावनाबाट स्वतन्त्र हुनु हो। यो भविष्यमा परमेश्वरबाट अलग हुनुपर्दैन भन्ने दृढ विश्वास हो। परमेश्वरसँगको मेलमिलाले थकित मनलाई आराम ल्याउँछ, खाली हृदयलाई सन्तुष्टताले भर्दछ र तोडिएको जीवनलाई फेरि पूर्ण बनाउँछ। अरू मानिसहरूसँग मेलमेलाप गर्नु भनेको तिनीहरूसँगको सम्बन्धमा दोषको भावना, डर अथवा तिरस्कारलाई हटाउनु हो। अरू मानिसहरूसँग मेलमिलाप गर्नुको अर्थ झैझगडा र दुश्मनीको अवस्थालाई मेलमिलाप, शान्ति र एकले अर्कोलाई निर्मण गर्ने सम्बन्धहरूले स्थापित गर्नु हो।

**(२) मण्डलीको लक्ष्य विविधतालाई एकतामा राख्ने हुनुपर्दछ।**
**एफिसी ४:३**
**प्रश्न २ - कसरी इसाईहरूले आत्माको एकतालाई व्यवहारिकरूपमा कायम राख्छन्?**

**टिप्पणी -** इसाईहरूकले व्यवहारिकरूपमा आत्माको एकता कायम राख्नको लागि केही सुझावहरू यस प्रकारका छन्:

- तपाईंले आफूलाई कुनै विशेष सम्प्रदायको सदस्यभन्दा ख्रीष्टको शरीरको सदस्य हुँ भनी ठान्नुहोस्।
- प्रेरितहरूले गरेको स्वीकारझैँ तपाईंले स्वीकार गर्नुहोस् र प्रभुले सिकाउनुभएको प्रार्थनालाई आफ्नो प्रार्थना बनाउनुहोस्।
- हरेक व्यक्तिकहाँ सुसमाचार पुऱ्याउनको निम्ति आफ्नो सहरमा भएका इसाई मण्डलीहरू मिलेर मरामर्श कार्यलय बनाउनुहोस्।
- आफ्नो छिमेकमा बस्ने इसाईहरूसँग कम्तीमा वर्षको एकपटक समूहिकरूपमा भेटघाट गर्नुहोस्। अनि सँगै मिलेर गीत-भजनहरू गाउनुहोस्। आफूलाई मनपर्ने बाइबल खण्डबाट आफूले पत्ता लगाएका कुराहरू एक-आपसमा बाँड्नुहोस्। एकसाथ बसेर प्रार्थना र सङ्गति गर्नुहोस्।
- आफ्नो छिमेकमा सङ्घर्ष गरिरहेका मण्डलीलाई व्यवहारिकरूपमा सहायता गर्नुहोस्।

**एफिसी ४:४-६**
**प्रश्न ३ - मण्डलीको एकतालाई हामीले कसरी बुझ्नुपर्छ?**

**टिप्पणी -** एफिसी ४:१६ मा मण्डलीको एकतामा जोड दिइएको छ। मण्डलीको उक्त एकता बाहिरी देखावट र सङ्गठात्मक होइन तर आन्तरिक र जैविक किसिमको हो। यसको मतलब त्यो कुनै किसिमको मानवीय सङ्गठन अथवा मण्डली सम्प्रदायको ढाँचाले लादिनु होइन तर ख्रीष्ट वास गर्नुभएको परिणाम त्यहाँबाट निस्किनुपर्छ। बाइबलअनुसार व्याख्य गर्ने हो भने, हरेक छुट्टाछुट्टै मण्डली झुण्ड एल्डरहरूको परिषद्को अगुवाइको मुनि पूर्णरूपमा स्वतन्त्र हुन्छ। तर सबै छुट्टाछुट्टै मण्डली झुण्डहरू त्यसको शिर, येशू ख्रीष्टको अगुवापनको मुनि एकआपसप्रति निर्भर भएको हुन्छ (तर सम्प्रदायको परिषद्, धर्मसभा अथवा सम्मेलनको छातामुनि रहेको हुँदैन)।

मण्डलीको (संसारको सबै झुण्डहरूको) आत्मिक एकताले गर्दा, ख्रीष्टको शरीर, हामी इसाईहरूले एकता कायम राख्नको निम्ति हरेक किसिमको प्रयत्न गर्नुपर्दछ! त्यो एकता सङ्गठात्मक एकताको रूपमा होइन, तर आत्मिक एकताको रूपमा प्रदर्शित हुनुपर्दछ। संसारभरिका मण्डलीका इसाईहरूले उही परमेश्वरको आराधना गरेर त्यो एकतालाई प्रदर्शन गर्ने गर्दछन्। तिनीहरूलाई पापबाट उद्धार गर्ने मुक्तिदाता उही हुनुहुन्छ। तिनीहरूमा उही पवित्र आत्मा वास गर्नुहुन्छ। तिनीहरूमा बाइबलमा उल्लेख भएझैँ उही विश्वास हुन्छ। अनि त्यसैगरी तिनीहरूमा भएको प्रेम र आशा पनि उही हो।

---

**(३) मण्डलीको लक्ष्य भनेको विविधतामा एकता कायम राख्नु हो।**

**एफिसी ४:७**
**प्रश्न ४ - इसाईहरूले आत्मिक वरदानहरूको विविधतालाई कसरी हेर्नुपर्दछ?**

**टिप्पणी -** एफिसी ४:७,११ मा मण्डलीको विविधतालाई जोड दिइएको छ। त्यो विविधता भनेको येशू ख्रीष्टले संसारमा आफ्नो मण्डलीलाई दिनुभएको अनुग्रह र आत्मिक वरदानहरूको विविधता हो।

ख्रीष्टको शरीरको सदस्यहरूमा भएको आत्माको वरदानहरूको ठूलो विविधता छ। १ कोरिन्थी १२:७-११; १ कोरिन्थी १२:२८-३०; रोमी १२:४-८ र एफिसी ४:११ मा उल्लेखित आत्मिक वरदानहरूको अभिप्राय मण्डलीलाई पूर्ण अथवा व्यापक बनाउनु हो। अनुग्रह र आत्मिक वरदानहरूको विविधताले मण्डलीको एकतालाई बढवा दिन्छ, किनभने हरेक सदस्यले आफूसँग भएको परमेश्वरको अनुग्रह र आफ्नो वरदानहरूलाई अरूहरूको सेवाको निम्ति प्रयोग गर्छ र त्यसैगरी अरू इसाईहरूबाट सेवाको अपेक्षा गर्दछ। इसाईहरूले प्राप्त गरेका अनुग्रह र आत्मिक वरदानहरू तिनिअरू आफ्नै लागि होइन, तर अरू इसाईहरूको सेवा गर्नको लागि हो ताकि विभिन्न किसिमका सेवकाइहरू गर्न, विश्वव्यापी इसाई मण्डली निर्मण गर्न (यसले हेरक स्थानीय मण्डली झुण्डलाई समेट्छ) र परमेश्वरको महिमा गर्नको लागि इसाईहरूलाई सुसज्जित गर्दछ।

हामी इसाईहरूले आत्मिक वरदानहरूको बारेमा महत्वपूर्ण कुराहरूलाई याद गर्नुपर्दछ।

- हामीले आत्मिक वरदानलाई उपहारको रूपमा चिन्नुपर्छ (१ कोरिन्थी १२:११; एफिसी ४:७-८), तर त्यसलाई आफ्नो सीप र प्रतिभा अथवा कौशलको उपज ठान्नुहुँदैन।
- हामीले आफूसँग भएको आत्मिक वरदानलाई धेरै आत्मिक वरदानहरूमध्ये एउटा हो र यसको मात्रा सीमित छ भनी बुझ्नुपर्छ : नापअनुसारको वरदान (एफिसी ४:७)।
- हामीले यो कुरा बुझ्नैपर्छ, कि केही वरदानहरू कामहरू (सेवाहरू) हुन्; जस्तै: 'सिकाउनु' (रोमी १२:७) र अरू उपहारहरूचाहि कार्यभारहरू (नियुक्त सेवकहरू) हुन्; जस्तै: शिक्षकहरू (एफिसी ४:११)।
- हामीले आफूसँग भएका वरदानहरूले आफ्नो महिमाको निम्ति प्रयोग गर्नुहुँदैन भनी ध्यान दिनैपर्छ, तर त्यसलाई सम्पूर्ण मण्डली र परमेश्वरको महिमाको निम्ति प्रयोग गर्नुपर्दछ (१ पत्रुस ४:१०-११)।

---

**एफिसी ४:८-१०**
**प्रश्न ५ - येशू ख्रीष्टको उच्चमा चढिजानुभयो र तल्लो भागमा ओर्लनुभयो भनेको के हो?**

**टिप्पणी -**

**पुरानो करार र नयाँ करारको बाइबल खण्ड**
पुरानो करारको भजन ६८:१८ मा उल्लेखित शब्दहरू नयाँ करारको एफिसी ४:८ मा दद्धृत गरिएका होइनन् तर त्यसलाई लागू गरिएका छन्। भजनकारले पुरानो करारमा परमेश्वरका बारेमा बताएका कुराहरू नयाँ करारमा आएर येशू ख्रीष्टमा पूरा

भएका छन्। इसाईहरूसँग दुई फरक बाइबल होइन तर एउटै मूले लेखकद्वारा प्रेरणा भएको एउटै बाइबल छ, जसको लेखक पवित्र आत्मा हुनुहुन्छ (२ तिमोथी ३:१६) अनि पुरानो करारलाई नयाँ करारको प्रकाशमा उत्तम ढङ्गमा व्याख्या गरिएको हुनाले, परमेश्वरको बारेमा पुरानो करारले बताएको कुरा नयाँ करारमा येशू ख्रीष्टमा लागू गर्ने प्रेरित पावलसँग हक छ!

पुरानो करारमा परमेश्वर पृथ्वीका आफ्ना सत्रुहरूमाथि विजयी हुनुभयो, विजय पाउनुभएका मानिसहरूबाट उपहारहरू (वरदानहरू) ग्रहण गर्नुभयो र विजयसाथ बन्धनमा परेका थुप्रै मानिसहरूका साथमा स्वर्गमा उक्लनुभयो। नयाँ करारमा येशू ख्रीष्टले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा पृथ्वीलाई जित्नुभयो, पृथ्वीका मानिसहरूलाई उपहारहरू (वरदानहरू) दिनुभयो र बन्धनमा परेका आफ्ना थुप्रै मानिसहरूसँग विजयसाथ स्वर्गमा उक्लनुभयो।

२ कोरिन्थी २:१४ र एफिसी ४:८ मा उल्लेखित बन्धनमा परेका मानिसहरू भनेको परमेश्वरले आफ्नो प्रेम, कृपा (दया) र अनुग्रह (क्षमादान) द्वारा विजय प्राप्त गर्नुभएका मानिसहरू हुन्। तिनीहरूले विजयको जुलुसद्वारा येशू ख्रीष्टलाई पछ्याइहेका छन् (जुन कुरा येशू ख्रीष्टको स्वर्गारोहणबाट सुरु भएको थियो)! येशू ख्रीष्टले तिनीहरूलाई आफ्नो मुक्तिको कामको पूर्णताको लागि लूटको धन र पुरस्कारको रूपमा ग्रहण गर्नुभयो।

उहाँले दिनको लागि लिनुभयो। उहाँले पृथ्वीमा आफ्नो राज्य दिनको निम्ति ती बन्धनमा परेकाहरूलाई ग्रहण गर्नुभयो। एफिसी ४:११ मा उल्लेखित प्रेरितहरू, अगमवक्ताहरू प्रचारकहरू, गोठालाहरू र शिक्षहरू भनेका ख्रीष्टले इसाई मण्डलीलाई दिनुभएको अनग्रही उपहारहरू हुन् (तर हरेक झुण्डको निम्ति यो आवश्यक नहुनसक्छ), ताकि ख्रीष्टको शरीरमा सेवाको कामहरू गर्नको निम्ति इसाईहरू सुसज्जित र तयार हुन सकून। एफिसी ४:११ मा उल्लेखित वरदानहरू कामहरू (सेवाहरू) भन्दा पनि कार्यभारहरू (अभिषिक्त सेवकहरू) हुन्।

यहाँ महत्वपूर्ण कुरा के हो भने यस्ता कार्यभार पाएका व्यक्तिहरूले हरेक मण्डलीमा भएका एल्डरहरूको अगुवापनमुनि रहेर काम गर्दछन् (प्रेरित १४:२३; तीतस १:५; १ पत्रुस ५:१)। मण्डलीमा केही एल्डरहरूसँग पनि यस्ता अनुग्रही आत्मिक वरदान हुनसक्छ। तर यस्ता अनुग्रही आत्मिक वरदानहरू एल्डर हुनको निम्ति चाहिने योग्यताचाहिँ होइन। मण्डलीको साधारण सदस्यहरूसँग पनि यस्तो अनुग्रही आत्मिक वरदानहरू हुनसक्छ।

**ख्रीष्टको देहधारण र स्वर्गारोहण**

येशू ख्रीष्ट 'पृथ्वीको तल्लो भागहरू' अथवा 'पृथ्वीभन्दा तलका क्षेत्रहरू' -म ओर्लनुभयो भन्ने वाक्यलाई उहाँ "सबै स्वर्गहरूभन्दा उच्च स्थानहरूमा उक्लनुभयो" भन्ने वाक्यसँग तुलना गरिएको छ। प्रेरित पावलले (र १ पत्रुस ३:१८-२२ मा प्रेरित पत्रुसले) येशू भूमिगत अथवा पातालका आत्माहरूकहाँ ओर्लनुभयो भनी बुझाउन खोजेका होइनन् तर येशू यस्तो तल्लो अवस्थामा ओर्लनुभयो, कि त्यहाँ कुनै मानिस कहिल्यै गएको छैन। येशू ख्रीष्ट पूर्णरूपमा परमेश्वरको बराबरीमा हुनु भए तापनि, उहाँले आफूलाई उक्त महिमित अवस्थाबाट रित्याउनुभयो, पतन भएको मानिसको स्वभाव लिनुभयो, सबै मानिसहरूको सेवक बन्नुभयो, मानिसहरूको पापहरूको निम्ति अपराधीझैं मर्नुभयो (फिलिप्पी २:५-८) र अन्तम उहाँको उक्त मानव स्वभाव परमेश्वरबाट त्यागियो (मत्ती २७:४६)।

त्यसकारण, परमेश्वरले उहाँलाई ब्रह्माण्डको अति उच्च स्थानमा उलाल्नुभयो, ताकि सबै घुँडाहरू एक दिन उहाँको सामु टेकिनेछन् र सबै जिब्रोहरूले एक दिन उहाँलाई राजाहरूका राजार र प्रभुहरूका प्रभु भनी स्वीकार गर्नेछन् (यशैया ४५:२३; फिलिप्पी २:९-११; १ पत्रुस ३:२२ सँग तुलना गर्नुहोस्)। येशू ख्रीष्टबाहेक अरू कुनै व्यक्ति कहिल्यै संसारको पापहरू आफैले बोक्ने र नरकको बेदनाहरू सहने अवस्थामा ओर्लिएको छैन (मत्ती २७:४६)! येशू ख्रीष्टबाहेक अरू कुनै व्यक्ति परमेश्वर पिताको दाहिने हातपट्टि बसेर यो संसारको इतिहासमा परमेश्वरको मुक्तिको योजना प्रकट गर्ने र त्यसलाई पूरा गर्ने अवस्थामा माथि उक्लिएको छैन (प्रकाश ५:१-१४)!

**ख्रीष्टको अन्तिम राज्य**

येशू ख्रीष्टको विजय, उहाँले सम्पूर्ण ब्रह्माण्ड भर्नुभएपछि (पूरा अथवा सिद्ध गर्नुभएपछि) पूर्ण हुनेछ (एफिसी ४:९)। उहाँले इसाई मण्डलीलाईई आफ्नो पूर्णताले भर्नुहुनेछ (एफिसी १:२३; २ पत्रुस १:४; १ यूहन्ना ३:१-३ सँग तुलना गर्नुहोस्)। उहाँले आफ्ना सबै सत्रुहरूलाई आफ्नो खुट्टामुनि नराखेसम्म शासन गरिरहनुहुनेछ (१ कोरिन्थी १५:२५)। उहाँले स्वर्गमा र पृथ्वीमाथि भएका हरेक थोकलाई आफ्नो शिरत्वको मुनि ल्याउनुहुनेछ (एफिसी १:१०)। अन्तमा उहाँको राज्यले सम्पूर्ण ब्रह्माण्डलाई भर्नेछ (दानिएल २:४४)! अनि उहाँको राज्य अनन्त हुनेछ (२ पत्रुस १:११)!

© 2009 DOTA

**(४) मण्डलीको लक्ष्य भनेको मण्डलीको सबै इसाईहरूलाई केही न केही सेवाको निम्ति सुसज्जित पार्नु हो।**

**एफिसी ४:११-१२**
**प्रश्न ६ - कसरी मण्डली झुण्डले आफ्ना इसाईहरूलाई सुसज्जित पार्छन्?**
**टिप्पणी -**

**सुसज्जित पार्ने वरदानहरू**
सुसज्जित पार्ने वरदानहरू प्राप्त गरेका अभिषिक्त सेवकहरूद्वारा मण्डली झुण्डले इसाईहरूलाई सुसज्जित पार्दछन्। तिनीहरू 'प्रेरितहरू', 'अगमवक्ताहरू' 'प्रचारकहरू', 'गोठालाहरू' र 'शिक्षकहरू'को रूपमा सेवा गर्नको निम्ति ख्रीष्ट र एल्डरहरूद्वारा नियुक्त भएका मानिसहरू हुन्।

- 'प्रेरितहरू' यस्ता व्यक्तिहरू हुन्, जसलाई नयाँ मण्डली झुण्डहरू स्थापना गर्ने विशेष काम पूरा गर्न मिसेनरीको रूपमा बाहिर पठाइएका हुन्छन्।
- 'अगमवक्ताहरू' यस्ता व्यक्तिहरू हुन्, जसले बाइबलको सन्देश प्रचार गर्ने अथवा घोषणा गर्ने गर्दछन्।
- 'प्रचारकहरू' यस्ता व्यक्तिहरू हुन्, जसले विशेषगरी गैर-इसाईहरूलाई सुसमाचार घोषणा गर्न गर्दछन्।
- 'गोठालाहरू' यस्ता व्यक्तिहरू हुन्, जसले इसाईहरूको बगालको रेखदेख गर्ने गर्दछन्।
- 'शिक्षकहरू' यस्ता व्यक्तिहरू हुन्, जसले बाइबलको सत्यता सिकाउने गर्दछन्।

अरूलाई सुसज्जित पार्ने अनुग्रही वरदानहरू पाएका इसाईहरू मण्डलीका अगुवाहरू होइनन्, किनभने मण्डलीको अगुवाहरू भनेको सधैँ एल्डरहरू हुनुपर्दछ, जसले 'एल्डरहरूको समूह'द्वारा काम गर्दछन् (१ तिमोथी ४:१४)। त्यस्ता इसाईहरूले हरेक मण्डलीमा सधैँ एल्डरहरूको अधिकार र पर्यवेक्षणमुनि रहेर काम गर्नुपर्दछ। पक्कै पनि मण्डलीमा कुनै एल्डरहरूसँग अरूलाई सुसज्जित पार्ने वरदानहरू हुन सक्छ (१ तिमोथी ५:१७)।

**सुसज्जित पार्ने वरदानहरूको लक्ष्य**
सुसज्जित पार्ने वरदान भएका इसाईहरूले ख्रीष्टको शरीरमा सेवाको काम गर्नको निम्ति अरू इसाईहरूलाई सुसज्जित पार्नुपर्दछ। यसरी, सबै इसाईहरू कुनै न कुनै सेवाको कामको निम्ति सुसज्जित हुनुपर्दछ। तिनीहरू स्थानीय मण्डलीको साथै विश्वव्यापी मण्डलीमा थुप्रै किसिमका सेवाहरूका लागि सुसज्जित पारिएका छन्। उदाहरण: केही इसाईहरू सुसमाचार प्रचारको काममा सुसज्जित भएका छन्; अरूहरूचाहिँ चेलापनको सेवकाइमा सुसज्जित भएका छन्। त्यसैगरी, अरू इसाईहरू प्रचार गर्ने, शिक्षा दिने, परामर्श दिने, सेवा गर्ने, रुपैयाँ-पैसा र अरू थोक दिने, सहायता गर्ने र वास्ता गर्ने कामहरूमा सुसज्जित भएका छन्। केहीचाहिँ बाल-बालिकाहरू, जवानहरू, वृद्ध-वृद्धाहरू, परदेशीहरू अथवा सरणार्थीहरूका माझमा सेवकाइ गर्न सुसज्जित भएका छन्। मण्डलीको कुनै पनि सदस्य निस्क्रिय भएर सङ्गितमा सहभागी हुने मात्र गर्नुहुँदैन। अन्तत्वगत्वा, हरेक सदस्य येशू ख्रीष्टले उसलाई नियुक्त गर्नुभएको काममा सक्रिय भएर लाग्नुपर्दछ (मर्कूस १३:३४; १ कोरिन्थी ३:५-६)।

इसाई मण्डली पृथ्वीमा अति प्रभावशारी मानिसहरूको समूह रहिआएको छ! यो संसारको सबैभन्दा ठूलो कम्पनी (समुदाय, दल) हो। तैपनि, यदि अहिले संसारको हरेक इसाईले कुनै न कुनै सेवाको काम गर्ने हो भने, इसाई मण्डली पृथ्वीमा अझै प्रभावशाली हुँदैजानेछ! इसाईहरूले पृथ्वीको हरेका राष्ट्रका मानिसहरूलाई येशू ख्रीष्टको बारेमा पहिलेदेखि नै बताइरहेका छन्। इसाईहरूले संसारमा स्वस्थ परिवारहरू र समाजहरू निर्माण गर्ने कामको निम्ति हरेक ठाउँमा सङ्लग्न भएका छन्। इसाईहरूले विद्यालयहरू, अस्पतालहरू र समुदायहरूका अन्य भागहरूमा सकारात्मक योगदानहरू गरिरहेका छन्। इसाईहरूले संसारलाई पढ्नको निम्ति राम्रो पुस्तक र पत्र-पत्रिकाहरू दिइरहेका छन्, सुन्नको निम्ति राम्रो सङ्गीत र राम्रो कार्यक्रमहरू दिइरहेका छन्, हेरेर ज्ञान पाउनको निम्ति राम्रा टेलिभिजन कार्यक्रमहरू दिइरहेका छन्। परमेश्वरको राज्य स्थापनाको निम्ति हरेक इसाई उहाँको असल औजार हुनुपर्दछ। उक्त राज्यद्वारा पृथ्वीका मानिसहरूको हृदय र जीवनमा येशू ख्रीष्टले सार्वभौमपूर्ण शासन गर्नुहुन्छ (कलस्सी १:१३)!

मण्डलीले यस्ता लक्ष्यहरूलाई कार्यान्वयन गरेपछि आत्मिक गुणस्तरमा र साथै सङ्ख्यात्मक परिमाणमा मण्डली वृद्धि हुँदैजानेछ! अनि उक्त मण्डलीले परमेश्वरको निम्ति प्रशस्त महिमा ल्याउनेछ!

**(५) मण्डलीको लक्ष्य भनेको इसाईहरूका माझमा सम्बन्धहरू निर्माण गर्नु हो।**

**एफिसी ४:१३**
**प्रश्न ७ - कसरी मण्डलीले आफ्ना इसाईहरूका माझमा सम्बन्धहरू निर्माण गर्दछ?**
**टिप्पणी -** हरेक मण्डलीको सदस्यले इसाई सम्बन्धहरू निर्माण गर्नुपर्दछ।

**सम्बन्धहरू एक-अर्काको जिम्मेवारीहरूमा आधारित हुन्छ।**
हामी इसाईहरूले एक-अर्काप्रतिको जिम्मेवारीहरू पूरा गरेर एकले अर्कोलाई निर्माण गर्दछौँ। उदाहरण: हामी एकले अर्कालाई प्रेम गर्दछौँ, एकले अर्काको बोझहरू बोक्दछौँ, एकले अर्कालाई उत्साह दिन्छौँ, त्यसैगरी सबै बुद्धिका साथ हामीले एक अर्कालाई शिक्षा दिने र उपदेश अनि सल्लाह-सुझाव दिने गर्दछौँ।

**सम्बन्धहरू विश्वव्यापी इसाई विश्वास र व्यक्तिगत ख्रीष्टको स्वीकारमा आधारित हुन्छ।**
एफिसी ४:१३ ले भन्दछ, "जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौँ, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौँ।" हाम्रो सम्बन्धहरूको एकता विश्वासमा आधारित हुनुपर्छ। यहाँ वस्तुगतरूपमा विश्वासलाई जोड दिइन्छ। यसको अर्थ के हो भने विश्व-व्यापी मण्डली र हरेक स्थानीय मण्डलीको एकता सही किसिमले व्याख्या गरिएको बाइबलको शिक्षाहरूमा आधारित हुनुपर्दछ; र त्यसले पक्का इसाई विश्वास निर्माण गर्दछ।

हाम्रो सम्बन्धहरूको एकता येशू ख्रीष्टको ज्ञानमा पनि आधारित हुनुपर्दछ। यहाँ विषयगतरूपमा ज्ञानमा जोड दिइन्छ। यसको अर्थ के हो भने विश्व-व्यापी मण्डली र हरेक स्थानीय मण्डली येशू ख्रीष्टलाई व्यक्तिगतरूपमा हरेक इसाईले मुक्तिदाताको रूपमा जान्ने कुरामा आधारित हुनुपर्दछ। र येशू ख्रीष्टलाई यसरी जान्नाले हामी इसाईहरूले उहाँसँग निरन्तर व्यक्तिगर र घनिष्ठ सम्बन्ध कायम राख्दछौँ।

यसर्थ, इसाईहरूमाझको सम्बन्धहरू प्रत्येक इसाईको येशू ख्रीष्टसँगको व्यक्तिगत सम्बन्ध, प्रत्येक इसाईले बाइबलको शिक्षाहरू जानेको र प्रत्येक इसाईले बाइबले भनेकोअनुसार गर्ने कुराहरूमा आधारित भएको हुन्छ।

---

**(६) मण्डलीको लक्ष्य भनेको सबै इसाईहरूलाई परिपक्व तुल्यान चेला बनाउनु हो।**

**एफिसी ४:१३-१५**
**प्रश्न ८ - कसरी मण्डलीले आफ्न इसाईहरूलाई चेला बनाउँछ?**
**टिप्पणी -**

**चेलापनको लक्ष्य भनेको इसाईलाई परिपक्व तुल्याउनु हो।**
परिपक्वर इसाईहरूले अरू सबै इसाईहरूको सहायतामा नयाँ इसाईहरूलाई चेला बनाउनुपर्छ। एफिसी ४:१३-१४ ले भन्दछ, "जबसम्म हामी सबै ... परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौँ। यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फट्याइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔँ।" नयाँ विश्वासीहरूलाई येशू ख्रीष्टसँगको व्यक्तिगत सम्बन्धमा बढाएर, तिनीहरूलाई चरित्रमा वृद्ध हुन सहायता गरेर अनि तिनीहरूलाई येशू ख्रीष्टप्रति आज्ञाकारी हुन सहायता गरेर येशू ख्रीष्टका चेलाहरू बनाउँछौँ। र परिपक्वताको नाप भनेको ख्रीष्टजस्तै हुनु हो।

**चेलापनको नतिजाहरू भनेको स्थिरता, सत्यता र प्रेम हुन्।**
एफिसी ३:१४-१५ अनुसार परिपक्वताको दृश्य नतिजाहरू भनेको स्थिरता, सत्यता र प्रेम हुन्। येशू ख्रीष्टको चेलालाई बाइबलको शिक्षाहरूम स्थिरता, सत्य गरेको उसको विश्वास, शब्दहरू र कामहरू, अनि उसको सम्बन्धहरू र आचरणमा देखिन प्रेमद्वारा चित्रण गरिन्छ।

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र एफिसी ४:१-१६ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?

**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

## १. एफिसी ४:१-१६ बाट निकालिएका केही सम्भावित प्रयोगहरू

४:१ तपाईंले येशू ख्रीष्टबाट प्राप्त गर्नुभएको बोलावटअनुसारको योग्य जीवन जिउनुहोस्।

४:१ भद्र र नम्र हुन सिक्नुहोस्। उत्तेजानको अधिनमा रहनुहोस्। तुरुन्तै अरूको उत्तेजनाप्रति नकारात्मक प्रतिक्रिया नजनाउनुहोस्। अरू मानिसहरूले भन्ने र गर्ने कुराहरूलाई व्यक्तिगत आक्रमणको रूपमा सहजै नलिनुहोस्। आफ्नो हकको निम्ति जिद्दी नगर्नुहोस्।

४:३ आफ्नो मण्डली समुदाय र विश्व-व्यापी इसाई मण्डलीमा आत्माको एकता कायम राख्न हर किसिमले प्रयत्न गर्नुहोस्।

४:४-६ यो कुरा याद गर्नुहोस्, कि परमेश्वर एउटामात्र हुनुहुन्छ (सबैमाथि, सबैद्वारा र सबैमा), प्रभु येशू ख्रीष्ट एउटै हुनुहुन्छ (इतिहासमा परमेश्वरले मानव शरीर लिनुभयो) र पवित्र आत्मा पनि एउटै हुनुहुन्छ (विश्वासीहरूको हृदय र जीवनमा वास गर्नुहुने परमेश्वर) (१ कोरिन्थी ८:६ सँग तुलना गर्नुहोस्)। संसारमा मण्डली (शरीर) एउटा मात्र छ भनी याद गर्नुहोस्। सबै स्थानीय मण्डलीहरू अथवा घरेलु सङ्गतिहरू शरीरका विभिन्न अङ्गहरूझैं एउटै शरीरका अङ्गहरू हुन्।

४:७ तपाईंको आत्मिक वरदान नापअनुसारको वरदान हो भन्ने कुरा स्वीकार गर्नुहोस् - येशू ख्रीष्टले त्यो कुरा तपाईंमा नाप्नुहुन्छ र त्यसको मात्रालाई सीमित पार्नुहुन्छ।

४:११-१२ यदि तपाईं गोठालो, शिक्षक, प्रचारक, वक्ता अथवा मिसेनरी हुनुहुन्छ भने तपाईंको मुख्य काम भनेको अरू विश्वासीहरूलाई सुसज्जित पार्नु हो, ताकि तिनीहरूले शरीरमा सहभागी भई सेवकाइ अथवा सेवाको कामको निम्ति शरीरलाई निर्माण गर्न सहायता गरून्। परम्परागत पास्टरहरूले पहिले गरेझैं मण्डलीमा हरेक काम आफै गर्ने कोसिस गर्नुहुँदैन! मण्डलीको शिर (शरीरको टाउको) येशू ख्रीष्टले सबै सदस्यहरूले काम गरेको चाहनुहुन्छ!

४:१३-१४ तपाईंले आफूलाई वृद्धि गराउने र निर्माण गर्ने लक्ष्य राख्नुपर्दछ, ताकि तपाईं परिपक्व हुन सक्नुभएको होस्! परिपक्वताको मापदण्ड भनेको ख्रीष्टजस्तै हुनु हो। दुई क्षेत्रहरूमा वृद्धि हुनु अति महत्वपूर्ण छ: येशू ख्रीष्टसँग तपाईंको ज्ञान र सम्बन्ध अनि बाइबल अनुसार तपाईंको इसाई विश्वासको ज्ञान।

४:१५-१६ व्यक्तिगतरूपमा बढ्दैगएर येशू ख्रीष्टजस्तै हुने तपाईंको लक्ष्य हुनुपर्दछ र विश्व-व्यापी मण्डलीको वृद्धिमा पनि तपाईंले भाग लिनुपर्दछ।

## २. एफिसी ४:१-१६ बाट निकालिएका केही व्यवहारिक प्रयोगहरू

अबदेखि उसो केही नयाँ इसाईहरूलाई ख्रीष्टमा परिपक्व तुल्याउने काममा म आफूलाई समर्पित गर्दछु। तिनीहरू ख्रीष्टसँगको सम्बन्धमा बढ्न सकून्, तिनीहरूले आफ्नो जीवनमा इसाई सद्‌गुणहरू विकास गरून् र बाइबलका शिक्षाहरू पालन गरून् भनी म तिनीहरूलाई सहायता गर्न चाहन्छु।

स्थानीय मण्डलीमा र विश्व-व्यापी मण्डलीमा सेवाको केही काम गर्नको निम्ति म धेरैभन्दा धेरै इसाईहरूलाई सुसज्जित पार्न चाहन्छु। म केही व्यक्तिहरूलाई प्रचार गर्ने काममा सुसज्जित पार्न चाहन्छु, अरू केहीलाई नयाँ इसाईहरूलाई चेला बनाउने काममा सुसज्जित पार्न चाहन्छु र अरूहरूलाई प्रचार र शिक्षाको काममा सुसज्जित पार्न चाहन्छु।

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

एफिसी ४:१-१६ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौं।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| ५ | **प्रार्थना** (८ मिनेट) **अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्** |
|---|---|

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा एफिसी ४:१-१६ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
**२. परमेश्वरसँग व्यक्तिगत समय -** प्रस्थान १६:१-१९:२५ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
**३. पद कण्ठ गर्नुहोस् -** मुक्ति सित्तैको उपहार हो - एफिसी २:८-९
आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।
**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ ३३

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **आराधना** (२० मिनेट) | [परमेश्वरको विशेषता]<br>परमेश्वर कुमाले हुनुहुन्छ |
|---|---|---|

यशैया २९:१६; यर्मिया १८:१-१०; रोमी ९:२०-२१ पढ्नुहोस्।

### १. कुमालेले आफूलाई उत्तम लागेझैं गरी भाँडाहरूलाई आकार दिन्छ।

कुमालेले विगतमा र अहिले कसरी भाँडाहरूलाई आकार दिन्छ भनी वर्णन गर्नुहोस्। कुमालेले त्यसलाई कसरी र कस्तो आकार दिन्छ भन्ने कुरा माटोले निधो गर्दैन!

### २. परमप्रभु कुमाले हुनुहुन्छ र हामी उहाँका हातका माटो हौं।

यी तीन कुराहरूमा जोड दिनुहोस्:

- हामीमध्ये हरेकलाई कसरी आकार दिने भन्ने योजना परमप्रभुसँग छ। तपईंप्रति उहाँको प्रेम (यशैया ४३:४) र तपाईंको लागि उहाँको योजना (यर्मिया २९:११) लाई स्मरण गर्नुहोस्।
- जब तपाईंले कुनै खराबी गरेर पनि पश्चाताप गर्नुहुन्छ, परमप्रभुले कोमल भएर तपाईंको पश्चाताप स्वीकार गर्नुहुन्छ र उहाँले निश्चित गर्नुभएको दण्डलाई रोक्नुहुन्छ।
- तर, जब तपाईंले खराबी गर्न थाल्नुहुन्छ, परमप्रभुले अफसोस गर्नुहुन्छ, र तपाईंको निम्ति उहाँले राख्नुभएका असल कुराहरू दिनलाई पुनर्विचार गर्नुहुनेच।

### ३. परमप्रभुले अफसोस गर्नुहुन्छ भन्ने सत्यतालाई हामीले कसरी हर्नुपर्छ?

उत्पत्ति ६:५-९ पढ्नुहोस्। बाइबलका केही खण्डहरूमा परमप्रभुले आफ्नो मन परिवर्तन गर्नुभएको र यसकारण उहाँ अप्रत्याशित हुनुभएको जस्तो देखिन्छ। परमप्रभुले पहिले गर्नुभएका निर्णयप्रति उहाँ दु:खित हुनुहुन्छ र अफसोस गर्नुहुन्छ (प्रस्थान ३२:९-१४; १ शमुएल १५:११,३५; २ शमूएल २४:१५-१६; १ इतिहास २१:१४-१५; यशैया ६३:९-१०; यर्मिया १८:७-१०)।

परमेश्वरको अफसोसले परमेश्वरको अनन्तको योजनामा परिवर्तन हुन्छ भन्ने होइन। यसले परमेश्वरको प्रकाश र योजनाको कार्यान्वयनको परिवर्तनलाई वर्णन गर्छ।

**(१) मानिसहरूबाट अफसोस गर्ने कुरा अप्रत्याशित छ।**
कहिलेकाहिँ उनीहरूले पछुतो गर्छन्। मानिसहरू आफ्ना पापका खराब परिणामहरूदेखि डराउँछन् (जस्तै: बदनामी अनि दण्ड, सम्पत्तिको नोकसानी, आनन्दको नोक्सानी, इज्जतमा हानि र शक्तिको नोक्सानि आदि), तर उनीहरू पश्चाताप गर्दैनन् र आफ्ना पापहरूदेखि पछाडि हट्दैनन्। कहिलेकाहिँ साँचोरूपमा शोक गर्छन्। मानिसहरूले आफूले गरेका खराब कामहरूप्रति साँचोरूपमा पश्चाताप गर्छन् भने उनीहरू ती कामहरूदेखि फर्किन दृढ हुन्छन् (२ कोरिन्थी ७:८-११)।

**(२) परमेश्वरबाट अफसोस गर्ने कुरा प्रत्याशित छ।**
परमेश्वरको अफसोस मानसिहरूको जस्तो कदापि होइन। अप्रत्याशित मानिसहरूजस्तो अथवा मूर्तिहरूजस्तो परमेश्वर कहिल्यै परिवर्तन हुनुहुन्न। परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ! परमेश्वर सधैं पवित्र र धार्मिक परमेश्वर हुनुहुन्छ, जसले मानिसहरूले पापको पश्चाताप नगर्दा, दण्ड दिनुहुन्छ (प्रस्थान २०:५)। अनि परमेश्वर सधैं कृपालु र अनुग्रही परमेश्वर हुनुहुन्छ, जसले मानिसहरूलाई पश्चाताप गर्दा क्षमा गर्नुहुन्छ (प्रस्थान २०:६)। समयको सुरुवातअघिदेखि नै परमेश्वरको चुनाउ र उद्देश्य ठिक समयमा मानिसहरूको स्वभाव र प्रतिक्रियालाई आफ्नो पक्षमा पार्ने उहाँको निर्णय थियो। यसकारण, परमेश्वरको अफसोस मानिसहरूको निरन्तर पाप र खराबीप्रति उहाँको पवित्र तथा धार्मिक प्रतिक्रिया हो। अथवा

परमेश्वरको अफसोस मानिसहरूको पश्चाताप र समर्पणताप्रति उहाँको कृपालु र अनुग्रही प्रतिक्रिया हो। मानिसहरूको स्वभावको परिवर्तनका कारण परमेश्वरको अनन्तको योजनाको कार्यान्वयनका क्रममा उहाँको निर्णयको सार्वभौम र दृढ परिवर्तन नै परमेश्वरको अफसोस हो।

**(३) परमेश्वरले आफ्नो चेताउनी बदल्नुहुन्छ।**
एकातर्फ, यदि दुष्ट मानिसहरूले आफ्ना पापका निम्ति पश्चाताप गरे भे परमेश्वरले आफ्नो प्रेमिलो दयामा निर्णय परिवर्तन गरी चेताउनीलाई पूरा गर्नुहुनेछैन (यर्मिया १८:७-८)।

**(४) परमेश्वरले आफ्नो प्रतिज्ञा परिवर्तन गर्नुहुन्छ।**
अर्कोतर्फ, यदि मानिसहरूले खराबी गरे अथवा उहाँको आज्ञापालन गरेनन् भने परमेश्वरले आफ्नो पवित्र क्रोधमा उहाँको निर्णय बदल्नुहुनेछ र मानिसहरूको निम्ति आफ्नो प्रतिज्ञा पूरा गर्नुहुँदैन (यर्मिया १८:९-१०; २ तिमोथी २:१३; उहाँका चेताउनीहरू पूरा गर्नमा विश्वासयोग्य, मत्ती १०:३३)। परमेश्वरको अनन्तको योजनाको प्रकाश र कार्यान्वयनमा उहाँको वचन र काममा परिवर्नत (जसलाई परमेश्वरको अफसोस भनिन्छ) को उद्देश्य मानिसहरूलाई पश्चाताप गर्न लगाउनु अनि त्यसद्वारा उहाँको अनन्तको योजनालाई पूर्णरूपमा कार्यान्वयन गर्नु हो।

**आराधना गर्नुहोस्।**
परमेश्वर कुमाले हुनुको विशेषताको निम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जना भएको सानो समूहमा रहेर आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) **[शान्त समय]**<br>**प्रस्थान १६:१-१९:२५** |
|---|---|

तोकिएको बाइबल खण्ड (प्रस्थान १६:१-१९:२५) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट) **[आज्ञाकारिता]**<br>**व्यवहारिक कार्यान्वयन** |
|---|---|

**परिचय -** परमेश्वरले तपाईंलाई बाइबल दिनुभएको सत्यता थाहा पाउनको लाति मात्र होइन, तर तपाईंको जीवन परिवर्तन गर्नको लागि पनि हो! बाइबलना भएका सत्यताहरूलाई व्यवहारिकरूपमा उतार्नुको उद्देश्य अझै धेरै ख्रीष्टजस्तै बन्नु हो!

## क. परिभाषा : कार्यान्वयन (लागु गर्नु) भनेको के हो?

**सिकाउनुहोस् -** कार्यान्वयन गर्नु भनेको परमेश्वरले इच्छा गर्नुभएअनुसार प्रतिक्रिया दिनु हो। यो परमेश्वरको वचनलाई पालन गर्नु हो। यो आफू वृद्धि हुन र परिवर्तन हुनका लागि परमेश्वरको वचन प्रयोग गर्नु हो। यो अरू मानिसहरूलाई वृद्धि गराउन र परिवर्तन गराउनको लागि परमेश्वरको वचन प्रयोग गर्नु पन हुनसक्छ।

जब तपाईंले विश्वास गर्नुहुन्छ र आज्ञापालन गर्नुहुन्छ, बाइबल पढ्नुहुन्छ र अध्ययन गर्नु एउटा जीवन परिवर्तन गर्ने अनभव बन्न सक्छ! तपाईंले यो विश्वास गर्नुपर्छ, कि तपाईंले पत्ता लगाउनुभएको सत्यताले तपाईंको जीवन परिवर्तन गर्नेछ। त्यसपछि तपाईंले आफैलाई प्रतिवद्ध गराउनुपरछ र परमेश्वरले तपाईंलाई जे भन्नुहुन्छ, सो गर्नुपर्छ। त्यसपछि तपाईं निश्चय नै परिवर्तन हुनुहुनेछ! विश्वासबिना कुनै पनि बाइबल अध्ययनले परमेश्वरलाई खुसी पार्न सक्दैन। कार्यान्वयनबिना कुनै पनि बाइबल अध्ययन पूर्ण हुँदैन। बाइबल पढ्न र अध्ययन गर्न सकिएपछि तपाईंले आफैसँग यी प्रश्नहरू गर्नुपर्छ: 'परमेश्वरले मबाट कस्तो प्रतिक्रिया चाहनुहुन्छ?', 'कस्तो प्रतिक्रियाले परमेश्वरलाई प्रसन्न तुल्याउँछ?', 'मैले पढेको कुराबाट मैले के गरेको परमेश्वर चाहनुहुन्छ?'

'येशूले के गर्नुहुन्छ होला?' भन्ने प्रश्नको जस्तो यो तपाईंको कल्पनाको कुरा होइन, तर यो बाइबलीय सत्यता हो: 'येशूले वास्तवमा के सिकाउनुभयो, के आज्ञा गर्नुभयो, के कुरा नषेध (मनाही) गर्नुभयो अनि के गर्नुभयो?' यी प्रश्नहरूप्रतिको हाम्रो

उत्तरहरू येशूले के गर्नुहुन्छ होला भन्ने हाम्रो कल्पनामा आधारित हुनुहुँदैन तर बाइबलमा परमेश्वरले दिनुभएको प्रकाशमा आधारित हुनुपर्दछ!

## ख. प्रेरणा : बाइबलीय सत्यताहरूलाई कार्यान्वयन गर्नु किन महत्वपूर्ण छ?

बाइबलमा आज्ञाकारित इसाई जीवनका केही महत्वपूर्ण क्षेत्रहरूसँग जोडिएको छ।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - तलका प्रत्येक बाइबल खण्डसँग आज्ञाकारित जोडिएको छ?

**१. मत्ती ७:२१-२२ पढ्नुहोस्। मुक्तिको लागि आज्ञाकारिता महत्वपूर्ण छ।**
**टिप्पणी -** बाइबलमा राज्यमा प्रवेश गर्नु भन्नुको अर्थ फेरि नयाँ गरी जन्मिनु (यूहन्ना ३:३८) अथवा बचाइनु (मर्कूस १०:२४-२७) नै हो। यसको अर्थ यो होइन कि तपाईंले केही असल कामहरू गरेर नयाँ जन्म पाउनुहुन्छ अथवा बचाइनुहुछ (एफिसी २:८-९)। परमेश्वर पिताले चाहनुभएको काम गर्दा नै हामी बचाइन्छौँ। यूहन्ना ६:२७-२९ अनुसार पिताले पठाउनुभएका येशू ख्रीष्टमाथि विश्वास गर्नु नै परमेश्वर पिताले चाहनुभएको काम हो।

**२. मत्ती ७:२४-२७ पढ्नुहोस्। बुद्धिमान् मानिस हुनको लागि आज्ञाकारिता महत्वपूर्ण छ।**
**टिप्पणी -** आज्ञाकारिताबिनाको ज्ञान मूर्खता हो। व्यवहारमा उतारिएको ज्ञान नै बुद्धिमानी हो।

**३. लूका ६:४६ पढ्नुहोस्। ख्रीष्टको प्रभुत्वको लागि आज्ञाकारित महत्वपूर्ण छ।**
**टिप्पणी -** आज्ञाकारिताले येशू ख्रीष्टप्रतिको तपाईंको निष्ठालाई प्रमाणित गर्दछ। यसले प्रमाणित गर्दछ, येशू ख्रीष्ट साँच्चै तपाईंको प्रभु अनि राजा हुनुहुन्छ! आज्ञाकारिता पवित्र आत्माले वास गरेको जीवनको दृश्य चिन्ह हो।

**४. लुका ६:४७-४९ पढ्नुहोस्। स्थिरता र बलको लागि आज्ञाकारिता महत्वपूर्ण छ।**
**टिप्पणी -** आज्ञाकारिता तपाईंको इसाई जीवन र सेवकाइको बलियो जग निर्माण गर्नको लागि महत्वपूर्ण छ। तपाईंले येशू ख्रीष्टका वचनहरूलाई व्यवहारमा लागू गर्नुभएपछि मात्र तपाईंको इसाई जीवन बलियो हुनसक्छ, जीवनका कष्टहरूलाई तपाईंले सहन सक्नुहुन्छ र पापमाथि विजयी हुन सक्नुहुन्छ।

**५. याकूब २:१७,२२ पढ्नुहोस्। विश्वासको लागि आज्ञाकारित महत्वपूर्ण छ।**
**टिप्पणी -** आज्ञाकारिताले तपाईंको विश्वास साँचो छ भनी प्रमाणित गर्दछ। आज्ञाकारिताले तपाईंको विश्वासललाई जीवित र तपाईंको जीवनमा प्रभावकारी बनाउँछ। आज्ञाकारित बिनाको तपाईंको विश्वास केवल बौद्धिक विश्वास अथवा मृत विश्वास बन्दछ।

**६. यूहन्ना १४:२१,२३ पढ्नुहोस्। प्रेमको लागि आज्ञाकारिता महत्वपूर्ण छ।**
**टिप्पणी -** येशू ख्रीष्टका आज्ञाहरू पालन गरेर तपाईंले यो देखाउनुहुन्छ, कि तपाईंले उहाँलाई साँचो प्रेम गर्नुहुन्छ। आज्ञाकारिता परमेश्वरको प्रेम र उपस्थितिलाई व्यक्तिगतरूपमा अनुभव गर्ने माध्यम हो।

**७. हिब्रू १०:३५-३६ पढ्नुहोस्। परमेश्वरको प्रतिज्ञाहरू र इनामहरू प्राप्त गर्नको लागि आज्ञाकारिता महत्वपूर्ण छ।**
**टिप्पणी** - परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुराहरू तपाईंले तब मात्र पाउनुहुन्छ, जब तपाईंले उहाँको इच्छालाई पालना गर्नुहुन्छ।

**८. १ यूहन्ना ३:२२ पढ्नुहोस्। प्रार्थनाको लागि आज्ञाकारिता महत्वपूर्ण छ।**
टिप्पणी - जब तपाईंले परमेश्वरका आज्ञाहरू पालना गर्नुहुन्छ र उहाँले चाहनुभएअनुसार गर्नुहुन्छ, तब तपाईंले आफ्ना प्रार्थनाका उत्तरहरू पाउनुहुन्छ।

**९. मत्ती २८:१८-२० पढ्नुहोस्। चेला हुनको लागि आज्ञाकारित महत्वपूर्ण छ।**
**टिप्पणी -** जब तपाईंले येशू ख्रीष्टका आज्ञाहरू पालन गर्नुहुन्छ, तब तपाईं उहाँको साँचो चेला हुनुहुन्छ।

**सारंश -** परमेश्वरले तपाईंलाई बाइबलको सत्यता जन्नको लागि मात्र दिनुभएको होइन, तर तपाईंको जीवन परिवर्तन गर्नको लागि पनि हो! बाइबलका सत्यताहरूलाई कार्यान्वयन गर्नुको उद्देश्य अझ धेरै मात्रामा ख्रीष्टजस्तै बन्नु हो।

## ग. तरिका : बाइबलीय सत्यताहरूको सम्भावित कार्यान्वयनहरूलाई कसरी विचार गर्ने?

### १. बाइबललाई सही व्याख्या गर्नुहोस्।

**सिकाउनुहोस् -** बाइबलीय सत्यताहरूलाई कार्यान्वयन गर्नुअघि तपाईंले पहिले बाइबल खण्डलाई सहीरूपमा बुझ्नुपर्छ। पाठ २९ हेर्नुहोस्। बाइबलीय शिक्षा कार्यान्वयन गर्नको लागि निम्नलिखित बाइबलको अर्थ खोल्ने चार वटा नियमहरू महत्वपूर्ण छन्।

**बाइबल भूल-त्रुटिरहित छ।**
बाइबलमा भएको प्रकाश सदाको लागि साँचो छ (मत्ती २४:३५)। बाइबलका सत्यताहरू गलत नभए तापनि यी सत्यताहरूको हाम्रो बुझाइ र कार्यान्वयन दुबै भ्रामक छन् किनभने हामी पापी हौँ र हामी सिद्ध छैनौँ!

**बाइबलको अर्थ एउटा मात्र छ।**
परमेश्वर सत्य हुनुहुन्छ (तीतस १:२) र उहाँले आफ्नो उद्देश्य स्पष्टसँग प्रकट भएको चाहनुहुन्छ। बाइबल सत्य छ (यूहन्ना १७:१७)। यसकारण बाइबलका कुनै पनि खण्डको दोहोरो अर्थ हुँदैन। बाइबलमा भएका शब्दहरूको अर्थ एउटै मात्र हुन्छ, जुन परमेश्वर आफैले हामीले बुझेको चाहनुहुन्छ। जब तपाईं बाइबल पढ्नुहुन्छ र अध्ययन गर्नुहुन्छ, तपाईंले परमेश्वरको अभिप्राय पूरा गर्ने इच्छा गर्नुपर्दछ।

**बाइबल आफैले आफ्नो खण्डन गर्दैन।**
बाइबल एकता हो, एउटै प्रकाश हो। पुरानो करार र नयाँ करारले एक-अर्कालाई पूरा गर्दछन्। पुरानो करारले नयाँ करारका निम्ति तयारी गर्दछ अनि नयाँ करारले पुरानो करारलाई पूरा गर्दछ। बाइबलमा परमेश्वरको प्रकाशको प्रगति छ। यसकारण पुरानो करारलाई नयाँ करारको प्रकाशमा व्याख्या गर्नुहोस्। अनिस बाइबलको हरेक खण्डलाई सम्पूर्ण बाइबलको सन्दर्भमा व्याख्या गर्नुहोस्।

**बाइबल आफै आफ्नो अनुवादक हो**
आलङ्कारिक भनाइ, दृष्टान्तहरू, कविता र अगमवाणीलाई त्यसको आफ्नै नियमअनुसार व्याख्या गर्नुपर्छ। प्राय: दोहोरिएका शिक्षाहरूलाई प्राथमिकता दिइनुपर्छ। सरल शिक्षाहरूले अस्पष्ट शिक्षाहरूलाई व्याख्या गर्न सहायता गर्दछ। नयाँ करारको शिक्षाहरूले पुरानो करारका अगमवाणीहरूको अर्थलाई प्रकट गर्दछ।

### २.विभिन्न सम्भावित कार्यान्वयनहरूलाई ध्यान दिनुहोस्।

**सिकाउनुहोस् -** कुनै एउटा व्यक्तिगत कार्यान्वयन गर्नुअघि सधैँ विभिन्न कार्यान्वयनका विधिहरूलाई ध्यान दिनुहोस्। सानो समूहमा एक-अर्कासँग छलफल गर्नुहोस् र बाइबलीय खण्डका सम्भावित कार्यान्वयनहरूको छोटो सुची बनाउनुहोस्।

**(१) एउटा सत्यताको केही सम्भावित अनुप्रयोगहरू हुन सक्छन्।**
याद राख्नुहोस्, कि अनुप्रयोग परमेश्वरले चाहनुभएको प्रतिक्रिया हो। बाइबल खण्डमा कुनै एउटा मात्र सत्यता भए तापनि विभिन्न मानिस र विभिन्न अवस्थाहरूमा त्यस सत्यताको अनुप्रयोग फरक हुन सक्छ। एउटा सत्यताको विभिन्न सम्भावित अनुप्रयोगहरू हुन सक्छन्। तापनि यी सम्भावित कुनै पनि अनुप्रयोगले बाइबलको सत्यतालाई खण्डन गर्न सक्दैन।

**प्रस्थान २०:१५ पढ्नुहोस्।**
**छलफल गर्नुहोस् -** यहाँ उल्लेखित एउटा आज्ञा (एउटा सत्यता) को विभिन्न सम्भावित अनुप्रयोगहरूबारे छलफल गर्नुहोस्।
**टिप्पणी -** यो एउटा सत्यताको सम्भावित अनुप्रयोगहरू यस प्रकारका छन्:

- व्यापारिक केन्द्रमा बिक्री गर्न राखिएका कुनै सामान तपाईंले चोर्नु हुँदैन।
- तपाईंले आफ्नो कार्यस्थलमा उक्त संस्थाको रुपैयाँ-पैसा हिनामिना गर्नु हुँदैन।
- घरमा बाल-बालिकाहरूले खानेकुरा चोरी गर्नु हुँदैन।
- सञ्चारजगतमा प्रतिलिपि अधिकार भएका कुनै पनि गीत-सङ्गीत अथवाउ छापिएका कुराहरू तपाईंले चोर्नु हुँदैन।

त्यसैगरी तपाईंले अध्ययन गरिरहनुभएको प्रत्येक सत्यताको विभिन्न सम्भावित अनुप्रयोगहरू विचार गर्नुहोस् र त्यसलाई लेख्नुहोस्।

**(२) सम्भावित अनुप्रयोगहरू विचार गर्न मद्दत गर्ने प्रश्नहरू:**

"परमेश्वरले मलाई के बुझाउन चाहनुहुन्छ?" यहाँ अनुप्रयोगहरू ज्ञानको क्षेत्रमा छ। तपाईंले यी कुराहरूमा ध्यान दिन सक्नुहुन्छ: "के यसमा जान्नुपर्ने कुनै नयाँ कुरा छ?" , "के यहाँ महसुस गर्नुपर्ने परिणाम छ?", "के यहाँ पक्रनुपर्ने कुनै शिक्षा छ?", "के त्यहाँ लिनको लागि कुनै अन्तर्ज्ञान छ?" , " के त्यहाँ कण्ठ गर्नुपर्ने कुनै सत्यता छ?"

- परमेश्वर मैले के विश्वास गरेको चाहनुहुन्छ? अनुप्रयोगहरू विश्वासको क्षेत्रमा पर्दछन्। तपाईंले यी कुराहरू विचार गर्न सक्नुहुन्छ: "के यसमा विश्वास गर्नुपर्ने कुनै सत्यता छ?", " के यसमा तर्कहरू विकास गर्नुपर्नेछ?", "के यसमा दाबी गर्नुपर्न कुनै प्रतिज्ञा छ?", "के यसमा कुनै भाग छ, जसमा मैले परमेश्वरमा भरोसा राखेको उहाँ चाहनुहुन्छ?"
- "परमेश्वर म के बनेको चाहनुहुन्छ?" अनुप्रयोगहरू चरित्रको क्षेत्रमा हुन्छन्। तपाईंले यी कुराहरू विचार गर्न सक्नुहुन्छ: "के कुनै गुणलाई विकास गर्नुपर्नेछ?", "के कुनै स्वभावलाई परिवर्तन गर्नुपर्छ?", "के कुनै भावनलाई व्यक्त गर्नुपर्छ अथवा नियन्त्रण गर्नुपर्छ?", "के कुनै उत्साह लिनुपर्छ?", "के कुनै चरित्र अथवा गुणालाई अभ्यास गर्नुपर्छ?"
- "परमेश्वर मैले के गरेको चाहनुहुन्छ?" अनुप्रयोग व्यवहारको क्षेत्र हुन्छ। तपाईंले यी कुराहरू विचार गर्न सक्नुहुन्छ: "के कुनै आज्ञा पालन गर्नुपर्छ?", "के कुनै लागू गर्नुपर्ने शिक्षा छ?", "के कुनै ध्यान दिनुपर्ने चेताउनी छ?", "के कुनै निर्णय अथवा छनौट गर्नुपर्ने छ?", " के नै खराब बानीलाई रोक्नुपर्छ?", "के नै असल बानी सुरु गर्नुपर्छ?", "के कुनै सम्बन्धलाई पुनर्स्थापित गर्नुपर्छ?" "के कुनै पापलाई त्याग्नुपर्छ?" , "के कुनै उदाहरणलाई पछ्याउनुपर्छ?", " के कुनै खबर बाँड्नुपर्छ?", "के परमेश्वरलाई प्रशंसा गर्न र धन्यवाद दिने कुनै कारण छ?"

**(३) विभिन्न किसिमका अनुप्रयोगहरू:**

- केही अनुप्रयोगहरूले कुनै विशेष कामलाई रोक्दछ। उदाहरणको लागि तपाईंले खराब पुस्तकहरू पढ्न छोड्नुपर्छ।
- केही अनुप्रयोगहरूले कुनै विशेष काम सुरु गर्दछन्। उदाहरणको लागि तपाईं असल मित्रहरूलाई भेट्न थाल्नुहुन्छ।
- केही अनुप्रयोगहरूले कुनै कामलाई बढाउँछ अथवा घटाउँछ। उदाहरणको लागि तपाईं आफ्नो जीवनसाथी र सन्तानसँग बढी समय बिताउनुहुन्छ अथवा विलासिताका सामानहरू किन्न थोरै पैसा खर्चिनुहुन्छ।
- केही अनुप्रयोगहरूलाई छिट्टै लागू गरिन्छ। अरू अनुप्रयोगहरू परिवर्तको लामो प्रक्रियाका भाग हुन्। उदाहरणको लागि तपाईं आफ्नो जीवनमा कुनै बानी अथवा स्वभावला परिवर्तन गर्न चाहनुहुन्छ। कुनै बानी अथवा स्वभाव परिवर्तन गर्न समय लाग्छ। यसो लागि महिनौँ अनि वर्षौं लाग्नसक्छ। र परिवर्तनको प्रक्रियालाई स्पष्टसँग निम्न शब्दहरूमा वर्णन गरिएको छ:

  जब तपाईंले विचार रोप्नुहुन्छ, तब तपाईंले कामको कटनी गर्नुहुनेछ।
  जब तपाईंले काम रोप्नुहुन्छ, तब तपाईंले बानीको कटनी गर्नुहुनेछ।
  जब तपाईंले बानी रोप्नुहुन्छ, तब तपाईंले चरित्रको कटनी गर्नुहुनेछ।
  जब तपाईंले चरित्र रोप्नुहुन्छ, तब तपाईंले भाग्यको कटनी गर्नुहुनेछ।

## घ. प्रक्रिया : बाइबलीय सत्यताहरूको व्यक्तिगत अनुप्रयोग कसरी गर्ने?

सिकाउनुहोस् - तपाईंले पढिरहनुभएको अथवा अध्ययन गरिरहनुभएको बाइबल खण्डका सत्यताहरूको सम्भावित अनुप्रयोगहरूको छोटो सूची बनाइसक्नुभएपछि एउटा सम्भावित अनुप्रयोग छान्नुहोस् र त्यसलाई आफ्नो व्यक्तिगत अनुप्रयोग बनाउनुहोस्, जसलाई तपाईं आउने हप्तामा अभ्यास गर्न चाहनुहुन्छ।

### १. व्यक्तिगत अनुप्रयोगलाई छान्नुहोस्।

तपाईंले यो प्रश्न सोधेर व्यक्तिगत अनुप्रयोग बनाउन सक्नुहुन्छ: "परमेश्वरले मलाई के प्रतिक्रिया दिएको चाहनुहुन्छ?" प्रार्थनापूर्वक तपाईंको सूचीबाट एउटा सम्भावित अनुप्रयोग छान्नुहोस्।

### २. तपाईंको व्यक्तिगत अनुप्रयोगलाई निम्नलिखित पाँच चरणहरूमा लेख्नुहोस्:

**चरण १ -** बाइबलीय सन्दर्भ : "मेरो अनुप्रयोगको बाइबलीय श्रोत के हो?" बाइबलीय सन्दर्भ लेख्नुहोस्। उदाहरणको लागि प्रस्थान २०:१५
**चरण २ -** बाइबलीय सत्यता: "बाइबल खण्डले के भन्दछ?"
बाइबल खण्डलाई सहीरूपमा व्याख्या गर्न कोसिस गर्नुहोस् अनि लेख्नुहोस्। उदाहरणको लागि परमेश्वरले मानिसहरूलाई चोरी गर्न मनाही गर्नुहुन्छ।

**चरण ३ -** मेरो आवश्यक्ता : "परमेश्वरले मलाई के भन्नुहुन्छ?" यस सत्यताको प्रकाशमा मेरो वर्तमान आवश्यक्ता के हो?" "यस सत्यताबाट म कसरी फरक प्रकारले जिउँदैछु?" "यस सत्यताले मलाई परिवर्तन हुन कसरी उत्साहित पार्छ?" "यस सत्यताले मालाई आवश्यक क्षेत्रमा अझै प्रगति गर्न कसरी उत्साहित पार्छ?"
परमेश्वरले तपाईंलाई कसरी परिवर्तन भएको चाहनुहुन्छ, सो लेख्नुहोस्। उदाहरणको लागि परमेश्वरले देखाउनुभयो, कि म मेरो हाकिमको समय चोरी गर्दैथिए।
**चरण ४ -** मेरो अनुप्रयोग : "परमेश्वरले मलाई विशेषगरी के जानेको, के विश्वास गरेको, के बनेको अथवा के गरेको चाहनुहुन्छ?"
परमेश्वरले तपाईंलाईई कस्तो कार्यको योजना लिएको चाहनुहुन्छ?, सो लेख्नुहोस्। तपाईंको अनुप्रयोगलाई सधैँ सरल बनाउनुहोस्, जुन बुझ्न सकिने, यथार्थपरक र पूरा गर्न सकिने खालको होस्। यदि तपाईंको अनुप्रयोग कुनै स्वभाव, बानी अथवा चरित्रको तालिम क्षेत्रमा हो भने तपाईं यो पक्षमा गम्भीरतापूर्वक र इच्छापूर्वक कति समयसम्म काम गर्न चाहनुहुन्छ भनी योजना बनाउनुहोस्। उदाहरणको लागि मैले परमेश्वरसँग निर्णय गरेको छु कि म मेरो काम समयमा सुरु गर्नेछु र मैले गर्नुपर्ने समयावधि पूरा नभई मेरो कार्यस्थल छोड्नेछैन।
**चरण ५ -** मेरो प्रार्थना : "परमेश्वरलाई मेरो प्रार्थनाको प्रतिक्रिया के हो?" तपाईंले परमेश्वरलाई के भन्नुभयो अथवा उहाँसँग के माग्नुभयो सो लेख्नुहोस्। उदाहरणको लागि स्वर्गमा बस्नुहुने प्यारो पिता। मैले मेरो हाकिमको समय चोरिरहेकोमा मलाई क्षमा गर्नुहोस्। मैले गर्नुपर्ने समयावधि काम गर्न मलाई सहायता गर्नुहोस्।

### ३. तपाईंका अघिल्ला व्यक्तिगत अनुप्रयोगहरू जाँच्नुहोस्।

सम्भव भए, तपाईंले आफ्नो व्यक्तिगत अनुप्रयोग पूरा गर्नुभएको छ भन्ने रा निश्चित गर्न मार्ग खोज्नुहोस्। उदाहरण:

- तपाईंले आफ्नो अनुप्रयोग साथीसँग अथवा आत्मिक शिक्षकसँग बाँड्न सक्नुहुन्छ, जसले तपाईंले त्यो पूरा नगर्नुभएसम्म जाँच्न र उत्साह दिन सकोस्।
- तपाईंले आफ्ना अनुप्रयोगहरू आफ्नो प्रार्थना सूचीमा लेख्न सक्नुहुन्छ र तिनका लागि निरन्तर प्रार्थना गर्न सक्नुहुन्छ।
- तपाईंले आफ्नो अनुप्रयोग सम्झनको लागि ऐनामा टाँसेर राख्न सक्नुहुन्छ।
- केही समयको फरकमा आफ्नो जाँच गर्दैरहनुहोस्। जाँच गर्ने भागहरूमध्येको एउटा जाँच यो हुनुपर्छ, कि तपाईंका अनुप्रयोगहरूले तपाईंलाई कसरी मद्दत गरेका छन्।

## ङ. अभ्यास : बाइबलीय सत्यताको अनुप्रयोगहरू लेख्नु

**निर्देशन** : निम्नलिखित अभ्यास एक्लै अथवा सानो समूहमा गर्नुहोस्। यो सम्भावित अनुप्रयोगहरूको छोटो सूचीलाई जम्मा गर्ने अभ्यास हो। अनि यो व्यक्तिगत अनुप्रयोगलाई पाँच बुँदे प्रक्रियामा लेख्ने अभ्यास हो।

### १. सम्भावित अनुप्रयोगहरूको छोटो सूचीलाई जम्मा गर्ने अभ्यास गर्नुहोस्।

हितोपदेश ३:१-१० पढ्नुहोस्।
छलफल गर्नुहोस् - निम्न पदहरूका केही सम्भावित अनुप्रयोगहरू के-के हुन्?
**टिप्पणी -** (निम्न कुराहरू सम्भावित अनुप्रयोगका उदाहरणहरू मात्र हुन्। यी पदहरूका अरू सम्भावित अनुप्रयोगहरू पनि हुन सक्छन्।)

**हितोपदेश ३:१-२**
एउटा सम्भावित अनुप्रयोग शिक्षा अथवा आज्ञालाई याद राख्नु हो।
अर्को सम्भावित अनुप्रयोग भनेको कसैले प्रचार गरिरहँदा अथवा सिकाइरहँद टिप्पणी बनाउनु हो।

**हितोपदेश ३:३-४**
एउटा सम्भावित अनुप्रयोग कसैको लागि केही प्रेमिलो काम गरेर उसलाई प्रेम देखाउनु हो। उदाहरणको लागि म मेरो बच्चालाई उसँग पार्कमा जाने समय निकालेर प्रेम देखाउँछु।
अर्को सम्भावित अनुप्रयोग भनेको कसैको लागि केही विश्वासिलो काम गरेर उसलाई विश्वासयोग्यता देखउनु हो। उदाहरणको लागि म परमेश्वरसँग निरन्तर प्रार्थना गरेर उहाँप्रति विश्वासयोग्यता देखाउँछु।

**हितोपदेश ३:५-६**
एउटा सम्भावित अनुप्रयोग आत्मनिर्भर हुन रोक्नु र त्यसको साटो बुद्धिमान् सल्लाहलाई सुन्नु हो।
अर्को सम्भावित अनुप्रयोग भनेको आफूले केही गर्नुअघि अथवा निर्णय गर्नुअघि प्रार्थना गर्नु हो।

**हितोपदेश ३:७-८**
एउटा सम्भावित अनुप्रयोग भनेको गलत ठाउँमा जान छोड्नु हो।
अर्को सम्भावित अनुप्रयोग भनेको त्यस दुष्ट व्यक्तिदेखि टाढिनु हो, जसले ममा नराम्रो प्रभाव पार्न कोसिस गर्दैछ।
अर्को सम्भावित अनुप्रयोग भनेको कुनै विशेष नराम्रो बानीलाई त्याग्नु हो।

**हितोपदेश ३:९-१०**
एउटा सम्भावित अनुप्रयोग भनेको हरेक महिना इसाई सेवकाइलाई केही पैसा दिनु हो।
अर्को सम्भावित अनुप्रयोग भनेको आफ्नो घरलाई इसाईहरू भेट्न ठाउँ बनाउन उपलब्ध गराउनु हो।

## २. व्यक्तिग अनुप्रयोगलाई पाँच चरणको प्रक्रियामा लेख्ने अभ्यास गर्नुहोस्।

**बाँड्नुहोस् -** समूहलाई दुई-दुई जनाको सानो समूहमा बाँड्नुहोस्।
**छान्नुहोस् -** प्रत्येक जोडीले माथिको सम्भावित अनुप्रयोगहरूको सूचीबाट एउटा छान्छ।
**लेख्नुहोस् -** पाँच वटा चरणहरूलाई प्रयोग गर्दै प्रत्येक जोडीले एउटा व्यक्तिगत अनुप्रयोग लेख्छ।
**बाँड्नुहोस् -** प्रत्येक जोडीले समूहलाई आफ्नो व्यक्तिगत अनुप्रयोग पढेर सुनाउँछ।
(तलको उदाहरण हेर्नुहोस्।)

| |
|---|
| चरण १ - बाइबलीय सन्दर्भ : "मेरो अनुप्रयोगको बाइबलीय श्रोत के हो?"<br>हितोपदेश ३:५-६, "आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्, र तेरो आफ्नै समझशक्तिमा भर नपर, आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ।"<br>चरण २ - बाइबलीय सत्यता : "बाइबल खण्डले के भन्छ?"<br>सोचेर गर्नुको साटो इसाईहरूले गर्नुअघि सोच्ने र प्रार्थना गर्न गर्नुपर्छ।<br>चरण ३ - मेरो आवश्यक्ता : "परमेश्वरले मालई के भन्नुहुन्छ?" "यस सत्यताको प्रकाशमा मेरो वर्तमान आवश्यक्ता के हो?"<br>म अस्थिर छु। म प्राय: केही गर्नुअघि प्रार्थना गर्दिनँ र परमेश्वरको ज्ञान अथवा शक्ति अथवा प्रेम माग्दिनँ। म अझ बढी परमेश्वरमा नर्भर हुन चाहन्छु।<br>चरण ४ - मेरो अनुप्रयोग : "परमेश्वरले मलाई विशेषगरी के जानेको , के विश्वास गरेको , के बनेको अथवा के गरेको चाहनुहुन्छ?<br>मेरो कामको योजना हरेक महत्वपूर्न कार्य अथवा जिम्मेवारी पूरा गर्नुअघि त्यसको लागि प्रार्थना गर्नु हो। म यसलाई दुई हप्तासम्म अभ्यास गर्न चाहन्छु।<br>चरण ५ - मेरो प्रार्थना : "परमेश्वरलाई मेरो प्रार्थनाको प्रतिक्रिया के हो?"<br>"स्वर्गमा बस्नुहुने प्यारो पिता, मैले कुनै निर्णय गर्नुअघि अथवा मानिसहरूसँग बोल्नुअघि अथवा कतै यात्रा गर्नुअघि मलाई आत्मनिर्भरता त्याग्न र प्रार्थना गर्न सहातया गर्नुहोस्। मेरो हरेक मार्गहरूमा तपाईंलाई जान्न मलाई सहायता गर्नुहोस्। येशूको नाउँमा, आमेन! |

| | |
|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट) [प्रतिक्रियाहरू]<br>परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना |

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'व्यवहारिक अनुप्रयोगहरू'को शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्।

२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (गन्ती ११:१-१४:४५)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। १ पत्रुस ५:१-७; विषय: मण्डलीको नेतृत्व। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।

# पाठ ३४

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) **[शान्त समय]** **गन्ती ११:१-१४:४५** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (गन्ती ११:१-१४:४५) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ** (२० मिनेट) **[सुसमाचार]** **विश्वासद्वारा मुक्ति : यूहन्ना १:१२** |
|---|---|

## क. मनन

यूहन्ना १:९-१३ पढ्नुहोस्। "हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्।"

| कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्: | विश्वासद्वारा मुक्ति<br>यूहन्ना १:१२<br><br>तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो।<br>यूहन्ना १:१२ | यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्। |
|---|---|---|

### १. मुक्ति विश्वव्यापी होइन।

येशू ख्रीष्ट 'हरेक मानिसलाई ज्योति दिनुहुने साँचो ज्योति' हुनुहुन्छ। यसको अर्थ उहाँले हरेक मानिसलाई मुक्ति दिनुहुन्छ भन्ने होइन। यूहन्ना १:९; १ तिमोथी २:४; ४:१०; तीतस २:११ र २ पत्रुस ३:९ ले विश्वव्यापी मुक्तिको शिक्षा दिँदैन! यी खण्डहरूको अर्थ सुसमाचार सुन्ने हरेक व्यक्तिलाई येशू ख्रीष्टले आत्मिक ज्योति दिनुहुन्छ भन्ने हो। मुक्तिको सन्देश सुन्ने सबैलाई उहाँले आत्मिक कुराहरूको सम्बन्धमा केही मात्राको बुझाइ दिनुहुन्छ। तैपनि, सुसमाचार सुन्ने अधिकांश मानिसहरूले त्यसप्रति उचित किसिमले प्रतिक्रिया जनाउँदैनन्। यो सन्दर्भले स्पष्टसँग सिकाउँछ, कि संसारले येशू ख्रीष्टलाई स्वीकार गरेन (अथवा चिनेन) र संसारले येशू ख्रीष्टलाई स्वागत गरेन (अथवा ग्रहण गरेन) (यूहन्ना १:१०-११)। यो ज्योति अथवा प्रकाशलाई पाएका धेरै मानिसहरूले अन्धकारलाई नै रुचाउँछन्। तिनीहरूले ज्योतिलाई हेर्छन्, तर ज्योतिमा आउँदैनन् (यूहन्ना ३:१९-२१)। एकपटक ज्योतिमा आएका (ज्ञान पाएका) मानिसहरू पछि गएर पतन भए भने तिनीहरूलाई (कुनै मानवीय उपायद्वारा) पश्चातापमा ल्याउन सकिँदैन (हिब्रू ६:४-८; मर्कूस १०:२७)।

## २. मुक्तिलाई ग्रहण गरिनैपर्छ (अथवा विश्वास गरिनैपर्छ)।

**ग्रहण गर्नु भनेको सक्रिय (सशक्त) रूपमा पक्रिनु हो।**

अन्धकारले ज्योतिको रूपमा आउनुभएको येशू ख्रीष्टलाई पक्रेन (अथवा बुझेन) (यूहन्ना १:५)। संसारले येशू ख्रीष्टलाई स्वीकार गरेन (अथवा चिनेन) (यूहन्ना १:१०)। उहाँका आफ्नै मानिसहरू कहलाइएको इस्राएलले येशू ख्रीष्टलाई स्वागत गरेन (ग्रहण गरेन) (यूहन्ना १;११)। तैपनि, येशू ख्रीष्टलाई स्वागत गर्ने (ग्रहण गर्ने) सबैलाई, जसको मतलब येशू ख्रीष्टलाई विश्वास गर्ने सबैलाईई उहाँले परमेश्वरका सन्तान हुन हक (अधिकार) दिनुभयो (यूहन्ना १:१२)। मुक्ति येशू ख्रीष्टमा सीमित छ (यूहन्ना १४:६; प्रेरित ४:१२; १ यूहन्ना ५:११) र बचाइनको लागि मानिसले येशू ख्रीष्टलाई मुक्तिदाता भनी स्वीकार गर्नैपर्छ, अनि येशू ख्रीष्टलाई आफ्नो हृदय र जीवनमा सक्रियरूपमा पक्रनैपर्छ। उक्ति मुक्ति उहाँले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा कमाउनु (प्राप्त गर्नु) भएको हो। येशू ख्रीष्टमा विश्वास गर्नु भनेको यही हो।

**जजसले (जतिले) ग्रहण गरे।**

यूहन्ना १:१२ ले शाब्दिकरूपमा भन्दछ, "ग्रहण गर्ने सबैलाई उहाँले परमेश्वरको सन्तान हुने हक (अधिकार) दिनुभयो।" 'संसार' र 'यहूदीहरू'-ले राष्ट्रको रूपमा मुक्तिदातालाई इन्कार गरेपछि यहूदी र अन्यजाति दुवै समूहका मानिसहरूले व्यक्तिगतरूपमा उहाँलाई ग्रहण गरे। यहाँ 'सबै' भन्ने शब्दको अर्थ र यूहन्ना ३:१६ मा 'जसले' अथवा 'त्यसले' भन्ने शब्दको अर्थ उही हो। विश्वास गर्ने व्यक्ति यहूदी होस् अथवा अन्यजाति, त्यसले कही फरक पार्दैन। अबदेखि उप्रान्त, मानिसहरूको राष्ट्रियता (नागरिकता) अथवा शारीरिक वंश र मूलबिना नै मुक्तिको महान् आत्मिक उपहार ग्रहण गर्दछन्।

## ३. मुक्तिले मानिसलाई परमेश्वरको सन्तान बनाउँछ।

**'हक' अथवा 'अधिकार' भन्ने शब्दको अर्थ।**

ग्रीक शब्दलाई 'हक' अथवा 'सौभाग्य' भनेर अनुवाद गर्न सकिन्छ। आफ्नो वंशाणुगत हकको निम्ति यहूदीहरू प्राय: घमण्ड गर्दथे र आफूहरू 'अब्राहामका सन्तान हौँ' भन्दथे (यूहन्ना ८:३३)। कुनै व्यक्तिले परमेश्वरको सामु आफ्नो आत्मिक स्थिति शारीरक अथवा जैविक अवस्थाबाट प्राप्त गर्छ भनी यहूदीहरू र निकोदेमसले विश्वास गर्थे। तैपनि, जन्मबाट अथवा प्राकृतिक वंशबाट कुनै व्यक्ति परमेश्वरको सन्तान हुँदैन (रोमी ९:६-९)। 'इसाई' भएर जन्मिएको कोही पनि छैन! परमेश्वरको सन्तान हुने हक पाउनको लागि येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ, जसको मतलब येशू ख्रीष्टलाई स्वागत गर्नु र उहाँलाई बलियोसँग पक्रनु हो।

**परमेश्वरको सन्तान**

कुनै विश्वासी परमेश्वरको सन्तान हुनको निम्ति ऊ परमेश्वारबाट आत्मिकरूपमा धर्मपुत्रको रूपमा स्वीकार गरिनु (एफिसी १:५; रोमी ८:१५ सँग तुलना गर्नुहोस्) र परमेश्वरबाट आत्मिकरूपमा पुनर्जन्म पाउनु पर्छ (यूहन्ना १:१३; रोमी ८:१६ सँग तुलना गर्नुहोस्)। प्रेरित पावल र प्रेरित यूहन्ना दुवैको लागि मुक्ति भनको कुनै विशेष धर्म मान्ने व्यक्तिबाट शारीरिकरूपमा जन्मिएर र धार्मिक व्यक्ति भएर पाउने होइन, तर आत्मिक पुनर्जन्म र नयाँ जन्मद्वारा प्राप्त हुन्छ। परमेश्वर पवित्र आत्माले नै विश्वासीहरूलाई नयाँ जीवन दिनुभएर तिनीहरूलाई ख्रीष्टको स्वरूपमा परिवर्तन गर्नुहुन्छ।

कुनै व्यक्ति रगतद्वारा परमेश्वरको सन्तान हुँदैन अर्थात् प्राकृतिक अथवा शारीरिक वंशबाट मानिस परमेश्वरको सन्तान हुन सक्दैन। परमेश्वरको सार्वभौम प्रतिज्ञाद्वारा मात्र ऊ परमेश्वरको सन्तान हुँदछ (रोमी ९:६-९)।

मानिसको शारीरिक इच्छा अथवा उसको तार्किक रोजाइ, निर्णय अथवा स्वभाविकरूपमा भ्रष्ट मानिसको स्वतन्त्र इच्छाद्वारा कुनै व्यक्ति परमेश्वरको सन्तान बन्न सक्दैन (रोमी ८:७-८)। परमेश्वरको सार्वभौम कृपाद्वारा मात्र ऊ परमेश्वरको सन्तान बन्न सक्छ (रोमी ९:१४-१८)। आफैले गरेका धार्मिक क्रियाकलापहरू र असल कामहरूद्वारा मानिस परमेश्वरको सन्तान हुँदैन। परमेश्वरको सार्वभौम छनौटद्वारा मात्र ऊ परमेश्वरको सन्तान हुँदछ (रोमी ९:१०-१३)।

कुनै व्यक्ति मानिसको इच्छाद्वारा परमेश्वरको सन्तान हुँदैन, जसको मतलब पुरुषको शारीरिक, यौनिक अथवा प्रजनन आग्रहद्वारा कुनै व्यक्ति परमेश्वरको सन्तान हुँदैन। परमेश्वरको सार्वभौम आत्मिक पुनर्जन्मद्वारा मात्र ऊ परमेश्वरको सन्तान हुँदछ (यूहन्ना १:१३; यूहन्ना ३:३-८ सँग तुलना गर्नुहोस्)।

**परमेश्वरको सन्तान हुनु**

कुनै व्यक्तिले विश्वास गरेको क्षणबाट नै ऊ परमेश्वरको सन्तान हुन सुरु गर्दछ! परमेश्वरको जीवन उसको प्राणमा (उसको शरीर र आत्मामा) प्रवेश गरेको क्षणबाट नै ऊ परमेश्वरको सन्तान हुँदछ र परमेश्वरको राज्यमा प्रवेश गर्दछ। यूहन्ना १:१२ ले विश्वासीलाई परमेश्वरको सन्तान हुने हक दिइएको छ भन्नाले भविष्यमा परमेश्वरको सन्तान हुने कुरालाई बुझाउँदैन,

तर पूर्णतामा परमेश्वरको सन्तान हुने हकलाई बुझाउँछ, जसको मतलब पूर्णरूपमा सिद्ध भएको आत्मा र पूर्णरूपमा परिवर्तन भएको शरीर हो।

मुक्ति भनेको बिन्दु होइन तर धर्को हो। मुक्ति भनेको इसाई जीवनको सुरुवातको एउटा घटना होइन, तर यो त ख्रीष्टको दोस्रो आगमनसम्मै चलिरहने निरन्तर प्रक्रिया हो। कुनै व्यक्तिले विश्वास गर्नेबित्तिकै मुक्ति सुरु हुँदछ। तर मृत्युबाट शरीरको पुनरुत्थानमा मात्र मुक्ति सम्पूर्णरूपमा पूरा हुँदछ। त्यसैगरी, परमेश्वरको सन्तान हुने कुरा कुनै व्यक्तिले ख्रीष्टलाई आफ्नो हृदय र जीवनमा ग्रहण गरेपछि सुरु हुँदछ। त्यसपछि, ऊ परमेश्वरको सन्तान हुन्छ र उसँग पूर्ण र सिद्धरूपमा परमेश्वरको सन्तान हुने ईश्वीय हक हुन्छ। यो कुरा ख्रीष्टको दोस्रो आगमनमा थाहा हुनेछ, जुनबेला उसको आत्मा पूर्णरूपमा सिद्ध हुनेछ (१ यूहन्ना ३:१-३) र उसको शरीर पूर्णरूपमा परिवर्तन हुनेछ (फिलिप्पी ३:२१)। पृथ्वीमा उसको जीवनभरि नै ऊ पहिल्यै सैद्धान्तिकरूपम जे भइसकेको छ, त्यसको निम्ति उक्त विश्वासी निरन्तर सिद्ध र परिवर्तन भइरहनेछ।

**निष्कर्ष -** परमेश्वरको सन्तानमा परिवर्तन हुने काम तात्कालिक (सुरुको बिन्दु) र बिस्तारै हुने (निरन्तर बढ्ने धर्को) प्रक्रिया दुवै हो। हामी विश्वासीहरू परमेश्वरबाटको जीवन (पवित्र आत्मा) हाम्रो प्राणमा प्रवेश गरेको क्षणमा नै परमेश्वरका सन्तान हुँदछौँ। तैपनि, यो परिवर्तन भविष्यमा हामीले ख्रीष्टलाई आमने-सामने देख्दा मात्र पूरा हुनेछ। त्यही कारणले गर्दा प्रेरित यूहन्नाले 'परमेश्वरको सन्तान बन्नु'को सट्टामा 'परमेश्वरको सन्तान हुनेछ' भन्ने शब्दहरू प्रयोग गर्दछन्।

## ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। विश्वासद्वारा मुक्ति - यूहन्ना १:१२
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

| ४ | **बाइबल अध्ययन** (७० मिनेट) **[मण्डली]**<br>**मण्डलीको अगुवापन : १ पत्रुस ५:१-७** |
|---|---|

१ पत्रुस ५:१-७ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।
यो बाइबल अध्ययनको अभिप्राय मण्डली अगुवापनको बारेमा नयाँ करारको शिक्षालाई गहिरोरूपमा बुझ्नु हो।

**परिभाषाहरू:**

बाइबलका केही अनुवादहरूले केही अगुवाहरूको लागि प्रयोग भएका मूल ग्रीक शब्दहरूलाई सही किसिमले अनुवाद नगरेकोले, यो अध्ययनमा ती ग्रीक शब्दहरूलाई मिल्दो र सुहाउँदो ढङ्गमा अनुवाद गर्ने कोसिस गरिएको छ।

(१) ग्रीक भाषाको 'प्रेसबुटेरोस' (presbuteros) भन्ने एकवचन शब्द र 'प्रेसबुटेरोइ' (presbuteroi) भन्ने बहुवचन शब्दहरूलाई सुहाउँदो ढङ्गमा 'एल्डर' र 'एल्डरहरू' भनी अनुवाद गरिएको छ, जसले मण्डलीको अगुवापनको कार्यभारलाई बुझाउँछ। ती शब्दहरूलाई 'पूजाहारी' (पूजाहारीहरू) अथवा 'पास्टर' (पास्टरहरू) भनी अनुवाद गरिएको छैन, जसले आधुनिक परम्परागत मण्डलीहरूको शक्ति भएको पदहरूलाई जनाउँछ।

(२) ग्रीक भाषाको 'इपिस्कोपस' (episkospos) भन्ने एकवचन शब्द र 'इपिस्कोपोइ' (episkopoi) भन्ने बहुवचन शब्दहरूलाई सुहाउँदो ढङ्गमा 'देखरेख गर्ने व्यक्ति' भनी अनुवाद गरिएको छ, जसले एल्डरहरूको जिम्मेवारीहरू अथवा कामहरूलाई बुझाउँछ। ती शब्दहरूलाई 'बिशप' (बिशपहरू) भनी अनुवाद गरिएको छैन, जसले आधुनिक इपिस्कोपल (संरचनात्मक) मण्डलीहरूमा हुने उच्च पदहरूलाई बुझाउँछ।

(३) ग्रीक भाषाको 'पोइमेन' (poimen) भन्ने एकवचन शब्द र 'पोइमेनेस' (poimenes) भन्ने बहुवचन शब्दहरूलाई सुहाउँदो ढङ्गमा 'गोठालो' र 'गोठालोहरू' भनी अनुवाद गरिका छन्, जसले एल्डरहरूको जिम्मेवारी र कामलाई जनाउँछ। तिनीहरूलाई 'पास्टर' (पास्टरहरू) भन्ने शब्दहरूमा अनुवाद गरिएका छैनन्, जसले आधुनिक परम्परागत मण्डलीहरूमा हुने शक्तिको पदहरूलाई जनाउँछ।

(४) ग्रीक भाषाको 'इपिस्कोपियो' (episkopeo) भन्ने शब्दलाई (१ पत्रुस ५:२) 'देखरेख गर्नु' अथवा 'देखरेख गर्ने बन्नु' भनी अनुवाद गरिएको छ।

(५) ग्रीक भाषाको 'पोइमाइनो' (poimaino) भन्ने शब्दलाई (प्रेरित २०:२८; १ पत्रुस ५:२०) 'गोठालो गर्नु' अथवा 'गोठालो हुनु' भनी अनुवाद गरिएको छ।

'कार्यभार' भनेको अभिषिक्त भएको अथवा सुम्पिएको सेवा हो। योसँग जिम्मेवारीहरू (कामहरू) जोडिएका हुन्छन् र जिम्मेवारीहरूका क्षेत्रहरूमा अधिकार प्रत्यायोजन गरिएको हुन्छ। बाइबलअनुसार भन्ने हो भने मण्डलीको अगुवापनको एकमात्र कार्यभार भनेको एल्डर (एल्डरहरू) हो (प्रेरित ११:३०; १४:२३: २०:१७; १ तिमोथी ५:१७; तीतस १:५; याकूब ५:१४; १ पत्रुस ५:१)।

सेवाको कार्यभारहरू यी हुन्: मिसेनरीहरू, वक्ताहरू (घोषणा गर्नेहरू), प्रचारकहरू, गोठालाहरू र शिक्षकहरू (एफिसी ५:११-१२), डिकनहरू (प्रेरित ६:१-७), अगुवाहरूको समूह, जवान अगुवाहरू आदि। सेवाको कार्यभारहरू एल्डरहरूद्वारा नियुक्त गरिन्छन् र तिनीहरूलाई ती एल्डरहरूप्रति उत्तरदायी हुनुपर्ने गरी जिम्मेवारीहरू सम्पिएका हुन्छन्। जेजस्तो भए तापनि बाइबलमा 'अगुवापन' भनेको 'सेवा' हो र कहिले पनि त्यो शक्ति अभ्यास गर्ने पद होइन (मत्ती २०:२५-२८; १ पत्रुस ५:२-३)!

मण्डलीलाई एउटा अगुवाले (एल्डर, पास्टर अथवा पूजाहारीले) मात्र कहिले पनि डोऱ्याउने काम गर्न नहुने भएकोले केही घरेलु सङ्गतिहरूलाई मिलाएर एउटा झुण्ड बनाउनुपर्छ र त्यहाँ एल्डरहरूको समूहले अगुवाइ गर्नुपर्छ। व्यवहारिक हुने गरी अवस्थाअनुसार एउटा झुण्डमा तीनदेखि आठ घरेलु सङ्गतिहरू हुनुपर्छ र त्यसलाई कम्तीमा तीन जना एल्डरहरूले डोऱ्याउने काम गर्नुपर्दछ। झुण्ड वृद्धि हुँदै गएपछि कम्तीमा तीन जना एल्डरहरू मिलेर नयाँ झुण्ड निर्माण गर्नुपर्दछ, जहाँ केही घरेलु सङ्गतिहरू सम्मिलित भएको हुनुपर्छ। यसरी हरेक मण्डलीलाई सानोरूपमा व्यवस्था गर्नुपर्दछ र बाइबलीय अगुवापन वास्तवमा यही हो।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर १ पत्रुस ५:१-७ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**१ पत्रुस ५:२-३**
**खोज १ - एल्डरहरूका निम्ति तीन वटा शब्दहरू प्रयोग गरिएका छन्।**

**हरेक एल्डरसँग दुई वटा कामहरू हुन्छन्।**
बाइबलमा एल्डरहरूका निम्ति तीन वटा शब्दहरू उल्लेख भएका छन्: एल्डर (ग्रीक: प्रेस्बुटेरोइ) (प्रेरित २०:१७; १ तिमोथी ५:१७; १ पत्रुस ५:१), गोठालाहरू अथवा पास्टरहरू (ग्रीक: पोइमाइनो) (क्रियापद) (प्रेरित २०:२८; १ पत्रुस ५:२), र देखरेख गर्नेहरू (ग्रीक: इपिस्कोपिओ) (क्रियापद) (प्रेरित २०:२८; १ पत्रुस ५:२)।

**एल्डरहरूको समूह (समिति)**

नयाँ करारको इसाई मण्डलीमा अगुवाहरूको तहगत संरचना थिएन! नयाँ करारको मण्डली झुण्डलाई एउटा मात्र अगुवाले (पास्टरले अथवा पूजाहरीले) अगुवाइ गर्दैनथ्यो, तर मानिसहरूको समूहले अगुवाइ गर्थ्यो, जसलाई 'एल्डरहरूको समूह' अथवा एल्डरहरूको परिषद् भनिन्थ्यो (ग्रीक: प्रेसबुटेरियोन) (१ तिमोथी ४:१४)। तिनीहरूका कामहरूलाई गोठालाहरू अथवा पास्टरहरू अथवा देखरेख गर्नेहरूका काम भनेर व्याख्या गरिन्थ्यो (प्रेरित २०:२८; १ पत्रुस ५:२)। मण्डलीको अगुवापन भनेको एउटा व्यक्तिको विशेषाधिकार होइन, तर यो त मानिसहरूको (एल्डरहरूको) समूह हो, जसलाई एल्डरहरूको समिति अथवा एल्डरहरूको परिषद् भनिन्छ।

**एल्डरको उमेर**

एल्डर (प्रेस्बुटेरोस) भन्ने प्राचिन ग्रीक शब्दले समुदायमा अनुभव भएको पाको मानिसलाई बुझाउने भए तापनि पुरानो करार र नयाँ करारको समयमा यसले वृद्ध मानिसलाई बुझाउँदैन। पुरानो करारमा उल्लेखित 'एल्डर' शब्दले पुरानो करारमा परमेश्वरका जनहरूको माझमा (इस्राएलमा) सेवाको कार्यभार सम्हाल्ने अगुवाहरूलाई बुझाउँछ (प्रस्थान १८:१३-२६; गन्ती ११:१६-१७; व्यवस्था १:९-१८)। र नयाँ करारमा 'एल्डर' भन्ने शब्दले नयाँ करारमा परमेश्वरको जनहरूमा (मण्डलीमा) सेवाको कार्यभार सम्हाल्ने अगुवालाई बुझाउँछ (प्रेरित ११:३०; १४:२३; २०:१७,२८; १ तिमोथी ५:१७; तीतस १:५-६; १ पत्रुस ५:१-४)। कहीँ पनि विशेष उमेरको आवश्यक्तालाई शर्तको रूपमा माग गरिएको छैन। पुरानो करार र नयाँ करार दुवै समयावधिको एल्डरहरूसँग विशेष योग्यताहरू र जिम्मेवारीहरू हुन्थे र तिनीहरूले मानिसहरूको सेवा गर्नु पर्थ्यो। अहिले, यदि कुनै जवान मानिससँग बाइबलले मागेअनुसारको योग्यताहरू छ भने, यस अर्थमा एल्डर हुन सक्छ (मण्डलीमा सेवाको कार्यभार सम्हाल्ने मानिस हुन सक्छ) (प्रेरित १४:२१-२३; १ तिमोथी ३:६-७; ४:१२)! तसर्थ, 'एल्डर' हुनको लागि पाको उमेर भएको मानिस हुन आवश्यक छैन, तर आत्मिकरूपमा परिपक्व, अगुवापनको ओहोदामा खडा हुन योग्य र मण्डलीमा सेवा गर्न सक्ने व्यक्ति एल्डर हुन सक्छ।

---

**१ पत्रुस ५:१**

**खोज २ - प्रेरित पत्रुसले आफूलाई एल्डर भनेका छन्।**

**प्रेरितहरूले एल्डरको काम गरे।**

ख्रीष्टका प्ररितहरू विश्वव्यापी मण्डलीमा अद्वीतीय काम गर्ने अद्वितीय मानिसहरूका समूह थिए। तिनीहरूले यहूदीहरू, सामरीहरू र अन्यजातिहरूका माझमा पहिलो मण्डली झुण्डलहरू स्थापना गरे।

यरूशलेमको प्रथम मण्डली झुण्डमा पनि ती प्रेरितहरूले एल्डरहरूकै काम गरे (प्रेरित ६:२-६)। पछि गएर तिनीहरूले नयाँ मण्डलीहरूमा पहिलो एल्डरहरू नियुक्त गरे (प्रेरित १४:२३; तीतस १:५ सँग तुलना गर्नुहोस्)।

यद्यपि पत्रुस प्रेरित भए तापनि तिनी अरू स्थानीय मण्डलीहरूमा जाँदा एउटा एल्डरझैं काम गरे। तिनीले मण्डलीहरूलाई एल्डरहरूको बारेमा जुन शिक्षा दिएका थिए, आफू पनि त्यही शिक्षाको अधिनमा बसे। तिनले आफूलाई ठूलो बनाएर अरू मण्डलीहरू र एल्डरहरूमाथि प्रभुत्व जमाएनन्!

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
१ पत्रस ५:१-७ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौं र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौं।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**१ पत्रुस ५:४**
**प्रश्न १ - (ख्रीष्ट) मण्डलीको पक्का (पूर्ण) अगुवा को हो?**

मत्ती १६:१८; एफिसी १:२२; १ पत्रुस २:२५; ५:४ पढ्नुहोस्।
**टिप्पणी -** मत्ती १६:१८ मा येशूले भन्नुहुन्छ, "यो चट्टानमाथि म मेरो मण्डली स्थापना गर्नेछु।"

**मण्डलीको मालिक येशू हुनुहुन्छ।**
उहाँ यसो भन्नुहुन्छ, "यो मण्डली मेरो हो।" विश्वव्यापी मण्डली अनि संसारका विभिन्न ठाउँमा भएका स्थानीय मण्डलीहरू त्यसका अगुवाहरू अथवा सदस्यहरूका होइनन्, तर ती सबै येशूको मण्डली हुन्। उहाँले त्यसलाई आफ्नै रगतले किन्नुभयो (प्रेरित २०:२८)। यो अभिव्यक्तिलाई तुलाना गर्नुहोस्: "परमेश्वरका बगाल" (१ पत्रुस ५:२)।

**मण्डलीको निर्माणकर्ता येशू हुनुहुन्छ।**
येशूले अझै यसो भन्नुहुन्छ, "म मेरो मण्डली निर्माण गर्छु।" मिसेनरीहरू, मण्डलीका अगुवाहरू अथवा अरू कुनै मानिसहरूले आफ्नै प्रयासमा स्थानीय मण्डली निर्माण गर्दैनन्। येशूले नै हरेक मण्डली निर्माण गर्नुहुन्छ र मानिहरूलाई त्यहाँ आफ्नो सेवकहरूको रूपमा प्रयोग गर्नुहुन्छ (१ कोरिन्थी ३:५-११)। येशू ख्रिष्टबिना हामीले अनन्तसम्म महत्व हुने कुनै काम गर्न सक्दैनौं (यूहन्ना १५:५)!

**मण्डलीको शिर येशू हुनुहुन्छ।**
एफिसी १:२२ मा परमेश्वरले येशू ख्रीष्टलाई सृष्टिको हरेक थोकको माथि साथै मण्डलीको शिर नियुक्त गर्नुभयो। पृथ्वीको कुनै मानिसले यो स्थान लिन सक्दैन! येशू ख्रीष्ट एक्लै विश्वाव्यापी मण्डली र हरेक स्थानीय मण्डलीको मुख्य गोठालो (पास्टर) हुनुहुन्छ (१ पत्रुस ५:४)। येशू ख्रीष्ट मात्र हाम्रो आत्माको देखरेख गर्ने (बिशप) हुनुहुन्छ (१ पत्रुस २:२५)।

यसर्थ, विश्वव्यापी मण्डली र हरेक स्थानीय मण्डलीको निर्माणकर्ता, मालिक र शिर अहिले अनि सदा-सर्वदाको लागि येशू ख्रीष्ट नै हुनुहुन्छ! उहाँ एकजना मात्र विश्वव्यापी मण्डली र हरेक स्थानीय झुण्डको पक्का,पूर्ण र अनन्त अगुवा हुनुहुन्छ।

---

**१ पत्रुस ५:१**
**प्रश्न २ - (प्रेरितहरू) मण्डलीको आधारभूत (संस्थापक) अगुवाहरू को हुन्?**

एफिसी २:२०; प्रकाश २१:१४; १ पत्रुस ५:१ पढ्नुहोस्।
**टिप्पणी -**

**येशूको प्रेरितहरू ऐतिहासिक मण्डलीको संस्थापकहरू हुन्।**
प्रेरितहरूले यहूदीहरूलाई सुसमाचार प्रचार गरे र तिनीहरूका माझमा प्रथम मण्डली स्थापित भयो (प्रेरित २:१४,३७-४२)। सामरीहरूका माझमा प्रथम मण्डली स्थापना हुँदा ती प्रेरितहरू अपरिहार्य मानिसहरू थिए (प्रेरित ८:१४-१७; प्रेरित ९:३१ सँग तुलना गर्नुहोस्)। अन्तमा, प्रेरितहरूले अन्यजातिहरूका माझमा पनि सुसमाचार प्रचार गरे अनि तिनीहरूका माझमा प्रथम मण्डली स्थापना भयो (सिजरियामा: प्रेरित १०-११ अध्याय; पावलको पहिलो प्रचार यात्रामा: प्रेरित १३-१४ अध्याय)।

**येशूका प्रेरितहरू मण्डलीका संस्थापक अगुवाहरू थिए।**
प्रेरितहरू र अगमवक्ताहरूको जगमा मण्डली निर्माण भएको छ भनी बाइबलले बताउँछ (एफिसी २:२०)। प्रेरितहरू भनेको येशू ख्रीष्टका ११ जना चेलाहरू र पावल हुन्। तिनीहरू स्वयम् येशू ख्रीष्टद्वारा छानिएका, बोलाइएका र पठाइका मानिसहरू हुन् (मर्कूस ३:१३-१५; यूहन्ना १७:१८; २०:२१)। तिनीहरू येशूको मृत्यु र पुनरुत्थानको गवाहीहरू हुन् (लूका २४:४५-४८; प्रेरित १:२१-२२)। निमन्त्रणालाई अस्वीकार गर्न सकिएला तर बोलावटलाई पालना नगरीकन अस्वीकार गर्न सकिँदैन। बोलावटप्रति आज्ञाकारी हुनैपर्छ (प्रेरित ९:१५; २२:१४-१५; २६:१६-१८; रोमी १:१४; १ कोरिन्थी ९:१,१६; गलाती २:७-९)। ती प्रेरितहरूले यहूदीहरू, सामरीहरू र अन्यजातिहरूका माझमा प्रथम मण्डली झुण्डहरू स्थापना गरे (प्रेरित १:८; ९;३१; १०:२४-२५; ११:१४-१८)। बारनाबास, तिमोथी तीतस र सिलासजस्ता प्रेरणा पाएका प्रचारकहरूले (अगमवक्ताहरूले) तिनीहरूलाई सहायता गरे (प्रेरित १५:३२)। ती प्रेरितहरू र तिनीहरूका सहयोगीहरूले अन्यजाति मण्डलीहरूमा पहिलोपटक संस्थागत अगुवाहरू नियुक्त गरे जसलाई एल्डहरू भनिन्छ (प्रेरित १४:२३; तीतस १:५)। ती प्रेरितहरूका उत्तराधिकारीहरू छैनन्, किनभने प्रेरित १:२१-२२ अनुसार त्यसको निम्ति कोही योग्य छैन! यसर्थ, मण्डलो संस्थापक अगुवाहरू भनेको तिनै प्रेरितहरू हुन् (मत्ती १६:१८-१९; १८:१८; एफिसी २:२०; प्रकाश २१:१४)। इतिहासमा

हेर्ने हो भने बाइबलमा उल्लेखित मानिसहरूको मुख्य समूहहरूमा तिनीहरूले प्रथम मण्डली झुण्डहरू स्थापना गरे: यहूदीहरू (पुरानो यहूदाको उत्तरी राज्यबाट), सामरीहरू (पुरानो इस्राएलको उत्तरी राज्यका अरूसँग मिसिएका मानिसहरू) र अन्यजातिहरू (पुरानो करारमा परमेश्वरका जनहरूभन्दा बाहिरको ठूलो क्षेत्रबाट) (प्रेरित १:८)।

**येशूका प्रेरितहरूले मण्डली झुण्डहरूमा एल्डरहरूको काम गरे।**
१ पत्रुस ५:१ मा प्रेरित पत्रुसले आफू एल्डर हुँ भन्दछन्। पत्रुसले गैर-यहूदीहरूलाई सुसमाचार प्रचार गर्दा, अनि यहूदीहरू, सामरीहरू र अन्यजातिहरूका माझमा पहिलो मण्डली झुण्डहरू स्थापना गर्दा र नयाँ करारका केही पुस्तकहरू लेख्दा, तिनले प्रेरितको रूपमा काम गरे। तैपनि, पत्रुसले कुनै मण्डलीमा रहँदा अथवा काम गर्दाचाहिँ उक्त मण्डलीको एक एल्डरको हैसियतले काम गरे (१ पत्रुस ५:१)। अरू प्रेरितहरूले पनि एल्डरहरूकै हैसियतले काम गरे (प्रेरित ६:४; २ यूहन्ना १; ३ यूहन्ना १)। तर तिनीहरूका मुख्य काम र बोलाबट भनेको अरू मुलुकहरूमा गई चेलाहरू बनाउनु र अझ धेरै मण्डलीहरू स्थापना गर्नु भएकोले तिनीहरूले ती स्थानीय मण्डलीहरूका स्थानीय मानिसहरूलाई नै एल्डरहरू नियुक्त गरिदिए (प्रेरित १४:२३; तीतस १:५)।

---

**एफिसी ५:१-२**
**प्रश्न ३ - (एल्डरहरू) मण्डलीको संस्थागत अगुवाहरू को थिए?**

प्रेरित १४:२१-२३; १ तिमोथी ४:१४; तीतस १:५; १ पत्रुस ५:१-२ पढ्नुहोस्।
**टिप्पणी -**

**यहूदी मण्डलीहरूमा एल्डरहरू**
बाइबलमा हामी प्रेरितहरूको संस्थाको बारेमा (मर्कूस ३:१३-१९) र डिकनहरूको संस्थाको बारेमा (प्रेरित ६:१-७) पढ्छौं, तर हामी यहूदीहरूका माझमा भएका मण्डलीहरूमा एल्डरहरूको संस्थाको बारेमा पढ्दैनौँ। यरूशलेमको मण्डलीको एल्डरहरूको बारेमा पहिले प्रेरित ११:३० मा चर्चा गरिएको छ, त्यसपछि प्रेरित १५:२ मा चर्चा गरिएको छ, तर तिनीहरूको संस्थाको बारेमा कहीँ पनि चर्चा गरिएको छैन। यसो किन भयो भने एल्डरहरूको कार्यभार स्थायी हुन्थ्यो र त्यो यहूदीहरूको माझमा भएका स्थानीय मण्डलीहरूको महत्वपूर्ण कार्यभार थियो। ती एल्डरहरू पहिले नै पुरानो कराको समयमा परमेश्वरका जनहरूको आधिकारिक (औपचारिक) अगुवाहरू थिए। ती यहूदी एल्डरहरू कि त स्थानीय घरानाहरूको मुख्य व्यक्ति हुन्थे अथवा यहूदी समाजमा त्यस्तै खालका मानिसहरू हुन्थे, जसलाई ती मानिसहरूले नै चुनिएको हुन्थ्यो (प्रस्थान ३:१६; १८:१३-२६; गन्ती ११:१६-१७; व्यवस्था १:९-१८)। तसर्थ, ती प्रेरितहरूले यहूदीहरूका माझमा प्रथम मण्डली झुण्डहरू स्थापना गर्दा, तिनीहरूका माझमा पहिलेदेखि नै एल्डरहरू कहलाइएका मानिसहरूलाई उक्त नयाँ संस्थामा कुनै औपचारिक संस्थाबिना नै यथावत् राखियो र त्यसैले प्रेरितको पुस्तकमा त्यसबारेमा खासै चर्चा गरिएको छैन।

**अन्यजाति मण्डलीहरूमा एल्डरहरू**
अन्यजाति मण्डलीहरूमा एल्डरहरूको संस्था स्पष्टसँग चर्चा गरिएको छ, किनभने तिनीहरूसँग एल्डरहरूको संस्था थिएन। तसर्थ, ती अन्यजाति मण्डलीहरू स्थापना गर्ने प्रेरितहरू अथवा तिनीहरूका सहकर्मीहरूले मण्डलीहरूम एल्डरहरू नियुक्त गरे (प्रेरित १४:२३; तीतस १:५)। 'नियुक्त गर्नु' भन्ने शब्दको शाब्दिक अर्थ हात उठाउन लगाएर चुन्नु भन्ने हुन्छ, तर त्यो अर्थ यहाँ लागू हुन सक्दैन, किनभने पावल र बारनाबास त्यसरी छानिएका होइनन्। उक्त शब्दको अर्थ चुनाउको ढाँचा अथवा अभिषेकको स्वरुप निर्धारण नगरिकन चुन्नु, नियुक्त गर्नु अथवा राख्नु भन्ने हुन्छ। त्यसकारण, हामीले यहाँ प्रेरितको पुस्तकको सुरुमा लेखिएजस्तै विश्वासीहरूले डिकनहरू छानेका र प्रेरितहरूले तिनीहरूलाई नियुक्त गरेझैँ होला भनी अनुमान लगाउन सक्छौँ (प्रेरित ६:५-६)। यसर्थ, एल्डरहरू इसाई मण्डलीको संस्थागत अगुवाहरू थिए (तीतस १:५) र साथै तिनीहरू प्रत्येक मण्डलीको आधिकारिक अगुवापनमा संस्थागत भएका एल्डरहरूको समिति, समूह, समिति अथवा परिषद् थिए (ग्रीक: प्रेस्बुटिरियोन, १ तिमोथी ४:१४)।

**बाइबलको शिक्षामा एल्डरहरू**
परमेश्वरले पवित्र आत्माद्वारा एल्डरहरू नियुक्त गर्नुहुन्छ। उहाँले उनीहरूलाई मण्डलीको अगुवाहरू हुनको निम्ति नियुक्त गर्नुहुन्छ। अनि उहाँले तिनीहरूको जिम्मेवारीहरू (कामहरू) पनि निर्धारण गर्नुहुन्छ।

पावलले एफिससमा मण्डलीका एल्डरहरूलाई (ग्रीक: प्रेस्बुटेरोइ)[1] बलाउन पठाए (प्रेरित २०:१७) र तिनीहरूले भने, "तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मावाल (ग्रीक: एपिस्कोपोइ) बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह (ग्रीक: पोइमाइनो) तपाईंहरू गर्नुहोस्" (प्रेरित २०:२८)।

प्रेरित पत्रुसले एसिया माइनरका (१ पत्रुस १:१) मण्डलीहरूको एल्डरहरूलाई यसरी लेखे: "तिमीहरूको देखरेखमा (ग्रीक: इपिस्कोपोइ) राखिएको परमेश्वरका बगालको हेरचाह (ग्रीक: पोइमाइनो) गर" (१ पत्रुस ५:२)।

तसर्थ, दुबै प्रेरितहरूले स्पष्टसँग सिकाउँछन्, किन मण्डलीको अगुवापनलाई 'एल्डरहरू' भनिन्छ (प्रेरित ११:१; १५:२,४,६,२२; १४:२३; २०:१७; १ तिमोथी ४:१४; ५:१७; १ पत्रुस ५:१) र तिनीहरूका काम भनेको हेरचाह गर्नु (गोठालोपन) र देखरेख गर्नु हो (प्रेरित २०:२८; १ तिमोथी ३:११; १ पत्रुस ५:२)। यसले यो कुरा स्पष्टसँग देखाउँछ, कि नयाँ करारमा 'एल्डरहरू', 'गोठालाहरू' अथवा 'हेरचाह गर्नेहरू' र 'देखरेख गर्नेहरू' अवस्थाअनुसार परिवर्तन हुने गरि प्रयोग गरिन्छ।

परम्परागत अनि आधुनिक मण्डलीहरूले बाइबलमा प्रयोग गर्ने 'पूजाहारीहरू', 'बिशपहरू' र 'पास्टरहरू' भन्ने शब्दहरू ग्रीक र ल्याटिन भाषाको 'एल्डरहरू', देखरेख गर्नेहरू र हेरचाह गर्ने गोठालाहरूजस्ता शब्दहरूबाट लिएका हुन्। नयाँ करारको समयमा ती शब्दहरूले एल्डरको कार्यभार र तिनीहरूका दुइ वटा कामहरूलाई मात्र बुझाउँथ्यो! तर मण्डली इतिहासमा हेर्ने हो भने दोस्रो र तेस्रो शताब्दीमा आइपुगेपछि ती दुइ वटा शब्दहरूलाई दुइ तहका पदहरू जनाउन थाले! निर्देशिका ४, परिशिष्ठ १९ हेर्नुहोस्: अगुवापन: इसाई मण्डलीमा अगुवापनको ऐतिहासिक विकास।

नयाँ करारको मण्डलीमा अगुवाहरूको तहतग अगुवाहरू थिएनन्! त्यहाँ एल्डरहरूको समूह मात्र हुन्थ्यो, जसलाई प्रत्येक स्थानीय मण्डलीको एल्डरहरूको समिति भनिन्थ्यो र तिनीहरूले उक्त मण्डलीमा अगुवापनको जिम्मेवारी निभाउँथे। एल्डर भन्ने शब्दले अगुवाको आत्मिक परिपक्वता, अनुभव अनि उसको आज्ञाको ठूलो इज्जतलाई प्रकट गर्दछ। 'देखरेख गर्नेहरू' र 'हेरचाह गर्नेहरू' जस्ता शब्दहरूले एल्डरहरूको कामको स्वभावलाई व्याख्या गर्दछ। तसर्थ, मण्डलीको सबै एल्डरहरू आफ्नो मण्डलीको देखरेख गर्ने र हेरचाह गर्ने मानिसहरू हुनुपर्दछ। सबै एल्डरहरूले आफ्नो मण्डलीमा पास्टरीय सेवकाइ, शिक्षा दिने काम र व्यवस्था मिलाउने काम गर्नुपर्दछ।

---

**प्रश्न ४ - (छाता संस्था) नयाँ करारको समयमा एल्डरहरूभन्दा माथि के हरू कुनै अगुवाहरू थिए?**

प्रेरित १५:१-२,४,६,२२; प्रेरित २०:१७,२८ पढ्नुहोस्
**टिप्पणी -**

**(१) एल्डरहरूसँग बराबर अधिकार थियो तर उनीहरूका कामहरू फरक थिए।**
केही एल्डरहरू मण्डलीको गतिविधिहरूमा केन्द्रित हुन्थे भने अरू एल्डरहरूले प्रचार गर्ने र शिक्षा दिने काम गर्थे (१ तिमोथी ५:१७)। मण्डलीमा उनीहरूको कामहरू फरक-फरक भए तापनि तिनीहरू एकै भएर एल्डरहरूको समिति अथवा एल्डरहरूको परिषद् निर्माण गरे। उक्त परिषद्मा एउटा एल्डर अर्को भन्दा उच्च र बढी महत्वको हुँदैनथ्यो।

अहिलेको आधुनिक मण्डलीमा बाइबल कलेज अथवा ईश्वरशास्त्रीय सेमिनारीमा तालिम लिएर आएका अगुवाहरू र मण्डलीका अरू साधारण अगुवाहरूको बीचमा स्पष्ट भिन्नता देखिन्छ, तर नयाँ करारका मण्डलीमा यस्तो भिन्नताको अस्तित्व थिएन। अहिले देखिएको जस्तो अभिषिक्त पास्टर र साधारण एल्डरहरूबीचको भिन्नता पनि त्यतिबेला थिएन। त्यतिबेला सबै एल्डरहरूलाई काम गराउँदै चेला बनाइन्थ्यो र त्यसपछि उनीहरूलाई मण्डलीको एल्डरहरू नियुक्त गरिन्थ्यो (ग्रीक: चेइरोटोनिओ, cheirotoneo) (प्रेरित १४:२१-२३), (ग्रीक: काथिस्तेमी, kathistemi) (तीतस १:५)।

**(२) एल्डरहरूको परिषद्मा भएका एल्डरहरूले एक-अर्काको सुपरीवेक्षण (निगरानी) गर्थे।**
प्रेरित पावलले एफिससको मण्डलीका एल्डरहरूलाई (Greek: presbuteroi, English: elders) आज्ञा दिए, कि तिनीहरूले आफ्नो बगालको मात्र देखरेख (वास्ता, ध्यान) दिने होइन (Greek: presecho), तर एक-अर्काको पनि निगरानी गर्नु पर्नेछ (प्रेरित २०:१७,२८)।

---

[1] केही बाइबलहरूमा यहाँ प्रेस्बुटेरोइ शब्दलाई गलतरूपमा पास्टर भनी अनुवाद गरिएको छ, तर त्यो पास्ट होइन, एल्डरहरू हो!

त्यसकारण, एल्डरहरूको समितिमा कुनै एक एल्डरसँग अरू एल्डरहरूलाई अधिकार चलाउने ओहोदा थिएन! तिनीहरूले एक-अर्काको निगरानी राख्थे। त्यतिबेला स्थानीय मण्डलीमा अथवा नयाँ करारको विश्वव्यापी मण्डलीमा एल्डरहरूभन्दा माथि अरू कुनै अगुवाहरू भएको प्रमाण बाइबलमा उल्लेखित छैन। आधुनिक मण्डलीमा जसरी 'बिशप'ले अरू सबै मण्डलीका अगुवाहरूलाई सुपरीवेक्षण गर्छ, त्यस्तो व्यवस्थाको अस्तित्व नयाँ करारको मण्डलीमा थिएन! देखरेख गर्नु भनेको सदस्यहरूको सन्दर्भमा एल्डरहरूको काम थियो, तर एल्डरहरूको सन्दर्भमा बिशप भन्ने व्यक्तिको काम थिएन।

**(३) यरूशलेमको सभा एल्डरहरूको समितिभन्दा माथि रहेको परिषद् थिएन।**
प्रेरित १५:१-३५ मा उल्लेखित यरूशलेमको सभा भनेको सिरियाको एन्टियोकको अन्यजाति मण्डलीबाट आएका विश्वासीहरू, यहूदिया प्रान्तको यरूशेलमको यहूदी मण्डलीको एल्डरहरू र ख्रीष्टका प्रेरितहरूको साझा अनि समूहगत प्रतिनिधि-मण्डल थियो। उक्त सभाको उद्देश्य भनेको यरूशलेम मण्डलीको यहूदी विश्वासीहरूले एन्टियोक मण्डलीका अन्यजाति विश्वासीहरूलाई यहूदी औपचारिक व्यवस्था पालन गर्नुपर्छ भनी भेनेकोले उत्पन्न भएको समस्यालाई समाधान गर्नु थियो (प्रेरित १५:१; गलाती १:६-९; ४:१०,१७; ५:१-१२; ६:१२-१६)। उक्त यरूशलेमको भेला तत्कालीन सबै स्थानीय मण्डलीहरूबाट आएका प्रतिनिधिहरूको भेला थिएन। अरू मण्डलीहरू माथि कहिले पनि अधिकार दिइएन र त्यसरी अरू मण्डलीहरूमाथि अधिकार गर्ने कुराको कहिले पनि कल्पना गरिएन।

उक्त भेलाबाट पारित गरएका निर्णयहरू (Greek: dogmata kekrimata - court terminology) अरू मण्डलीहरूमा पठाइयो, तर त्यहाँ उल्लेखित प्रेरितहरूको सल्लाह-सुझाव पालना गर्नुपर्ने बलजफती थिएन किनभने तिनीहरूले त्यसलाई पाएपछि मञ्जुर अथवा अस्वीकार गर्न सक्थे। सबै इसाईहरूले पापहरूबाट अलग बस्नुपर्ने यी कुरालाई पालना गर्नुपर्थ्यो: मूर्तिपूजा र यौन अनैतिकताबाट तिनीहरू अलग रहनुपर्थ्यो (प्रेरित १६:४)। अनि सबै इसाईहरूले यहूदीहरूलाई अप्रसन्न पार्ने कुरालाई हटाउनुपर्थ्यो। आफ्ना कमजोर भाइहरूको खातिर तिनीहरूले केही कुराहरूमा परहेज गर्नुपर्थ्यो: आवश्यक कुराहरू यी हुन्: मूर्तिलाई चढाएको खानेकुरा र घाटी अठ्याएर मारेको पशुको मासु नखाने (प्रेरित १५:२८-२९; रोमी १४:१-६ सँग तुलना गर्नुहोस्)। यो कुरा व्यवस्थामाथिको प्रश्न होइन तर प्रेमसम्बन्धी प्रश्न हुन्।

नयाँ करारको मण्डलीलाई नियालेर हेर्ने हो भने त्यहाँ मण्डलीका एल्डरहरूभन्दा माथि कुनै सभा, परिषद्, सम्मेलन अथवा प्रतिनिधि-मण्डल विद्यमान रहेको कुनै प्रमाण बाइबलमा भेट्टाउन सकिँदैन। अहिलेका आधुनिक मण्डली सम्प्रदायहरूमा अथवा विश्वव्यापी मण्डलीमा विद्यमान परिषद्, सभा अथवा सम्मेलनले तिनीहरूका मण्डलीहरूका एल्डरहरूलाई देखरेख गर्छ, तर त्यो प्रचलन नयाँ करारको समयमा थिएन!

---

**१ पत्रुस ५:२-४**
**प्रश्न ५ - (हेरचाह गर्नु, देखरेख गर्नु) एल्डरहरूको समितिको पहिलो काम के थियो?**

१ पत्रुस ५:२-४; प्रेरित २०:२८ पढ्नुहोस्।
**टिप्पणी -** एल्डरहरूको पहिलो काम भनेको परमेश्वरको बगालको हेरचाह गर्नु हो।

एल्डरहरूको काम भनेको 'परमेश्वरको बगालको हेरचाह गर्नु र देखरेक गरी सेवा गर्नु' हो। हरेक मण्डलीमा केवल एक जना 'पास्टर अथवा पूजाहारी' हुनुहुँदैन तर त्यहाँ एल्डरहरूको समिति अथवा परिषद् हुनुपर्छ! एल्डरहरूको समितिमा भएका हरेक व्यक्तिले मण्डलीमा गोठालो अथवा पास्टरीय जिम्मेवारीहरू लिनुपर्छ। गोठालोहरू भएकोले गर्दा, एल्डरहरूले मण्डलीलाई देखरेख गर्नुपर्छ, जसरी हाम्रो असल गोठालो, येशूले विश्वव्यापी मण्डलीलाई देखरेख गर्नुहुन्छ (१ पत्रुस २:२५)। तिनीहरूले मण्डलीको आत्मिक वृद्धि र भलाइको दृष्टिकोणद्वारा आफ्नो मण्डलीको सदस्यहरूलाई खुवाउने, सुरक्षा दिने, वास्ता गर्ने र डोऱ्याउने काम गर्नुपर्दछ। एल्डरहरू गोठालाहरू भएकोले गर्दा, तिनीहरूले पद र ओहोदाको अपेक्षा गरेर होइन तर सेवा गर्न मेरो कर्तव्य हो र मैले उदाहरण भएर बगाललाई डोऱ्याउनुपर्छ भन्ने मनोवृत्तिसाथ आफ्नो काम अभ्यास गर्नुपर्दछ (१ पत्रुस ५:३-४)। हरेक एल्डरले अरू एल्डरहरूमाथि र साथै मण्डलो सदस्यहरूमाथि देखरेख गर्नुपर्दछ (प्रेरित २०:२८)। यसरी, मण्डलीका सदस्यहरू र एल्डरहरू अर्को कुनै व्यक्तिसँगको सम्बन्धमा उत्तरदायी हुन खडा हुन्छन्। एल्डरहरू झूटा शिक्षकहरूको विरुद्धमा सचेत हुनुपर्दछ (प्रेरित २०:२८-३१)। त्यसैगरी एल्डरहरूले अनाथहरू, विधवाहरू र नयाँ विश्वासीहरूलाई वास्ता र प्रेम देखाउने कुरामा ध्याउन दिनुपर्दछ। एल्डरहरूले रोगी-बिरामीहरूलाई भट्न गई, तिनीहरूका निम्ति प्रार्थना गर्नुपर्दछ (याकूब ५:१४)।

---

**प्रश्न ६ - (भण्डारेपन) एल्डरहरूको समितिको दोस्रो काम के हो?**

१ तिमोथी ३:४-५; ५:१७; तीतस १:७ पढ्नुहोस्।
**टिप्पणी -** एल्डरहरूको दोस्रो काम भनेको परमेश्वरको घरानाको भण्डारेपन गर्नु हो।

एल्डरहरूको दोस्रो काम भनेको आफ्नो परिवार र मण्डलीलाई 'अगाडि गएर डोऱ्याउनु' अथवा ' व्यवस्था गर्नु' अथवा ' दिशा देखाउनु' हो (Greek: proistemi) (१ तिमोथी ३:५; ५:१७)। तिनीहरूले आफ्नो असल उदाहरणद्वारा मण्डलीलाई दिशा देखाउँछन्। तिनीहरू परमेश्वरको घरको भण्डार (कारिन्दा), व्यवस्थापक अथवा प्रशासकहरू हुन् (Greek: oikonomoi) (तीतस १:६-७)।

तिनीहरूले मण्डलीको सदस्यहरूका सबै गतिविधिहरू र धन-सम्पत्तिहरूलाई व्यवस्थापन गर्छन्। उदाहरण: तिनीहरूले सभाहरू, सुसमाचार प्रचारको काम, चेलापन, तालिमका कार्यक्रमहरू र मण्डलीको अन्य सेवकाइहरूको कामलाई व्यवस्थित पार्दछन्। यदि कुनै एल्डरले आफ्नै परिवार, पत्नी र छोराछोरीलाई ठिकसँग व्यवस्था मिलाउन सक्दैनन् भने उसले मण्डलीको अगुवापनको पदबाट राजीनामा गरेर पहिले आफ्नै परिवारलाई ध्यान दिनु आवश्यक हुन्छ (१ तिमोथी ३:४-५)।

**प्रश्न ७ - (शिक्षकहरू) एल्डरहरूको समितिको तेस्रो काम के हो?**

१ तिमोथी ३:२; ५:१७; तीतस १:९ पढ्नुहोस्
**टिप्पणी -** एल्डरहरूको तेस्रो काम भनेको परमेश्वरको वचनकको शिक्षक हुनु हो।

एल्डरहरूको तेस्रो काम भनेको 'शिक्षा दिनु' र 'प्रचार गर्नु' हो। एल्डर बाइबलको सत्यतालाई 'सिकाउन सिपालु हुनुपर्छ (Greek: didaktikos) (१ तिमोथी ३:२) र 'प्रचार गर्न अनि शिक्षा दिन सक्रिय' हुनुपर्छ (Greek: en logo kai didaskalia) (१ तिमोथी ५:१७)। तिनीहरूले आफूलाई सिकाइएको भरोसायोग्य सन्देशलाई कडासँग पक्रनुपर्दछ, ताकि तिनीहरूले ठिक सिद्धान्तहरूद्वारा अरूहरूलाई उत्साह दिन सक्छन् र त्यसलाई विरोध गर्नेहरूको खण्डन गर्नुपर्दछ (तीतस १:९)।

एल्डरहरूको यो कामले बाइबलमा भएका हरेक कामलाई समेट्छ। शिक्षक भएकोले गर्दा एल्डरहरूले मण्डलीको सदस्यहरूलाई परमेश्वरको सम्पूर्ण इच्छा सिकाउन (प्रेरित २०:२७) र सहायता मिल्ने अरू कुराहरू सिकाउनको लागि (प्रेरित २०:२०) बाइबललाई ठिकसँग प्रयोग गर्नुपर्दछ। तिनीहरू बाइबलमा लेखिएका कुराभन्दा बाहिर जानुहुँदैन (१ कोरिन्थी ४:६)! तिनीहरूले सदस्यहरूलाई येशू ख्रीष्टले आज्ञा गर्नुभएको सबै कुराहरू पालन गर्न सिकाउनुपर्दछ (मत्ती २८:१९)। तिनीहरूले परमेश्वरको वचन गैर-इसाईहरू र इसाईहरूलाई प्रचार गर्नुपर्दछ। तिनीहरूले मण्डलीका सदस्यहरूलाई सिकाउनु पर्छ, उत्साह दिनुपर्छ र चेताउनी दिनुपर्छ। तिनीहरूले छलफल गर्नुपर्छ, सैद्धान्तिक विषयहरू निर्णय गर्नुपर्छ र झूटा शिक्षाहरूको खण्डन गर्नुपर्दछ।

**१ पत्रुस ५:२-३**
**प्रश्न ८ - (सेवा गर्नु) एल्डरहरूको समितिको चौथो काम के हो?**

१ पत्रुस ५:२-३; मत्ती २०:२५-२८ पढ्नुहोस्।
**टिप्पणी -** एल्डरहरूको चौथो काम भनेको परमेश्वर र मानिसहरूको सेवक बन्नु हो।

एल्डरहरूको चौथो काम भनेको 'सेवक हुनु' हो। तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो" (मत्ती २०:२५-२८)। परमेश्वर र मानिसहरूको सेवक भएकोले गर्दा, एल्डरहरूले अरूहरूको फाइदाको लागि कामहरू गर्नुपर्दछ।

यो कामले एल्डरहरूको अगुवापनको ढाँचालाई संक्षिप्त पार्दछ। मण्डलीका अगुवाहरूको अगुवापनको ढाँचा संसारको अगुवाहरूको अगुवापनको ढाँचाभन्दा पूर्णरूपमा फरक हुनुपर्दछ! एल्डरहरूले स्वेच्छासाथ, स्वतन्त्रसाथ र उत्सुकतासाथ सेवा गर्नुपर्दछ। तिनीहरूले आफूलाई सुम्पिएका मानिसहरूमाथि शासन गर्नुहुँदैन (१ पत्रुस ५:३)! तिनीहरू विश्वासीहरूको लागि

उदाहरण हुनुपर्दछ। आज्ञाहरू दिएर डोऱ्याउनुको सट्टामा तिनीहरूले उदाहरण भएर डोऱ्याउनुपर्दछ। आफूले सेवा लिनुको सट्टामा अरूलाई सेवा गर्नुपर्दछ।

**१ पत्रुस ५:५-६**
**प्रश्न ९ - एल्डरहरूप्रति इसाईहरूको मनोवृत्ति कस्तो हुनुपर्दछ?**

**टिप्पणी -**

**सीमित पारिएको अधिकार**
परमेश्वरले एल्डरहरूलाई अधिकार दिनुभएको छ (रोमी १३:१-२), तर तिनीहरूका अधिकारलाई तिनीहरूका कामहरूमा सीमित पारिएका छन् (प्रेरित ४:१९-२०; ५:२९), जसको बारेमा माथि चर्चा गरिएको छ। अर्को कुरा के हो भने एल्डरहरू येशू ख्रीष्टको अधिकारमुनि रहेका हुन्छन्, जसको मतलब तिनीहरू बाइबलको अधिकारको अधिनमा हुन्छन् (सही व्याख्या), पवित्र आत्माको अधिनमा हुन्छन् (उहाँले कहिल्यै बाइबलको विरुद्धमा बोल्नुहुन्न) र एल्डरहरूको समितिको अधिकारको अधिनमा हुन्छन्। एल्डरहरूलाई जुन कामहरू तोकिएका हुन्छन्, ती क्षेत्रहरूमा एल्डरहरूसँग अधिकार हुन्छ र मण्डलीका सदस्यहरू ती एल्डरहरूको अगुवापनको अधिनमा बस्नुपर्छ (१ थेसलोनिके ५:१२; हिब्रू १३:७,१७)।

जेजस्तो भए तापनि, उक्त अधिकार मानिसहरूलाई बचाउन, परिवर्तन गर्न, प्रयोग गर्न र आशिष् दिनको लागि हो; त्यसैगरी त्यो वचन र आत्माद्वारा डोऱ्याउन, आत्मिक वरदानहरू दिन, विशेश कामहरूमा नियुक्त गर्न, विशेष सेवकाइहरूको निम्ति बोलाउन, र अन्तमा एल्डरहरूसँग होइन तर येशू ख्रीष्टसँग विश्राम लिनको लागि हो।

**अधिनमा**
प्रेरित पत्रसले यसरी सिकाउँछन्, "त्यसै गरी जवान हो, बूढापाकाहरूका अधीनमा बस।" १ पत्रुस ५:५ मा भएको 'प्रेस्बुटेरोइ' (presbuteroi) भन्ने शब्दले पहिले सबै पाका मानिसहरूलाई जनाउँछ, किनभने यो 'भिओटेरोइ' (veoteroi) भन्ने शब्दले जवान मानिसहरूसँग तुलना गरिएको छ। तर, त्यही समयमा यसले मण्डलीमा अगुवाइ गर्ने एल्डरहरूलाई पनि बुझाउँछ, किनभने यस खण्डले एल्डरहरूको सन्दर्भमा बताउँछ (१ पत्रुस ५:१-४)!

पाका मानिसहरूप्रति र मण्डलीको एल्डरहरूप्रति अधिनमा बस्ने सही मनोवृत्ति हुनुपर्छ (१ पत्रुस ५:५-६)। तैपनि, जवानहरूप्रति पनि अधिनमा बस्नुपर्छ, जसको मतलब पाका मानिसहरू र एल्डरहरू त्यस्तै किसिमले जवान मानिसहरूका अधिनमा बस्नुपर्दछ। एक-अर्काको अधिनमा बस्नु नै साँचो इसाई मनोवृत्ति हो (एफिसी ५:२१ सँग तुलना गर्नुहोस्)! तसर्थ, पाका मानिसहरू र एल्डरहरूको पहिलो कर्तव्य भनेको जवान मानिसहरूलाई प्रभाव पार्नु हो र त्यसैगरी जवान मानिसहरूको पहिलो कर्तव्य भनेको पाका मानिसहरू र एल्डरहरूलाई प्रभावमा पार्नु हो। जवान विश्वासीहरू अरूलाई सिकाउन सक्ने बन्नको लागि पहिले आफूले सिक्नुपर्दछ। जवान मानसिहरूको दोस्रो कर्तव्य भनेको पाका मानिसहरू र एल्डरहरूको प्रभावअनुसार काम गर्नु हो (१ तिमोथी ४:१२ सँग तुलना गर्नुहोस्) अनि पाका मानिसहरू र एल्डरहरूको दोस्रो कर्तव्य भनेको जवान मानिसहरूको प्रभावअनुसार काम गर्नु हो (१ तिमोथी ५:१)। पाका इसाईहरू र एल्डरहरूले सिकाउन सक्ने व्यक्तिको उदाहरण प्रस्तुत गर्नुपर्दछ।

**नम्रता**
परमेश्वरले मण्डलीको सदस्यहरू र अगुवाहरूबाट माग गर्नुहुने मनोवृत्ति भनेको नम्रता हो। नम्र व्यक्ति आफ्नो महत्व, क्षमताहरू, उपलब्धीहरू र एल्डर भएकोमा घमण्डले फुल्दैन। नम्र ब्यक्तिले अहम् देखाउँदै बोल्दैन। उसले आफ्नो लागि मण्डलीमा शक्ति र अधिकार दाबी गर्दैन (३ यूहन्ना ९-१०)। उसले अरूलाई होच्याउँदैन र शासन पनि गर्दैन (मत्ती २०:२५-२८; १ पत्रुस ५:२-३)। नम्र व्यक्तिले अरूलाई सानो ठान्दैन, तर तिनीहरूलाई आफैलाई जस्तै गन्दछ (फिलिप्पी २:३-४)।

**चरण ४ - लागू गर्नु                प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र १ पत्रुस ५:१-७ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक

प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

## १. १ पत्रुस ५:१-७ बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू:

५:१ एक जना एल्डरले अरू एल्डरहरूलाई ख्रीष्टले तिनीहरूलाई तोकिदिनुभएको कामहरू पूरा गर्नको निम्ति निवेदन गर्न सक्छन्। यो निवेदन बाइबलमा लेखिएको हुनाले, मण्डलीको हरेक सदस्यले एल्डरहरूला आफ्ना काम पूरा गरून् भनी निवेदन गर्न सक्छन।

५:२ यदि तपाईं एल्डर हुनुहुन्छ भने मण्डलीको सदस्यहरूको गोठालो बन्नुहोस्। तिनीहरूलाई परमेश्वरको वचनबाट खुवाउनुहोस्, प्रार्थान र सल्लाह-सुझाववद्वारा तिनीहरूको सुरक्षा गर्नुहोस् र परमेश्वरका प्रतिज्ञाहरूद्वारा तिनीहरूलाई उत्साह दिनुहोस्। मण्डलीका सदस्यहरू हराउलान् कि भनी खोजी गर्नुहोस्। रोगी, बिरामी र बुढा-बढीहरूलाई भेट्न जानुहोस्। अनि विधवा र अनाथहरूको वास्ता गर्नुहोस्।

५:२ यदि तपाईं एल्डर हुनुहुन्छ भने देखरेख गर्ने अगुवा भएर सधैँ मण्डलीका सदस्यहरूलाई सेवा गर्नुहोस्। पूर्ण स्वेच्छाले आफ्नो काम गर्नुहोस् तर रुपैयाँ-पैसाको लोभले होइन। सही मनोवृत्ति राख्नुहोस् र सेवाको काममा उत्सुकता देखाउनुहोस्।

५:३ यदि तपाईं एल्डर हुनुहुन्छ भने, आफूलाई सुम्पिएको विश्वासीहरूको मालिक भएर तिनीहरूमाथि अधिकार चलाउँदै शासन कहिल्यै नगर्नुहोस्।

५:३ यदि तपाईं एल्डर हुनुहुन्छ भने, उदाहरण भएर मण्डलीलाई डोऱ्याउनुहोस्, ताकि हरेकले तपाईंलाई पछ्याओस्।

५:३,५ जवान मानिसहरू र पाका मानिसहरू एक-अर्काको अधिनमा बस्नैपर्छ। पाका मानिसहरूको पहिलो कर्तव्य भनेको जवानहरूलाई प्रभाव पार्नु हो अनि जवानहरूको पहिलो कर्तव्य भनेको पाका मानिसहरूलाई प्रभाव पार्नु हो। जवानहरूको दोस्रो कर्तव्य भनेको पाका मानिसहरूको प्रभावअनुसार काम गर्नु हो र पाका मानिसहरूको दोस्रो कर्तव्य भनेको जवान मानिसहरूको प्रभावअनुसार काम गर्नु हो।

५:६ एल्डर होस् वा मण्डलीको सदस्य होस्; तपाईंले परमेश्वरको शक्तिशाली हातको मुनि आफूलाई नम्र तुल्याउनुहोस्।

५:७ एल्डर होस् वा मण्डलीको सदस्य होस्; तपईंला आफ्नो चिन्ताफिक्री परमेश्वरलाई दिनुहोस् किनभने उहाँले तपाईंको वास्ता गर्नुहुन्छ।

## २. १ पत्रुस ५:१-७ बाट निकालिएका केही व्यक्तिगत अनुप्रयोगका उदाहरणहरू:

म हाम्रो मण्डलीको जवानहरूको अगुवा र शिक्ष हुँ। इसाई अगुवाले सेवा गरेर मानिसहरूलाई डोऱ्याउँछ भन्ने पाठ मैले आज सिकेको छु। अझै भन्ने हो भने अगुवाले उदाहरण भएर अरूलाई डोऱ्याउँछ। म यस्तै अगुवा हुन चाहन्छु। म आफूलाई सम्पिएको मानिसहरूलाई शासन गर्दिन, तर म आफ्नो काम स्वेच्छाले, उत्सुकतासाथ र विशेषगरी नम्रतासाथ गर्दछु।

म मेरो मण्डलीको एल्डर हुँ। आज मलाई बाइबलले यो कुरा याद दिलायो, कि मेरो काम भनेको विशेष गरी परमेश्वरका जनहरूको हेरचाह गर्नु र परमेश्वरको क्रियाकलापको कारिन्दा (भण्डारे) हुनु हो। परमेश्वरको क्रियाकलापहरूले परमेश्वरको मानिसहरूको सेवा गरेको हेर्नु मेरो कर्तव्य हो। परमेश्वरको कामहरूको लागि उहाँका जनहरूलाई दुरुपयोग गरिनु हुँदैन। मैले हरू एल्डरहरूलाई यो कुरा याद दिलाउनुपर्छ, कि हामीले परमेश्वरका मानिसहरूलाईइ शासन गर्नु हुँदैन र हाम्रो लक्ष्यहरू पूरा गर्नको निम्ति तिनीहरूलाईइ प्रयोग गर्नुहुँदैन। मैले मानिसहरूको वास्ता गर्नुपर्दछ, र मेरो व्यक्तिगत उदाहरणद्वारा तिनीहरूलाई उत्साह दिने र अभिप्रेरणा दिने गर्नुपर्दछ।

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

एफिसी ४:१-१६ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| ५ | **प्रार्थना** (८ मिनेट) | **अन्तरबिन्ती प्रार्थना** |
|---|---|---|

| | अरूहरूको लागि प्रार्थना गर्नुहोस् |
|---|---|

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>अर्को पाठको निम्ति |
|---|---|

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा १ पत्रुस ५:१-७ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** व्यवस्था ११:१३-२१; १३:१-५; १६:१८-२०; १७:१४-२०; १८:९-१३; १८:१४-२२ बाट प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**३. पद कण्ठ गर्नुहोस् -** मुक्ति सित्तैको उपहार हो - एफिसी २:८-९

आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

# पाठ ३५

| | |
|---|---|
| १ | **प्रार्थना** |

**समूहको अगुवा -** प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| | | |
|---|---|---|
| २ | **आराधना** (२० मिनेट) | [मनोवृत्तिको अभिव्यक्ति]<br>**परमेश्वरको उपस्थितिको चाहना गर्नु** |

**विषय:** परमेश्वरको उपस्थितिको चाहना गर्दै आराधना गर्नु

प्रस्थान ३३:१२-१७; रोमी ८:३१-३४ पढ्नुहोस्।

### १. परमेश्वरले तपाईंलाई कुनै कामको निम्ति बोलाउनुहुँदा निम्तलिखित कुराहरू गर्नुहोस्।

तपाईंलाई परमेश्वरका तरिकाहरू सिकाउनुहोस् भनी उहाँसँग अनुरोध गर्नुहोस्।
तपाईंले अरूहरूलाई सिकाउनुअघि परमेश्वरले तपाईंलाई सिकाउनु पर्छ। परमेश्वरले तपाईंलाई जे सिकाउनुभएको छ, सो तपाईंले आफ्नो पालोमा अरू मानिसहरूलाई सिकाउन सक्नुहुन्छ। विशेषगरी परमेश्वरलाई उहाँ को हुनुहुन्छ, उहाँका गुणहरू के-के हुन् भनी तपाईंलाई सिकउन दिनुहोस् ताकि तपाईंले परमेश्वरलाई व्यक्तिगतरूपमा अनि घनिष्ठ रूपमा चिन्नुहोस् अनि तपाईंले परमेश्वरको निगाह (कृपा) पाउनुहुनेछ (प्रस्थान ३३:१२-१३)।

**तपाईंसँगै हिँड्नुहोस् भनी परमेश्वरलाई अनुरोध गर्नुहोस्।**
तपाईंको जीवन र तपाईंको काममा परमेश्वरको उपस्थितिको चाहना गर्नुहोस्। परमेश्वरबिना परमेश्वरको लागि कुनै पनि काम नगर्नुहोस्! परमेश्वरलाई तपाईंसँगै हिँड्न र तपाईंमार्फत काम गर्न बिन्ती गर्नुहोस् (प्रस्थान ३३:१४-१५)।

### २. परमेश्वरको उपस्थिति इसाईहरूको विशिष्ट चिन्ह हो (प्रस्थान ३३:१६)।

इसाई अगुवा तथा इसाई मानिसहरूलाई संसारका अरू सबै अगुवा तथा मानिसहरूभन्दा विशिष्ट बनाउने कुरा जीवित परमेश्वरको उपस्थिति नै हो (मत्ती २८:२० सँग तुलना गर्नुहोस्)!

- तपाईंले आफ्नो पाप स्वीकार गरेर उहाँको क्षमा र शुद्धिकरणलाई ग्रहण गर्नुहुँदा परमेश्वर उपस्थित हुनुहुन्छ (१ यूहन्ना १:९)।
- शान्त समयमा तपाईं उहाँबाट सिक्न उहाँको पाउनेर बस्नुहुँदा परमेश्वर उपस्थित हुनुहुन्छ (लूका १०:३९)।
- तपाईंले आफ्नो दैनिक काम उहाँकै लागि गर्नुभएझैं गरी गर्नुहुँदा परमेश्वर उपस्थित हुनुहुन्छ (कलस्सी ३:१६)। "येशू ख्रीष्टको नाउँमा" भन्नुको अर्थ उहाँले पूरा गर्नुभएको मुक्तिको काममा, बाइबलमा प्रकाश पारिएको उहाँको इच्छाप्रति पूर्ण भरोसामा र उहाँको प्रेम, शक्ति, ज्ञान अनि उहाँको उपस्थितिको पूर्ण भरोसामा बोल्नु र काम गर्नु हो।
- तपाईंले जिम्मा लिनुभएको कामको लागि उहाँको अगुवाइ, ज्ञान, शक्ति, सहायता आदि माग्नुहुँदा परमेश्वर उपस्थित हुनुहुन्छ (हितोपदेश ३:५-६)। यो कुरा याद राख्नुहोस्, कि परमेश्वरबिना कुनै कुराको जिम्मेवारी लिनु व्यर्थ हुन्छ (भजन १२७:१-२; यूहन्ना १५:५)! यसकारण, आफ्नो दैनिक जीवनमा परमेश्वरक उपस्थितिलाई अभ्यास गर्दै तपाईंको जीवनको हरेक दिनलाई विशेष दिन बनाउनुहोस्!

### ३. परमेश्वरको उपस्थिति इसाईको सुरक्षा हो (रोमी ८:३१-३४)।

पावलले भनेका छन्, कि यदि परमेश्वर इसाईहरूतर्फ हुनुहुन्छ भने उनीहरूको विरुद्धमा को हुनसक्छ? यदि परमेश्जवरले उनीहरूलाई पाप र मृत्युको व्यवस्थादेखि (उनीहरूको पापमय स्वभावको नियन्त्रणदेखि) स्वतन्त्र पार्नुभएको छ भने, उनीहरूमा वास गर्नुहुने उहाँको आत्माद्वारा उनीहरूलाई नवीकरण गर्नुभएको छ भने, उनीहरूको आफ्नै सन्तान तथा उत्तराधिकारी मान्नुभएको छ भने, र निरन्तर उनीहरूलाई शुद्ध पार्दैहुनुहुन्छ भने उनीहरूको विरुद्धमा को हुन सक्छ? (रोमी ८:३१)।

यदि परमेश्वरले महान् काम गर्नुभएको छ भने उहाँले साना-सान काम नगरीकन छोड्नुहुन्न! यदि परमेश्वरले येशू ख्रीष्ट मार्फत विश्वासीहरूका लागि काम पूरा गर्नुभएको छ भने उहाँले निश्चय नै विश्वासीहरूमा उहाँको मुक्तिको काम र विश्वासीहरूद्वारा नै उहाँको शुद्धिकरण र सेवाको काम पनि पूरा गर्नुहुनेछ! यदि परमेश्वरले आफ्नो अनन्तको योजनामा इसाईहरूका लागि उहाँको आफ्नै पुत्र येशू ख्रीष्ट दिनुभयो भने उहाँले निश्चय नै आफ्नो समयमा इसाईहरूका पूर्ण मुक्तिको लागि आवश्यक सबैथोक दिनुहुनेछ (रोमी ८:३२)! यदि परमेश्वरले क्रूसमा पापलाई दोषी बनाइसक्नुभएको छ भने इसाईहरूलाई कसले दोष लगाउनेछ? (रोमी ८:३३-३४)।

**आराधना गर्नुहोस्।**
**समहको अगुवा -** परमेश्वर असिमित हुनुहुन्छ भन्ने उहाँको विशेषताको नम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जना भएको सानो समूहमा रहेर आराधना गर्नुहोस्।

| ३ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय]<br>**व्यवस्था ११,१३,१६,१७ र १८ अध्यायहरू** |
|---|---|

तोकिएको बाइबल खण्ड (व्यवस्था ११:१३-२१; १३:१-५; १६:१८-२०; १७:१४-२०; १८:९-१३; १८:१४-२२) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)। अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ४ | **शिक्षा** (७० मिनेट) [सङ्गति]<br>**इसाई समुदाय (मण्डली)** |
|---|---|

**परिचय -** कोइलाको एउटा टुक्रा बलिरहेका अरू कोइलाका टुक्राहरूसँगै रहँदा मात्र बलिरहन सक्छ। त्यसैगरी, एउटा इसाई पनि बढ्नको लागि र क्रायाशील रहिरहनको लागि अरू इसाईहरूको समुदायको सङ्गतिमा रहनैपर्छ। बाइबलमा इसाई समुदायलाई मण्डली भनिन्छ। मण्डली ख्रीष्टको शरीर हो र यसलाई शिर अथवा ख्रीष्टबाट अलग गर्न सकिँदैन!

मण्डलीको बारेको शीर्षक प्राय: मानिसहरूले तिनीहरूका ऐतिहासिक अवस्थाको बारेमा कुरा गरिरहँदा सुरु हुन्छ। जे भए तापनि मण्डलीको शीर्षक येशू ख्रीष्ट र प्रेरितहरूले बाइबलमा सिकाएका कुराहरूबा सुरु हुँदछ! मण्डली ख्रीष्टको एउटै शरीर हो भनी बाइबलले बताउँछ!

## क. इसाई समुदायको (मण्डलीको) स्वभाव

नयाँ करारम प्रेरितहरूले परमेश्वरका मानिसहरूको वर्णन गर्न विभिन्न चित्रहरूको प्रयोग गरे। ती चित्रहरूले इसाई समुदायको स्वभावको बारेमा सिकाउँछ, जसले इसाई समुदायको कार्यहरू र यसका स्वरूपलाई पार्नुपर्दछ।

### १. मण्डलीको पहिलो चित्र: मण्डली ईँटाद्वारा बनिएको घर होइन, तर परमेश्वर वास गर्ने मानिसहरूको समूह हो।

१ पत्रुस २:४-५; एफिसी २:२१-२२; प्रेरित १७:२४-२५; १ कोरिन्थी ३:६-११ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - यो चित्रमा मण्डलीको (इसाई समुदायको) स्वभाव कस्तो छ?**
**टिप्पणी -**

**आत्मिक समुदाय**
मण्डली भनेको आत्मिक घर, प्रभुको वासस्थान, आत्मामा परमेश्वरको वासस्थान हो। यो इसईहरू भेट्ने भौतिक भवन अथवा भौतिक ठाउँ कदापि होइन। यो जीवित मानिसहरूको समूह हो, जसको हृदयमा ख्रीष्ट वास गर्नुहुन्छ। यसकारण, मण्डलीलाई आत्मिक घर अथवा पवित्र मन्दिर भनिन्छ। अनि ख्रीष्टको प्रत्येक अनुयायीलाई जीवित पत्थर भनिन्छ।

**आत्मिक जग**
मण्डलीको आत्मिक जग बाइबलका प्रेरितहरू र अगमवक्ताहरूद्वारा बनिएको छ। प्रेरितहरूमा ख्रीष्टका चेलाहरू र पावल पर्दछन्। उनीहरू येशू ख्रीष्टका ऐतिहासिक साक्षीहरू हुन् अनि उनीहरूका कुनै उत्तराधिकारी छैनन्। नयाँ करारका अरू

अगमवक्ताहरूसँगै (प्रेरित १५:३२,२२) प्रेरितहरूले सुसमाचार घोषणा गरे, चेलाहरू निर्माण गरे र हरेक ठाउँमा छुट्टा-छुट्टै मण्डली झुण्डहरू बनाए।

## २. मण्डलीको दोस्रो चित्र : मण्डली (इसाई समुदाय) कुनै संस्था होइन, तर यो परिवार अथवा घराना हो।

१ तिमोथी ३:१४-१५; एफिसी २:१९; एफिसी ३:१४-१५ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** यो चित्रमा मण्डलीको (इसई समुदायको) स्वभाव कस्तो छ?
**टिप्पणी -**
**परिवार अथवा घराना**
मण्डली परमेश्वरको परिवार अथवा घराना हो।

**नयाँ जन्म पाएको परिवार**
मानिसहरूलाई काम दिइयो अथवा पैसा तिरियो भने उनीहरू कुनै संस्थाको सदस्य बन्छन्। तर परमेश्वरको अनुग्रहद्वारा र पवित्र आत्मामा नयाँ जन्मद्वारा नै मानिसहरू परमेश्वरको परिवारका सदस्य बन्दछन् (यूहन्ना १:१२-१३; १ कोरिन्थी १२:१३)।

**पिता, दाजुभाइ तथा दिदीबहिनीको परिवार**
कुनै पनि संस्थामा कर्मचारीहरूसँग हाकिम एउटा मालिकको रूपमा सम्बन्धित भएको हुन्छ, तर परमेश्वरको परिवारमा परमेश्वर आफ्ना सन्तानसँग पिताको रूपमा सम्बन्धित रहनुहुन्छ। एक संस्थामा त्यसका परिवारका सदस्यहरू एक-अर्कासँग दाजुभाइ तथा दिदीबहिनीका रूपमा सम्बन्धित हुन्छन् (१ तिमोथी ५:१-२)।

**प्रेमको परिवार**
एक संस्थामा काम गर्नु र उत्पादन गर्नु नै सबैभन्दा महत्वपूर्ण कुरा हुन्छ। तर परमेश्वरको परिवारमा सम्बन्धमा रहनु र प्रेम गर्नु नै महत्वपूर्ण कुराहरू हुन्।

## ३. मण्डलीको तेस्रो चित्र : मण्डली (इसाई समुदाय) कुनै सङ्गठन होइन तर यो जीवित वस्तु हो।

एफिसी १:२२-२३; ४:१६; प्रेरित १५:२८; १ कोरिन्थी १२:१२-१३; एफिसी २:१४-१५ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** यस चित्रमा मण्डलीको (इसाई समुदायको) स्वभाव कस्तो छ?
**टिप्पणी -**

**ख्रीष्टको शरीर**
मण्डली ख्रीष्टको शरीर हो (एफिसी १:२२-२३) अथवा नयाँ मानिस हो (एफिसी २:१५)। मण्डलीले सङ्गठनको रूपमा होइन तर जीवित वस्तुको रूपमा काम गर्नुपर्छ। जीवित वस्तु एक-अर्कामा अन्तर्निहित तथा जोडिएका अङ्गहरूको सङ्गठित शरीर हो, जसले समान जीवन धारण गरेको हुन्छ।

**शरीरका सदस्यहरू**
सङ्गठनमा सम्झौताअनुसारको अस्थायी सदस्यता मात्र हुन्छ। तर मण्डलीको सदस्यता नयाँ जन्म र पवित्र आत्माको वासद्वारा निश्चित गरिएको हुन्छ (२ कोरिन्थी १:२१-२२)। ख्रीष्टमा विश्वासीहरू सधैँका लागि उहाँको शरीरको सदस्य हुन्छन् र ख्रीष्टसँग जोडिएका हुन्छन्।

**शरीरको शिर**
सङ्गठन एक जना मानिस (अध्यक्ष अथवा निर्देशक) द्वारा नियन्त्रित हुन्छ। तर इसाई शरीर त्यसको शिर अर्थात् येशू ख्रीष्टद्वारा नियन्त्रित हुन्छ (एफिसी १:२२-२३)।

**शरीरको लक्ष्यहरू**
कुनै सङ्गठन मानवनिर्मित लक्ष्यहरू तथा नीति-नियमहरूद्वारा निर्देशित हुन्छ। तर इसाई शरीर परमेश्वरको वचन र पवित्र आत्माका ईश्वरीय लक्ष्यहरूद्वारा निर्देशित हुन्छ (एफिसी २:२२)।
कुनै सङ्गठनमा सीमित र केन्द्रिकृत लक्ष्यहरू हुन्छन्। तर मण्डली (इसाई समुदाय) जीवनका हरेक पक्षहरूसँग सम्बन्धित रहन्छ (एफिसी १:९-१०; २ कोरिन्थी १०:३-५)। मण्डली आत्मिक जीवन तथा सामान्य जीवनसँग, सत्य र न्यायसँग, परिवार र समाजसँग, वर्तमान जीवनका साथै भिवष्यको जीवनसँग पनि सम्बन्धित हुन्छ।

कुनै सङ्गठनले चुनावद्वारा अथवा अधिकारप्राप्त नेतृत्वद्वारा निर्णय लिन्छ। तर साँचो मण्डलीले सधैँ बाइबलमा आधारित भएर अथवा सम्भव भएसम्म सहमति (आपसी समझदारी) द्वारा निर्णय लिन्छ (प्रेरित १५:८)। सङ्गठन मानिसद्वारा नियन्त्रित हुन्छ, तर मण्डली ख्रीष्टद्वारा नियन्त्रित हुन्छ। सङ्गठनमा प्रजातन्त्र लागू हुन्छ तर मण्डलीमा ख्रीष्टतन्त्र लागू हुन्छ।

**शरीरको वृद्धि**

सङ्गठन आफ्नो पुरानो स्वरूपको कारण स्थिर नै रहन्छ। तर इसाई समुदाय निरन्तर वृद्धि भइरहन्छ र आफैलाईई नवीकरण गरिरहन्छ (एफिसी ४:१६)।

सङ्गठनका सदस्यहरू एउटै ढङ्गमा अघि बढिरहन्छन्, उनीहरू एउटै सोचमा लागिरहन्छन्, एउटै ढङ्गमा व्यवहार गर्दछन् र एकैखालका क्रियाकलापमा लागिरहन्छन्। तर इसाई शरीरका सदस्यहरू विविधतालाई अँगाल्छन् र आफ्नो समुदायलाई वृद्धि गराउँछन्। ख्रीष्टको शरीरमा मानिसहरू, काम र सेवाहरूमा र आत्मिक वरदानहरूमा विविधता हुन्छ।

## ४. मण्डलीको चौथो चित्र : मण्डली (इसाई समुदाय) गाईवस्तुको बथान होइन तर भेडाको बगाल हो।

१ पत्रुस ५:५:१-४; १ पत्रुस २:२५ पढ्नुहोस्।

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** यो चित्रमा मण्डलीको (इसाई समुदायको) स्वभाव कस्तो छ?

**टिप्पणी -**

**गोठालाहरू भएको बगाल**

मण्डली परमेश्वरको बगाल हो र यो प्रमुख गोठाला र सहायक गोठालाहरू अनि एल्डरहरूद्वारा अगुवाइ गरिएको हुन्छ।

**गोठालोलाई पछ्याउने बगाल**

संसारको प्रायजोत ठाउँहरूमा गाइबस्तुका बथानलाई गोठालाहरूको अगाडि हिँडाइन्छ। तर भेडाहरूले सधैँ आफ्नो गोठालोलाई पछ्याउँछ। त्यसैगरी मण्डली (इसाई समुदाय) गाईवस्तुको बथानजस्तो हुनुहुँदैन जसलाई कुनै दिशामा जानको लागि कर गरिन्छ र त्यसलाई त्यसको अगुवाहरूले प्रभुत्व गर्छन्। मण्डली सधैँ भेडाको बगालझैँ हुनुपर्छ, जसले आफ्नै इच्छाले र सम्पूर्ण हृदयले आफ्नो मुख्य गोठाला, येशू ख्रीष्टले जहाँ डोऱ्याउनुहुन्छ, त्यतै पछ्याउँदै जान्छ। एल्डरहरूले असल सहायक गोठालाहरूका रूपमा मण्डलीको सेवा गर्नुपर्छ र बगालको वास्ता गर्नुपर्छ। मण्डली परमेश्वरको बगालको रूपमा परमेश्वरसँग सम्बन्धित हुन्छ, एल्डरहरूसँग होइन।

## ५. मण्डलीको पाँचौ चित्र : मण्डली (इसाई समुदाय) अरूलाई सजिलै प्रवेश नदिने राष्ट्रिय अङ्ग होइन, तर यो सवावेशी अन्तर्राष्ट्रिय अङ्ग हो।

१ पत्रुस २:९-१०; प्रकाश ५:९-१०; एफिसी २:१४-१९ पढ्नुहोस्।

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** यो चित्रमा मण्डलीको (इसाई समुदायको) स्वभाव कस्तो छ?

**टिप्पणी -**

**अरू राष्ट्रहरूको माझमा चुनिएको राष्ट्र**

मण्डली चुनिएको राष्ट्र, पवित्र राष्ट्र हो जुन परमेश्वरका मानिसहरूको हो। यो परमेश्वरको चुनिएको र पवित्र राष्ट्र हो जो पृथ्वीको सबै राष्ट्रहरूमध्येबाट चुनिएको हो। "एकपल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ" (१ पत्रुस २:१०)। इसाईहरूले आफ्नो मण्डलीलाई राष्ट्रिय समुदायको रूपमा ठान्नुहुँदैन जसले अरू वर्ग र राष्ट्रका मानिसहरूलाई बहिष्कार गर्छ। इसाईहरूले आफ्नो मण्डलीलाई एउटा सम्प्रदायको रूपमा पनि ठान्नुहुन्न किनभने यसले अरू साँचो इसाईहरूलाई आफ्नो समुदायबाट बहिष्कार गर्छ। पवित्र राष्ट्र अथवा राज्यको मानिसहरू चुन्नुहुने परमेश्वर हुनुहुन्छ, मण्डली होइन (२ थेसलोनिके १:१; २ थेसलोनिके २:१३:१४)।

**अन्तर्राष्ट्रिय राज्य**

परमेश्वरले संसारको हरेक जाति, मानिसहरूका समूह, राष्ट्र अथवा भाषाका मानिसहरूलाईई समावेश गर्नुहुन्छ। येशू ख्रीष्टले पूरा गर्नुभएको मुक्तिको कामले वैमनश्यताको पर्खाल (औपचारिक व्यवस्था र त्यसको नियमहरू)लाई हटाइदिएको छ, जसले शताब्दीऔँदेखि यहूधी राष्ट्रलाई अन्य राष्ट्रहरूदेखि अलग गरेको थियो। त्यसैगरी ख्रीष्टले सबै राष्ट्रहरूबाट आएका उहाँका जनहरूलाई पहिले परमेश्वरसँग अनि एक-अर्कासँग मिलापमा ल्याउनुभएको छ। इसाई मण्डली (समुदाय) वर्तमान स्वरूपमा परमेश्वरको राज्यको प्रकटीकरण हो (मत्ती १३:३६:४३; १६:१८-१९; २१:४२-४४)।

## ६. मण्डलीको छैठौँ चित्र : वर्तमान मण्डली (इसाई समुदाय) वास्तवमा अझै सिद्ध भएको छैन, तर यो साँच्चै सिद्ध हुनेछ।

गलाती ४:२१-३१; प्रकाश १९:५-१०; २१:१-२,९-१०; मत्ती १३:२४-३०;३६-४३ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** यो चित्रमा मण्डलीको (इसाई समुदायको) स्वभाव कस्तो छ?
**टिप्पणी -**

**मण्डली स्वर्गीय यरूशलेम हो (गलाती ४:२१-३१)।**
कमारी स्त्री, हागारले व्यवस्थाको करारअनुसार जिउने समुदायको प्रतिनिधित्व गर्छे। यो विशेषगरी मोशाको औपचारिक व्यवस्था हो, जुन परमेश्वरले अब्राहामसँग गर्नुभएको प्रतिज्ञाको करारको ४३० वर्षपछि थपिएको थियो। हागारले व्यवस्थाद्वारा दास बनाइएका सन्तान जन्माउँछिन्। उनीहरू ती मानिसहरू हुन्, जो अझै पनि व्यवस्था पालन गरेर धर्मी हुने कोसिस गर्छन्। वर्तमान यरूशलेम सहरका नागरिकहरू व्यवस्थाद्वारा दास बनाइएका छन्।

स्वतन्त्र स्त्री, साराले प्रतिज्ञाको करारअनुसार जिवने समुदायको प्रतिनिधित्व गर्छिन्। अनुग्रहको करार अब्राहामसँग बाँधिएको थियो र यसलाई पुरानो करारको समयमा निरन्तररूपमा पुष्टि गरिदै आएको थियो। साराले येशू ख्रीष्टद्वारा स्वतन्त्र पारिएका सन्तान जन्माउँछिन्। उनीहरू पवित्र आत्माद्वारा नयाँ जन्म पाएका र परमेश्वरको करारप्रतिकको विश्वासद्वारा धर्मी ठहरिएका मानिसहरू हुन्। वर्तमान स्वर्गीय यरूशलेमका नगरिकहरू मात्र येशू ख्रीष्टका विश्वासीहरू हुन्, चाहे तिनीहरू उहाँको पहिलो आगमनभन्दा पहिले पुरानो करारको समयमा उहाँलाई विश्वास गरेको होस् (यशैया ५३:४-६; गलाती ३:८: हिब्रू ११:८-१०,१३-१६) अथवा उहाँको पहिलो आगमनपछि उहाँलाई विश्वास गरेको होस्। येशू ख्रीष्टका धेरै विश्वासीहरू वर्तमान समयमा अझै पनि पृथ्वीमा बस्छन् र उनीहरूसँग आफ्नी माताका रूपमा पवित्र यरूशलेम छ (फिलिप्पी ३:२० सँग तुलना गर्नुहोस्)। येशू ख्रीष्टका विश्वासीहरू, जो मरिसकेका छन्, उनीहरू वर्तमानमा येशू ख्रीष्टसँगै स्वर्गीय यरूशलेममा छन् (हिब्रू १२:२२-२४)।

**मण्डलीले आफूलाई नयाँ यरूशलेम बन्नको लागि तयारी गर्छिन् (प्रकाश १९:५-१०; २१:१-२,९-१०)।**
मण्डलीले आफूलाई ख्रीष्टको दुलही हुनको लागि थुमाको विवाहको निम्ति आफूलाई तयार पार्दैछिन्। थुमाको विवाह ख्रीष्टको दोस्रो आगमनमा मात्र हुनेछ, किनभने त्यही समयमा मात्र मण्डलीको सङ्ख्या पूर्ण हुनेछ। त्यसबेला मात्र येशू ख्रीष्टमा विश्वासी हुने यहूदीहरूको सङ्ख्या पूरा हुनेछ (इस्राएलको पूर्णता)। त्यसबेलामा मात्र येशू ख्रीष्टमा विश्वासी भएका अन्यजातिहरूको सङ्ख्या पूरा हुनेछ (अन्यजातिहरूको पूर्णता) (रोमी ११:२५-२६)।

त्यसबेला सम्मको लागि येशू ख्रीष्ट मण्डलीलाई तयार पार्दैहुनुहुन्छ (एफिसी ५:२५-२७) र मण्डलीले आफूलाई थुमाको विवाहको लागि तयार पार्दैछिन् (२ कोरिन्थी ११:१-३; प्रकाश १९:७ख)। यसर्थ, वर्तमान इसाई मण्डली (समुदाय) अझै सिद्ध भएको वास्तविकता होइन।

मण्डलीमा पृथ्वीको लागि सैन्य समुदाय समावेश छ र स्वर्गको लागि विजयी समुदाय समावेश छ। वर्तमान इसाई समुदायमा पृथ्वीको लागि सैन्य मण्डली समावेश छ (मत्ती १६:१८-१९; एफिसी ६:१०-१८; हिब्रू; ११:९-१०,१३, १२:१-३; १३:१३-१४; प्रकाश १२:१०-१२) र स्वर्गमा विजयी मण्डली छ (एफिसी ३:१४-१५; १ थेसलोनिके ४:१३-१७; हिब्रू ११:१०,१४-१६; १२:२२-२४; १३:१४)।

तर ख्रीष्टको दोस्रो अगमनमा थुमाको विवाह हुनेछ र वर्तमान स्वर्गीय यरूशलेममा नयाँ यरूशलेम अथवा थुमाकी दलही अथवा थुमाकी पत्नीको रूपमा स्वर्गबाट (अन्तिम न्याय भएको आकाशबाट) नयाँ पृथ्वीमा तल ओर्लेर आउनेछ (प्रकाश २१:१-२,९--१०)। त्यसपछि मात्र मण्डली विजयी मण्डली र सिद्ध समुदाय बन्नेछ (१ यूहन्ना ३:१-३)। त्यसपछि सर्वशक्तिमान् परमेश्वर र थुमा नयाँ पृथ्वीमा आफ्ना प्रजासँगै वास गर्नुहुनेछ। अनि उहाँले मृत्यु, शोक र वर्तमान पृथ्वीमा यथावत् रहेका सम्पूर्न पुराना कुराहरूलाई हटाइदिनुहुनेछ। त्यसपछि उहाँले सबैथोक नयाँ बनाउनुहुनेछ (प्रकाश २१:३-५)।

**वर्तमानमा मण्डली सिद्ध नभएको राज्य हो र पछि त्यो सिद्ध राज्य हुनेछ (मत्ती १३:२४-३०,३६-४३)**
ख्रीष्टको दोस्रो आगमनभन्दा पहिले परमेश्वरको राज्यको एक भागको वर्तमान स्वरूपको रूपमा वर्तमान इसाई मण्डली साँचो इसाईहरू र नामधारी इसाईहरूको मिश्रित समुदाय हो। साँचो इसाईहरू अझै पनि सिद्ध भइसकेका छैनन् र आत्मिक तथा नैतिकरूपमा अझै बढिरहेका छन्। नामधारी इसाईहरू प्राय: साँचो इसाईहरूजस्तै देखिन्छन् तर आफ्नो हृदयमा र जीवनशैलीमा तिनीहरूले नयाँ जन्म पाएका हुँदैनन्।

उदाहरणको लागि नामधारी इसाईहरू सामाजस्ता हुन्, जो गहूँजस्तै देखिन्छन् (मत्ती १३:२४-३०,४७)। तिनीहरू साँचो इसाईहरूजस्तै बोल्छन् र त्यस्तै किसिमको व्यवहार गर्दछन् (मत्ती ७:२१-२२)। तिनीहरू सुक्खा र फलविहिन हाँगाहरू हुन्, जो दाखको बोटमा रहेकाझैं देखिन्छन् (यूहन्ना १५:१-६)। तिनीहरू बगालका त्यस्ता सदस्यहरू हुन्, जो सत्यलाई विकृत पार्न र चेलाहरूलाई बगालबाट टाढा लैजानको लागि खडा हुन्छन् (प्रेरित २०:२९-३१) तिनीहरू झूटा प्रेरितहरू हुन्, जसले फरक आत्मा भएको फरक येशूलाई प्रचार गर्छन्, र बाइबलमा पाइने सुसमाचारभन्दा फरक सुसमाचार घोषणा गर्छन् (२ कोरिन्थी ११:४,१३-१५)। उनीहरू झूटा भाइहरू हुन्, जो सत्यलाई विकृत पार्नका लागि मण्डलीमा पस्छन् (गलाती १:६-९; २:४-५)। तिनीहरू त्यस्ता मानिसहरू हुन्, जो ज्ञानमा पोख्त हुन सक्छन्, जसले बप्तिस्मा लिएका हुन सक्छन्, जसले प्रभुभोजमा भाग लिएका हुन सक्छन्, जसले परमेश्वरको वचनबाट सुनेका हुन सक्छन्, जसले आफ्नो माझमा परमेश्वरका शक्तिशाली कामहरू देखेका हुन सक्छन् (पवित्र आत्माका कामहरूमा सहभागी भएका हुन सक्छन्) तर अझै तिनीहरू पछाडि परेका छन्। तिनीहरूलाई येशूलाई बारम्बार क्रूसमा चढाउँछन् र उहाँलाई सार्वजनिकरूपमा बद्नाम गराउँछन्। जब तिनीहरूले आफ्नो जीवनशैलीबाट मूल्यहीन काँढाहरू उमार्न थाल्छन्, तब तिनीहरूले आफ्नो स्वभाव कस्तो छ भनी छर्लङ्ग देखाउँछन्: वास्तवमा तिनीहरू साँचो र जीवित हाँगाहरू होइनन्। अत्यमा तिनीहरूलाई जलाइनेछ (हिब्रू ६:४-८)। त्यस्ता मानिसहरूले साँचोरूपमा नयाँ जन्म पाए भने मात्र पूर्णरूपमा क्षमा दिइनेछ (हिब्रू ८:१०-१२)।

तर ख्रीष्टको दोस्रो आगमनमा ती पुनर्जीवन नपाएका मानिसहरू, अरू दुष्ट मानिसहरू, र पाप निम्त्याउने सबैथोकलाई उहाँको राज्यबाट हटाइनेछ र ती सबैलाई नरकमा फालिनेछ (मत्ती १३:३६-४३,४८-५०; २५:३१-३३; यूहन्ना १५:६ सँग तुलाना गर्नुहोस्)। त्यसपछि इसाई मण्डलीको अन्तिम प्रकटीकरण नयाँ पृथ्वीमा परमेश्वरको राज्य हुनेछ (मत्ती २५:३४; प्रकाश ११:१५)।

## ख. एउटै विश्वव्यापी इसाई समुदाय (मण्डली)

बाइबलले हामीलाई ख्रीष्टको एउटा मात्र शरीर छ भनी सिकाउँछ। विश्वव्यापी इसाई समुदाय अथवा मण्डली एउटा मात्र छ!

### १. इसाई मण्डली (समुदाय) येशू ख्रीष्टसँग कसरी सम्बन्धित छ?

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** मण्डलीले येशू ख्रीष्टसँग कसरी सम्बन्ध राख्नुपर्छ?

**(१) साँचो इसाई मण्डलीले येशू ख्रीष्ट आफ्नो मुक्तिदाता र मालिक हुनुहुन्छ भनी स्वीकार गर्छ।**
प्रेरित २०:२८; १ पत्रुस १:१८-१९ पढ्नुहोस्।
**टिप्पणी -** इसाई मण्डली कुनै मानिस अथवा कुनै मानवीय सङ्गठन होइन, तर येशू ख्रीष्टको मात्र हो। येशू ख्रीष्टले मण्डलीलाई 'मेरो मण्डली' भन्नुहुन्छ। यो परमेश्वरको मण्डली हो, जसलाई उहाँले आफ्नै रगतद्वारा किन्नुभयो। क्रूसमा उहाँको मृत्यु अनि पुनरुत्थानद्वारा येशू ख्रीष्टले संसारका हरेक जाति, राष्ट्र, भाषामा उहाँका चुनिएका मानिसहरूलाई किन्नुभयो। तिनीहरू पैसाद्वारा होइन तर उहाँको आफ्नै अमूल्य रगतद्वारा किनिएका उहाँका सम्पत्ति हुन् (१ कोरिन्थी ६:१९-२०)।

**(२) साँचो इसाई मण्डलीले येशू ख्रीष्ट आफ्नो संस्थापक र निर्माणकर्ता हुनुहुन्छ भनी स्वीकार गर्छ।**
मत्ती १६:१८-२० पढ्नुहोस्
**टिप्पणी -** इसाई मण्डली कुनै मानिस अथवा कुनै मानवीय सङ्गठनद्वारा स्थापना गरिएको होइन तर येशू ख्रीष्टद्वारा नै स्थापना गरिएको हो। येशू ख्रीष्टले भन्नुभयो, "म मेरो मण्डली यस चट्टानमाथि बनाउँछु।" उहाँले आफ्नो मण्डली प्रेरितहरूका जगमा निर्माण गर्नुभयो, जसमध्ये प्रेरित पत्रुसले मुख्य भूमिका निर्वाह गरे। पत्रुस यहूदीहरू, सामरीहरू र अन्यजातिहरूका माझमा गएर पहिलो मण्डली स्थापना गर्ने काममा संलग्न थिए।

**(३) साँचो इसाई मण्डलीले येशू ख्रीष्ट आफ्नो शिर र रेखदेख गर्ने विशप हुनुहुन्छ भनी स्वीकार गर्छ।**
कलस्सी १:१७-१८; १ पत्रुस २:२५; ५:४ पढ्नुहोस्।
**टिप्पणी -** इसाई मण्डलीको शिर कुनै व्यक्ति अथवा कुनै मानवीय संस्था हुँदैन। मण्डलीमाथि सङ्गठनको रूपमा बाइबलमा प्रेरितको रूपमा कुनै व्यक्ति अथवा मण्डली वा कुनै परिषद् वा सभाका अगुवाको रूपमा कुनै विशपलाई भेटिँदैन! बाइबलले येशू ख्रीष्टलाई निम्न नाउँहरूले सम्बोधन गर्छ: प्रेरित (Greek: apostolos) र प्रधान पूजाहारी (G: archiereus) (हिब्रू ३:१); गोठालो (G: poimen) र देखरेख गर्ने (बिशप) (G: episkopos) (१ पत्रुस २:२५:५:४); र मण्डलीको शिर (G: kephale)

(एफिसी १:२२; कलस्सी १:१८)। विश्वव्यापी मण्डली र संसारका हरेक मण्डली झुण्डको शिर येशू ख्रीष्ट नै हुनुहुन्छ! येशू ख्रीष्टलाई परमेश्वर आफैले नियुक्त गर्नुभएको हो: "तिमीहरूले उहाँको कुरा सुन्नुपर्छ!" (मत्ती १७:५; र संसारको कुनै पनि अगुवाले यो स्थान पाउन सक्दैन!

येशू ख्रीष्टले बाइबलद्वारा (सहीरूपमा अनुवादित), पवित्र आत्माद्वारा (जसले बाइबलविरुद्ध कहिले पनि बोल्नुहुन्न) र शरीर अथवा हरेक मण्डलीका एल्डरहरूको परिषद्द्वारा मण्डलीको शिर अथवा मण्डलीको संरक्षकको अधिकारलाई अभ्यास गर्नुहुन्छ।

येशू ख्रीष्ट मण्डलीको मात्र शिर हुनुहुन्न, उहाँ त ब्रह्माण्डको शिर हुनुहुन्छ (एफिसी १:१०,२२)! आफ्नो हरेक आवश्यक्ता पूरा गर्नको लागि यस ब्रह्माण्ड ख्रीष्टमाथि नै निर्भर छ (हिब्रू १:३)। येशू ख्रीष्टले मण्डलीको रुचिमा नै ब्रह्माण्डमाथि शासन गर्नुहुन्छ! येशू ख्रीष्ट हरेक आकाशीय शक्तिको पनि शिर हुनुहुन्छ र यस ब्रह्माण्डको कुनै पनि भाग उहाँको सार्वभौम नियन्त्रणभन्दा बाहिर छैन (मत्ती २८:१८; १ पत्रुस ३:२२)।

**(४) साँचो मण्डलीले आफू ख्रीष्टको शरीर र साथै ख्रीष्टको पूर्णता र परिपूरक हुँ भनी स्वीकार गर्छ।**
एफिसी १:२२-२३ पढ्नुहोस्।
**टिप्पणी -** विश्वव्यापी मण्डली कुनै मानवीय सङ्गठन (सम्प्रदाय) को विस्तार होइन तर येशू ख्रीष्ट स्वयम्को परिपूरक हो। जसरी दुलही दुलहाको परिपूरक हो, त्यसरी नै मण्डली (इसाई समुदाय) येशू ख्रीष्टको परिपूरक हो। मण्डली र येशू ख्रीष्ट मिलेर एक यस्तो क्रियाशील एकता बन्दछ, जसमा शरीरले शिरको इच्छा र उद्देश्यलाई पूरा गर्छ। इसाई मण्डलीले कुनै मानिस (कुनै इसाई अगुवा, पास्टर, बिशप अथवा प्रेरित) अथवा कुनै मानवीय सङ्गठन (कुनै सम्प्रदाय, सम्मेलन, धार्मिक-सभा अथवा परिषद्) को इच्छा र उद्देश्य पूरा गर्नलाई बोलाइएको होइन। इसाई मण्डलीलाई बाइबलमे प्रकाश गरिएअनुसार येशू ख्रीष्टको इच्छा र उद्देश्य पूरा गर्नको लागि बोलावट भएको छ। येशू ख्रीष्टले पापीहरूको उद्धार, विश्वासीहरूको वृद्धि र शुद्धिकरण अनि संसारमा उहाँको राज्य र धार्मिकता स्थापित गर्ने उहाँको योजना पूरा गर्नको लगि इसाई मण्डलीलाई प्रयोग गर्नुहुन्छ। उहाँको राज्य पहिले उहाँका मानिसहरूमा आएको छ (लूका१७:२१-२२), अनि यस वर्तमान संसारमा (मत्ती १२:२८), तर यस संसारका मानसिहरूमा होइन (यूहन्ना १८:३६-३७) र अन्तमा सबै नयाँ पृथ्वी र ब्रह्माण्ड हुनेछ (मत्ती २५:३४; प्रेरित ३:२१; प्रकाश २१:१-५)।

**(५) साँचो इसाई मण्डलीले सबै पुस्ताहरूमा परमेश्वरलाई मात्र महिमा दिन्छ।**
एफिसी ३:२१ पढ्नुहोस्।
**टिप्पणी -** इसाई मण्डलीले कुनै मानिस अथवा मानवीय सङ्गठनलाई महिमा दिँदैन, तर येशू ख्रीष्टमार्फत परमेश्वरलाई मात्र महिमा दिन्छ (यूहन्ना १६:१४)। परमेश्वरले आफ्नो महिमा कुनै मूर्ति अथवा कुनै मानिसलाई दिनुहुनेछैन (यशैया ४२:८; ४८:११)!

## २. कसरी इसाई मण्डली (समुदाय) निर्माण हुँदैछ?

**शिक्षा दिनुहोस् -** इसाई मण्डली स्थिर र अपरिवर्तनीय रहँदैन। यो आत्मिक गुणस्तर र सङ्ख्यात्मक परिमाणमा वृद्धि भइरहन्छ। यसको सङ्ख्यात्मक परिमाणमा वृद्धि हुनको लागि यसको गुणस्तरमा पनि वृद्धि हुन अपरिहार्य हुन्छ। इसाई मण्डली हरेक इसाई सेवाद्वारा विश्वासीहरूबीचको सम्बन्धमा बढिरहने एकताद्वारा र हरेक विश्वासीको निरन्तर बढिरहने परिपक्वताद्वारा निर्माण हुँदैजान्छ।

**(१) साँचो इसाई मण्डली सुसमाचार प्रचारद्वारा सङ्ख्यामा (परिमाणमा) वृद्धि भइरहेको हुन्छ।**
प्रेरित २०:२०-२७; एफिसी ३:६-१२ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** कसरी मण्डली परिमाणमा (सङ्ख्यामा) वृद्धि हुन्छ?
**टिप्पणी -** इसाई मण्डली मानिसहरूलाई सुसमाचार प्रचार गरेर सङ्ख्यामा वृद्धि हुन्छ। ख्रीष्टका अनुयायीहरूले परमेश्वरको अनुग्रहको सन्देश घोषणा गर्छन् र मानिसहरूलाई प्रचार गर्छन् कि उनीहरू पश्चाताप गर्दै परमेश्वरतर्फ फर्किनुपर्छ अनि येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ। तिनीहरूले परमेश्वरको राज्य, परमेश्वरको पूर्ण इच्छा, ख्रीष्टको अगम धन र परमेश्वरको पशस्त ज्ञानको घोषणा गर्छन्। कोही पनि जन्मिँदै इसाई हुँदैन। साँचो इसाई हुनको निम्ति फेरि जन्मिएको हुनुपर्छ! फेरि नजन्मिकन कोही पनि ख्रीष्टको शरीरको साँचो सदस्य बन्दैन (१कोरन्थी १२:१२-१३; यूहन्ना ३:३-८ सँग तुलना गर्नुहोस्)। येशू ख्रीष्टमाथिको विश्वासबिना कसैको उद्धार हुँदैन (यूहन्ना ३:१६,१८,३६; १४:६; प्रेरित ४:१२)।

**(२) साँचो इसाई मण्डली स्थापनाद्वारा गुणस्तरमा वृद्धि हुँदैछ।**

मत्ती २८:१९; एफिसी ४:११-१६ पढ्नुहोस्।

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** मण्डली गुणस्तरमा कसरी वृद्धि हुन्छ?

**टिप्पणी -** इसाई मण्डली ख्रीष्टका नयाँ अनुयायीहरूलाई ख्रीष्टमा परिपक्व हुन निर्माण गर्दै गुणस्तरमा वृद्धि हुन्छ। ख्रीष्टका नयाँ अनुयायीहरूलाई ख्रीष्टमा परिपक्व हुन सहयोग गर्नुलाई चेला बनाउनु भनिन्छ (मत्ती २८:१९-२०)। यो काम प्राय: परिपक्व इसाईहरूले अरू इसाईहरूको सहयोगद्वारा एक-अर्काको जिम्मेवारीहरू उठाउँदै गर्दछन् (जस्तै: एक-अर्कालाई प्रेम गर्ने, एक-अर्काको बोझ उठाउने र एक-अर्कालाई उत्साह दिने आदि)। चेला बनाउनुको उद्देश्य नयाँ विश्वासीहरूलाई कुनै समूहको सदस्य बनाउनु होइन, तर तिनीहरूलाई ख्रीष्टका चेलाहरू बन्न सहायता गर्नु हो। तिनीहरूले उनीहरूलाई ख्रीष्टसँग बढ्दो सम्बन्धमा रहन, ख्रीष्टको आज्ञापालन गर्न र ख्रीष्टको जस्तै चरित्र विकास गर्नका लागि उत्साहित पार्दछन्। परिपक्वताको नाप भनेको ख्रीष्टजस्तै हुनु हो (एफिसी ४:१३)।

परिपक्वताको केही दृश्य परिणामहरू यी हुन्:

- बाइबलको शिक्षाहरू (इसाई विश्वास) र ख्रीष्टलाई व्यक्तिगतरूपमा प्रभु र मुक्तिदाताको रूपमा चिन्ने अनि हरेक दिन उहाँसँग सङ्गति गर्ने कुरामा एकता (एफिसी ४:१३)।
- बाइबलका शिक्षाहरूमा स्थिरता र विवेकशीलता (एफिसी ४:१४; रोमी ६:१७; तीतस १:९)।
- सबै सम्बन्धहरूमा सत्यता र प्रेम कायम राख्नु (एफिसी ४:१५)।

इसाई मण्डलीको वृद्धिको ठूलो सत्रु भनेको सत्यबाट टाढिनु र झूटसँग सम्झौता गर्नु हो, चाहे त्यो विश्वास, बोलीवचन अथवा काम-कुरामा होस्। इसाई मण्डलीको वृद्धिको अर्को ठूलो सत्रु भनेको ती मानिसहरूका विचार अनि भावनाहरू, परीक्षा अनि चासोहरूप्रति बेवास्ता गर्नु हो, जसलाई हामीले ख्रीष्टमा सेवा गर्न अथवाउ जित्न खोजिरहेका छौँ।

**(३) साँचो इसाई मण्डली सुसज्जिकरणद्वारा निर्माण हुदैछ।**

मर्कूस १३:३४; एफिसी ४:१२,१६ पढ्नुहोस्।

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** मण्डली कसरी निर्माण हुँदैछ?

**टिप्पणी -** इसाई मण्डली ख्रीष्टका सबै अनुयायीहरूलाई सेवाको कामको लागि सुसज्जित गराउँदै निर्माण हुँदैछ। सुसज्जिकरण शब्दको अर्थ पुनर्थास्पित गर्नु, पूर्ण बनाउनु, तालिम दिनु हो (Greek: katartismos: एफिसी ४:१२; katartizo: लूका ६:४०; हिब्रू १३:२१; exartizo: २ तिमोथी ३:१७)। इसाई मण्डलीमा सेवाको कुनै विशेष गर्नको लागि इसाईहरूलाई सुसज्जित गराउने काम तिनीहरूले गर्छन्, जसले त्यस क्षेत्रमा लाग्न वरदान पाएका छन् र तिनीहरू मण्डलीका एल्डरहरू नै हुनुपर्छ भन्ने जरुरी छैन। इसाई मण्डलीका साथसाथै विश्वव्यापी इसाई मण्डलीमा विभिन्न सेवाहरू गर्न सुसज्जित छन्। उदाहरणको लागि ख्रीष्टका केही अनुयायीहरू सुसमाचार प्रचार गर्न सुसज्जित छन् भने अरूहरू नयाँ विश्वासीहरूको वास्ता गर्न सुसज्जित छन्। त्यसैगरी, ख्रीष्टका केही अनुयायीहरू प्रचार गर्न र सिकाउन सुसज्जित छन् भने अरूहरूचाहिँ नेतृत्व गर्न र दया देखाउन सुसज्जित छन्। इसाई मण्डलीको कुनै पनि सदस्य निस्क्रिय भएर मण्डली अथवा घरेलु सङ्गितमा सहभागी मात्र हुनुहुँदैन। अन्तमा, हरेक सदस्य ख्रीष्टले उसलाई दिनुभएको कार्यमा सक्रिय हुनुपर्छ (१ कोरिन्थी ३:५; मर्कूस १३:३४)।

## ग. थुप्रै स्थानीय मण्डलीहरू (झुण्डहरू)

### १. स्थानीय इसाई मण्डलीहरू (समुदायहरू) कसरी अस्तित्वमा आए?

**शिक्षा दिनुहोस् -** मण्डली ख्रीष्टको शरीर हो। यसले थुप्रै स्थानीय इसाई समुदायहरू अथवा सङ्गतिहरू (छुट्टाछुट्टै झुण्डहरू) मा आफूलाई प्रकट गर्दछ। ती झुण्डहरू एकातर्फ परमेश्वरको सार्वभौम हस्तक्षेपको ऐतिहासिक परिणाम हो भने अर्कोतर्फ मत्ती २८:१९ मा "जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ" भन्ने महान् आदेशप्रति इसाईहरूको आज्ञाकारिताको परिणाम हो। उदाहरण :

**प्रेरित २ अध्याय -** परमेश्वरले आफ्नो पवित्र आत्मा खन्याउनुभयो र प्रेरित पत्रुसले सुसमाचार प्रचार गरे। त्यसको परिणामस्वरूप, यहूदीहरूका बीचमा यरूशलेममा पहिलो मण्डली स्थापना भयो (इ.सं. ३०)।

**प्रेरित ८ अध्याय -** परमेश्वरले यरूशलेममा ख्रीष्टका अनुयायीहरूका विरुद्धमा ठूलो सतावट आउन दिनुभयो, र त्यसले तिनीहरूलाई छरपस्ट पारिदियो (इ.सं. ३३-३४)। तिनीहरू जहाँ-जहाँ गए, त्यहाँ सुसमाचार प्रचार गरे। त्यसको परिणामस्वरूप, यहूदिया, गालील र सामरियाभरि मण्डलीहरू स्थापित भए (प्रेरित ९:३१)।

**प्रेरित १० अध्याय -** पत्रुस अन्यजातिहरूकहाँ गएर तिनीहरूलाईइ सुसमाचार प्रचार गर्नुअघि परमेश्वरले अन्यजाति पल्टनका कप्तान कर्नेलियसलाई र प्रेरित पत्रुसलाई कौसीमा विशेष दर्शन दिनुभयो। त्यसको फलस्वरूप अन्यजातिहरूका माझमा पहिलो मण्डली कैसरिया भन्ने ठाउँमा स्थापना भयो (इ.सं. ४०)।

**प्रेरित ११ अध्याय -** ठूलो सतावटद्वारा छरपस्ट भएका ख्रीष्टका अनुयायीहरूका साथमा परमेश्वरको बाहुली थियो। उनीहरूले सिरियाको एन्टियोकमा अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्न सुर गरे। पलस्वरूप विदेशी राष्ट्रम एक ठूलो मण्डली स्थापना भयो (इ.सं. ४४)।

**प्रेरित १३-१४ अध्याय -** परमेश्वरले पावल र बारनाबासलाईइ मिसेनरी यात्राको लागि बोलावट दिनुभयो, र त्यसको निम्ति तिनीहरूलाई अलग गर्नुभयो र पठाउनुभयो। उनीहरूले आफू गएका हरेक सहरमा चेलाहरू बनाए। फलस्वरूप, अरू एसियाली मुलुकहरूमा मण्डलीहरू स्थापित भए। पहिलो प्रचार यात्रा (इ.सं. ४७-४८), दोस्रो प्रचार यात्रा (इ.सं. ५०-५२) र तेस्रो प्रचार यात्रा (इ.सं. ५२-५७)।

**प्रेरित १६-२० अध्याय -** परमेश्वरले पवित्र आत्माद्वारा मिसेनरी समूहलाई कहाँ जानुपर्छ अनि कहाँ जानुहुँदन भनी स्पष्ट निर्देशन गर्नुभयो। युरोपेली मुलुकहरूमा समेत मण्डली स्थापित हुन थाल्यो (प्रेरित १६-२०)। परमेश्वरले कुनै तोकिएको ठाउँमा रहेर परमेश्वरको वचन अझै लामो समयसम्म सिकाउनलाई पावललाई सिधै आज्ञा दिनुभयो र त्यसको लागि उत्साह दिनुभयो (प्रेरित १८)।

## २. स्थानीय मण्डलीहरूले कसरी कार्य गरे?

प्रेरित २:४२-४४; प्रेरित ५:१५-१६,४२ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** ती स्थानीय इसाई मण्डलीहरूले कसरी कार्य गर्थे?
**टिप्पणी -** सुरुका मण्डलीका आधारभूत काम भनेको भेला हुनु र छरिनु थियो। हरेक ठाउँका इसाईहरू आराधना अनि प्रार्थना, शिक्षा अनि वचन प्रचार, बप्तिस्मा अनि प्रभुभोज र सङ्गति अनि सेवाको लागि निरन्तर एकसाथ भेला हुने गर्थे। त्यसैगरी तिनीहरू प्रचार गर्न, शिक्षा दिन र निको पार्नको लागि आफ्नो छिमेकीहरूकहाँ, सडकहरूमा अनि घरहरूमा र नजिकको सहरहरूमा छरिएर जान्थे।

## ३. स्थानीय इसाई मण्डलीहरूलाई कसरी अगुवाइ गरिन्थ्यो?

१ तिमोथी ३:१४-१५; ४:१४; प्रेरित १४:२१-२३; २०:१७,२८; १ तिमोथी ३:१-७; तीतस १:५-९; १ पत्रुस ५:१-४ पढ्नुहोस्।
**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** स्थानीय इसाई मण्डलीहरूलाई कसरी अगुवाइ गरिन्थ्यो?
**टिप्पणी -** लूकाद्वारा लेखिएको प्रेरितको पुस्तकमा साथे पावल र पत्रसका पत्रहरूले स्पष्टरूपमा सिकाउँछ, कि हरेक मण्डलीको नेतृत्व एल्डरहरूको समूह (???) ले गरिन्थ्यो (प्रेरित १४:२३) जसलाई एल्डरहरूको परिषद् भनिन्छ (???) (१ तिमोथी ४:१४)।

एल्डरहरूका योग्यता, कार्यहरू र सीमित अधिकार कुनै मानिसले कुने मानवीय सङ्ठन वा मानवीय सँस्कृतिल निर्धारिण गर्ने होइन, तर त्यो कुरा बाइबलमा स्पष्टसँग सिकाइएको छ। मण्डलीमा अगुवाहरू हुन्छन्, तापनि ती अगुवाहरूले आफूले चाहेअनुसार मण्डलीमा नेतृत्व गर्न पाउँदैनन्। मण्डलीले कसरी कार्य गर्नुपर्छ भन्ने कुरा पनि बाइबलमा बताइएको छ (१ तिमोथी ३:१४-१५)। मण्डलीका कुनै पनि अगुवालाई यी बाइबलीय नर्देशनहरू परिवर्तन गर्ने अधिकार छैन। यसबाहेक प्रभु येशू र प्रेरित पत्रुसले यसरी सिकाउनुहुन्छ, कि मण्डलीका कुनै पनि अगुवाले इसाईहरूमाथि अधिकार नगरून्, जसलाई उनीहरूको देखरेख गर्ने जिम्मेवारी दिइएको छ (मत्ती २०:२५-२८; १ पत्रुस ५:२-३)।

## ४. स्थानीय इसाई झुण्डहरूले (समुदायहरूले) सभाहरू कहाँ आयोजना गर्थे?

फिलेमोन १:१-२; प्रेरित ५:४२; प्रेरित १२:५,१२; प्रेरित १०:२४,२७ पढ्नुहोस्।

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** स्थानीय इसाई समुदायहरूले सभाहरू कहाँ आयोजना गर्थे? टिप्पणी - नयाँ करारमा वर्णन गरिएका मण्डलीहरूका सभाहरू प्राय: इसाईहरूका घरहरूमा नै आयोजना गरिन्थे। ती झुण्डहरू घरेलु सङ्गति अथवा घरेलु मण्डलीहरू थिए। उनीहरू निरन्तर आराधना सेवा, शिक्षा, प्रचार, प्रार्थना, सुसमचार प्रचार र सेवकहरूको तालिमको लागि आ-आफ्ना घरहरूमा भेट्ने गर्थे (प्रेरित १८:२६)। अहिले पनि संसारका थुप्रै ठाउँहरूका मण्डलीहरू घर-घरमा नै आयोजना गरिन्छन्।

यी पाठहरू पनि हेर्नुहोस्:

निर्देशिका ३, परिशिष्ठ १२ - सङ्गति - बाइबलमा 'मण्डली' भन्ने शब्द
निर्देशिका ३, परिशिष्ठ १३ - सङ्गति - इसाई मण्डलीको कार्य र ढाँचा
निर्देशिका ३, परिशिष्ठ १४ - सङ्गति - ख्रीष्टको शरीरको रूपमा भएको मण्डली अपरिहार्य छ

| ५ | **प्रार्थना** (८ मिनेट) [प्रतिक्रियाहरू]<br>**परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना** |
|---|---|

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको निम्ति तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'इसाई समुदाय (मण्डली) को शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्।
२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (व्यवस्था २८:१-३१:१३)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। १ कोरिन्थी १२:४-७,१२-२८ - विषय : इसाईहरूले ख्रीष्टको शरीरको रूपमा जिएर काम गर्छन्। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।
४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।

# पाठ : ३६

| १ | प्रार्थना |
|---|---|

**समूहको अगुवा -** प्रार्थना गरेर तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाड्नु** (२० मिनेट) **[शान्त समय]** **व्यवस्था २८:१-३१:१३** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (व्यवस्था २८:१-३१:१३) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)।

सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस। उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ गर्नु** (२० मिनेट) **[सुसमाचार]** **सुसमाचारबारेको पदहरूको पुनरावलोकन** |
|---|---|

## क. कण्ठ गरिएका बाइबल पदहरू पुनरावलोकन गर्ने विधि

पहिल्यै कण्ठ गरिएका बाइबल पदहरूलाई पुनरावलोकन गर्ने भागहरू यी हुन् :

### १. पुनरावलोकन गर्नुहोस्।

पुनरावलोकन गर्नु भनेको तपाईंले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरू हरेक दिन एकपटक दोहोतरिकाउनु हो। बाइबल पदहरू सम्झिरहने र त्यसलाई सही किसिमले उद्धरण गर्ने उत्तम तरिका भनेको ती पदहरूलाई दोहोतरिकाउनु हो। त्यसकारण, तपाईंले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई कम्तीमा दिनको एकपटक ५ हप्तासम्म पुनरावलोकन गर्नुहोस्। यसरी तपाईंले हरेक नयाँ बाइबल पदलाई पुन: पुनरावलोकन विधिमा जानुभन्दा पहिले ३५ पटक पुनरावलोकन गर्नु हुन्छ।

### २. पुन: पुनरावलोकनहोस्।

पुन: पुनरावलोकन गर्नु भनेको तपाईंले पहिल्यै कण्ठ गरिसक्नुभएको बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकपटक फेरि पुनरावलोकन गर्नु हो। तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरू सम्झनको लागि उत्तम तरिका भनेको पुन: पुनरावलोकन गर्नु हो। त्यसकारण, तपाईंले पहिल्यै कण्ठ गरिसक्नु भएको १०० वटा बाइबल पदहरूमध्ये ५ वटालाई हरेक दिन पुन: पुनरावलोकन गर्नुहोस्। यसरी तपाईंले पहिले नै कण्ठ गरिसक्नु भएको सबै बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकपटक पुन: पुनरावलोकन गर्नुहोस्।

### ३. बोक्नुहोस्।

बाइबल पदहरू लेखिएको तपाईंको कार्ड अथवा नोटबुकलाई काम गर्ने ठाउँमा बोकेर जानुहोस्। ती बाइबल पदहरूलाई गाडीमा यात्रा गर्दा अथवा दिउँसो फुर्सदको समयमा निकालेर पुनरावलोकन र मनन गर्नुहोस् अनि प्रार्थना गर्नुहोस्। त्यसरी एक दिनमा तपाईंले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई पुनरावलोकन गर्नुहोस्। तपाईंले पहिल्यै कण्ठ गरिसक्नुभएको केही बाइबल पदहरूलाई पुन: पुनरावलोकन गर्नुहोस्। ती पदहरूमा भएका कुराहरू मनन गरी प्रार्थना गर्नुहोस्।

**४. जाँच गर्नुहोस्।**

तपाईंले कण्ठ गर्नुभएको बाइबल पदहरू अझै तपाईंलाई ठीकसँग थाहा छ कि छैन भनी हेर्न एकले अर्को व्यक्तिलाई जाँच गर्नुहोस्। समूहको हरेक भेटघाटमा दुई-दुई जना बसेर भर्खरै कण्ठ गर्नुभएको बाइबल पद पालैपालो जाँच गर्नुहोस्। तपाईंलाई बाइबल खण्ड, त्यसको शीर्षक र पूरै पद विना गल्ती थाहा छ कि छैन भनी एकले अर्कोलाई पालैपालो जाँच गर्नुहोस्। सङ्केतको लागि आफ्नो साथीलाई कहिले शीर्षक, कहिले बाइबल खण्ड र कहिले उक्त पदको केही सुरुका शब्दहरू दिने गर्नुहोस्।

## ख. "सुसमाचार"को श्रेणीलाई दुई–दुई वटा गरी पुनरावलोकन गर्नुहोस्।

| | |
|---|---|
| १.पाप स्वभाव, रोमी ३:२३<br>२.पापको दण्ड, उपदेशक १२:१४<br>३.पापको प्रायश्चित, रोमी ५:८ | ४.मुक्ति एउटा उपहार हो, उपदेशक २:८–९<br>५.मुक्ति विश्वासबाट आउँछ, हूहन्ना १:१२ |

| | |
|---|---|
| ४ | **बाइबल अध्ययन** (७० मिनेट) **[मण्डली]**<br>**इसाईहरू एउटै शरीरझैं जिउँछन् र काम गर्छन् : १ कोरिन्थी १२:४-७, १२-२८** |

१ कोरिन्थी १२:४-७,१२-२८ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर १ कोरिन्थी १२:४-७,१२-२८ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस्** - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस्** - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस्** - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**१ कोरिन्थी १२:४-७,१२-२६**

**खोज १. स्थानीय मण्डली र विश्वव्यापी मण्डलीले कसरी काम गर्नुपर्छ।**

पावलले येशू ख्रीष्टको शरीरको कार्यको व्याख्या गर्नको लागि मानिसको शरीरका कार्यहरूलाई उदाहरणको रूपमा प्रयोग गर्दछन्। मण्डलीले कसरी कार्य गर्नुपर्छ भनेर बाइबलले तीनवटा महत्वपूर्ण सिद्धान्त सिकाउँछ।

**(१) स्थानीय मण्डली र विश्वव्यापी मण्डलीले येशूद्वारा पाइने मुक्तिको सुसमाचार सुनाउनुपर्छ।**

येशू ख्रीष्टलाई विश्वास नगरीकन कोही पनि बचाइन सक्दैन। येशूले भन्नुभयो "यदि तिमी नयाँ गरी जन्मेनौ भने, परमेश्वरको राज्यमा प्रवेश गर्न सक्नेछैनौ" (हूहन्ना ३:३,५)। प्रेरित पावल भन्दछन् कि जब कोही व्यक्ति नयाँ गरेर जन्मन्छ, तबमात्र ऊ मण्डलीको सदस्य बन्न सक्छ अनि मण्डलीको सदस्य बन्ने तरिका यही नै हो (१ कोरिन्थी १२:१३)। कसैको अविभावक इसाई हुँदैमा, ऊ जन्मैको इसाई हुँदैन। इसाई हुनको लागि हरेक व्यक्ति नयाँ गरी जन्मनुपर्छ (यूहन्ना ३:३,५)। बाइबलमा

येशूले आफैलाई प्रकट गर्नुभएबमोजिम उहाँलाई विश्वास गरी, आफ्नो हृदय र जीवनमा ग्रहण गरेपछि मात्र उहाँले त्यस व्यक्तिलाई नयाँ गरी जन्मेको परमेश्वरको सन्तान हुने अधिकार दिनुहुन्छ (यूहन्ना १:१२–१३)। अनि विश्वासचाहिँ सुसमाचारको सुनाइबाट आउँछ। यसैकारण सुसमाचार प्रचार हुनैपर्छ!

**(२) स्थानीय मण्डली र विश्वव्यापी मण्डलीले विविधतालाई स्वागत गर्नुपर्छ।**

हुन त पृथ्वीमा एउटा मात्र ख्रीष्टको शरीर (एउटै विश्वव्यापी मण्डली) छ अनि यहाँ धेरै प्रकारका सदस्यहरू हुन्छन्। एउटै शरीरका सदस्यहरू हरेक जाति, भाषा, कुल र राज्यबाट आउँछन् (प्रकाश ५:९)। यी सदस्यहरू उनीहरूले पाएका आत्मिक वरदानहरूको सन्दर्भमा एक–अर्काबाट फरक–फरक हुन्छन्, उनीहरूलाई दिइएको फरक सेवाहरू र फरक तरिकाहरूको माध्यमबाट पवित्र आत्माले विश्वव्यापी मण्डलीमा र स्थानीय मण्डलीहरूमा आफ्नो काम प्रकट गर्नुहुन्छ।

उदाहरणको लागि कुनै एउटा इसाईले शिक्षकको वरदान पाएको हुन्छ; उसलाई बालबालिकाको शिक्षक भएर सेवा गर्न बोलाइएको हुन्छ, अनि उसले विशेषगरी दृष्टान्तहरूको चित्रकला र बाइबलका असल कथाहरूबाट आफ्नो शिक्षण क्षमता व्यक्त गर्दछ। अर्का इसाईले पनि शिक्षकको आत्मिक वरदान पाएको हुन्छ, अनि उसलाई प्रौढहरूको निम्ति शिक्षकको रूपमा सेवा गर्न बोलाइएको हुन्छ र प्रौढहरूको निम्ति एउटा असल बाइबल अध्ययनको नेतृत्वमा उसले आफ्नो क्षमता व्यक्त गर्दछ। मण्डलीका सदस्यहरू पनि तिनीहरूलाई स्थानहरूका सन्दर्भमा फरक–फरकरूपमा खटाइएका हुन्छन्। उदाहरणको लागि कृपा देखाउने आत्मिक वरदान भएको इसाई मण्डलीका गरीब सदस्यहरूलाई मद्दत गर्नको लागि खटाइएको हुन्छ। त्यही कृपा देखाउने आत्मिक वरदान भएको अर्का इसाईलाई समाजमा भएका अन्धा र अपाङ्गलाई सेवा गर्न बोलाइएको हुन्छ। इत्यादि।

वास्तवमा विश्वव्यापी मण्डली र स्थानीय मण्डलीहरूको विशेषताचाहिँ एकरूपता होइन तर विविधता हो। एकरूपताको अर्थचाहिँ मण्डलीका सबै सदस्यहरूबाट एउटै कुराको आशा गरिएको हुन्छ र उनीहरूले मण्डलीमा एउटै क्रियाकलाप गर्दछन्। एकरूपताले बेमेल, झगडा र द्वन्द्व ल्याउँछ, किनकि यस्तो मण्डलीमा धेरै सदस्यहरूले उनीहरूले पाएका आत्मिक वरदान र सेवाका कार्यहरू गर्ने स्थान पाउँदैनन्। तर विविधताले त वास्तविक एकतामा डोऱ्याउँछ, किनकि त्यहाँ हरेक इसाईको सेवाको खाँचो हुन्छ र हरेक इसाईलाई अर्काको मद्दत चाहिन्छ। यदि विश्वव्यापी मण्डली र स्थानीय मण्डलीले आफ्ना सदस्यहरूको विविधतालाई कायम राख्न सकेभने, यसका सदस्यहरू एउटै केन्दबिन्दु, अर्थात् आफ्नो शीर येशू ख्रीष्टबाट शासित भए भने यो मण्डली जे हुनुपर्ने हो त्यही हुन सक्छ र यसले जे गर्नुपर्ने हो त्यही गर्न सक्छ।

**(३) स्थानीय मण्डली र विश्वव्यापी मण्डलीका सदस्यहरू एक अर्कामा परस्पर निर्भर हुनुपर्छ।**

ख्रीष्टको शरीरमा उच्चता र नीचताको भावनाहरू र मूल्याङ्कनहरूको कुनै कारण हुँदैन। किनभने आँखालाई कानको आवश्यक पर्छ र खुट्टालाई हातको आवश्यक पर्छ। यसैले स्थानीय र विश्वव्यापी मण्डलीका सदस्यहरूको अनिवार्यरूपमा आ–आफ्ना कार्यहरू हुन्छन्। प्रत्येक सदस्यहरूले अरू सदस्यहरूको निम्ति चासो लिनुपर्छ। प्रत्येक व्यक्तिलाई अरूहरूको सहयताको खाँचो छ, अनि अरूहरूलाई प्रत्येक व्यक्तिको सहायताको खाँचो छ। तपाईंको आत्मिक वरदानहरूबाट अरूको सेवा गरेकै कारण एक–अर्कामा प्रेमको प्रस्फुटन हुन्छ। खुट्टाविना हातले केही गर्न सक्दैन र आँखाविना खुट्टाले केही गर्न सक्दैन। यसैकारण एक अर्काको सहायताविना कसैले पनि केही गर्न सक्दैन। प्रत्येक व्यक्तिको सेवा र वरदान एक–अर्काका परिपूरक हुन्। यसरी नै स्थानीय मण्डली र विश्वव्यापी मण्डली उत्तम तरिकाले निर्माण भइरहेका छन्। यसैकारण अरूहरूलाई सुसमाचार सुनाउन, परमेश्वरले दिनुभएको आत्मिक वरदानले अरूको सेवा गर्न र अरूहरूलाई उनीहरूको आत्मिक वरदानबाट आफ्नो सेवा गर्ने अनुमति दिनको लागि प्रत्येक इसाईहरू इच्छुक हुनुपर्छ।

---

**१ कोरिन्थी १२:२८**

**खोज २ - स्थानीय मण्डली र विश्वव्यापी मण्डलीमा भएका महत्वपूर्ण आत्मिक वरदानहरू।**

यसो भनिएको छ, “मण्डलीमा परमेश्वरले सर्वप्रथम प्रेरितहरू, दोस्रोमा अगमवक्ताहरू, तेस्रोमा शिक्षकहरू नियुक्त गर्नुभएको छ... ।” यो पत्रमा सबैभन्दा महत्वपूर्ण वरदानहरू प्रेरितहरू, अगमवक्ताहरू, तेस्रोमा शिक्षकहरू हुन् भनेर पावल सिकाउँछन्।

प्ररित ४:११ मा महत्वपूर्ण वरदानहरूचाहिँ प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, पास्टरहरू र शिक्षकहरू हुन् भनी पावल सिकाउँछन्।

ख्रीष्टका प्रेरितहरू (एफिसी १:१: २:२०; ३:५; ४:११) आपसमा मिलेर बस्ने चेलाहरूको एउटा अद्वितीय समूह थियो, जसलाई येशू आफैले छान्नुभयो, बोलाउनुभयो, तालिम दिनुभयो अनि उनीहरू उहाँका मृत्यु र पुनरुत्थानका साक्षी थिए। पावल पनि यसै समूहमा पर्दछन्। अब उप्रान्त यस्ता प्रेरितहरू छैनन्। तापनि मण्डलीका प्रेरितहरू (प्रेरित १४:४; २ कोरिन्थी ८:२३, फिलिप्पी २:२५, १ थेसलोनिकी २:६–७) भनेका इसाईहरू हुन्। विशेषगरी नयाँ मण्डलीहरू सुरुवात गर्न र निर्माण गर्नका लागि मण्डलीले छनोट गरेर नयाँ–नयाँ ठाउँमा पठाइएका व्यक्तिहरू प्रेरितहरू हुन्। आज हामी पनि यस्तै मिसेनरीहरू, मण्डली स्थापकहरू, र निर्माणकर्ताहरूलाई बोलाउँदछौँ।

पुरानो करारका अगमवक्ताहरू यस्ता थिए, जसले परमेश्वरको वचन बोले, र मानिसहरूलाई उहाँको सन्देश सुनाए (प्रकट गरे)। उनीहरूले यसो भन्ने गर्थे, “परमप्रभु यसो भन्नुहुन्छ” अनि तिनीहरूका वचनहरू बाइबलमा लेखिएको हो। तिनीहरू पनि अद्वितीय नै थिए। अहिले यस किसिमका अगमवक्ताहरू छैनन्। तापनि नयाँ करारका अगमवक्ताहरू तिनै हुन्, जसले अगमवाणीको वरदान पाएका हुन्छन्, उनीहरूले पवित्र आत्माको शक्तिमा बाइबलको घोषणा गर्छन् र यसले मानिसको हृदयलाई छुने गर्दछ। आज हामी यस्ता मानिसहरूलाई प्रचारकहरू भन्दछौं।

**निष्कर्षः** बाइबलीय शिक्षाअनुसार विश्वव्यापी मण्डलीका महत्वपूर्ण आत्मिक वरदानहरूमा मिसनेरीहरू, प्रचारकहरू, र शिक्षकहरू हुन्। यस्ता वरदान पाएका व्यक्तिहरू स्थानीय मण्डलीहरूमा पनि हुन्छन्। तिनीहरूले एउटा विशेष कार्यमाथि अधिकार गर्दैनन् (जस्तैः शिक्षण) तर तिनीहरूलाई एउटा विशेष कार्य दिइएको छ। तैपनि उनीहरू हरेकले मण्डलीका एल्डरहरूको पर्यवेक्षण अन्तर्गत काम गर्नुपर्दछ। यसैले १ कोरिन्थी १२:३१ मा पावल भन्दछन् कि जसलाई पवित्र आत्माको वरदान दिइएको छ, उसले अझै ठूलो वरदानको चाहना गर्नुपर्दछ। आत्मिक वरदानहरू परमेश्वरको वचनबाट प्रकट हुन्छ र यस्तो वचन सबैजनाले बुझ्न सक्छन् (१ कोरिन्थी १४:१९) अनि यस्तो वचनले मानिसहरूलाई बलियो बनाउँछ, उत्साह र सान्त्वना दिन्छ १ कोरिन्थी १४:३)। यस्ता वरदानहरूलाई अझै ठूलो वरदान भनेर पावल संकेत गरिरहेका छन्।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
१ कोरिन्थी १२:४-७,१२-२८ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**१ कोरिन्थी १२:४–७**

**प्रश्न १. आत्मिक वरदानको स्वभाव के हो?**

**टिप्पणी -** एउटा आत्मिक वरदान भनेको सिकाउने अथवा एउटा अफिसियल शिक्षक भएर कार्य गर्ने जस्तै विशेष खालको क्षमता हो। यस्तो वरदान भनेको इसाईबाट परमेश्वरको शक्ति र बुद्धिको प्रस्फुटन हुनु हो अनि यो वरदानले नै सेवाका किसिमहरूलाई देखाउँछ। यो भनेको इसाईहरूको भन्डारेपन मार्पmत विभिन्न प्रकारका नमूनाहरूमा परमेश्वरको अनुग्रहको

प्रकटीकरण हो (१ पत्रुस ४:१०)। यो परमेश्वरको वरदान हो तर इसाईहरूको सीप र कौशलको परिणाम होइन। यो मापन गरिएको वरदान हो, येशू ख्रीष्टले दिन चाहनुभएको नाप बमोजिम यसको निश्चित सीमा छ (एफिसी ४:७)।

---

**१ कोरिन्थी १२:८–१०**

**प्रश्न २. नयाँ करारमा कुन–कुन किसिमका फरक-फरक आत्मिक वरदानहरू उल्लेख गरिएको छ?**

**टिप्पणी -** बाइबलमा भएका अत्मिक वरदानका सूचीहरू (रोमी १२:४–८, १ कोरिन्थी ७:१,७; १ कोरिन्थी १२:८–१०; १ कोरिन्थी १२:२८; एफिसी ४:११ र १ पत्रुस ४:१०–११) पूर्णताका अभिप्राय होइनन्। तिनीहरूले साझा आत्मिक वरदानलाई जनाउँछन्। तर प्रयोगात्मक कुरा के भने अरू आत्मिक वरदानहरू पनि छन् जसको बारेमा नयाँ करारमा उल्लेख गरिएको छैन। रचानात्मक र सांगीतिक वरदानहरूको बारेमा पनि हेर्नुहोस् (प्रस्थान २८:३; ३१:१–६; ३५:१०,२५,३५; भजनसंग्रह ३३:२–३; ४५:१; ७८:७२ यी खण्डलहरूसँग तुलना गर्नुहोस्)। यसबाहेक प्रत्येक आत्मिक वरदानहरू पनि फरक–फरक तरिकाबाट प्रकट हुन्छन्। जस्तैः बालबालिकाहरूलाई सिकाउने शिक्षक, प्रौढहरूलाई सिकाउने शिक्षक र अशक्तहरूलाई सिकाउने शिक्षक आदि।

---

**प्रश्न. ३ - आत्मिक वरदानहरूका खास चार आत्मिक उद्देश्यहरू के–के हुन्?**

**टिप्पणी -** आत्मिक वरदानहरूका खास चारवटा आत्मिक उद्देश्यहरू यी हुन्।

- अरूको सेवा गर्ने (१ पत्रुस ४:१०–११)।
- विश्वव्यापी मण्डली निजी मण्डलीहरू निर्माण गर्ने (१ कोन्थिी १४:१२)।
- खिस्टियानहरूलाई सेवाको लागि सुसज्जित गराउने (एफिसी ४:११–१३)।
- आत्मिक वरदानहरूको अन्तिम उद्देश्य सबै कुरामा परमेश्वरलाई महिमा दिनु हो (१ पत्रुस ४:११)।

---

**१ कोरिन्थी १२:११**

**प्रश्न ४ - तपाईंले पाउनुभएको आत्मिक वरदान आखिरमा कसले निर्धारण गर्दछ?**

**टिप्पणी -** त्रिएक परमेश्वर (पिता, पुत्र, पवित्र आत्मा) ले उहाँको सार्वभौम तरिकाबाट इसाईहरूलाई आत्मिक वरदान दिनुहुन्छ र विशेष कार्यहरूको लागि मण्डलीमा नियुक्त गर्नुहुन्छ (१ कोरिन्थी १२:११,१८,२८; एफिसी ४:७; १ पत्रुस ४:१०)। पवित्र आत्माले इसाईहरूलाई वरदान दिनुहुन्छ, यद्यपि अझ ठूलो वरदानको निम्ति उत्सुक हुन र यी वरदानहरूलाई मण्डली निर्माणको काममा प्रयोग गर्न अनुरोध गरिएको छ। परमेश्वरले इसाईहरूलाई शरीरमा निर्माण गर्नुभएको छ, तिनीहरूलाई विशिष्ट सेवाको निम्ति निर्दिष्ट गरेर, उहाँको इच्छाअनुसार आत्मिक वरदान दिनुहुन्छ।

---

**प्रश्न ५ - इसाईहरूले कसरी आफ्नो आत्मिक वरदान (वरदानहरू) पत्ता लगाउँछन्?**

**टिप्पणी**

**बाइबल अध्ययन र प्रार्थनाद्वारा**

आत्मिक वरदानहरू, तिनीहरूका चरित्रहरू र कार्यहरूका बारेमा तिनीहरूका चरित्रलाई बुझ्नुहोस्। तब तपाईंलाई आत्मिक वरदान (वरदानहरू) दिइएको छ कि छैन भनी जान्नको लागि परमेश्वरसँग प्रार्थना गरेर सोध्नुहोस् अनि यदि दिनुभएको छ भने उहाँको सार्वभौमिक तरिकामा कुनचाहिँ वरदान (वरदानहरू) दिनुभएको छ सो सोध्नुहोस्।

**मण्डलीमा सेवा गरेर**

बालबालिकाहरूलाई सिकाउने, जवानहरूलाई अगुवाई गर्ने, असहायहरूलाई सहायता गर्ने, समस्यामा परेकाहरूलाई उत्साह दिने, सुसमाचार प्रचार गर्ने जस्ता विभिन्न किसिमका इसाई सेवाहरूमा सहभागी हुनुहोस्। स्थानीय मण्डली तथा विश्वव्यापी मण्डली निर्माणमा सहभागी हुने अनि अरूहरूको सेवा गर्ने कामबाट तपाईंको आत्मिक वरदान (वरदानहरू)

प्रस्फुटन हुन थाल्छ। परमेश्वरले धाकधक्कु लगाउनको लागि आत्मिक वरदान दिनुहुन्न तर अरूको सेवा गर्नको लागि उहाँले ती दिनुहुन्छ। अरूको सेवा नगर्ने इसाईले तिनीहरूको आत्मिक वरदान (वरदानहरू) पत्ता लगाउन सक्दैनन्।

**तपाईंको सेवाको मूल्याङ्कनद्वारा**

आत्मिक वरदान एउटा क्षमता हो, जसले तपाईंलाई उक्त वरदानको क्षेत्रमा सेवा गर्न उत्तेजित गराउँछ। यो वरदान निर्धारित स्थानमा सेवा गर्नको लागि आफै प्रकट हुन्छ। किनकि आत्मिक वरदानहरू अरूको सेवा गर्न र अरूलाई निर्माण गर्न सवल हुन्छन्। अरूको सेवामा तपाईंको प्रभावकारिता नै तपाईंको आत्मिक वरदानको एउटा असल चिन्ह हो। आफैलाई सोध्नुहोस्, "अरू इसाईहरूले मेरो सेवालाई कसरी मूल्याङ्कन गर्दछन्?" "प्रायः अरू मानिसहरूले मैले के गर्नुपर्छ भन्दछन्? "म के काम राम्ररी गर्न सक्छ? भनी तिनीहरू भन्दछन्?" "मैले गरेका कुन कामले तिनीहरूलाई फाइदा पुगेको थियो भनी तिनीहरू भन्दछन्?" अनि अझै पनि आफैलाई सोध्नुहोस्, "मेरो सेवालाई म आफै कसरी मूल्याङ्कन गर्छु?" "मैले गरेको के काममा म आनन्दित हुन्छु?" "के कुराहरू म राम्ररी गर्न सक्छु?" "अरूहरूलाई निर्माण गर्नको लागि म के कुराहरू गर्ने गर्छु?"

---

**१ कोरिन्थी १२:४–७, १४–२७**

**प्रश्न ६ - स्थानीय मण्डली र विश्वव्यापी मण्डलीमा एउटा इसाईले कसरी आफैलाई हेर्नुपर्छ?**

पढ्नुहोस् रामी १२: ३–६; १ कोरिन्थी १२:४–७, १४–२७

**परमेश्वरले विविधतालाई निर्धारण गर्नुहुन्छ।**

इसाईहरूको बीचमा विविधताहरू हुन्छन्, परमेश्वरले उहाँको सार्वभौमिकतामा सावधानीपूर्वक विविधता वितरण गर्नुहुन्छ र उहाँको अनुग्रहको कारण यो विविधता हुन आएको छ। विश्वासको नापमा विविधताहरू हुन्छन्, ख्रीष्टको शरीरका कार्यहरूमा, आत्मिक वरदानहरू र उहाँले हामी प्रत्येकलाई दिनुभएको अनुग्रहमा विविधताहरू हुन्छन्। परमेश्वरले इसाईहरूको माझमा विविधतालाई ख्याल राख्नुहुनेछ र प्रत्येकको जीवनको मार्गदर्शन निर्धारण गर्नुहुन्छ।

**परमेश्वरले नम्रलाई अनुग्रह गर्नुहुन्छ।**

"जसले आफूलाई जति सोच्नुपर्ने हो त्यो भन्दा बढी सोच्छ भने" त्यो घमण्ड हो। घमण्डले लालसा वा विशेषाधिकारको अभ्यास गर्ने कुरालाई समावेश गर्छ, जुन कुरा कसैलाई मन पर्दैन। आत्म सम्मानलाई अतिरंजित गर्दा कोही पनि सुरक्षित हुँदैन। एउटा इसाई, जो अझै ठूलो हने लालसा गर्छ, अथवा अर्कै वरदानको लालसा गर्छ अथवा परमेश्वरले अनुग्रहपूर्वक उसलाई दिनुभएको भन्दा बेग्लै कार्य गर्न चाहन्छ भने उसले जानीजानी आफै उच्च पार्दैछ। नम्रता भनेको "सचेत न्यायबाट आफलाई विचार गर्ने कुरा हो" (रोमी १२:३–६)। इसाईहरूले आपूmमा नभएको वरदान पनि छ झैँ गरी विचार गर्नु हुँदैन अथवा परमेश्वरले अनुग्रहपूर्वक दिनुभएको आत्मिक वरदानलाई अस्वीकार गर्नु पनि हुँदैन। अतिरंजित आत्मसम्मान र भूmटो नम्रता दुवै बेठीक हो। परमेश्‌वरले नम्रलाई अनुग्रह गर्नुहुन्छ (१ पत्रुस ५:५–६)।

**परमेश्वरले प्रत्येक इसाईको लागि एउटा विशेष विश्वासको नाप निर्धारण गर्नुहुन्छ।**

परमेश्वरले प्रत्येक इसाईलाई विश्वासको नाप दिनुहुन्छ (रोमी १२:३)। विश्वासको नापबाट परमेश्वरले हरेकलाई मापन गर्नुभएको छ। विश्वासको नाप भन्नाले विश्वासको किसिमलाई जनाउँछ तर परिणामलाई जनाउँदैन। धेरै किसिमका "विश्वासका नापहरू"ले धेरै किसिमका तरिकाहरूलाई प्रतिबिम्बित गर्दछ, जुनचाहिँ आत्मिक वरदानहरू, कार्यहरू र जिम्मेवारीहरूको विविधताको दृष्टिकोणमा इसाईको विश्वास (ज्ञान, भरोसा र आज्ञाकारिताको रूपमा) स्थानीय मण्डली र विश्वव्यापी मण्डलीमा रहनेगरी अभ्यास गरिएको छ। परमेश्वरको सार्वभौमिक अनुग्रहबाट प्रत्येक इसाईले उसको आफ्नै विश्वासको नाप पाउँछ। यसरी ऊ ख्रीष्टको शरीरको अंग (सदस्य) बन्दछ, उसले आत्मिक वरदान पाउँदछ (काम वा स्थान) साथमा उसले स्थानीय मण्डली र विश्वव्यापी मण्डलीमा स्थान पनि पाउँछ (ज्ञान, भरोसा र आज्ञाकारिता) फिलिप्पी १:२९ हेर्नुहोस्) यसैबाट र यसको सीमाभित्र रहेर उसले आफ्नो आत्मिक वरदानको अभ्यास गर्नुपर्छ। हरेक आत्मिक वरदानहरू विश्वास र प्रेमद्वारा मात्रै पूर्णरूपमा अभ्यास गर्न सकिन्छ (१ कोरिन्थी १३ अध्याय)।

---

**प्रश्न ७ - आत्माका वरदानहरू र आत्माका फलहरू कसरी एक–अर्कामा फरक छन्?**

**टिप्पणी -** पवित्र आत्माका आत्मिक वरदानहरूको उपभोग गर्नु भनेको आत्मिकता वा परिपक्वताको विशिष्ट प्रमाण होइन। १ कोरिन्थी १:७ र ३:१ अनुसार कोरिन्थीको मण्डलीले सबै आत्मिक वरदानहरूको उपभोग गर्थे तापनि त्यो मण्डलीका विश्वासीहरू आत्मिक वा परिपक्व थिएनन् बरु संसारिक र ख्रीष्टमा दूधे बालकहरू थिए। १ कोरिन्थी १३:१ अनुसार प्रेमविना आत्मिक वरदानहरूको अभ्यास गर्दै अरू इसाईहरूको सेवा गर्नु भनेको परमेश्वरको दृष्टिमा नितान्त बेकारको कुरा हो। पवित्र आत्माद्वारा डोऱ्याइनु, पवित्र आत्माद्वारा जिउनु र उहाँद्वारा नियन्त्रण गरिनुको वास्तविक प्रमाण आत्माका वरदानहरू होइनन् तर तपाईंको जीवनमा भएका पवित्र आत्माका फलहरू हुन्। अनि "पवित्र आत्माका वरदानहरूचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयम हुन्" (गलाती ५:२२–२३)।

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र १ कोरिन्थी १२:४-७,१२-२८ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

**१. १ कोरिन्थी १२:४-७,१२-२८ बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू**

१२:१२ तपाईं ख्रीष्टको शरीरको सदस्य हुनुहुन्छ र ख्रीष्टको शरीरबाट अलग भएर तपाईं केही पनि गर्न सक्नुहुन्न भनी बुझ्नुहोस्। प्रत्येक इसाईहरूले ख्रीष्टको मण्डलीका सदस्य भएर मात्र कार्य गर्न सक्छन्।

१२:१३ पवित्र आत्माद्वारा पुनर्जन्म पाएको व्यक्ति मात्र ख्रीष्टको शरीरको एउटा असली सदस्य बन्न सक्छ भनी विश्वस्त हुनुहोस्।

१२:१५ आफैलाई तल्लो स्तरको ठान्ने विचारहरू र भावनाहरूलाई आश्रय नदिनुहोस्। ख्रीष्टको शरीरको अंगको रूपमा तपाईं ख्रीष्टका शरीरका अरू सदस्यको निम्ति एकदमै अपरिहार्य हुनुहुन्छ !

१२:१८ परमेश्वरले ख्रीष्टको शरीरमा निर्धारण गर्नुभएको तपाईंको स्थान र कार्यलाई स्वीकार गर्नुहोस्।

१२:२१ आफैलाई उपल्लो स्तरको ठान्ने विचारहरू र भावनाहरूलाई आश्रय नदिनुहोस्, तपाईं ख्रीष्टको शरीरको सदस्य भएकोले तपाईंलाई ख्रीष्टको शरीरका अरू सदस्यको पनि आवश्यकता पर्छ। तपाईंको इसाई जीवनको लागि ख्रीष्टको शरीरका अरू सदस्यहरू पनि अपरिहार्य हुन्।

१२:२५ परमेश्वरले ख्रीष्टका शरीरको सदस्यहरूलाई यसरी मिलाएर राख्नुभएको छ कि यसका सदस्यहरूले एक–अर्काको बारेमा समान चासो राख्नुपर्छ भनी बुझ्नुहोस्।

१२:२६ अरू सदस्यहरूसँगसँगै तपाईं कि त कष्ट भोग्नुहुन्छ कि आनन्द मनाउनुहुन्छ भन्ने कुरा पनि बुझ्नुहोस्।

१२: २८ परमेश्वरले उहाँको सार्वभौम तरिकाबाट विश्वव्यापी चर्च र स्थानीय चर्चमा विभिन्न किसिमका आत्मिक वरदानहरू र कार्यहरू निर्धारण गर्नुहुन्छ भन्ने कुरा सम्झनुहोस् (१ कोरिन्थी १२:११; एफिसी ४:७)।

**२. १ कोरिन्थी १२:४–७, १२–२८ बाट निकालिएका केही व्यक्तिगत प्रयोगका उदाहरणहरू**

ख्रीस्टको शरीरमा मलाई एउटा स्थान र एउटा काम दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु। अरू सदस्यहरूलाई मेरो योगदानको खाँचो छ र मलाई तिनीहरूको योगदानको खाँचो छ भनी बुझ्नु सुन्दर कुरा हो। ख्रीस्टको शरीरका सबै सदस्यहरू अपरिहार्य हुन्। परमेश्वरलाई हरेक व्यक्तिको खाँचो छ र हरेक व्यक्तिलाई परमेश्वर चाहना गर्नुहुन्छ! आत्मिक वरदानहरूले प्रचार गर्ने र शिक्षा दिने जस्ता विशिष्ट क्षमताहरूलाई जनाउँदैनन् तर मिसेनरीहरू, प्रचारकहरू, पास्टरहरू र शिक्षकहरूजस्ता विशेष कार्यहरू र अधिकारहरूलाई जनाउँछन् भन्ने तथ्यलाई म स्वीकार गर्छु। यस्ता सेवकहरू मण्डलीका नेतृत्वमा रहेका एल्डरहरूभन्दा माथि वा अलग्गै रहने हाकिमहरू हुन् भनी बाइबलमा लेखिएको छैन बरु

© 2009 DOTA 

मण्डलीका एल्डरहरू र अरू साधारण सदस्यहरूले यस्ता–यस्ता आत्मिक वरदानहरू उपभोग गरेर प्ररितीय सेवाकाइ गर्न सक्छन् भनी बाइबलका पदहरूले भन्दछन्। जसले यस्ता प्ररितीय वरदानहरू चलाउँछन् उनीहरू ख्रीष्टको शरीरका अरू आत्मिक वरदान चलाउनेहरूभन्दा बढी महत्वका छैनन्। तापनि याद गर्न लायकको कुरा के छ भने यस्ता व्यक्तिहरूको काम विशेषगरी ख्रीष्टको शरीरका अरू सदस्यहरूलाई ख्रीष्टको शरीरमा रहेर काम गर्नको लागि सुसज्जित गराउने हो भनी परिभाषित गरिएको छ (एफिसी ४:११–१२)।

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

१ कोरिन्थी १२:४–७, १२–२८ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौं। (यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| ५ | **प्रार्थना** (८ मिनेट) **अन्तरबिन्ती प्रार्थना**<br>**अरूहरूको लागि प्रार्थना गर्नुहोस्** |
|---|---|

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| ६ | **गृहकार्यको तयारी** (२ मिनेट)<br>**अर्को पाठको निम्ति** |
|---|---|

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

**१. प्रतिवद्धता -** चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा १ कोरिन्थी १२:४–७, १२–२८ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।

**२. परमेश्वरसँग व्यक्तिगत समय -** यहोशू १ देखि ४ अध्यायबाट प्रत्येक दिन आधा अध्यायबाट परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

**३. पद कण्ठ गर्नुहोस् -** "सुसमाचार १ - ५" लाई पुनरावलोकन गर्नुहोस्। आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरावलोकन गर्नुहोस्।

**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

परिशिष्ट १२

**[सङ्गति]**

**बाइबलमा उल्लेखित 'मण्डली' शब्द**

## १. 'मण्डली' भन्ने शब्द

'मण्डली' अथवा 'चर्च' भन्ने शब्द ग्रीक भाषाको 'कुरियाकोन डोमा' (kuriakon doma) भन्ने शब्दबाट आएको हो, जसको अर्थ 'परमप्रभुको घर' हुन्छ।

सुरुको ग्रीक बाइबलमा 'चर्च'लाई 'एक्लेसिया' (ekklesia) लेखिएको छ।

बाइबलमा उल्लेखित 'एक्लेसिया' शब्दको केही फरक-फरक अर्थहरू यस प्रकारका छन्

## २. मानिहरूको भेला अथवा सभा

### (१) सभा

'एक्लेसिया' कानुनी अथवा राजनैतिक समूहलाई नियमित बोलाइने सभा हो (प्रेरित १९:३९)।

### (२) भेला

'एक्लेसिया'को अर्थ मानिसहरू भेला हुनु अथवा जम्मा हुनु हो (प्रेरित १९:३२,४१)।

### (३) समुदाय (झुण्ड)

'एक्लेसिया' धार्मिक उद्देश्यको लागि जम्मा भएका इस्राएलीहरूको समुदाय हो (न्यायकर्ता २०:२; २ इतिहास २९:२८; भजन २२:२२; भजन १०७:३२; प्रेरित ७:३८)। यहाँ यो कुरा याद गर्नुहोस्, कि पुरानो करारमा इस्राएललाई 'चर्च' (Greek: ekklesia) भनिएको छ, र त्यसलाई एल्डरहरूको (Greek: presbuteroi) परिषद्ले (शिक्षकहरू र न्यायकर्ताहरूको आसनले) अगुवाइ गर्थ्यो!

## ३. इसाईहरूको समुदाय (झुण्ड)

एक्लेसिया भनेको इसाईहरूको समुदाय हो।
समुदायको कुन पक्ष भन्ने कुरा त्यो शब्द प्रयोग भएको सन्दर्भले बुझाउँछ।

(१) **एक्लेसियाले स्थानीय इसाई समुदायको सभालाई बुझाउन सक्छ।**
(१ कोरिन्थी ११:१८: १४:१९; ३ यूहन्ना ६)।

(२) **एक्लेसियाले पूर्णरूपमा इसाईहरू एकै ठाउँमा बस्ने अवस्थालाई बुझाउन सक्छ।**

- एक्लेसिया एक वचनमा (मत्ती १८:१७; प्रेरित ५:११; ८:३; १ कोरिन्थी ४:१७; फिलिप्पी ४:१५; १ तिमोथी ५:१६ मा सम्भावना)। 'हरेक एउटा मण्डली झुण्डमा' (Greek: kata ekklesian, distributive sense, प्रेरित १४:२३)।
- विशेष सहरहरूमा एक्लेसिया: यरूशलेम (प्रेरित ८:१; ११:२२); एन्टियोक (प्रेरित ११:२६; १३:१) किंक्रिया (रोमी १६:१); कोरन्थी (१ कोरन्थी १:२); थेसलोनिके (१ थेसलोनिके १:१); एफिसस (प्रेरित २:१) आदि।
- एक्लेसिया बहु वचनमा (प्रेरित १५:४१; १६:५; रोमी १६:१६; १ कोरिन्थी ७:१७; २ कोरिन्थी ८:१८-२४; २ थेसलोनिके १:४)।
- विशेष प्रान्तहरू एक्लेसिया: यहूदिया (गलाती १:२२; १ थेसलोनिके २:१४); गलातिया (गलाती १:२; १ कोरिन्थी १६:१); एसिया (१ कोरिन्थी १६:१९; प्रकाश १:४); माकेडोनिया (२ कोरिन्थी ८:१)।

**(३) एक्लेसियाले घर-घरमा भेला हुने इसाई झुण्ड (घरलु सङ्गति अथवा घरेलु मण्डली) लाई बुझाउन सक्छ।**

रोममा प्रिस्किला र अक्विलाको घरको मण्डली (रोमी १६:५) र एफिससको घरेलु मण्डली (१ कोरिन्थी १६:१९)।
नुम्फासको घरको मण्डली (कलस्सी ४:१५)।
फिलेमोनको घरको मण्डली (फिलेमोन १:१-२)।

**(४) एक्लेसियाले विश्वव्यापी इसाई मण्डलीलाई बुझाउन सक्छ, जसअन्तर्गत संसारका सबै साँचो इसाईहरू पर्दछन्।**

(मत्ती १६:१८; प्रेरित ९:३१; १ कोरिन्थी ६:४; १२:२८; एफिसी १:२२; ३:१०,२१; ५:२३-३२; फिलिप्पी ३:६; कलस्सी १:१८,२४; १ तिमोथी ५:१६ मा सम्भावना)।

**(५) यसले कहिलेकाहिँ विशेषरूपमा स्थानीय मण्डली अथवा विश्वव्यापी मण्डलीलाई चित्रण गर्दछ।**

ग्रीक शब्द एक्लेसियाले विशेष इसाई रङ्ग र विशेष अर्थ दिन्छ; जस्तै: 'परमेश्वरको मण्डली' (१ कोरिन्थी १:२; १०:३२); ख्रीष्टमा सबै मण्डलीहरू (रोमी १६:१६); परमेश्वर पिता र प्रभु येशू ख्रीष्टमा भएका थेसलोनिकेको मण्डली (१ थेसलोनिके १:१); सन्तहरूका सबै मण्डलीहरूमा (१ कोरिन्थी १४:३३); अन्यजातिहरूका सबै मण्डलीहरू (रोमी १६:४)।

## ४. पुरानो करार र नयाँ करारमा 'चर्च' अथवा 'मण्डली' भन्ने शब्द।

### (१) मण्डली संस्थागत इकाई होइन, तर यो आत्मिक इकाई हो।

पुरानो करारको विश्वासीहरू जुन 'सभा' अथवा 'मण्डली'मा थिए (Greek: ekklesia, न्यायकर्ता, २०:२; २ इतिहास २९:२८; भजन २२:२२; १०७:३२; र हिब्रू ११:१०-१६; १२:२२-२४ सँग तुलाना गर्नुहोस्), ठ्याक्कै त्यही 'सभा' अथवा 'मण्डली'मा नयाँ करारका विश्वासीहरू पर्दछन् (गलाती ४:२६; हिब्रू १३:१४)!

**पुरानो करारको सामदान (प्रस्थान २५:३१-३२)**

पुरानो करारको समयमा मन्दिरमा एउटा मात्र सामदान थियो, र त्यसमा सात वटा हाँगाहरू हुन्थे। उक्त सामदान पुरानो करारको मण्डलीको अवस्थाको (इस्राएलको) एकताको चिन्ह थियो।

**नयाँ करारको सामदानहरू (प्रकाश १:२०)**

नयाँ करारका विश्वासीहरू ख्रीष्टको एउटै शरीरमा छन् (१ कोरिन्थी १२:१२-१३), तर त्यसैगरी तिनीहरू थुप्रै स्थानीय स्वतन्त्र मण्डलीहरूअन्तर्गत पनि छन्। नयाँ करारको समयमा नयाँ करारको मण्डलीलाई पवित्र आत्माद्वारा ख्रीष्टको शरीर र सात वटा सामदानहरूद्वारा सक्रियरूपमा चित्रण गरिन्छ। नयाँ करारको समयमा पुरानो करारको जस्तो एउटा मात्र सामदान छैन, तर सात वटा सामदानहरू छन् र ती प्रत्येकमा एउटा बत्ती छ। तिनीहरूले नयाँ करारको समयमा संसारभरिको सबै स्थानीय स्वतन्त्र मण्डलीहरूको प्रतिनिधित्व गर्दछ (प्रकाश २:७)।

यसर्थ, नयाँ करारको समयमा इसाई मण्डलीहरूले तिनीहरूको एकता दृश्य संस्थामा (अथवा सम्प्रदायमा) होइन, तर पवित्र आत्माद्वारा सक्रियरूपमा उपस्थित हुनुहुने येशू ख्रीष्टद्वारा एक-आपसमा आत्मिक एकता भेट्टाउँछन्।

**ख्रीष्टको शरीर**

ख्रीष्टको शरीरजस्तो मण्डलीको स्वरूप (एफिसी ४:१२) र उक्त एउटै शरीरको सदस्यहरू भएका सबै इसाईहरूले संस्थागतरूपमा सबै इसाई मण्डलीहरू एक-अर्कोबाट स्वतन्त्र छन्, तर तिनीहरू ख्रीष्टबाट (शिरबाट) स्वतन्त्र छैनन् भनी देखाउँछ। तिनीहरूले ख्रीष्टमा मात्र आफ्नो आत्मिक एकता भेट्टाउँछन्। त्यो शरीरको सबै सदस्यहरू कुनै अर्को सदस्यबाट नियन्त्रित हुँदैनन्, तर तिनीहरूका शिर, येशू ख्रीष्टबाट मात्र नियन्त्रित हुन्छन्। त्यसकारण ख्रीष्टको शरीरको कुनै सदस्यले उक्त शरीरको अर्को सदस्यमाथि शासन गर्न सक्दैन। त्यसैगरी कुनै 'आमा मण्डली' भन्ने कुनै मण्डलीले त्यसको कुनै 'छोरी मण्डलीमाथि' शासन गर्नु हुँदैन।

### (२) विश्वव्यापी मण्डली सम्प्रदायहरूबाट बनिएको हुँदैन।

कुनै इसाई आधुनिक सम्प्रदायको बारेमा बाइबलको कुनै पनि ठाउँमा चर्चा गरिएको छैन।

### (३) कुनै स्थानीय मण्डलीसँग छाता संस्था छैन।

कुनै छाता संस्थाको अधिनमा स्थानीय मण्डलीहरू भएको प्रमाण बाइबलमा कतै उल्लेख गरिएको छैन।

### (४) बाइबलमा विश्वव्यापी मण्डली अथवा स्थानीय मण्डली कुनै राज्यको मण्डली अथवा राष्ट्रिय मण्डली अथवा विशेष जातिको मण्डली भनी उल्लेख गरिएको छैन।

राज्यको मण्डली अथवा राष्ट्रिय मानिसहरूको मण्डली भन्ने बारेमा बाइबलमा कुनै प्रमाण छैन: यहूदीहरू र ग्रीकहरू मिलेर रोममा (रोमी १४ अध्याय) र एफिससमा (एफिसी २ अध्याय) स्थानीय मण्डली स्थापना गरे।

## ५. 'एक्लेसिया' भन्ने शब्दको अर्थ

सारा संसारमा ख्रीष्टको शरीर भनी नबुझाएसम्म 'एक्लेसिया' भन्ने शब्दले सधैँ कुनै विशेष स्थानको 'स्थानीय मण्डलीलाई' बुझाउँछ। ख्रीष्टको शरीर आत्मिक वास्तविकता हो। स्वतन्त्र मण्डलीहरूबीचको आत्मिक एकतालाई ख्रीष्टको आत्माले, बाइबलको सत्यताले अनि ती स्थानीय मण्डलीहरूबीचको परामर्श र सहकार्यले कायम राखेको हुन्छ।

| | |
|---|---|
| **परिशिष्ट १३** | **[सङ्गति]**<br>**इसाई मण्डलीको काम र स्वरूप** |

इसाई समुदायमा (मण्डलीमा) ठूलो विविधता सृजना गर्नको निम्ति इसाई समुदायमा (मण्डलीमा) हुने कामहरू र स्वरूपहरू (ढाँचाहरू) बीचको भिन्नता के हो?

## १. काम र विविधता

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** इसाई मण्डलीले (चर्चले) कसरी काम गर्नु पर्दछ?

**(१) इसाई मण्डलीको (समुदायको) सदस्यहरूले विविधतालाई स्वीकार गर्नु पर्दछ।**

रोमी १२:४-८; १ कोरिन्थी १२:४-७,१८,२८ पढ्नुहोस्।
टिप्पणी - ख्रीष्टको शरीर (विश्वव्यापी मण्डली) एउटै भए तापनि, यसभित्र धेरै किसिमका सदस्यहरू हुन्छन्। ती सदस्यहरू हरेक जाति, भाषा, कुल र राष्ट्रबाट आएका हुनाले त्यहाँ विविधता हुन्छ (प्रकाश ५:९)। त्यसैगरी उक्त शरीरमा फरक-फरक आत्मिक वरदानहरू, आत्मिक कामहरू (कार्यभारहरू), सेवकाइहरू र स्थानहरू भएकोले त्यहाँ विविधता हुन्छ।

**वरदानहरू -** इसाई मण्डलीका सदस्यहरूलाई विभिन्न किसिमका साधारण अनि असाधारण आत्मिक वरदानहरू दिइएकोले गर्दा, त्यसको आधारमा त्यहाँका सदस्यहरूमा विविधता हुन्छ (१ कोरिन्थी ३:५; १२:४)।

**सेवकाइहरू -** परमेश्वरले मण्डलीका सदस्यहरूलाई तोकिदिनुभएको फरक-फरक सेवकाइहरूको आधारमा इसाई मण्डलीको सदस्यहरूमा विविधता हुन्छ (१ कोरिन्थी १२:४,२८; मर्कूस १३:३४), र त्यसैगरी उक्त शरीरमा पवित्र आत्माले तिनीहरूद्वारा प्रकट गर्नुहुने उहाँको कामद्वारा पनि तिनीहरूमा विविधता हुन्छ (१ कोरिन्थी १२:५-७)। उदाहरण: मानौं, दुई जना इसाईहरूले शिक्षा दिने आत्मिक वरदान प्राप्त गरेका छन् भने परमेश्वरले तिनीहरूमध्ये एक जनालाई विशेषगरी बाल-बालिकाहरूको शिक्षक भई सेवा गर्ने काममा नियुक्त गर्नुहुन्छ (बोलाट दिनुहुन्छ) र अर्को व्यक्तिलाई चाहिँ विशेषगरी बयस्कहरूको माझमा शिक्षक भई सेवा गर्नको निम्ति नियुक्त गर्नुहुन्छ (बोलावट दिनुहुन्छ)। पहिलो इसाईले विशेषगरी चित्रहरू कोरेर अनि बाइबलका कथाहरू भनेर आफ्नो सिकाउने क्षमतालाई प्रकट गर्दछ भने अर्को इसाईले चाहिँ असल किसिमले बाइबल अध्ययनको निम्ति मानिसहरूलाई डोऱ्याएर आफ्नो सिकाउने क्षमतालाई प्रकट गर्दछ।

**स्थान -** परमेश्वरले मण्डलीको सदस्यहरूलाई शरीरमा फरक-फरक स्थानहरूमा नियुक्त गर्नुभएको आधारमा इसाई मण्डलीको सदस्यहरूमा विविधता हुन्छ (१ कोरिन्थी १२:१८)। उदाहरण: मानौं, दुई जना इसाईहरूले दया देखाउने आत्मिक वरदान प्राप्त गरेका छन्। तिनीहरूमध्ये एक जनालाई परमेश्वरले आफ्नै मण्डलीका गरिबहरूलाई सहायता गर्न नियुक्त गर्नुहुन्छ (बोलावट दिनुहुन्छ) भने अर्को व्यक्तिलाई चाहिँ उसको आफ्नै स्थानीय समुदाय अथवा त्योभन्दा बाहिरको समुदायमा भएका गरिब, अन्धा र अपाङ्गहरूलाई सहायता गर्न नियुक्त गर्नुहुन्छ (बोलावट दिनुहुन्छ)।

**समानता (एकरूपता) -** आत्मिक समानताले थुप्रै खाली ठाउँहरू उत्पन्न गरी मण्डलीलाई अपूर्णतातिर डोऱ्याउँछ। यदि हरेक व्यक्ति शिक्षक भयो भने कसले दया देखाउने सेवा गर्नेछ? अर्को कुरा के हो भने आत्मिक समानताले अनेकतातिर पनि डोऱ्याउँछ, किनभने धेरै सदस्यहरूले उक्त मण्डलीमा आफ्नो सेवाअनुसारको कामको निम्ति (आत्मिक वरदान अथवा सेवकाइको निम्ति) ठाउँ पाउन सक्दैनन्। सामाजिक समानताले गरिब र अशिक्षितहरूलाई भेदभाव र वहिष्कार गर्ने जोखिमतिर डोऱ्याउँछ (याकूब २:१-१०)। जातीय समानताले जातीय भेदभावतिर डोऱ्याउँछ (प्रेरित १०:९-१६,२८३४-३५)। साँस्कृतिक समानताले चाहिँ अर्को भाषा र सँस्कृतिका मानिसहरूलाई वहिष्कार गर्ने मात्र होइन, त्यसले प्राय: उक्त सँस्कृतिको पृष्ठभूमिको पापपूर्ण साँस्कृतिक ढाँचाहरूलाई कायम राख्ने र लाद्ने काम पनि गर्दछ; जस्तै: अधिकार प्रयोग गर्ने अगुवापनको अभ्यास, अयोग्य ढङ्गमा आमा-बुबा र पाका व्यक्तिहरूप्रति आज्ञाकारी हुनैपर्ने अवस्था र बाइबलको स्पष्ट शिक्षालाई साँस्कृतिक परम्पराहरूद्वारा विस्थापित गर्ने जोखिम उत्पन्न गर्छ (मर्कूस ७:५-१३)।

**विविधता -** साँचो इसाई मण्डली अथवा समुदायको (विश्वव्यापी अथवा स्थानीय) विशेषता भनेको एकरूपता होइन विविधता हो (१ कोरिन्थी १२:१४-२०)। आत्मिक विविधताले साँचो एकतातिर डोऱ्याउँछ, किनभने त्यहाँ हरेक इसाईको सेवा खाँचो पर्छ र हरेक इसाईले अरूहरूलाई सेवा गर्नुपर्ने हुन्छ (१ पत्रुस ४:१०-११)। सामाजिक विविधताले बाँडचुँड गर्ने सेवकाइलाई सम्भव तुल्याउँछ; जस्तै: मण्डलीका धनी व्यक्तिहरूले गरिब र खाँचोमा परेकाहरूलाई आफूसँग भएका थोकहरू बाँडचुँड गर्न सक्छ (याकूब २:५)। त्यसैगरी जातीय विविधताले मिसनको कामलाई सम्भव तुल्याउँछ (प्रेरित ८:२७-३१;

१०:२४-२८,३४-३५)। साँस्कृतिक विविधताले ख्रीष्टको शरीरको एकतालाई प्रदर्शन गर्न सम्भव तुल्याउँछ (१ कोरिन्थी १२:१२-१३)। यदि विश्वव्यापी मण्डलीसँग यस्ता विविध किसिमका सदस्यहरू छन् भने, त्यसले के गर्नुपर्ने हो, सो काम गर्न सक्छ। यदि ती सबै विविध किसिमका सदस्यहरूलाई त्यसको केन्द्र, शिर, येशू ख्रीष्टले शासन गर्नुभयो भने मात्र विश्वव्यापी मण्डली कस्तो हुनुपर्ने हो, सोहीअनुरूप बन्न सक्छ।

**(२) इसाई मण्डलीको (समुदायको) सदस्यहरू एक-आपसमा निर्भर हुनुपर्दछ।**

१ कोरिन्थी १२:२१-२७ पढ्नुहोस्।
**टिप्पणी -** इसाई मण्डलीमा (समुदायमा) ठूलो अथवा सानो भन्ने भावना र मूल्याङ्कनको लागि कुनै कारण र स्थान छैन। आँखालाई कानको खाँचो पर्छ अनि हातलाई गोडाको खाँचो पर्छ। इसाई शरीरलाई (समूहलाई) काम गर्नको निम्ति प्रत्येक मण्डलीको प्रत्येक सदस्यको आवश्यक्ता पर्छ। प्रत्येक सदस्यले अरू सदस्यहरूको निम्ति चासो र वास्ता देखाउन पहल गर्नुपर्छ। यसको अर्थ के हो भने मण्डलीका सदस्यहरूले एक अर्काप्रतिको जिम्मेवारीहरू पूरा गर्नुपर्दछ! तिनीहरूले आफ्नो स्थानीय मण्डलीप्रतिको जिम्मेवारीहरू मात्र पूरा गर्ने होइन, तर विश्वव्यापी ख्रीष्टको शरीरको सदस्यहरूप्रतिको जिम्मेवारीहरूलाई पनि पूरा गर्नुपर्दछ।

## २. काम र स्वरूप

**(१) इसाई मण्डलीको ऐतिहासिक स्वरूप**
प्रेरित २:४२-४७; ४:३४-३५; ६:१-७; १०:४७-४८; १ कोरिन्थी ११:१७-२२; २ कोरिन्थी १३:१२; १ तिमोथी २:८ पढ्नुहोस्।
**छलफल गर्नुहोस् र पत्ता लगाउनुहोस् -** इसाई मण्डलीमा हुने स्वरूपहरूको बाइबलीय उदाहरणहरू के-के हुन्?
**टिप्पणी -** इसाई मण्डलीले सुहाउँदो र समकालीन स्वरूपहरूमा आफ्ना कामहरूलाई प्रकट गर्नुपर्दछ।

- यरूशलेमको पहिलो मण्डली हप्ताको एकपटक मात्र भेला हुनुको (प्रेरित २०:७) सट्टामा हरेक दिन एकसाथ भेला भई आफ्नो सङ्गतिलाई प्रकट गरे (प्रेरित २:४६)।
- तिनीहरू घरमा भेला हुनुको सट्टामा (रोमी १६:५) मन्दिरको चोकमा एकसाथ भेला हुन्थे (प्रेरित २:४२,४६)।
- तिनीहरूले प्रभु-भोजलाई मण्डली हुने आराधना सेवामा विशेष समारोहको रूपमा मनाउनुको सट्टामा (१ कोरिन्थी ११:१७-२२) घर-घरमा खाना खाँदा सबै मिलेर एकसाथ रोटी भाँचेर प्रकट गरे।
- तिनीहरूले नियमितरूपमा सेवामा भेटी दिनुको सट्टामा (१ कोरिन्थी १६:१-२) आ-आफ्नो हरेक थोक साझा बनाउनु र प्रशस्त हुनेले खाँचो परेकाहरूलाई दिने कामलाई प्रकट गरे (प्रेरित २:४४-४५; ४:३४-३५)।
- तिनीहरूले साधारण विश्वासीहरूलाई अपेक्षा नगरिएको समस्याहरू र चुनौतिहरू समाधान गर्न लगाउनुको सट्टामा (मर्कूस १३:३४; १ पत्रुस ४:१०-११) त्यस्ता समस्याहरू र चुनौतिहरूलाई व्यवस्थित गर्न डिकनहरू छान्ने र नियुक्त गर्ने काम गरे (प्रेरित ६:१-७)।
- येशू ख्रीष्टका अनुयायीहरूले नयाँ विश्वासीहरूलाई नदीमा लगेर बप्तिस्मा दिनुको सट्टामा (मर्कूस १:४-८) घरमा नै बप्तिस्मा दिए (प्रेरित ९:१७-१८; १०:४७-४८; २२:१६)।
- तिनीहरूले एक-अर्कालाई पवित्र चुम्बनले अभिवादन गर्थे (२ कोरिन्थी १३:१२)।
- प्राय: तिनीहरूले पुरानो करारको परम्पराअनुसार आफ्ना हातहरू उठाएर प्रार्थना गर्थे (१ तिमोथी २:८; भजन १४३:२ सँग तुलना गर्नुहोस्।

जेजस्तो भए तापनि बाइबलमा कहीँ पनि इसाईहरूलाई त्यस्तै ढाँचालाई पछ्याउनुपर्छ भनी सिकाइएको अथवा आज्ञा गरिएको छैन भन्ने कुरालाई ध्यान दिनुहोस्! बाइबलमा कहीँ पनि इसाईहरूलाई यस्ता कुराहरू गर्नको निम्ति जबरजस्ती गरिएको छैन!

**(२) कार्यहरू परिवर्तन भएका ऐतिहासिक ढाँचाहरू**

मत्ती १५:१-९; २३:२५-२८; गलाती ६:१२-१६ पढ्नुहोस्।
छलफल गर्नुहोस् र पत्ता लगाउनुहोस् - कार्यहरू परिवर्तन भएका ढाँचाहरूको बाइबलीय उदाहरणहरू के-के हुन्?
**टिप्पणी -** परम्परागत ढाँचाहरूलाई कार्यहरूमा परिवर्तन गर्ने कुराको विरुद्धमा विश्वव्यापी मण्डलीलाई चेताउनी दिइएको छ। इसाईहरूले आफ्नो मण्डलीमा बाइबलको प्रकाशको विरुद्धमा हुने ढाँचाहरूलाईलाई कार्यहरूमा परिवर्तन गर्नु हुँदैन। जस्तै:

- इसाईहरूले तन्त्र-मन्त्रको अनुचित अभ्यासहरूलाई आफ्नो सँस्कृतिर र मण्डलीमा भित्र्याउनु हुँदैन (व्यवस्था १८:९-१३ सँग तुलना गर्नुहोस्)।
- इसाईहरूले बाइबलको प्रकाशलाई उल्लङ्घन गर्ने त्यस्ता परम्परागत ढाँचाहरूलाई पक्रेर आफ्नो मण्डलीभित्र लागू गर्नुहुँदैन। परमेश्वरको वचनलाई कमजोर र व्यर्थ  बनाउने सबै किसिमका परम्परागत ढाँचाहरूलाई इसाईहरूले रोक्नैपर्छ। उदाहरणको लागि खानुभन्दा अगाडि हात धुने अनि त्यसैगरी कचौराहरू र भाँडाहरू धुने फरिसीहरूको बाहिरी ढाँचाहरू अनि खतना गर्नैपर्ने तिनीहरूको वाध्यात्मक नियमहरूलाई लिन सकिन्छ।
- ख्रीष्टको शरीरमा एल्डरहरू नियुक्त गर्नुको सट्टामा (प्रेरित २०:१७,२८; १ तिमोथी ४:१४) मण्डलीमा संस्थागत अधिकार चलाउने एक जना अगुवा राख्ने व्यवस्थाले बाइबलको शिक्षालाई उल्लङ्घन गर्दछ (३ यूहन्ना ९-११)।
- अर्को उदाहरणचाहिँ विशेष किसिमले पानीको बप्तिस्मा दिनैपर्ने वाध्यात्मक नियमलाई लिन सकिन्छ, जुन कुरा बाइबलमा कहीँ पनि सिकाइएको छैन।
- इसाईहरूले अर्थ नै गुमाइसकेका परम्परागत ढाँचाहरूलाई पक्रेर आफ्नो मण्डलीमा अभ्यास गर्नुहुँदैन। देखाउनको लागि गरिएका त्यस्ता ढाँचाहरूलाई येशूले दोष्याउनु भयो (मत्ती २३:२५-२९)।
- यद्यपि हरेक इसाई कार्य कुनै किसिमको ढाँचामा प्रकट हुने भए तापनि इसाई समुदायको हरेक परम्परागत ढाँचाले कहिले पनि धर्मशास्त्रलाई उल्लङ्घन गर्नु हुँदैन (मत्ती १५:१-९)। त्यस्ता कुराहरू अर्थपूर्ण हुनुपर्छ र त्यसलाई इमान्दारीपूर्वक अभिव्यक्त गरिनुपर्छ र त्यसलाई अरू इसाईहरूलाई जबरजस्ती लाद्नु हुँदैन।
- बाहिरी कुराहरूले राम्रो प्रभाव पार्ने अथवा परम्परागत ढाँचहरूलाई जोड दिनेहरूको सतावटलाई अलग गर्ने कुराहरूको विरुद्धमा प्रेरित पावलले चेताउनी दिएका छन् (गलाती ६:१२-१६)।

**(३) बाइबलीय र राष्ट्रको सस्कृतिमा उचित किसिमले स्वीकार गर्न सकिने प्रासङ्गिक (सान्दर्भिक) ऐतिहासिक ढाँचाहरू**

प्रेरित १०:२२,२४,२७; १६:१३-१६; १६:२९-३४; १७:१-४; १८:७-८; १९:८-१० पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - कुन समकालीन ढाँचाहरू बाइबलीयरूपमा ठीक र प्रासङ्गिक हुन्छ (राष्ट्रको सँस्कृतिमा स्वीकार गर्न सकिने हुन्छ)?
**टिप्पणी -** मण्डलीले बाइबलीय ढाँचाहरूलाई यस्तो किसिमले प्रकट गर्नुपर्दछ, कि ती कुराले धर्मशास्त्रलाई उल्लङ्घन नगरीकन उक्त सँस्कृतिमा उचित किसिमले स्वीकारिएको होस्।

- मानिसहरूसँगको सम्बन्धहरूको साझा सञ्जाल समूह (प्रेरित १०:२४,२७) - कर्नेलियस नाउँ भएको सैनिक कप्तानले पत्रुसलाई आफ्नो घरमा (Greek: oikos) आएर प्रचार गर्न निमन्त्रणा दिए। उसले त्यहाँ आफ्ना नातेदारहरू र घनिष्ठ मित्रहरूलाई पनि बोलाएका थिए। कर्नेलियसको घरमा भेला भएका ती ठूलो समूहका मानिसहरू नै अन्यजातिहरूको पहिलो इसाई समुदाय अथवा मण्डली (घरेलु सङ्गति अथवा घरेलु मण्डली) भए। तपाईंले आफ्ना कुन नातेदारहरूलाई, घनिष्ठ साथीहरूलाई, सहकर्मी अनि सहपाठीहरूलाई अथवा छिमेकीहरूलाई आफ्नो घरमा बोलाएर सुसमाचार सुनाउन सक्नुहुन्छ?
- समान सामाजिक संरचना भएको समूह (प्रेरित १६:१३-१५,२९-३४) - नदी किनारमा प्रार्थना गर्न आएका मानिसहरूलाई प्रेरित पावलले प्रचार गरे। त्यतिबेला लिडिया नाउँकी स्त्री युरोपमा ख्रीष्टलाई पछ्याउने प्रथम व्यक्ति बनिन्। तिनको घरानाको (Greek: oikos) सदस्यहरू पनि ख्रीष्टको अनुयायी बने (प्रेरित १६:१३-१५)। त्यसैगरी पावलले झ्यालखानको हाकिमलाई पनि प्रचार गरे। उक्त झ्यालखानको सम्पूर्ण घराना (Greek: panoikei) पनि ख्रीष्टको अनुयायीहरू बने (प्रेरित १६:२९-३४)।
- परिवार अथवा घराना (Greek: oikos) भनेको समान सामाजिक संरचना अँगाल्ने मानिसहरूको समूह हो। तिनीहरू प्राय: उही ठाउँमा बसोबास गर्छन्, सँगसँगै काम गर्छन् (मालिक र नोकरहरू अनि रोजगारदाता र कामदारहरू), र एकसाथ भेला भएर आराधना गर्छन्। तपाईंको क्षेत्रमा कस्तो किसिमको सजातीय मानिसहरू मिलेर परिवार अथवा घराना बनेका छन्? (विद्यार्थीहरू, सैनिक अथवा प्रहरीहरू, सानो उद्यम गर्नेहरू, जवान विवाहित दम्पत्तिहरू, कारखानामा काम गर्ने मजदूरहरू, पहाडी मूलका जातिहरू, अल्पसङ्ख्यक मानिसहरूको समूह आदि)। तीमध्ये कुन परिवार अथवा घरानालाई तपाईं सुसमाचार सुनाउन सक्नुहुन्छ?
- समान रुचि भएका मानिसहरूको समूह (प्रेरित १७:१-४) - पावल यहूदी मानिस भएकोले गर्दा आफ्नो रीतिअनुसार स्थानीय सभाघरका मानिसहरूको समूहलाई जम्मा गरेर हप्तौंसम्म बाइबलको बारेमा छलफल गर्दथे। त्यसो गर्नुको उद्देश्य भनेको ती मानिसहरूले ख्रीष्टलाई पछ्याउन सकून् भनी सम्झाइ-बुझाइ गर्नु हो। त्यसरी नै बाइबमा उल्लेखित

© 2009 DOTA

सुसमाचारको बारेमा छलफल गर्न मण्डलीको कुन समूहका मानिसहरूलाई तपाईंले जम्मा गर्न सक्नुहुन्छ? अथवा कुन अन्य धार्मिक स्थल अथवा ठाउँ गई तपाईं त्यो काम गर्न सक्नुहुन्छ?

**(४) ढाँचाहरूको निम्ति मार्गदर्शन।**

**पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् -** इसाई मण्डलीले छान्ने ढाँचालाई कुन मार्गदर्शनले निधो गर्नुपर्दछ?
**टिप्पणी -**

- **आत्मा र सत्यता** (यूहन्ना ४:१९-२४) - आराधनाको सबै ढाँचाहरू आत्मा र सत्यतामा प्रकट गर्ने समय आएको छ भनी येशू ख्रीष्टले घोषणा गर्नुभयो (यूहन्ना ४:१९-२४)। परमेश्वरको आराधना गर्ने इसाईको आत्माको मनोवृत्ति उक्त आराधनालाई बाहिरबाट देखाउने होइन (यशैया १:१३-१५), तर आन्तरिक आराधना हुनैपर्छ। त्यसरी परमेश्वरको आराधना गर्दा उक्त व्यक्तिले अरूहरूलाई क्षमा दिएर, आफ्नो जीवन परमेश्वरमा आत्मसमर्पण गरेर, भक्तिपूर्ण जीवन जिएर अनि परमेश्वर को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ भन्ने कुरामा केन्द्रित भएर आन्तरिकरूपमा उसले परमेश्वरको आराधना गर्दछ। अनि परमेश्वरको आराधना गर्ने इसाईको मनोवृत्ति बाइबलमा परमेश्वरले प्रकट गर्नुभएको सत्यताअनुरूप हुनैपर्छ।
- **बाइबल** (१ कोरिन्थी ४:६) - "बाइबलमा लेखिएकोभन्दा बाहिर नजानू" भन्ने शिक्षालाई प्रेरित पावलले आफूमा र आफ्ना सहकर्मीहरूमा लागू गरेका छन्। बाइबलमा लेखिएका कुराले यसमा क्रमवद्ध प्रकाश छ भन्ने तथ्यलाई प्रकट गर्दछ। पुरानो करारलाई नयाँ करारले पक्का गरिदिएको छ (हिब्रू ८:५-१३)। त्यसकारण पुरानो करारलाई सधैं नयाँ करारको प्रकाशमा अर्थ खोल्नैपर्छ। पुरानो करारको थुप्रै कार्यहरू र ढाँचाहरू पूरा भइसकेका छन्; त्यसैकारण ती रद्द र समाप्त भइसके (मत्ती ५:१७; कलस्सी २:१४; एफिसी २:१५ सँग तुलना गर्नुहोस्)।
- **आचरण र शिक्षा-सिद्धान्त -** प्रेरित पावलले जीवित परमेश्वरको मण्डली (Greek: ekklesia) अर्थात् परमेश्वरको घरानामा (Greek: oikos) रहेर मानिसहरूले कस्तो व्यवहार गर्नुपर्दछ भन्ने विषयमा स्पष्टसँग लेखेका छन् (१ तिमोथी ३:१५)। असल शिक्षा, सार्वजनिक आराधना, पुरुष र महिलाबीचको सम्बन्ध, मण्डलीमा अगुवाहरूको नियुक्ति, एल्डरहरूको जिम्मेवारीहरू, मण्डलीभित्र भएका विशेष समूहरू; जस्तैः वृद्ध महिलाहरू, नोकरहरू र धनीहरू, त्यसैगरी ईश्वरभक्ति, धार्मिकता, विश्वास, प्रेम, धैर्यता र भद्रता कायम राख्ने- यी विषयहरूमा तिनले असल शिक्षाहरू दिएका छन् (१ तिमोथीको पत्रमा)। "आफ्नो जीवन र शिक्षालाई नजिकबाट नियाल्नू" (१ तिमोथी ४:१६)।
- **फाइदाजनक अनि रचनात्मक** (१ कोरिन्थी १०:२३) - मण्डलीमा केही कार्यहरू आदेशात्मक छन्, र अरूहरूचाहिँ अनुमति दिने खालका छन् तर ती अनिवार्य हुनु आवश्यक छैन। यद्यपि मण्डलीमा थुप्रै कार्यहरूले हरेक अवस्थामा अनुमति पाउन न्यायसङ्गत भए तापनि ती हरेक अवस्थामा फाइदाजनक र रचनात्मक नहुन पनि सक्छन्।
- बोलावट अथवा काम (१ कोरिन्थी ३:५-१५) - विश्वव्यापी मण्डलीले सबै कार्यहरू सम्पूर्णरूपमा गर्ने भए तापनि केही विशेष कामको निम्ति परमेश्वरले हरेक व्यक्तिलाई फरक किसिमले बोलावट दिनुहुन्छ। उहाँले प्रत्येक व्यक्तिलाई उहाँको विशेष काम गर्न तोकिदिनुहुन्छ। कुनै विशेष कामको निम्ति फरक समर्पणताले गर्दा त्यसको ढाँचा फरक हुनसक्छ; जस्तैः भवनको जग बनाउने काम सुन, चाँदी अथवा बहुमूल्य पत्थरहरूजस्ता फरक-फरक वस्तुहरूबाट निर्मान गर्न सकिन्छ।
- **प्रासङ्गिगत बनाउनु** (सँस्कृतिमा स्वीकारयोग्य तुल्याउनु) - परमेश्वरको बोलावट भनेको जिम्मेवारी हो, तर त्यही समयमा त्यो आराम पनि हो, किनभने हरेक महिमित अवसरलाई कायम राख्न खाँचो पर्दैन। आफूलाई सीमित पार्न हामीलाई अनुमति छ। ख्रीष्टको शरीरमा हामीलाई फरक-फरक काम गर्न अनुमति छ। त्यो कामलाई बाइबलीय ढाँचामा अभिव्यक्त गर्न हामीलाई अनुमति छ, जुन त्यही समयमा त्यसको सँस्कृतिमा उचित किसिमले स्वीकार गरिनुपर्छ (प्रासङ्गिगक हुनुपर्छ)।

परिशिष्ट १४

## [सङ्गति]
## मण्डली ख्रीष्टको शरीरको रूपमा हुनु अपरिहार्य छ

इसाई मण्डलीबिना के कुनै इसाईलाई विश्वासीको हैसियतले वृद्धि हुन र सेवा गर्न सम्भव हुन्छ?

### १. पृथ्वीको मानिसहरूलाई केवल दुई जनाले मात्र प्रतिनिधित्व गर्छ।

रोमी ५:१७-१९; १ कोरिन्थी १५:२१-२२,४५ पढ्नुहोस्।

**(१) पृथ्वीका सबै मानिसहरूको प्रतिनिधि दुई जना छन्।**
हराएका सबै मानिहरूको (मानवजातिको) प्रतिनिधित्व गर्ने शरीरको शिर आदम हुन्। बचाइएका सबै मानिसहरूको (मण्डलीको) प्रतिनिधित्व गर्ने शरीरको शिर ख्रीष्ट हुनुहुन्छ। सारा संसारको मानवजातिको शिर आदम हुन्। विश्वव्यापी मण्डलीको शिर ख्रीष्ट हुनुहुन्छ, र त्यसैगरी उहाँ सारा संसारको हरेक स्थानीय मण्डलीको पनि शिर हुनुहुन्छ। सारा संसारमा भएका विश्वासीहरूको समुदायलाई बाइबलमा 'ख्रीष्टको शरीर' भनिएको छ (एफिसी १:२२)। प्रेरितहरूको विश्वासको सारअनुसार त्यसलाई 'एउटै विश्वव्यापी इसाई मण्डली' भनिन्छ।

- पहिलो आदम (पहिलो मानिस) प्राचिन मानवजातिको प्रमुख प्रतिनिधि हुन्, जसमा संसरको हरेक स्थानका मानिसहरू र संसारको इतिहासभरिकै स्वभाविक तर पतन भएका मानिसहरू पर्दछन्।
- दोस्रो आदम (येशू ख्रीष्ट) नयाँ मानवजातिको प्रमुख प्रतिनिधि हुनुभयो, जसमा पुरानो करारको समयमा मसिहको अपेक्षा गर्ने सबै विश्वासीहरू अनि नयाँ करारको समयमा येशू ख्रीष्टमा विश्वास गर्ने सबै पर्दछन्। येशू ख्रीष्ट संसारको हरेक ठाउँ अनि येशू ख्रीष्टमा विश्वास गर्ने संसारको इतिहासभरिका सबै विश्वासीहरूको प्रमुख प्रतिनिधि हुनुहुन्छ। येशू ख्रीष्ट पृथ्वीमा आउनुको सम्पूर्ण उद्देश्य भनेको हराएको मानजातिलाई एक मात्र परमेश्वरसँगको सङ्गतिमा पुनर्स्थापित गर्नु हो!

**(२) शरीर त्यसको शिरको जीवनको भागिदार हुन्छ।**

- पहिलो आदममा बाँधिएका सबै मानिसहरू उक्त पहिलो आदमको पापको पतनमा भागिदार हुन्छन्। मानवीय जन्मद्वारा पहिलो आदममा जोडिएका सबै मानिसहरू उक्त पहिलो मानवको पापमा (अय्यूब १४:४; भजन ५१:५), मृत्युमा (रोमी ५:१२,१७) र दोषमा (रोमी ५:१८) भागिदार हुन्छन्।
- दोस्रो आदममा (येशू ख्रीष्टमा) बाँधिएका सबै मानिसहरू येशू ख्रीष्टले प्राप्त गर्नुभएको धार्मिकतामा (मुक्तिमा) भागिदार हुन्छन्। दोस्रो आदममा जोडिएका सबै मानिसहरू परमेश्वरको क्रोधबाट बचाइएका छन् र परमेश्वरसँग तिनीहरूको पुनर्मिलाए भएको छ (रोमी ५:९-१०)। आत्मिक पुनर्जन्मद्वारा दोस्रो आदममा जोडिएका सबै मानिसहरू उक्त दोस्रो आदमको (येशू ख्रीष्टको) धार्मिकता र नयाँ जीवनमा भागिदार हुन्छन् (रोमी ५:१४-१९; १ कोरिन्थी १५:२२)।

### २. पृथ्वीमा दुई वटा समुदायहरू मात्र छन्।

यसकारण, यो संसारमा मानिसहरूको दुई वटा मात्र समुदायहरू छन्। हरेक व्यक्ति यीमध्ये एउटा समुदायभित्र पर्दछ।

**(१) अविश्वासीहरूको समुदायलाई संसार भनिन्छ।**
"संसार" (१ यूहन्ना २:१५-१७) अथवा "अन्धकारको राज्य" (कलस्सी १:१३)।

**(२) येशू ख्रीष्टमा विश्वासीहरूको समुदायलाई मण्डली भनिन्छ।**
"मण्डली (विश्वव्यापी)" (मत्ती १६:१८) अथवा "ख्रीष्टको शरीर" (एफिसी ५:२३) अथवा "परमेश्वरको राज्य" (मर्कूस १०:२५-२६)। विश्वासीहरूको समुदाय यो संसारको होइन, तर यो अझै संसारमा छ (यूहन्ना १७:१४-१६)। उक्त विश्वासीहरूको समुदाय संसारमा भएको अन्धकारमा ज्योति भएर चम्कन्छ र नून भएर धुने, सुरक्षा दिने र स्वाद दिने काम गर्दछ (मत्ती ५:१४-१६)।

## ३. मुक्तिको निश्चयतालाई ख्रीष्टको शरीरभित्र अनुभव गरिन्छ।

**(१) येशू ख्रीष्टमा मात्र मुक्ति सम्भव छ।**
येशूले भन्नुहुन्छ: "बाटो। सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६)। "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२)। "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ (२ कोरिन्थी ५:१७)! "जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन (१ यूहन्ना ५:१२)।

**(२) मुक्तिको निश्चयता ख्रीष्टको शरीरमा अनुभव गरिन्छ।**

- मुक्तिको निश्चयता ख्रीष्टसँगको व्यक्तिगत सम्बन्धमा अनुभव गरिन्छ। 'ख्रीष्टमा हुनु' भन्ने कुरासँग आत्मिक र व्यवहारिक अर्थ छ।

- आत्मिकरूपमा यसको अर्थ येशू ख्रीष्टले विश्वासीको लागि ठहराउनुभएको धार्मिकता र पवित्रताको अवस्था प्राप्त गर्नु हो। पवित्र आत्माले निरन्तर यो धार्मिकता र पवित्रता विश्वासीको व्यक्तिगत जीवनमा लागू गर्नुहुन्छ (रोमी ८:५-१२; २ कोरिन्थी ३:१७-१८)।
- व्यवहारिकरूपमा यसको अर्थ ख्रीष्टको शरीरमा हुनु हो; जसको मतलब विश्वासीहरूको एउटै विश्वव्यापी समुदायमा (विश्वव्यापी इसाई मण्डलीमा) जोडिनु हो। विश्वासीहरूको व्यक्तिगत शरीर (१ कोरिन्थी ३:१६-१७; ६:१९-२०) र ख्रीष्टको शरीरमा (एफिसी २:१९-२२) हुनुहुने पवित्र आत्माले दुवैमा 'स्वयम् येशू ख्रीष्टको उपस्थितिलाई' प्रतिनिधित्व गर्दछ!

- मुक्तिको निश्चयता ख्रीष्टको शरीरमा गरिने कामद्वारा अनुभव गरिन्छ। कुनै व्यक्तिले पवित्र आत्माद्वारा बप्तिस्मा लिँदा उसको आत्मिक पुनर्जन्म हुन्छ (तीतस ३:५--६) र ख्रीष्टको शरीरमा (विश्वव्यापी इसाई मण्डलीमा) को भागमा उसले काम गर्दछ (१ कोरिन्थी १२:१२-१३)। उक्त व्यक्ति परमेश्वरको सन्तान हो भनी पवित्र आत्माले उक्त इसाईको आत्माको गवाही दिनुहुन्छ (रोमी ८:१६)। यो कुरा उक्त विश्वासीको येशू ख्रीष्टसँग व्यक्तिगत सम्बन्ध कायम हुने मात्र होइन तर त्यसले ख्रीष्टको शरीरमा (विश्वासीहरूको समुदायमा) उसले गर्ने कामलाई पनि बुझाउँछ, ताकि प्रत्येक विश्वासीले व्यक्तिगतरूपमा आफ्नो मुक्तिको निश्चयतालाई अनुभव गर्दछ।

"जसले आफू ज्योतिमा छु भनी भन्छ तर आफ्नो भाइलाई घृणा गर्छ, त्यो अझै पनि अन्धकारमा नै छ। जसले आफ्नो भाइलाई प्रेम गर्छ, त्यो ज्योतिमा रहन्छ, र त्यसमा ठक्करको कारण हुँदैन" (१ यूहन्ना २:९-१०)। कुनै विश्वासीलाई ख्रीष्टसँग सम्बन्ध भएको अर्को भाइसँगको सम्बन्धबाट अलग गर्न सम्भव हुँदैन। ख्रीष्टको शरीरलाई येशू ख्रीष्ट, जो उक्त शरीरको शिर हुनुहुन्छ, उहाँबाट अलग गर्न सम्भव हुँदैन। त्यसैगरी, ख्रीष्टको शरीरमा कुनै ठाउँमा गर्न काम बाट अलग रहेर मुक्तिको निश्चयताको अनुभव गर्न सम्भव हुँदैन। ख्रीष्टको शरीरसँग थुप्रै मण्डलीहरू, घरेलु सङ्गतिहरू र एक-अर्कासँग हुने इसाईहरूको व्यक्तिगत सम्भन्धहरू रहेका हुन्छन्।

त्यसकारण, ख्रीष्टको शरीर विश्वासीहरूका लागि येशू ख्रीष्टले दिनुभएको सिद्ध उपहार हो, जहाँ तिनीहरूले येशू ख्रीष्टमा पाउने सुरक्षाको अनुभव मात्र गर्दैनन्, तर येशू ख्रीष्टले कमाउनुभएको धार्मिकता (मुक्ति) र पवित्रताको भागिदार भएर ती कुराहरूलाई पनि अनुभव गर्दछन्।

## ४. ख्रीष्टमा सामेल हुनु भनेको त्यही समयमा ख्रीष्टको शरीरमा सामेल हुनु हो।

'नयाँ मानिस' भन्ने अभिव्यक्ति बाइबलमा धेरैपटक प्रयोग गरिएको छ।

**(१) 'नयाँ मानिस' भन्ने शब्दले ख्रीष्ट, ख्रीष्टियन (इसाई) अथवा इसाई मण्डलीलाई बुझाउँछ।**
यसले दिने अर्थलाई उक्त खण्डको सन्दर्भले निधो गर्दछ।

- नयाँ मानिसले ख्रीष्टलाई बुझाउँछ (१ कोरिन्थी १५:४७)। आदम पृथ्वीको माटोबाट आएको पहिलो मानिस हो र येशू ख्रीष्टचाहिँ स्वर्गबाट आउनुभएको दोस्रो मानिस हुनुहुन्छ। यसर्थ, दोस्रो अथवा नयाँ मानिस येशू ख्रीष्ट हुनुहुन्छ।
- नयाँ मानिसले इसाईलाई बुझाउँछ (रोमी ६:२-७; एफिसी ४:२०-२४)। "पुरानो मानिसले" अविश्वासी व्यक्तिको पुनर्जीवन प्राप्त नगरेको स्वभावलाई प्रतिनिधित्व गर्दछ। त्यो यस्तो स्वभाविक मानिस हो, जसले आफ्नै स्वेच्छाले उसको पापपूर्ण स्वभावको दास हुने कुरालाई रोज्छ (रोमी ६:१६), र त्यसपछि ऊ पूर्णरूपमा उसको पापपूर्ण स्वभावको अधिनमा हुन्छ (रोमी ८:६-८)। "नयाँ मानिसले" विश्वासी व्यक्तिको पुनर्जीवित स्वभावलाई प्रतिनिधित्व गर्छ।

विश्वासद्वारा पुनर्जीवन प्राप्त नभएको स्वभावलाई सधैँको निम्ति एकैपटक त्यागिन्छ र नयाँ स्वभावलाई सधैँको निम्ति एकैपटक धारण गरिन्छ (एफिसी ४:२२,२४)! पुरानो मानिस र नयाँ मानिस एकै समयमा एकसाथ अस्तित्वमा रहन सक्दैन र जसरी अँध्यारो र उज्यालो एकैचोटि अस्तित्वमा रहँदैन, त्यसरी नै पुरानो स्वभाव र नयाँ स्वभाव एकैचोटि अस्तित्वमा रहँदैन।

- नयाँ मानिसले इसाई मण्डली अर्थात् ख्रीष्टको शरीरलाई बुझाउँछ (एफिसी २:१५-१६)। येशू ख्रीष्टले आदमबाट निस्किआएका यहूदी र अन्यजाति दुई पुराना समुदायहरूको विश्वासीहरूलाई लिनुभयो, र ती दुवैलाई उहाँले आफूमा "नयाँ मानिस" बनाउनुभयो। यसरी उहाँले संसारको हरेक राष्ट्रमा भएका सबै विश्वासीहरू भएको एउटै इसाई मण्डली अथवा एउटै ख्रीष्टको शरीर बनाउनुभयो। यो एउटै ख्रीष्टको शरीरमा उहाँले यहूदी विश्वासीहरू र अन्यजाति विश्वासीहरूलाई परमेश्वरसँग अनि एक-अर्कासँग पुनर्मिलाप गराउनुभयो। यहाँ, 'नयाँ मानिस' भनेको धर्मी र पवित्र पारिएको विश्वासीभन्दा अझ धेरै कुरा हो। "नया मानिस" भनेको येशू ख्रीष्टमा धर्मी र पवित्र पारिएका विश्वासीहरूको एउटै समुदाय हो (एफिसी २:१५-१६; यूहन्ना १०:१६ सँग तुलना गर्नुहोस्)। नयाँ मानिस भनेको ख्रीष्टको शरीर हो, जहाँ सबै विश्वासीहरूले पवित्र आत्माको बप्तिस्मा पाएका हुन्छन् (१ कोरिन्थी १२:१२-१३)।

उक्त एउटै नयाँ मानिस (ख्रीष्टको शरीर, विश्व-व्यापी इसाई मण्डली) को सीमाभन्दा बाहिर पुरानो मानिस (संसार, विभाजित पुरानो मानवजाति, स्वार्थपन र लडाइँ-झगडा) को मात्र अस्तित्व हुन्छ। इसाई समुदाय अर्थात् ख्रीष्ट शरीरको साँचो भागिदार नभइकन कुनै विश्वासी ख्रीष्टको (शरीरको शिरको) साँचो भागिदार हुन सक्दैन।

यहाँ त्याग्नु र धारण गर्नु (एफिसी ४:२२,२४) भनेको भइरहने प्रक्रिया अथवा बिस्तारै हुने वृद्धि होइत, तर निश्चतरूपमा सधैँको निम्ति एकैपटक पापपूर्ण समुदायलाई (संसारलाई) तोड्ने काम र निश्चितरूपमा सधैँको निम्ति एकैपटक पवित्र समुदायलाई (इसाई मण्डलीलाई) अँगाल्ने काम हो। यसको अर्थ सैधैँको निम्ति एकैपटक अन्धकारको शासनबाट ख्रीष्टको राज्यमा सर्नु हो (कलस्सी १:१३)। एफिसी ४:१-१६ ले ख्रीष्टको शरीरको जीवनलाई बताउँछ, कलस्सी ३:९-११ ले यहूदी र अन्यजातिहरू भएको समुदायलाई (शरीरलाई) बताउँछ र कलस्सी ३:१४ ले ख्रीष्टको एउटै शरीरलाई बताउँछ भन्ने कुरालाई ध्यानमा राख्नुहोस्।

### (२) नयाँ मानिस हुनु येशू ख्रीष्टबाट र इसाई मण्डलीबाट अलग हुँदैन।

ईश्वरत्वको पूर्णता शारीरिकरूपमा येशू ख्रीष्टमा वास गर्नुहुन्छ (कलस्सी २:९)। त्यसैगरी, येशू ख्रीष्टको पूर्णता ख्रीष्टको शरीरमा (इसाई मण्डलीमा) वास गर्नुहुन्छ (एफिसी २:२२-२३)! विश्वासीहरू येशू ख्रीष्टमा (शरीरको शिरमा) र इसाई मण्डलीमा (ख्रीष्टको शरीरमा) हुँदा मात्र तिनीहरू परमेश्वरको सबै पूर्णताको नापद्वारा भरिन्छन् (एफिसी ३:१९; १ कोरिन्थी १:३०; २ कोरिन्थी ३:१८; फिलिप्पी ३:७-२१; २ पत्रुस १:४; १ यूहन्ना ३:१-३ सँग तुलना गर्नुहोस्)।

**निष्कर्ष -** नयाँ मानिस भनेको ख्रीष्ट र ख्रीष्टको शरीर दुवै हो। हामीले ख्रीष्टको शरीरलाई ख्रीष्टबाट अलग गर्न सक्दैनौँ। ख्रीष्ट स्वर्गमा मात्र हुनुहुन्छ र ख्रीष्टको शरीरचाहिँ पृथ्वीको मानवीय संस्थामा मात्र छ भनी हामी कल्पना गर्न सक्दैनौँ! इसाई मण्डली प्राथमिकरूपमा मानिसहरूको संस्था हो भनी हामीले विचार गर्नु हुँदैन, तर यो त शरीर भएको जीव हो, जुन ख्रीष्टको शरीर हो र त्यो अलग गर्नै नसकिने गरी शरीरको शिर, ख्रीष्टमा जोडिएको छ भनी हामीले विचार गर्नु पर्दछ! हामीले पृथ्वीमा ख्रीष्टकको शरीरमा जोडिने कुरालाई अस्वीकार गर्दै स्वर्गमा हुनुहुने ख्रीष्टसँग (शरीरको शिरसँग) व्यक्तिगत सम्बन्ध राख्न सक्छौँ भनी विचार गर्नु हुँदैन। ख्रीष्टमा हुनु भनेको ख्रीष्टको शरीरमा पनि हुनु हो।

## ५. ख्रीष्टको शरीरमा सामेल हुनु भनेको अब उप्रान्त आफूले आफ्नो लागि जिउनु होइन।

### (१) शरीरका अङ्गहरू (सदस्यहरू) शरीरबाट अलग हुँदैनन्।

"किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरूको एउटै काम हुँदैन, त्यसरी नै हामी जो धेरै छौँ, हामी पनि ख्रीष्टमा एउटै शरीर हौँ, र प्रत्येक एक-अर्काका अङ्ग हौँ" (रोमी १२:४-५)। मानिसहरू येशू ख्रीष्टमा विश्वासीहरू हुँदा, तिनीहरूले ख्रीष्टको शरीरमा एउटै पवित्र आत्माद्वारा बप्तिस्मा लिन्छन् (१ कोरिन्थी १२:१२-१३)। यसर्थ, मानिसहरू कि अझै ख्रीष्टको शरीरभन्दा बाहिर संसारमा हुन्छन् अथवा तिनीहरू ख्रीष्टको शरीरमा हुन्छन्! मानिसहरू कि त अन्धकारको शासनको अधिनमा हुन्छन् अथवा तिनीहरू ख्रीष्टको राज्यभित्र हुन्छन् (कलस्सी १:१३)। मानिसहरू कि हराएका छोरा अथवा छोरी भएर जीवनलाई संसारमा व्यर्थ पारिरहेका हुन्छन् अथवा तिनीहरू परमेश्वरको परिवारका सदस्यहरू हुन्छन्। तिनीहरू कि त अझै मृत अवस्थामा छन् अथवा साँच्चै जीवित भएका छन्। तिनीहरू कि हराएका छन् अथवा भेट्टाइएका छन् (लूका

१५:११-२४)। ख्रीष्टको शरीरमा थुप्रै स्थानीय मण्डलीहरू अनि घरेलु सङ्गतिहरू (घरेलु मण्डलीहरू) हुन्छन् र साथै त्यहाँ इसाईहरूको एक-आपसको व्यक्तिगत सम्बन्धहरू पनि हुन्छ।

**(२) शरीरका अङ्गहरूले शरीरबाहिर रहेर काम गर्न सक्दैनन्।**

प्रत्येक विश्वासी कहिले पनि आफ्नो व्यक्तिगत पहिचानभन्दा बाहिर जान सक्दैन। ख्रीष्टको शरीरमा हात भएर काम गरिरहेको कुनै इसाईले कहिले पनि उक्त शरीरमा आँखाको काम गरिरहने इसाईको स्थान लिन सक्दैन। मानवीय हात र मानवीय आँखाले शरीरमा रहेर काम गरुञ्जेल मात्र तिनीहरू के हुन् भनी देखाउन सक्छन्। त्यसैगरी, हात अथवा आँखा भएर काम गर्ने विश्वासी ख्रीष्टको शरीरको जीवित अङ्गमा जोडिएको अवस्थामा मात्र साँचो विश्वासी भई काम गर्न सक्छ। ख्रीष्टको शरीरभन्दा बाहिर रहेर उक्त विश्वासीले हात अथवा आँखा भएर जिउन र काम गर्न सक्दैन! शरीरबाट अलग भए अस्तित्वमा रहन र काम गर्न कोसिस गर्ने हात अथवा आँखाको अवस्था कस्तो होला एकचोटि परिकल्पना गर्नुहोस् त!

ख्रीष्टको शरीरबाट अलग हुने व्यक्तिले साँचो इसाई जीवन जिउन सक्दैन! इसाई जीवनको अर्थ कुनै विश्वासी आफै अथवा आफ्नो लागि जिउने होइन, तर उक्त विश्वासीको जीवनमा र उद्वारा भएर ख्रीष्ट जिउनु हुन्छ (गलाती २:२०; रोमी ८:२०; २ कोरिन्थी १३:५)। संसारको विश्वव्यापी इसाई मण्डलीमा अथवा ख्रीष्टको शरीरमा, कुनै विश्वासी ख्रीष्टको शरीरसँग सङ्गति गर्दै उद्वारा अनि उसको जीवनमा ख्रीष्ट जिउनु हुन्छ।

## क. अगमवाणीहरूका स्वभावहरू

बाइबल अद्वितीय छ र कुनै पुस्तकलाई योसँग तुलना गर्न सकिँदैन! पुरानो करारका अगमवक्ताहरूले सयौँ वर्ष पहिले मसिह, अर्थात् येशू ख्रीष्टको आगमनबारे थुप्रै अगमवाणीहरू गरे र पछि गएर ती सबै पूरा भए! ती अगमवाणीहरूलाई पूरा गर्ने येशू एकमात्र हुनुहुन्छ! त्यस्ता अगमवाणीहरूमध्ये एक अथवा दुई वटा अर्को व्यक्तिमा पूरा हुनसक्छ, तर तीमध्ये धेरै र सबै अगमवाणीहरू एउटै व्यक्तिमा पूरा हुँदैन! गणितको सिद्धान्तअनुसार इतिहासमा ती अगमवाणीहरूमध्ये आठ वटा एउटै व्यक्तिमा पूरा हुनु भनेको १०,००,००,००,००,००,००,०,००० मा एकपटक हुन सक्ने सम्भावन रहन्छ! यसले यो कुरा प्रमाणित गर्दछ, कि पक्कै ईश्वरीय बुद्धिमान् परमेश्वर हुनुपर्दछ, जो बाइबल, त्यहाँ उल्लेखित अगमवाणीहरू र संसारको इतिहासमा त्यसलाई पूरा गर्न उहाँ पर्दापछाडि खडा हुनुहुन्छ!

पुरानो करारका केही अगमवाणीहरू उक्त समयमा शाब्दिकरूपमा र अस्थायीरूपमा पूरा भए र पछि गएर नयाँ करारको समयमा शाब्दिकरूपमा अलि कम पूरा भए। पुरानो करारको अगमवाणीहरूलाई कहिलेकाहिँ शाब्दिकरूपमा अर्थ लगाइन्थ्यो र नयाँ करारमा चाहिँ त्यसरी अर्थ लगाइँदैनथ्यो। पुरानो करारका ती अगमवाणीहरू नयाँ करारमा आएर निम्नलिखित पाँच फरक तरिकाले पूरा भए:

**१. पुरानो करारका अगमवाणीहरू नयाँ करारमा शाब्दिकरूपमा अथवा प्रत्यक्ष पूरा भए।**

उदाहरण: मत्ती २:५-६ (मीका ५:१)। मसिहको जन्म अगमवाणीअनुसार शाब्दिकरूपमा बेथलेहेममा भयो।

नयाँ करारमा शाब्दिकरूपमा अनुवाद गरिएका पुरानो करारको अरू अगमवाणीहरू यी हुन्: मत्ती १२:१८-२१ (यशैया ४२:१-४), मत्ती २१:४-५ (जकरिया ९:९), मत्ती २२:४३-४५ (भजन ११०:१), मत्ती २४:३० (दानिएल ७:१३-१४, जकरिया १२:१०-१४), हिब्रू १:५ (भजन २:७), हिब्रू ५:६ (भजन ११०:४) आदि।

**२. पुरानो करारका अगमवाणीहरू वर्गिकरण अथवा किसिमसम्बन्धी सिद्धान्तअनुसार नयाँ करारमा पुरा भएको।**

उदाहरण: मत्ती २:१५ (होशे ११:१) - मिश्रदेशबाट इस्राएल निस्किआउने कुरालाई होशेले बेबिलोनबाट इस्राएल निस्किआउने किसिममा उल्लेख (सङ्केत) गर्दछन्। मिश्रदेशबाट इस्राएल निस्किआउने कुरालाई मत्तीले मिश्रदेशबाट मसिह निस्किआउने किसिममा उल्लेख गर्दछन्। यसर्थ, यहाँ इस्राएल भनेको मसिहको किसिम अथवा वर्ग हो! परमेश्वरले आफ्ना जन इस्राएल कस्तो हुने इच्छा गर्नुभएको हरेक कुरा परमप्रभुको सेवकले (येशू ख्रीष्टले) पूरा गर्नुहुनेछ भनी निर्धारण गर्नुभएको थियो (यशैया ४९:३,६ सँग तुलना गर्नुहोस्)!

पुरानो करारका अगमवाणीहरूलाई वर्ग अथवा किसिमअनुसार नयाँ करारमा अर्थ लाग्ने अरू अगमवाणीहरू यी हुन्: मत्ती ३:१७ (भजन २:७), मत्ती ११:५ख (यशैया ६१:१), मत्ती १३:३५ (भजन ७८:२), मत्ती १६:२७ (भजन ६२:१२), मत्ती २१:९ (भजन ११८:२६-२७), मत्ती २१:४२ (भजन ११८:२२), मत्ती २६:३१ (जकरिया १३:७), मत्ती २७:३४ (भजन ६९:२१), मत्ती २७:३५ (भजन २२:१८), मत्ती २७:३९ (भजन २२:७), मत्ती २७:४१-४३ (भजन २२:७-८), मत्ती २७:४६ (भजन २२:१), यूहन्ना १३:१८ (भजन ४१:९), यूहन्ना १५:२५; २:१७ (भजन ६९:४,९), यूहन्ना २०:२५ (भजन २२:१६), हिब्रू १:८-९ (भजन ४५:६-७), हिब्रू २:५-८ (भजन ८:४-६), हिब्रू २:१२ (भजन २२:२२), हिब्रू १०:५-६ (भजन ४०:६-८) आदि।

**३. पुरानो करारको अगमवाणीहरू सादृश्यरूपमा नयाँ करामा पूरा भएको।**

उदाहरण: मत्ती २:१८ (यर्मिया ३१:१५) - पुरानो करारमा योसेफको आमा राहेल (जसले उत्तरी इस्राएलको प्रतिनिधित्व गर्छ) र बेन्यामिनको आमा (जसले यहूदाको दक्षिणी राज्यको प्रतिनिधित्व गर्छ) आफ्ना सन्तानको (वंशको) निम्ति रोएर शोक गरे किनभने तिनीहरूलाई इस्राएलको रामाबाट (ती दुई राज्यहरूबीचको सीमाबाट) असुर र बेबिलोनमा लगियो। नयाँ करारमा बेथलेहेमको आमाहरू रोएर शोक गरे किनभने तिनीहरूका सन्तानलाई हेरोदले मारेका थिए। यहाँ दोस्रो घटना पहलो घटनाको सादृश्य अर्थात् उस्तै देखिन्छ।

पुरानो करारको घटनाहरूलाई नयाँ करारमा सादृश्यरूपले अर्थ लगाउन सकिने अरू केही अगमवाणीहरू यी हुन्: मत्ती १:२३ (यशैया ७:१४), मत्ती ४:१-४ (व्यवस्था ८:१-३), मत्ती १०:३५-३६ (मीका ७:६), मत्ती ११:५क (यशैया ३५:५-६), हिब्रू २:१३ (यशैया ८:१७-१८)।

**४. पुरानो करारको अगमवाणी धारणाअनुसार नयाँ करारमा पूरा भएको।**

उदाहरण: मत्ती २:२३ (पुरानो करारको अगमवाक्ताहरूको धारणा) - 'नासरी' भनेको नासरत सहरबाट आउने व्यक्ति हो। पुरानो करारको समयमा बेथलेहेम दाऊदको सहर भनेर प्रख्यात थियो तर नासरतचाहिँ महत्वहीन व्यक्तिहरू बसोवास गर्ने महत्वहीन सानो सहर थियो। हुन त मत्ती २:२३ पुरानो करारको विशेष अगमवाणी नभए तापनि 'अगमवक्ताहरूद्वारा बोलिएको' भन्ने वाक्यांशले तिनीहरूले मसिहको बारेमा बुझेका थिए भनी दर्शाउँछ। मसिह महत्वहीन व्यक्ति हुनेछ: उहाँ तुच्छ हुनुहुनेछ र उहाँलाई इन्कार गरिनेछ (भजन २२:६-८; ६९:८,२०,२१; यशैया ११:१; ९:७; ५३:२,३,८; दानिएल ९:२६ सँग तुलना गर्नुहोस्)।

**५. पुरानो करारको अगमवाणीहरू ख्रीष्टशास्त्रीयरूपम नयाँ करारमा पूरा भएको**

उदाहरण: हिब्रू १:१०-१२ (भजन १०२:२४-२७) - पुरानो करारमा परमेश्वरलाई जसरी श्रय दिइएको छ, त्यसरी नै नयाँ करारमा मसिह, येशू ख्रीष्टलाई श्रय दिइएको छ।

पुरानो करारमा उल्लेखित अरू अगमवाणीहरू, जसलाई नयाँ करारमा ख्रीष्टशास्त्रीयरूपमा अनुवाद गरिएका केही खण्डहरू यी हुन्: यूहन्ना १०:११-१४ (इजकिएल ३४:११-१६; यशैया ४०:११), मत्ती २७:९-१० (जकरिया ११:१२-१३; यर्मिया १८:२), फिलिप्पी २:१० (यशैया ४५:२३), हिब्रू १:६ (व्यवस्था ३२:४३ - मृत सागरको मुट्ठा)।

## ख. येशू ख्रीष्टको जन्मबारेको भविष्यवाणीहरू

**१. येशू मानव स्वभाव धारण गर्नुहुने परमेश्वर हुनुहुन्छ (इ.पू. ४-५)।**
अगमवाणी: यशैया ७:१४ (इ.पू. ७४०-६८०)। पूरा भएको: मत्ती १:१८-२३ (इ.सं. ६३-६६)।

व्याख्या: उक्त स्त्री र बालक को थिए? जवान स्त्री एउटा केटाको आमा भनिनेछ र उक्त बालकलाई इम्मानुएल (परमेश्वर हामीसँग) भनिनेछ भनी इ.पू. ७३४ को सुरुमा यशैयाले अगमवाणी गरे तर तिनले उक्त केटाको पिताको बारेमा उल्लेख गरेनन्। यो अगमवाणी पुरानो करारको समयमा शाब्दिकरूपमा पूरा भयो। यशैया ७:१४ मा उल्लेखित बालक राजा आहाजको समयमा (इ.पू. ७३४-७२५) जिउने सामान्य बालक थियो। उक्त बालकले सही र खराब छुट्ट्याउन सक्नुभन्दा पहिले नै इ.पू. ७३४ अश्शूरका राजा तिग्लत-पिलेसेरले आएर इस्राएलको उत्तरी राज्य र त्यसको राजधानी सामरियालाई कब्जामा लिए (२ राजा १५:२९); त्यसैगरी इ.पू. ७३२ मा उसले सिरिया (आराम) र त्यसको राजधानी दमस्कसलाई कब्जामा लिए (२ राजा १६:९)।

तर नयाँ करारको प्रकाशअनुसार यो अगमवाणी दोस्रोपटक पूरा भयो, जुन शाब्दिकरूपको पूर्णता थिएन (मत्ती १:२२-२३)। परमेश्वरको बुझ्नै नसिकिने बुद्धिद्वारा यसलाई हेर्नुभयो र पिताबिना नै कन्या मरियम साँचो इम्मानुएलको माता बनिन्। यशैया ७:१४ मा उल्लेखित बालक आउनेवाला मसिहको चिन्ह, सङ्केत अथवा किसिम थियो! परमेश्वरको पुत्रले (परमेश्वरले) मानव स्वभाव धारण गर्नुभएर मानवीय बालकको रूपमा जन्म लिनुभयो (लूका १:२६-३७; यूहन्ना १:१-१४; फिलिप्पी २:५-७)। उहाँको नाउँले नै उहाँ को हुनुहुन्छ भनी जनाउँछ: उहाँ मानिस भई हाम्रो बीचमा बास गर्नुहुने परमेश्वर हुनुहुन्छ (मत्ती १:२३; यूहन्ना १:१४; १ यूहन्ना १:१-३)।

**२. येशू पुरुष बालक भएर जन्मिनुभएको थियो।**
अगमवाणी: यशैया ९:६-७
पूर्णता: लूका २:६-७ (इ.सं. ६०-६१); प्रकाश १२:५ (इ.पूं. ९५-९६)।

**३. येशू बेथलेहेममा जन्मिनुभएको थियो।**
अगमवाणी: मीका ५:२ (इ.पूं. ७३७-६८०)
पूर्णता: मत्ती २:१-६

**४. राजा हेरोदले येशूलाई मार्न खोजे।**
अगमवाणी: यर्मिया ३१:१५-१७ (इ.पूं. ६२७-५८६)।
पूर्णता: मत्ती २:१७-१८

**५. राजा हेरोद नमरून्जेल येशू मिश्रदेशमा रहनुभयो।**
अगमवाणी: होशे ११:१ (इ.पूं. ७५४-७१४)।
पूर्णता: मत्ती २:१४-१५

---

## ग. येशू ख्रीष्टको जीवनको बारेमा भविष्यवाणीहरू

**६. येशूभन्दा अगाडि आएर उहाँको घोषणा गर्ने बप्तिस्मा दिने यूहन्ना हुन्।**
अगमवाणी: यशैया ४०:१-५; मलाकी ३:१-३; ४:५-६ (इ.पूं. ४३२-४२०)।
पूर्णता: मत्ती ३:१-३; मत्ती ११:७-१४; १७:१०-१३ सँग तुलना गर्नुहोस्।

**७. येशू गालीलमा हुर्कनुभयो र उहाँले आफ्नो सेवकाइ त्यहींबाट सुरु गर्नुभयो।**
अगमवाणी: यशैया ९:१-२
पूर्णता: मत्ती ३:१३; ४:१२-१७; ९:३५; लूका ४:१४-२१

**८. पवित्र आत्मा येशूमाथि ओर्लिआउनुभयो (इ.सं. २६)।**
अगमवाणी: यशैया ११:१-२
पूर्णता: मत्ती ३:१६-१७; यूहन्ना १:३२-३३ (इ.सं. ७०-९८)।

**९. येशूलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भनी गवाही दिनुभयो।**
अगमवाणी: यशैया ४२:१
पूर्णता: मत्ती ३:१६-१७

**१०. येशूले सिकाउनुभन्दा पहिले परमेश्वरको आवाज सुन्नुभयो।**
अगमवाणी: यशैया ५०:४-५
पूर्णता: मर्कूस १:३५ (इ.सं. ४४-४६)।

---

## घ. येशू ख्रीष्टको मुक्तिको कामको बारेमा भविष्यवाणीहरू

**११. येशू अन्तिम अगमवक्ता हुनुहुन्छ (इ.सं. २६-३०)।**
अगमवाणी: व्यवस्था १८:१५-१९ (इ.पू. १४०७)।
पूर्णता: प्रेरित ३:२२-२३ (इ.सं. ६१); हिब्रू १:१-२ (इ.सं. ६४ भन्दा पहिले)।

व्याख्या: मोशाले यसरी अगमवाणी गरे (इ.पू. १५२७-१४०७): "परमप्रभुले मलाई भन्नुभयो: ... तिनीहरूका निम्ति तिनीहरूका दाजुभाइमध्येबाट तँजस्तै म एक जना अगमवक्ता खड़ा गर्नेछु। म मेरो वचन तिनको मुखमा हालिदिनेछु, र मैले आज्ञा गरेका सबै कुरा तिनले तिनीहरूलाई भन्नेछन्। ती अगमवक्ताले मेरो नाउँमा भनेका मेरा वचनहरू नसुन्नेको लेखा म लिनेछु" (व्यवस्था १८:१५-१९)। "येशूको कुरा नसुन्ने व्यक्तिलाई आफ्ना मानिसहरूबाट बाहेक गरिनेछ" (प्रेरित ३:२२-२३)।

येशू पृथ्वीमा महान् अनि अन्तिम अगमवक्ता हुनुहुन्छ भनी नयाँ करारले प्रकट गर्दछ! पुरनो करारको अगमवक्ताहरू बप्तिस्मा दिने यूहन्नाबाट अन्त भए (मत्ती ११:१३)। आफ्नो ईश्वरत्वभन्दा बाहिर निस्कनुभई मानव स्वभाव धारण गर्नुहुने परमेश्वर येशू ख्रीष्ट हुनुहुन्छ। उहाँले अनुग्रह र सत्यता ल्याउनुभयो। अनि परमेश्वरले आफूलाई येशू ख्रीष्टद्वारा प्रकट गर्नुहुन्छ (यूहन्ना १:१,१४-१८)। परमेश्वरले येशू ख्रीष्टमा आफ्नो निश्चित अनि निर्णयात्मक वचन हामीसँग बोल्नुभयो (हिब्रू १:१-२)। उहाँले अधिकारसाथ बोल्नुभयो र उहाँले हाम्रो आज्ञाकारिताको माग गर्नुहुन्छ (मत्ती ७:२४-२९)। ज-जसले येशू ख्रीष्टका वचनहरू सुन्दैनन्, तिनीहरूले परमेश्वरको वचनहरू सुन्दैनन् (यूहन्ना ५:३४-३६; १४:२३-२४)। ज-जसले येशू ख्रीष्टलाई आदर गर्दैनन्, तिनीहरूले परमेश्वरलाई आदर गर्दैनन् (यूहन्ना ५:२३)। ज-जसले येशू ख्रीष्टलाई जान्दैनन्, तिनीहरूले परमेश्वरलाई

जान्दैनन् (यूहन्ना ८:१९,२४)। ज-जसले येशू ख्रीष्टमा विश्वास गर्दैनन्, तिनीहरूले परमेश्वरमा विश्वास गर्दैनन् (यूहन्ना १२:४४)। अनि ज-जसले येशू ख्रीष्टलाई ग्रहण गर्दैनन्, तिनीहरूले परमेश्वरलाई इन्कार गर्दछन् (लूका १०:१६; यूहन्ना १३:२०)।

**१२. अगमवक्ताझैँ येशूले दृष्टान्तहरूमा मुक्तिको सन्देश घोषणा गर्नुभयो।**
अगमवाणी: यशैया ६:९-१०; भजन ७८:२ (आशाप, इ.पू. ९६०)।
पूर्णता: मत्ती १३:१०-१७,३४-३५

**१३. अगमवक्ताझैँ, येशूले संसारको सबै राष्ट्रहरूमा मुक्ति ल्याउनुहुन्छ।**
अगमवाणी: यशैया ४२:१-७; ४९:६; हाग्गै २:६-७ (इ.पू. ५२०)।
पूर्णता: मत्ती १२:१५-२१

व्याख्या: मसिहको काम के थियो? परमप्रभुको दासले राष्ट्रहरूमा न्याय ल्याउनेछ भनी यशैयाले अगमवाणी गरे। उहाँले अन्धाको आँखा खोलिदिनुहुनेछ, कैदीहरूलाई बन्धनबाट स्वतन्त्र गर्नुहुनेछ र अन्धकारमा बस्नेहरूलाई छुटकारा दिनुहुनेछ। परमप्रभुको दास भनेको विशेष गरी अगमवक्ता र न्यायदाता भनी वर्णन गरिएको छ - 'दोस्रो मोशा'। तिनको सेवकाइको अन्तिम उद्देश्य सारा पृथ्वीमा न्याय स्थापित गर्नु हो (१ कोरिन्थी १५:२४-२८ सँग तुलना गर्नुहोस्)! पुरानो करारको समयमा यो अगमवाणी पहिले शाब्दिकरूपमा पूरा हुनुपर्थ्यो। तर उक्त अगमवाणीमा इस्राएलको मानिसहरूभन्दा धेरै टाढा पुग्ने कुरा छ। यो अगमवाणीले इस्राएल र अन्यजाति राष्ट्रहरूको आत्मिक अन्धोपनालाई बताउँछ (यशैया ४२:१८,२०; ४३:८; ४९:६) र साथै तिनीहरू आत्मिकरूपमा पापको कैदमा परेका छन् भनी बताउँछ।

मसिहले कसको सेवा गर्नेछ? मसिहले सबै राष्ट्रहरूमा न्याय ल्याउनुहुनेछ ताकि सबैभन्दा टाढाको मुलुकहरूले पनि उहाँको अपेक्षा गरी उहाँलाई हेर्नेछन् भनी यशैयाले अगमवाणी गरे (यशैया ४२:१,४)। त्यसकारण उहाँको मुक्तिको कामको अभिप्राय पृथ्वीको सबै राष्ट्रहरूलाई बचाउनु हो।

मसिहले कसरी आफ्नो काम पूरा गर्नुहुनेछ? मसिहले सडक-गल्लीहरूमा गई कराउनेछैन अथवा चिच्याउनेछैन भनी यशैयाले अगमवाणी गरे (यशैया ४२:२)। उहाँले शक्ति प्रयोग गरेर मानिसहरूलाई आफ्नो कुरा सुन्न जबरजस्ती गर्नुहुनेछैन। उहाँले आफ्नो विरोधीहरूसँग तर्क-वितर्क गर्नुहुनेछैन। उहाँले आफ्नो काम शान्त भएर नम्रतामा गर्नुहुनेछ अनि बाहिरबाट हेर्नेहरूले त्यसलाई थाहा पाउनेछैनन्। उहाँले भद्रता र दयासाथ काम गर्नुहुनेछ।

के उहाँले आफ्नो काम पूरा गर्नुहुनेछ? मसिहले कमजोर नभईकन अनि नरोकिकन आफ्नो काम पूरा गर्नुहुनेछ भनी यशैयाले अगमवाणी गर्दछन् (यशैया ४२:२; यूहन्ना १७:४)। उहाँले विरोधसँग मुठभेट गर्नुहुनेछ तर अन्तमा त्यो तोडिनेछ (यशैया ४९:७; ५०:६; ५३:५) र उहाँले आफ्नो अन्तिम लक्ष्य प्राप्त गर्नुहुनेछ!

उक्त अगमवाणी नयाँ करारको समयमा पूरा हुँदै जान्छ (मत्ती १२:१५-२१)। पहिलो आगमनमा येशू ख्रीष्टले आफूलाई मानिसहरूले जान्न दिनुभएन र अरूले चाल नपाउने गरी आफ्नो काम पूरा गर्नुभयो। उहाँ कमजोर र बिरामीहरूप्रति केन्द्रित हुनुभयो। उहाँले शारीरिकरूपमा अन्धोलाई निको पार्नुभयो (यूहन्ना ९:३९-४१) र पापको दासत्वमा भएकालाई स्वतन्त्र पार्नुभयो (यूहन्ना ८:३०-३६)। मृत्युपछि पुनरुत्थान हुनुभएर येशूले आफ्ना चेलाहरूलाई इस्राएलमा मात्र होइन (मत्ती १०:५-७), तर संसारको सबै राष्ट्रहरूमा सुसमाचार घोषणा गर्ने महान् आदेश दिनुभयो (मर्कूस १६:१५; मत्ती २८:१८-२०)। यशूले आफ्नो मुक्तिको काम आफ्ना चेलाहरूद्वारा निरन्तर गर्नुभयो र अहिलेको वर्तमान समयमा उक्त काम आफ्नो मण्डलीद्वारा गर्नुहुन्छ (लूका १:१-४ र प्रेरित १:१-८ लाई तुलना गर्नुहोस्)।

**१४. अगमवक्ताझैँ, येशूले परमेश्वरको कृपा (अनुग्रह) को समय घोषणा गर्नुभयो।**
अगमवाणी: यशैया ६१:१-२
पूर्णता: लूका ४:१८-१९

**१५. येशू ख्रीष्ट प्रधान पूजाहारी हुनुहुन्छ।**
अगमवाणी: भजन ११०:४
पूर्णता: हिब्रू ७:१५-२८

व्याख्या: दाऊदले यसरी अगमवाणी गरे (इ.पू. १०११-९७१): परमप्रभुले शपथ खानुभएको छ, र आफ्नो मन बदल्नुहुनेछैन, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैँभरिको निम्ति पूजाहारी हौ।"

येशू ख्रीष्ट प्रधान पूजाहारी हुनुहुन्छ भन्ने तथ्य नयाँ करारले प्रकट गर्छ। अरू सबै पूजाहारीहरूको विपरीत येशू पापरहित, पवित्र, शुद्ध, पापीहरूदेखि अलग रहनुभएको र स्वर्गहरूभन्दा माथि उचालिनुभएको छ (हिब्रू ७:२६-२८)। आफ्नो र अरू मानिसहरूको पापहरूको निम्ति दिनहुँ बलिदान चढाउने अरू सबै पूजाहारीहरूको विपरीत येशूले आफू स्वयम् पश्चातापको बलिदान हुनुभएर उहाँमाथि विश्वास गर्ने सबैको लागि सधैँको निम्ति एकपटक बलि हुनुभयो (हिब्रू ९:६-१४,२५-२६)। पुरानो करारका सबै पूजाहारीहरू, जो मरेपछि तिनको ठाउँमा अर्को व्यक्ति नियुक्त हुन्थे, तिनीहरूको विपरीत येशू सदा-सर्वदाको निम्ति पूजाहारी हुनुभयो। मृत्युबाट पुनरुत्थान हुनु भएपछि उहाँ सदा-सर्वदा जिउनुभई स्थायी पूजाहारीपनलाई कायम राख्नुभएको छ (हिब्रू ७:१५-२५)। अरू सबै पूजाहारीहरूको विपरीत येशूले हामीलाई पृथ्वीको सांसारिक मन्दिरमा होइन, तर स्वर्गमा परमेश्वरको उपस्थितिमा हाम्रो सेवा गर्नुहुन्छ (हिब्रू ९:२४)। र अरू सबै पूजाहारीहरूको विपरीत येशूले हाम्रो कमजोरीहरूमा दया देखाउनुहुन्छ, किनभने अरू सबै थोकहरूमा उहाँ हामीजस्तै परीक्षित भई पापरहित हुनुभएको छ (हिब्रू ४:१४-१६; २:१७-१८)।

**१६. पूजाहारीझैँ, परमेश्वरले येशूमा मात्र सबै राष्ट्रहरूलाई आशिष् दिनुहुन्छ।**
अगमवाणी: उत्पत्ति २२:१८ (अब्राहाम, इ.पू. २१६७-१९९२)।
पूर्णता: गलाती ३:८,१६ (इ.पू. ५०)।

**१७. पूजाहारीको हैसियतमा येशू असल गोठालो हुनुहुन्छ।**
अगमवाणी: मीका २:१२-१३; इजकिएल ३४:११-१६,२३; ३६:२५-२८; ३७:२३-२४ (इ.पू. ५९३-५७१)।
पूर्णता: यूहन्ना १०:११-१८

**१८. पूजाहारीको हैसियतमा येशूले अत्याचारमा परेकाहरू र रोगी बिरामीहरूलाई सहायता गर्नुभयो।**
अगमवाणी: यशैया ५३:४
पूर्णता: मत्ती ८:१४१७

**१९. पूजाहारीको हैसियतमा येशू परमेश्वरको भवनलाई पवित्र राख्न जोशिलो हुनुभयो।**
अगमवाणी: भजन ६९:९ (दाऊद, इ.पू. १०११-९७१)।
पूर्णता: यूहन्ना २:१३-१७

**२०. पूजाहारी हुनुभएर येशूले विश्वासीहरूको लागि अन्तरविन्ती गर्नुहुन्छ।**
अगमवाणी: अय्यूब १६:१९-२१ (इ.पू. १९००-५००)।
पूर्णता: रोमी ८:३४ (इ.सं. ५७ वसन्त ऋतु); हिब्रू ७:२५

**२१. येशू सबैभन्दा ठूलो राजा हुनुहुन्छ।**
अगमवाणी: भजन ८९:२७-२९ (एतान, इ.पू. ९७१-९३१); यशैया ९:६-७
पूर्णता: मत्ती २८:१८; यूहन्ना ३:३५; १३:३; प्रकाश १:५; १७:१४: १९:१६

**२२. राजा हुनुभएर येशू करार र ईश्वरतन्त्रको पराकाष्ठामा पुग्नुभयो।**
अगमवाणी: २ शमूएल ७:११-१६ (इ.पू. ९१० भन्दा पहिले); १ इतिहास १७:११-१४ (इ.सं. ४०० तिर)।
पूर्णता: २ कोरिन्थी ६:१६ (इ.सं. ५६ गृष्म ऋतु); १ पत्रुस २:९-१० (इ.सं. ६२-६३)।

व्याख्या: मसिह राजाको अधिनको ईश्वरतन्त्र करारको चरमबिन्दु (पराकाष्ठा) हुनेछ। १ इतिहास १७ अध्यायमा परमेश्वरले दाऊदलाई गर्नुभएको प्रतिज्ञाहरूलाई करारको रूपमा हेरियो। उक्त प्रतिज्ञामा इस्राएलको सिंहासनमा बस्ने मानिस नियुक्त गर्न परमेश्वर कहिल्यै असफल हुनुहुनेछैन भनी दाऊदलाई प्रतिज्ञा दिइयो (२ इतिहास ६:१६)। जे भए तापनि परमेश्वरको प्रकाशमा यसलाई निरन्तर करारको रूपमा प्राचीनहरूले हेर्न सुरु गरे।

२ शमूएल ७ अध्यायमा परमेश्वरले दाऊदलाई दिनुभएको प्रतिज्ञालाई करारको रूपमा हेरियो, जुन प्रत्यक्ष तिनको सन्तान सोलोमन र यहूदाको राज्यप्रति लक्षित थियो। तर १ इतिहास १७:१०-१४ मा उहाँले दाऊदलाई दिनुभएको प्रतिज्ञामा उक्त करार मसिहको आगमन र उहाँको अनन्त राज्यमा पुगेर पूर्ण हुन्छ। अभिप्रेरणा पाएका लेखकले आफ्नो अभिव्यक्ति यसरी

परिवर्तन गरे- "तिम्रो आफ्नै शरीरबाट निस्किआउने तिम्रो सन्तान" बाट "तिम्रो छोराहरूबाट निस्किआउने तिम्रो सन्तान"; अनि तिनले यसरी आफ्नो अभिव्यक्ति परिवर्तन गरे- "म उहाँको राज्यको निम्ति सदासर्वदाको लागि सिंहासन स्थापित गर्नेछु" बाट "इस्राएलमाथि शासन गर्ने मानिसको तिमीलाई कहिल्यै कमी हुनेछैन।" यसरी, तिनले शमूएलका पुस्तकहरूबाट राजा सोलोमनको सन्दर्भलाई इतिहासको पुस्तकहरूमा आउनेवाला मसिह राजाको सन्दर्भमा परिवर्तन गरे! यसर्थ, इतिहासको पुस्तकहरूको निम्ति प्रेरणा पाएका लेखकले पुरानो करारको करार आउने वाला मसिह र उहाँको राज्यमा पूरा हुनेछ भनी प्रकट गरे, जसले येशू ख्रीष्ट र उहाँको राज्यलाई बुझाउँछ। यसले हामीलाई यशैया ५५:३ मा भएको कुरालाई स्मरण गराउँछ: "म तिमीहरूसित अनन्त करार बाँध्नेछु, दाऊदलाई प्रतिज्ञा गरेको मेरो विश्वासको प्रेम।" अगमवक्ता यशैया र इतिहासको पुस्तकको लेखक दुवैले परमेश्वरको उक्त करारको प्रतिज्ञा राजा दाऊदमा पूरा हुनेछन् भनी प्रतिक्षा गरे।

दाऊदको सिंहासनले परमेश्वरको सिंहासनलाई नै बुझाउँछ (१ इतिहास २८:५; २ इतिहास ९:८; १३:८)। त्यही कारणले गर्दा दाऊदको वंशका राजाहरू ईश्वरतन्त्रको निम्ति महत्वपूर्ण व्यक्तित्वहरू हुन्। त्यही कारणले गर्दा दाऊदझैँ, तिनीहरूसँग पनि आफ्नो उच्च बोलावटप्रति सावधान हुनुपर्ने जिम्मेवारी थियो। तर दाऊदको वंशको राजाहरू उक्त ईश्वरतन्त्रलाई महसुस गर्न असफल भए तापनि आउनेवाला मसिह राजा, येशू ख्रीष्ट त्यसमा असफल हुनुहुनेछैन!

**२३. राजा हुनुभएर येशूले पहिलो आगमनमा आफ्नो राज्य स्थापित गर्नुभयो।**
अगमवाणी: दानिएल २:४४; ७:१४ (इ.पू. ६०५-५३७ र इ.पू. दोस्रो शताब्दी); यशैया १६:४-५
पूर्णता: मत्ती १२:२८
दानिएलले एकातर्फ संसारको राज्यहरू र त्यसका शासकहरूबीचको सम्बन्ध अनि अर्कोतर्फ परमेश्वरको राज्य र मानिसको पुत्रबीचको सम्बन्धलाई प्रकट गरे। राजा हिजकियाको सिंहासनको स्थापना भनेको मसिहको राज्यको स्थापनाको किसिम हो भनी यशैयाले प्रकट गरिदिए।

**२४. राजाको हैसियतले येशूले शैतानलाई बाँध्नुभयो।**
अगमवाणी: उत्पत्ति ३:१५ (इ.पू. २१००-१४०७)।
पूर्णता: हिब्रू २:१४; १ यूहन्ना ३:८; मत्ती १२:२८-२९; यूहन्ना १२:३१-३२) सँग तुलना गर्नुहोस्।

**२५. राजाको हैसियतले येशूले धार्मिकता स्थापित गर्नुहुन्छ।**
अगमवाणी: यर्मिया २३:५-६; ३३:१५-१६
पूर्णता: मत्ती २:२; १ कोरिन्थी १:३०; २ पत्रुस ३:१३ (इ.सं. ६४)।

**२६. येशू राजा हुनुभएकोले सबै राष्ट्रहरू उहाँप्रति आज्ञाकारी हुनेछन्।**
अगमवाणी: उत्पत्ति ४९:१० (याकूब, इ.पू. २००७-१८६०); यशैया ४५:२१-२३ सँग तुलना गर्नुहोस्।
पूर्णता: फिलिप्पी २:१०-११ (इ.सं. ६१ को अन्ततिर)।

**२७. येशू परमेश्वरको साँचो समुदायको कुनेढुङ्गो हुनुहुन्छ।**
अगमवाणी: भजन ११८:२२; यशैया २८:१६
पूर्णता: मत्ती २१:३३-४६; प्रेरित ४:११ (इ.सं. ६१); १ पत्रुस २:७

## ङ. येशू ख्रीष्टको दु:ख-कष्ट र मृत्युको बारेमा भविष्यवाणीहरू

**२८. गालीली हुनुभएकोले येशूलाई तुच्छ ठानियो (परदेशीजस्तो, मिसिएको रगत भएको व्यक्तिजस्तो)।**
अगमवाणी: यशैया ४९:७; ५३:२-३
पूर्णता: यूहन्ना १:४५-४६; ७:४१-४२

**२९. बिनाकारण येशूलाई घृणा गरियो।**
अगमवाणी: भजन ६९:४
पूर्णता: यूहन्ना १५:२५

**३०. येशूलाई सामरीझैँ, भूत लागेकोझैँ, पापीझैँ र पागलझैँ गरी अपमान गरियो।**
अगमवाणी: भजन ६९:९
पूर्णता: रोमी १५:३; (यूहन्ना ८:४८; ९:२४: १०:१९)

**३१. येशूले प्रतिकार गर्नुभएन।**
अगमवाणी: यशैया ५३:७क
पूर्णता: १ पत्रुस २:२३

**३२. येशू गधामा चढेर यरूशलेम प्रवेश गर्नुभयो।**
अगमवाणी: जकरिया ९:९ (इ.पू. ५२०-५१८); भजन ११८:२६
पूर्णता: मत्ती २१:१-११; २३:३९

**३३. येशूलाई चाँदीको तीस टुक्राहरूको लागि धोका दिइयो, जसबाट जमिन खरिद गरियो।**
अगमवाणी: जकरिया ११:१२-१३; यर्मिया १९:१-१५
पूर्णता: मत्ती २६:१४-१६; २७:३-१०

**३४. येशूलाई आफूसँगै खाने मित्रले धोका दियो।**
अगमवाणी: भजन ४१:९ (दाऊद)
पूर्णता: मत्ती २६:२०-२५

**३५. येशू आफ्नै चेलाहरूद्वारा त्यागिनुभयो अनि आफ्ना सत्रुहरूबाट पक्राउ पर्नुभयो।**
अगमवाणी: जकरिया १३:७-९
पूर्णता: मत्ती २६:३१,५०,५६

**३६. येशूलाई कुटियो र थुकियो।**
अगमवाणी: यशैया ५०:६
पूर्णता: यूहन्ना १९:१; मत्ती २६:६७-६८

**३७. येशूलाई काटिन लागेको थुमाझैँ गरी लगियो।**
अगमवाणी: यशैया ५३:७ख
पूर्णता: मत्ती २७:३१; यूहन्ना १:२९

**३८. येशूलाई क्रूसमा चढाइयो, नम्र बन्नुभयो, मानिसहरूले उहाँलाई गिल्ला गरे र परमेश्वरद्वारा त्यागिनुभयो (इ.सं. ३०)।**
अगमवाणी: भजन २२:१-३२ (दाऊद); यशैया ५३:५
पूर्णता: मत्ती २७ र लूका २३ अध्याय

**३९. येशूलाई पित्त मिसाइएको दाखमद्य पिउन लगाइयो।**
अगमवाणी: भजन ६९:२१
पूर्णता: मर्कूस १५:२३,३६

**४०.. येशू साँच्चै मर्नुभयो (उहाँ पृथ्वीमा जिउनुबाट अलग हुनुभयो)।**
अगमवाणी: यशैया ५३:८
पूर्णता: लूका २३:४६

**४१. मानिसहरूले छेडिएको मानिसलाई हेरे।**
अगमवाणी: जकरिया १२:१०
पूर्णता: यूहन्ना १९:३४,३७ (भालाले छेडिएको); यूहन्ना १९:१८; २०:२५,२७ (क्रूसमा किलाद्वारा छेडिएको)।

**४२. येशूलाई धनी मानिसको चिहानमा गाडियो।**
अगमवाणी: यशैया ५३:९
पूर्णता मत्ती २७:५७-६०

**४३. येशू पूर्णरूपमा पापरहित हुनुहुन्थ्यो।**
अगमवाणी: यशैया ५३:९
पूर्णता: २ कोरिन्थी ५:२१

**४४. हाम्रो पापको पश्चाताप गर्न हाम्रो सट्टामा येशू मर्नुभयो।**
अगमवाणी: यशैया ५३:५-६,१०-१२
पूर्णता: रोमी ४:२५; हिब्रू ९:२८; एफिसी २:१३-१८ (इ.सं. ६०-६१); १ पत्रस २:२४-२५

**४५. येशूको मृत्यु परमेश्वरको योजना थियो।**
अगमवाणी: यशैया ५३:१०
पूर्णता: प्रेरित २:२३; ४:२८

## च. येशू ख्रीष्टको पुनरुत्थानको बारेमा भविष्यवाणीहरू

**४६.येशू मृत्युबाट पुनरुत्थान हुनुभयो।**
अगमवाणी: भजन १६:१० (दाऊद); यशैया ५३:११क
पूर्णता: प्रेरित २:२३-३२; १३:३०-३७

**४७. येशू तीन दिनपछि पुनरुत्थान हुनुभयो।**
अगमवाणी: मर्कूस ८:३१; ९:३१: १०:३२-३४
पूर्णता: मर्कूस १६:१-७
लूका १४:४६ (इ.सं. ६० र ६१ को बीचमा लेखिएको) मा येशू तेस्रो दिनमा पुनरुत्थान हुनेबारेको भविष्यवाणीले पुरानो करारको धर्मशास्त्रको यी खण्डहरूको अवधारणाहरूलाई प्रतिबिम्बित गर्दछ: योना १:१७ (इ.पू. ७८३ देखि ७४३ को बीचमा लेखिएको) र होशे ६:२ (इ.पू. ७५४ देखि ७१४ को बीचमा लेखिएको)। यी खण्डहरूले शाब्दिकरूपमा मर्कूस ८:३१, मर्कूस ९:३१ र मर्कूस १०:३४ (इ.सं. ४४ देखि ४६ को बीचमा लेखिएको) मा येशू ख्रीष्टको बारेमा बताउँछ।

## छ. येशू ख्रीष्टको स्वर्गारोहण र सिंहासनमा विराजमान हुने बारेको भविष्यवाणीहरू

**४८. येशू बादलहरूमा उक्लिजानुभयो।**
अगमवाणी: दानिएल ७:१३-१४
पूर्णता: प्रेरित २:९-११

**४९. सिंहासनमा विराजमान हुनको निम्ति येशू स्वर्गमा उक्लनुभयो।**
अगमवाणी: भजन ११०:१ (दाऊद)
पूर्णता: प्रेरित २:३३-३५; (मत्ती २२:४१-४६; २६:६४; १ कोरिन्थी १५:२५; एफिसी १:२०-२२; हिब्रू १:१३ सँग तुलना गर्नुहोस्)।

**५०. येशू बौरी उठ्नुभयो, माथि उचालिनुभयो र अति उच्च पारिनुभयो।**
अगमवाणी: यशैया ५२:१३; (४५:२३)।
पूर्णता: फिलिप्पी २:९-११

**५१. येशूलाई सबै अधिकार दिइएको छ।**
अगमवाणी: दानिएल ७:१३-१४
पूर्णता: मत्ती २८:१८

**५२. येशूको राज्य कहिल्यै अन्त्य हुँदैन।**
अगमवाणी: दानिएल ७:१३-१४; (२:४४)
पूर्णता: हिब्रू १२:२८

---

## ज. येशू ख्रीष्टको दोस्रो आगमनको बारेमा भविष्यवाणीहरू

**५३. दोस्रो आगमनभन्दा पहिले बिनासकारी घृणित कुराहरू निस्किआउनेछन्।**
अगमवाणी: दानिएल ९:२७; ११:३१; १२:११
पूर्णता: यो इतिहासमा ३ पटक पूरा भयो:
- इ.पू. १६७ मा सिरियाको एण्टिओकस पाँचौंद्वारा (१ मक्काबी १:२९-६४) (इ.पू. १००)
- इ.सं. ७० मा रोमी अधिकारी तीतसद्वारा (मत्ती २४:१५; लूका २१:२०-२४)
- दोस्रो आगमनभन्दा ठिक अगाडि हुने महा संकष्टकाल (२ थेसलोनिके २:१-४, इ.सं. ५० को गृष्म ऋतु; प्रकाश १३:१४-१५)

**५४. दोस्रो आगमनभन्दा पहिले महा संकष्टकाल हुनेछ।**
अगमवाणी: दानिएल १२:१
पूर्णता: मत्ती २४:२१-२९क; प्रकाश ११:७-१०

**५५. येशू ख्रीष्टको दोस्रो आगमन अचानक र अपेक्षा नगरिएको बेलामा हुनेछ।**
अगमवाणी: मत्ती २४:४३-४४
पूर्णता: १ थेसलोनिके ५:२; २ पत्रुस ३:१०; प्रकाश ३:३; १६:१५

**५६. दोस्रो आगमनमा स्वर्गीय स्थानहरू हल्लाइनेछन्।**
अगमवाणी: यशैया १३:१०; ३४:४; इजकिएल ३२:७-८; योएल २:३१ (इ.पू. ५००-४००)
पूर्णता: प्रकाश ६:१२-१३; ८:१२; मत्ती २४:२९

**५७. दोस्रो आगमनमा येशू आकाशमा बादलहरूमाथि देखा पर्नुहुनेछ।**
अगमवाणी: दानिएल ७:१३
पूर्णता: मत्ती २४:३०; २६:६४; प्रकाश १:७

**५८. येशूलाई छेड्नेहरूले दोस्रो आगमनमा उहाँलाई देख्नेछन्।**
अगमवाणी: जकरिया १२:१०
पूर्णता: प्रकाश १:७

**५९. येशूले विश्वासीहरूको शरीरहरूलाई पुनरुत्थान गर्नुहुनेछ र तिनीहरूले येशूमा परमेश्वरको मुहारलाई देख्नेछन्।**
अगमवाणी: अय्यूब १९:२५-२७
पूर्णता: यूहन्ना ५:२८-२९; प्रकाश २२:४

**६०. येशूले धार्मिकता र न्यायद्वारा इन्साफ गर्नुहुनेछ।**
अगमवाणी: यशैया ११:३-५
पूर्णता: यूहन्ना ७:२४

**६१. येशूले दुष्ट राष्ट्रहरूलाई फलामको राजदण्डले शासन गर्नुहुनेछ।**
अगमवाणी: भजन २:९
पूर्णता: प्रकाश १२:५

---

## झ. येशू ख्रीष्टको ईश्वरीय स्वभावको बारेमा भविष्यवाणीहरू

**६२. येशू सुरुवात हुनुहुन्छ र अनन्तदेखि उहाँको अस्तित्व छ।**
अगमवाणी: हितोपदेश ८:२२-२३ (इ.पू. ९७१-६८५)
पूर्णता: यूहन्ना १:१; प्रकाश २१:६

**६३. येशू एक मात्र पुत्र हुनुहुन्छ।**
अगमवाणी: भजन २:७ (दाऊद?)
पूर्णता: लूका १:३२; मर्कूस १:११; प्रेरित १३:३३; हिब्रू १:५
(निर्देशिका पुस्तक २, परिशिष्ट १ हेर्नुहोस्)।

व्याख्या- परमेश्वरको अभिषिक्त जनले परमेश्वरले उसलाई भन्नुभएको कुरा यसरी लेखेका छन्: "तिमी मेरा पुत्र हौ; आज मैले तिमीलाई जन्माएको छु (म तिम्रो पिता भएको छु)।" परमेश्वरले यस्ता शब्दहरूद्वारा कहिले पनि स्वर्गदूतहरूलाई सम्बोधन गर्नुभएन। स्वर्गदूतहरूलाई समूहगतरूपमा 'परमेश्वरका पुत्रहरू' भन्न सकिन्छ (अय्यूब १:६; ३८:७), तर माथि उल्लेख गरिएझैं एउटा स्वर्गदूतलाई 'परमेश्वरको पुत्र' भनी कहिले पनि भनिएको छैन। स्वर्गदूतलाई उक्त स्तर दिइएको छैन। भजन २:७ख-९ मा उल्लेखित ईश्वरीय मापदण्डले दाऊदको राजकुलले प्रयोग गर्ने राज्यभिषेकको विधिलाई सुरक्षित राख्दछ, जुन प्राचिन कालमा पूर्व क्षेत्रभरि नै राज्यभिषेक समारोहहरूमा व्यापक प्रयोग हुन्थ्यो। ती शब्दहरूले दाऊदको वंशबाट मसिह आउनुहुनेछ भन्ने कुरालाई पूर्णरूपमा बताउँछ। पूर्णताको समयमा उहाँ खडा हुनुहुनेछ।

'परमेश्वरको पुत्र' भन्ने येशूसँगको सम्बन्ध जनाउने वाक्यांशले कहिले पनि शारीरिक सम्बन्धलाई बुझाउँदैन, तर सधैँ त्यसले आत्मिक-ईश्वरीय सम्बन्धलाई बुझाउँछ। यसले सधैँ येशूसँग ईश्वरीय स्वभाव छ भनी बताउँछ। येशू ख्रीष्टले केवल कन्या मरियमबाट शारीरिक स्वभाव प्राप्त गर्नुहुँदा, उहाँले केवल परमेश्वर पवित्र आत्माबाट आफ्नो आत्मिक र ईश्वरीय स्वभाव प्राप्त गर्नुभयो (लूका १:२६-३७)। पुरानो करारमा परमेश्वरले येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी भन्नुभयो (भजन २:६-७)। नयाँ करार पनि परमेश्वरले येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी भन्नुभयो (मत्ती ३:१६-१७)। अनि स्वयम् येशू ख्रीष्टले पनि आफू परमेश्वरको पुत्र हुँ भनी भन्नुभयो (मत्ती २६:६३-६४; २७:४३)। प्रेरित पावलले येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी भन्दछन् (रोमी १:३-४)।

यहाँ 'पुत्र' भन्ने शब्दको केवल आत्मिक अर्थ छ। पुत्र हुनुभएर, येशू ख्रीष्ट जो परमेश्वर नै हुनुहुन्छ, उहाँले आफ्नो ईश्वरीय स्वभावलाई अलग नगरिकनै, कन्या मरियमद्वारा मानव स्वभाव धारण गरेर आफ्नो सृष्टि र मानव इतिहासमा प्रवेश गर्नुभयो (फिलिप्पी २:६-७; कलस्सी १:१५; २:९)। येशू ख्रीष्ट 'परमेश्वर हामीसँग' हुनुभयो (यशैया ७:१४; मत्ती १:२३)। येशू ख्रीष्ट परमेश्वरको 'वचन' हुनुहुन्छ, जो सारा सृष्टि र मानव इतिहासमा प्रकट हुनुभएको थियो (यूहन्ना १:१,१४,१८)।

'यो दिन' अथवा 'आज' भन्ने शब्दले येशूलाई उच्च पार्ने कुरा बुझाउँछ: उहाँको पुनरुत्थान, स्वर्गारोहण र राजा भएर स्वर्गको सिंहासनमा विराजमान हुनु। त्यसपछि उहाँ परमेश्वरको पुत्र भन्ने राजकीय पहिचानले प्रतिष्ठित हुनुभयो (रोमी १:३-४)। त्यसपछि उहाँ सदा-सर्वदाको लागि धार्मिकता राजा हुनुहुने प्रधान पूजाहारी कहलाइनुभयो (भजन ११०:४)। येशू अनन्तदेखि नै परमेश्वरको पुत्र हुनुहुन्छ, जसले दु:ख-कष्ट भोगेपछि पूर्ण आज्ञाकारितालाई प्रमाणित गर्दै पुनरुत्थान भई सिंहासनमा विराजमान हुनुभयो। त्यसपछि उहाँ पुत्रत्वको परम अधिकार लागु गर्दै पूर्ण अभ्यासमा प्रवेश गर्नुभयो (मत्ती २८:१९)।

'परमेश्वरको एकमात्र पुत्र' (यूहन्ना १:१८) भन्ने वाक्यांशले कुनै शारीरिक कुरा बुझाउँदैन। अरू सबै किसिमका पुत्रत्वले कुनै समयमा सुरुवात हुने कुरालाई बुझाउँछ, तर परमेश्वरको निम्ति लागू हुने उक्त वाक्यांशले अनन्तलाई बुझाउँछ। उक्त वाक्यांशले ख्रीष्टको त्रिएकत्वसम्बन्धी पुत्रत्वलाई बुझाउँछ: परमेश्वर पिता र परमेश्वर पुत्र बीचको असीमित र एक-आपसी घनिष्ट सम्बन्ध। परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४:२४) अनि उहाँ कोही पुग्न नसक्ने ज्योतिमा वास गर्नुहुन्छ (१ तिमोथी ६:१६)। उहाँलाई मानिसले देख्न सकिने र जान्न सकिने बनाइदिनुहुने अर्थात् मानिसकहाँ प्रकट गराइदिनुहुने येशू नै हुनुहुन्छ (यूहन्ना १:१८: मत्ती ११:२५-३०)। भजन २:८-९ ले येशूको सार्वभौम शक्तिलाई बुझाउँछ। परमेश्वर पिताले परमेश्वर पुत्रलाई पृथ्वीका सारा राष्ट्रहरूमा कि आफ्नो मुक्तिद्वारा (८ पद) अथवा उहाँको न्यायद्वारा (९ पद) विजयी तुल्याउनु हुन्छ।

**६४. येशू परमेश्वरको पुत्र हुनुहुन्छ।**
अगमवाणी: २ शमूएल ७:११-१६; १ इतिहास १७:११-१४
पूर्णता: लूका १:३२; हिब्रू १:५

व्याख्या: यद्यपि दाऊदपछिको उत्तराधिकारी सोलोमनले परमेश्वरको मन्दिर निर्माण गरे तापनि, उक्त घटनाले परमेश्वरको अगमवाणी र प्रतिज्ञा येशू ख्रीष्टमा पूर्णरूपमा पूरा भयो, जो सर्वोच्च परमेश्वरको पुत्र हुनुहुन्छ र त्यसैगरी उहाँ मसिह राजा "दाऊदको पुत्र" हुनुहुन्छ। येशू ख्रीष्टलाई 'अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तको पिता र शान्तिका राजकुमार' भनिन्छ (यशैया ९:६)।

उहाँको राज्य न्याय र धार्मिकतामा सदासर्वदाको निम्ति स्थापित हुनेछ (यशैया ९:७)। उहाँको राज्यको अन्त्य कहिल्यै हुनेछैन (लूका १:३३)। हक-अधिकारपूर्ण तवरले मुकुट उहाँकै हो (इजकिएल २१:२७)। उहाँ शान्तिपूर्ण शासक हुनुहुन्छ (मीका ५:२-५)। र उहाँलाई मानिसहरूको नेता र सेनापति भनिन्छ (यशैया ५५:४-५)।

**६५. येशूलाई परमेश्वर भनी सम्बोधन गरिएको छ।**
अगमवाणी: भजन ४५:६-७ (कोरहको पुत्रहरू); यशैया ९:६ (यशैया १०:२०-२१ सँग तुलना गर्नुहोस्)।
पूर्णता: हिब्रू १:८-९

व्याख्या: भजन ४५ ले राजाको विवाहको उत्सव मनाउँछ (राजा यहोशापात? इ.पू. ८७०-८४६)। यहाँ भजनकारले पहिले दुलाहालाई (१-९ पदहरू) अनि दुलहीलाई (१०-१७ पदहरू) सम्बोधन गर्दछन्। पुरानो करारमा राजालाई पूर्वीय राजदरबारको ढाँचालाई व्याख्या गर्ने भाषामा सम्बोधन गरिन्थ्यो। तसर्थ, इस्राएलको राजालाई इस्राएलको परमेश्वरको उप-प्रतिनिधिको रूपमा ठानिन्थ्यो, जोसँग परमेश्वरले दिनुभएको विशेष प्रतिज्ञाहरू भएको राजकुल हुन्थ्यो।

राजाको सिंहासन सिद्ध धार्मिकताको शासन हुनेछ र त्यो आउनेवाला मसिह राजामा सदासर्वदा रहिरहनेछ। मसिह राजालाई "परमेश्वरको पुत्र" भनेर मात्र सम्बोधन गरिएको छैन (भजन २:७; हिब्रू १:५), तर उहाँलाई "परमेश्वर" भनी सम्बोधन गरिएको छ (भजन ४५:६-७; हिब्रू १:८-९)। येशू दाऊदको मानवीय वंशबाट जन्मिनुभएको मानिस मात्र हुनुहुन्न (रोमी १:३), तर परमेश्जवरको महिमाको ज्योति अनि परमेश्वरलाई दुरुस्तै प्रतिनिधित्व गर्ने परमेश्वर पनि हुनुहुन्छ (हिब्रू १:३)।

धार्मिकता र न्याय केवल परमेश्वरको सिंहासनको जग मात्र होइन (भजन ८९:१४), तर मसिहको सिंहासनको जग पनि हो (हिब्रू १:८) अनि मसिहको सिंहासन भनेको परमेश्वरको सिंहासन हो (प्रकाश २२:३)।